२७०

# भक्तपुर

मासिक

Bhaktapur Monthly

असार २०७६



## भक्तपुर नगरपालिकाको पाँचौं नगरसभा
## उद्घाटन

- खप कलेजमा राष्ट्रिय सम्मेलन
- प्रदेश नं. ३ समन्वय परिषद बैठक
- लिवाली कभर्ड हल शिलान्यास
- चिनियाँ प्रतिनिधिमण्डल भक्तपुरमा
- भक्तपुर नपाबाट शैक्षिक ऋण वितरण सुरु
- कर्णाली जिल्लामा घन र हँसियाको रातो झण्डा देख्दा विदेशीहरू समेत अन्योलमा
- वाकुपति चाँगुनारायण मन्दिरको भजन-फल्चाको शिलालेख
- अड्डा होस् त यस्तो



नगर प्रमुख सुनिल प्रजापति र नेपाल ट्रस्टका प्रतिनिधिहरूको भेटघाट



प्रमुख सुनिल प्रजापतिद्वारा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका
सचिव खगराज बरालसँग गर्नुभएको भेट

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०  फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{#^⋆cÆ *⋆g];⁼!#(⋆lj-;⁼@)&^ c;f/⋆A.D.2019

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी (बिढा)

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : रेणु

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


Pp6f tl:a/ हेनरी एम्ब्रोज ओल्डफिडले सन् १८५३ मा बनाएको फसि देगःसहितको चित्र



(तस्बिर : इन्टरनेट)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## 'अज्ञान जस्तो शत्रु अर्को छैन ।'– चाणक्य

### यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) भक्तपुर नगरपालिकाको पाँचौं नगरसभा उद्घाटन समारोह | – | ३ |
| २) ख्वप कलेजमा 'आर्थिक विकासमा व्यवस्थापनको भूमिका' विषयमा राष्ट्रिय सम्मेलन सम्पन्न | – | १५ |
| ३) भक्तपुर महोत्सवको आयोजना गरिने | – | १६ |
| ४) विपद्को समयमा व्यक्तिगत रिस र मनमुटावले काम गर्न नहुने | – | १७ |
| ५) भक्तपुर नपाका गतिविधि पारदर्शी | – | १८ |
| ६) गुठी जग्गा र मठहरूको जिम्मा स्थानीय तहलाई दिनुपर्ने | – | २० |
| ७) शिक्षित र स्वस्थ नागरिकले समाजको बढी सेवा गर्न सक्ने | – | २१ |
| ८) भक्तपुरको दरबार क्षेत्रमा हरियाली क्षेत्र प्रवर्द्धन कार्यक्रम | – | २४ |
| ९) प्रदेश ३ समन्वय परिषद्को बैठक | – | २५ |
| १०) भक्तपुर नगरपालिकाले कुनै व्यक्ति विशेषलाई नभई सिंगो समाजको हितमा काम गर्ने | – | २६ |
| ११) हाडाछेँ भवन र इन्द्रायणी द्योछेँ शिलान्यास | – | २८ |
| १२) चिनियाँ प्रतिनिधि मण्डल भक्तपुर नपामा | – | २९ |
| १३) राजनीतिशास्त्र अध्ययन गर्ने विद्यार्थीहरू देशको लागि आवश्यक | – | ३० |
| १४) प्रहरी साझेदारी अवधारणाअन्तर्गत अभिभावक तथा विद्यार्थी प्रशिक्षण | – | ३१ |
| १५) भक्तपुर नगरपालिकाद्वारा बजेट तर्जुमाको लागि नगरवासीहरूबाट राय सुझाव संकलन | – | ३४ |
| १६) भक्तपुर नगरपालिकाबाट शैक्षिक ऋण वितरण सुरू | – | ३८ |
| १७) ब्यासी–कमलविनायक वैकल्पिक सडक बनाउनुपर्नेमा जोड | – | ३९ |
| १८) स्थानीय तह बलियो भएमा प्रजातन्त्र बलियो हुन्छ | – | ४२ |
| १९) कर्णाली जिल्लामा घन र हँसियाको रातो झण्डा देख्दा विदेशीहरू समेत अन्योलमा | – | ४४ |
| २०) भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ५२ |
| २१) वः चटामरीको महत्त्व | ओम धौभडेल | ६९ |
| २२) नेपाल सम्वत् र युग प्रमाण | डा. वीरेन्द्रप्रसाद कायस्थ | ७२ |
| २३) वाकुपति चाँगुनारायण मन्दिरको भजन फल्चा (फले/पाटी) को शिलालेख | डा.पुरुषोत्तमलोचन श्रेष्ठ | ७५ |
| २४) मल कारखाना स्थापना आवश्यक | सबिन ख्याजू | ७८ |
| २५) स्थानीय सरकारको मोडल भक्तपुर | रामेश्वर बोहरा | ८२ |
| २६) विद्यार्थीलाई शैक्षिक ऋणः पढाइ सक्नुस् अनि तिर्नुस् | हेमराज ढकाल | ८६ |
| २७) अड्डा होस् त यस्तो | सुरेन्द्र काफ्ले/खगेन्द्र भडारी | ८७ |
| २८) च्याम्हासिंहमा ख्वप अस्पताल बन्दै | प्रकाश धौलाकोटी, भक्तपुर | ८९ |
| २९) देखिने भइन् भक्तपुरकी 'रानी' ! | उपेन्द्र लामिछाने | ९० |
| ३०) SKETCHES FROM NIPAL (38) | Henry Ambrose Oldfield | ९२ |
| ३१) कृषि प्रधान देशमा वार्षिक डेढ खर्ब बढीको कृषिजन्य वस्तु आयात–९६ (सम्पादकको पृष्ठ) | – | ९६ |


**साथमा**


नगर प्रमुख सुनिल प्रजापतिसँग नेपाल ट्रस्टका प्रतिनिधिहरूको भेट–१३/बौद्ध धर्मलाई भौतिकवादी दर्शनको रूपमा व्याख्या गर्नुपर्छ : प्रमुख प्रजापति–२०/नगर प्रमुख प्रजापतिलाई इसीडीका शिक्षकद्वारा ज्ञापन पत्र बुझाइयो–२२/भक्तपुर नपा वडा नं.९ लामगाल चउरमा वृक्षारोपण–२२/सफाइ मजदुरहरूको भेला –२३/गणेश मावीमा पोशाक वितरण–३१/भक्तपुर नपा वडा नं. ३ र ५ मा बाल्टिन वितरण–३२/प्रहरी उपरीक्षक प्रधानलाई स्वागत र एस.पी. श्रेष्ठलाई विदाइ–३३/काठमाडौं उपत्यकाका ऐतिहासिक हिटी प्रणालीबारे कार्यशाला गोष्ठी–३९/भक्तपुर नपाद्वारा चित्तपोलको ल्योसिंगुँमा वृक्षारोपण–४०/विश्व वातावरण दिवसमा सम्पदाहरू सरसफाइ–४१/'सरकार समृद्धिको नारा लगाएर दुर्गतितर्फ गइरहेको छ'–४१/रंगीन पृष्ठ–४७–५०/मंगलतीर्थदेखि राममन्दिरसम्म सरसफाइ –५१/बसिबियाँलो–७४/ख्वप सःको ५० अंकसम्मको यात्रा–८१/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ जेठ महिनाको प्रतिवेदन–९१/नेपालको संविधान २०७२, भाग–३३/संक्रमणकालीन व्यवस्था(४५)–९३/भान्छा–पायल्समा के खाने, के नखाने ?–९४/जेठ महिनाको पर्यटक तथ्याङ्क–९५/

# भक्तपुर नगरपालिकाको पाँचौं नगरसभा उद्घाटन समारोह




भक्तपुर नगरपालिकाको पाँचौं नगरसभा असार ९ गतेबाट सुरू भयो। नगरसभाको उद्घाटन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले गर्नुभयो।


अध्यक्ष नारायणमान बिजुक्छें

कार्यक्रमको उद्घाटन गर्नुहुँदै अध्यक्ष बिजुक्छेंले जनप्रतिनिधिहरूले जनताको मतलाई अप्ठ्यारो हुने काम गर्न नहुने र जनताको मतको कदर गर्नुपर्ने बताउनुभयो।

नेपालका गुठी जग्गाहरू लथालिंग अवस्थामा रहेको चर्चा गर्नुहुँदै उहाँले गुठी जग्गाको नियन्त्रण गर्न उपत्यकाका गुठीहरूको जिम्मेवारी प्रदेश वा स्थानीय सरकारहरूलाई दिनु उपयुक्त हुने बताउनुभयो।

जनताको क्रयशक्ति कमजोर हुँदा व्यापार र उद्योगधन्दाको विकासमा प्रत्यक्ष असर पर्ने र विकास सम्भव नहुने बताउनुहुँदै अध्यक्ष रोहितले बहुमत जनताको क्रयशक्ति बलियो भएमात्र व्यापारीहरूको क्रयशक्ति पनि बलियो हुने र व्यापारीहरूलाई पनि फाइदा पुग्ने बताउनुभयो। उहाँले किसानहरूबीच समानता ल्याउन मोहियानी हकको माग उचित भएको बताउनुभयो।

उत्पादनको साधनलाई सामाजिकीकरण गर्ने, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला नै समाजवादी सिद्धान्त भएको बताउनुहुँदै का.रोहितले टोल-टोलमा भएका सांस्कृतिक सम्पदा पुनःनिर्माणको जिम्मा पनि स्थानीय तहलाई नै दिए व्यवस्थित रूपमा कार्य सम्पन्न हुने बताउनुभयो।

अध्यक्ष बिजुक्छेंले नगरपालिकाभित्र खाद्य गुणस्तर जाँच गर्ने प्रविधि, कर्मचारीहरूलाई समयसापेक्ष तालिमहरू, सडक पेटी व्यवस्थापन, सफा पशु वधशाला, आदरनिकेतनको लागि आवश्यक ऐन बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका विशेष अतिथि संघीय सांसद एवम् नेमकिपाका सचिव प्रेम सुवालले काठमाडौं उपत्यकामा अव्यवस्थित आवास योजना सञ्चालन हुँदा कृषियोग्य भूमिको विनास भइरहेको बताउनुभयो। भक्तपुरको नगरकोट-बागीश्वरीलाई जलाधार संरक्षण क्षेत्र


सांसद प्रेम सुवाल

घोषणा गर्नुपर्ने माग गरेको बताउनुहुँदै सांसद सुवालले विकास निर्माण, पुन:निर्माण तथा जीर्णोद्धारको कार्य अमानत वा उपभोक्ता समितिमार्फत् गराउनुपर्नेमा जोड दिनुभयो ।

सांसद सुवालले सरकारको नवौं पञ्चवर्षीय योजनामा भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्ने योजना भएको तर बजेट वक्तव्यमा काठमाडौं उपत्यकालाई मेघासिटी बनाउने योजनालाई अगाडि सारेको बताउनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो । उहाँले संघीयताको अर्थ प्रशासनिक, वित्तीय स्वायत्तता र विकेन्द्रीकरण भएको बताउनुहुँदै संघ, प्रदेश र स्थानीय तहबीच एकल र साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक श्रोत साधनको उपयोग र बाँडफाँटमा समन्वय हुन आवश्यक भएको बताउनुभयो ।


प्रमुख सुनिल प्रजापति

प्रमुख प्रजापतिले भन्नुभयो- 'संघीयता कार्यान्वयनका लागि काठमाडौं केन्द्रित विकासलाई देशको सन्तुलित विकासमा रूपान्तरण गरिनु आवश्यक छ । स-साना कामको लागि प्रधानमन्त्री र मन्त्रीहरूको आदेश चाहिने प्रथाको अन्त्य हुनुपर्छ ।' उहाँले स्थानीय तहलाई माथिको आदेश पालना गर्ने इकाइबाट मुक्त गरेर स्वायत्त ढङ्गले आ-आफ्नो क्षेत्रको विकास गर्ने अवसर प्रदान गर्नु नै संघीयताको मर्म भएको प्रस्ट पार्नुभयो ।


उपप्रमुख रजनी जोशी

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले समाजलाई व्यवस्थित ढंगले अगाडि बढाउन डाक्टर र इन्जिनियरबाहेक भूगोल, इतिहास, कला-संस्कृति र राजनीति शास्त्रलगायतका विषयहरूको अध्ययन आवश्यक भएको बताउनुहुँदै नगरपालिकाले यी विषयहरूको लागि छात्रवृत्तिको व्यवस्था गरेको बताउनुभयो ।

भक्तपुरको गौरवशाली कला-संस्कृतिलाई जोगाउन र जीवन्त बनाइ राख्न नयाँ पुस्ताको सक्रिय सहभागिताको खाँचो औंल्याउनुहुँदै उपप्रमुख जोशीले भक्तपुर नगरपालिकालाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्दै लाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।


प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट

भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले भक्तपुर नगरपालिकाले समाज रूपान्तरणका लागि शिक्षालाई उच्च प्राथमिकतामा राख्दै आएको








प्रहरी उपरीक्षक सबिन प्रधान

चर्चा गर्नुहुँदै संस्कारयुक्त दक्ष जनशक्तिलाई समाज रूपान्तरणको लागि परिचालन गर्नु आवश्यक भएको बताउनुभयो । प्रजिअ भट्टले भक्तपुर नगरपालिकालाई सदाचार र भ्रष्टाचारमुक्त नगरको रूपमा व्याख्या गर्नु उचित हुने बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरिक्षक सबिन प्रधानले नगरपालिका र प्रहरीबीचको सहकार्यले जनमानसमा शान्ति र सुरक्षाको प्रत्याभूति गराउन मद्दत पुग्ने बताउनुभयो । उहाँले अवैध लागुऔषध सेवन र नियन्त्रण गर्न सबै सबैको सहकार्यको आवश्यकता भएको



वडाध्यक्ष रविन्द्र ज्याख्व



प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी

बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी भक्तपुरको पृथक पहिचान भनेको उपभोक्ता जागरुक भएको र यसलाई निरन्तरता दिइनुपर्ने, भक्तपुर नगरपालिकाका पूर्व प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले शैक्षिक बेरोजगारीलाई रूपान्तरण गर्ने शिक्षा प्रणालीमा जोड दिनुपर्ने, भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नगरसभा सम्पूर्ण नगरबासीहरूको सभा भएकोलगायतका विचार प्रस्तुत गर्नुभएको थियो ।




पूर्व प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेल

# गाऱ्हो कामदेखि नडराउने राजनैतिक कार्यकर्ता असल कम्युनिष्टको विशेषता




भक्तपुर नगरपालिकाको पाँचौं नगरसभा असार १८ गते सम्पन्न भयो।

पाँचौं नगरसभाले भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०७६, विनियोजन विधेयक २०७६ र भक्तपुर नगरपालिकाको आ.व. २०७६/७७ को २ अर्ब १३ करोड १० लाखको विनियोजित बजेट सर्वसम्मतिले पारित गऱ्यो।

सभा सम्बोधन गर्नुहुँदै सभाध्यक्ष एवम् नगर प्रमुख सुनिल प्रजापतिले नगर विकासको लागि सीमित बजेटलाई अधिकत्तम सदुपयोग गर्ने बताउनुहुँदै बजेट विनियोजन आवश्यकता र प्राथमिकताको आधारमा गरिएको बताउनुभयो।

गाऱ्हो कामदेखि नडराउने राजनैतिक कार्यकर्ता असल कम्युनिष्टको विशेषता हुने बताउनुहुँदै प्रमुख प्रजापतिले जनताको सेवामा जस्तोसुकै कठिन काम गर्न पनि सँधै तयार हुनुपर्ने बताउनुभयो। हामी कम्युनिष्ट कार्यकर्ता हौं, हामीले आफूलाई होइन घर बनाउन नसकेर टहरामा बस्ने भूकम्प पीडितलाई ध्यान दिएर काम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भक्तपुर नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरू मालिक होइन सेवकको भावनाले अभिप्रेरित भएर काम गर्ने विचार राख्नुभयो।

आ.व. २०७६/७७ को बजेटमा सम्पदा शिक्षा, स्वास्थ्य र सम्पदा पुनःनिर्माणलाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरेको बताउनुहुँदै भक्तपुरलाई नमुना नगर शब्दले नभई व्यवहारले पूरा गर्ने र भक्तपुरलाई एउटा आदर्श नगरको रूपमा विकास गर्ने उद्देश्य रहेको स्पष्ट पार्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले आर्थिक विधेयक, विनियोजन विधेयक र आ.व. २०७६/७७ को वार्षिक बजेटमा सभासद्हरूद्वारा व्यक्त गरिएका जिज्ञासाहरूबारे स्पष्ट पार्नुहुँदै विकास निर्माणका कार्यहरू गर्नुपूर्व सम्भाव्यता अध्ययन गरी अनुसन्धानमा जोड दिनुपर्ने बताउनुभयो।

सभाले पाँचौं नगरसभामा पेश भएका निर्णय अनुमोदन, सेवा करार कार्यपालिकालाई अधिकार दिने, संगठनस्वरूप र दरबन्दी, कर्मचारीहरूको वृत्ति विकास, खर्च समर्थन, प्रोद्भावी लेखा प्रणाली लागू गर्ने, योजना जाँच पास तथा फरफारक, वार्षिक खरिद योजना, अन्तिम लेखा परीक्षण प्रतिवेदन, पुरानो नगर क्षेत्रको परिभाषा थप गर्ने, निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर र कर्मचारीहरूको बारेमा गरी थप १३ वटा प्रस्तावहरू सर्वसम्मतिले पारित गऱ्यो।

बुधबार आर्थिक विधेयकमाथि भएको छलफलमा सभासद्हरू सूर्यप्रसाद श्रेष्ठ, पशुपति प्रजापति, हरिरत्न गोर्खाली, सिद्धिराम अवाल, बलराम न्हिसुतु, सम्झना खाइजु, शिवप्रसाद बालालगायतले सुझावहरू राख्नुभयो।

सभामा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नगरसभाका थप प्रस्तावहरू पेश गर्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पाँचौं नगरसभाबारे संक्षेपमा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

# भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम




प्रमुख सुनिल प्रजापति

**नगर सभासदज्यूहरू,**

- प्रजातन्त्र र गणतन्त्र स्थापनाका लागि भएका जनआन्दोलन एवं संघर्षहरूमा आफ्नो जीवन बलिदान गर्नुभएका प्रातःस्मरणीय शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छौं। जनआन्दोलनमा घाइते हुनुभएका, प्रवास र भूमिगत भएर राजनैतिक तथा सामाजिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं।
- नेपालको संविधान बमोजिम स्थानीय तहको निर्वाचन सम्पन्न भएको दुई वर्ष पूरा भयो। यस अवधिमा भक्तपुर नगरपालिकाका हामी जनप्रतिनिधिहरू नगर र नगरवासीहरूकै हितलाई केन्द्रमा राखेर काम गर्दैछौं। नगरपालिकाको काममा सधैं साथ र सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं र निरन्तर सहयोगको अपेक्षा पनि गर्दछौं।
- हामी नेपाल मजदुर किसान पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरू हौं। निर्वाचनको बेला जनताबीच नेमकिपाले अगाडि सारेको निर्वाचन घोषणापत्र नै हाम्रो काम गर्ने आधार हो। घोषणापत्रका हरेक बुँदालाई एक एक गरी पूरा गर्न हामी प्रतिवद्ध छौं।
- भक्तपुर सांस्कृतिक र ऐतिहासिक नगर हो। यहाँका पुरातात्विक महत्त्वका सम्पदाहरूले विश्वकै ध्यान आकर्षित गरेका छन्। विश्व सम्पदा सूचिमा सूचिकृत भक्तपुरको दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्रको महत्त्व झन् झन् बढ्दै छ। यस नगरलाई पर्यटकीय गन्तव्य स्थल र ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्य अनुरूप नगरपालिकाका जनप्रतिनिधिहरू सकृय छौं।
- संघीयताको अर्थ प्रशासनिक र वित्तीय स्वायत्तता र विकेन्द्रीकरण हो। संघ, प्रदेश र स्थानीय तहबीच एकल र साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक श्रोत साधनको उपयोग र बाँडफाँडमा समन्वय हुन आवश्यक छ। संघले प्रदेश र स्थानीय तहलाई तथा प्रदेशले स्थानीय तहलाई हस्तक्षेप रोक्नु आवश्यक छ।
- नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सबै स्थानीय तहहरू स्वायत्त छन्। जनताको नजिकको सरकार र जनभावना अनुसार काम गर्ने नगरपालिका र गाउँपालिकाका कर्मचारीहरू भर्ना गर्ने अधिकार स्थानीय तहलाई हुनु आवश्यक छ। संघ र प्रदेशले स्थानीय तहको लागि कर्मचारी भर्ना गर्ने काम गाउँ गाउँमा सिंहदरबारको नारा अनुरूप छैन। यो स्थानीय तहको स्वायत्तताकै अपहरण हो। यो कानूनी प्रावधान स्थानीय स्वायत्त शासन ऐन, २०५५ भन्दा पनि प्रतिगामी छ। यसको खारेजी आवश्यक छ।
- संघीयता कार्यान्वयनका लागि काठमाडौं केन्द्रित विकासलाई देशको सन्तुलित विकासमा रूपान्तरण गरिनु आवश्यक छ। स-साना कामको लागि प्रधानमन्त्री र मन्त्रीहरूको आदेश चाहिने प्रथा गलत छ। स्थानीय तहलाई माथिको आदेश पालना गर्ने इकाइबाट मुक्त गरेर स्वायत्त ढङ्गले आ-आफ्नो क्षेत्रको विकास गर्ने अवसर प्रदान गर्नु नै संघीयताको मर्म हो। तर प्रदेश र स्थानीय तहलाई संघको इकाइको रूपमा परिभाषित गर्दै संघको मातहतमा बस्नुपर्ने वा निर्देशन पालना गर्ने इकाइको रूपमा परिभाषित गर्नु पंचायती मानसिकता हो र यो संघीयता, संविधान र कानूनको भावनाविपरीत छ। संविधान र कानूनभन्दा माथि कोही हुन सक्दैन। संघ, प्रदेश र स्थानीय तह संविधान र कानूनको सीमामा रही स्वायत्त रूपमा काम गर्ने प्रावधानमाथि संघ र प्रदेशका जिम्मेवार पदाधिकारीहरू हस्तक्षेप गर्दैछन्, जुन आपत्तिजनक छ।
- यसअघिसम्म किसानहरूको लागि चाहिने रासायनिक मल विक्री वितरण गर्न स्थानीय तहले सिफारिस गर्दै आएकोमा हालै प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले समिति गठन गरी प्रधानमन्त्री कृषि आधुनिकीकरण

परियोजना कार्यान्वयन ईकाईले सिफारिस मार्फत गर्ने निर्णय गर्नु स्थानीय तहको अधिकार कटौतीकै रूप हो।

- संघीय संसद र प्रदेश संसद मूलत नीति निर्माण गर्ने थलो हुन्। सांसदहरू नीति निर्माताहरू हुन्। स्थानीय पूर्वाधार विकासको नाममा प्रधानमन्त्री, मन्त्री र सांसदहरूको सिफारिसमा बजेट विनियोजन गर्नु राष्ट्रिय दृष्टिकोण होइन। विगतमा स्थानीय तह नभएको बेला राखिएको निर्वाचन क्षेत्र विकास कोष हटाउन र विकास बजेट स्थानीय तहमा पठाउन आवश्यक छ।
- भक्तपुर नगरपालिकाले सम्पदा पुन:निर्माण वा जीर्णोद्धार तथा भौतिक पूर्वाधार निर्माण गुणस्तरीय बनाउन, स्थानीय जनताको अपनत्व कायम गर्न र स्थानीय जनतालाई रोजगारीको अवसर प्रदान गर्न अमानत र उपभोक्ता समितिमार्फत कार्य गर्दै आएको छ। यसलाई निरन्तरता दिंदै जानेछौं।
- देशका विभिन्न स्थानमा अवस्थित मठ–मन्दिर, पर्व, संस्कृति र सम्पदाहरू संरक्षणका लागि गुठी जग्गा र अन्य आयस्ताको व्यवस्था छ। तर उद्देश्यअनुरूप मठ–मन्दिरहरू, पर्व र सम्पदाहरू संरक्षण हुन सकिरहेको छैन। गुठीको जग्गा बेचविखन गरी कैयौं महन्त र मठाधीसहरू अर्वपति बनेका छन्। जग्गा कमाउने जोताहा किसानहरू अहिलेसम्म मोहियानी हकबाट बञ्चित छन्। यसर्थ गुठी जग्गा कमाउने जोताहा किसानहरूलाई मोहियानी हक दिनुका साथै रैतानीको अधिकार प्रदान गर्नु आवश्यक छ। गुठी संस्थान खारेज गरी मठ मन्दिरहरूको आयस्ता र सम्पति स्थानीय तहहरूलाई दिनु उपयुक्त हुन्छ। गुठीसम्बन्धि विधेयक परिमार्जन गरी पेश गर्न संघीय सरकारसंग माग गर्दछौं।
- दुई वर्षको अवधिमा भक्तपुर नगरपालिकाले गरेका कार्यहरू जनताबीच सार्वजनिक गरेका छौं। शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माण, खेलकुद, बजार अनुगमन जस्ता विषयहरूमा भक्तपुर नगरपालिकाले महत्त्वपूर्ण कार्यहरू गर्दै आएको छ। दुई वर्षमा गरेका कामलाई आधार बनाउँदै आगामी आर्थिक वर्ष नगरवासीहरूको हितमा अझ बढी काम गर्न हामी प्रतिबद्ध भएर लाग्नेछौं। यही विश्वासका साथ आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछौं।

**शिक्षा**

१. भक्तपुर नगरपालिकाले दुईवटा इन्जिनियरिङ्ग कलेजसहित सातवटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएकोमा विद्यार्थीको माग र समयको आवश्यकताअनुसार नयाँ विषयहरू थपिंदै लगिनेछ। यही शैक्षिक वर्षदेखि ख्वप कलेजमा कृषि विज्ञान कक्षा सञ्चालनको तयारी गरिनेछ। ख्वप मा.वि. मा कक्षा ११ र १२ मा कानून र चित्रकला विषयको पढाइ शुरु गरिनेछ। ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा पनि नयाँ विषय थप्न प्रकृया अगाडि बढाइने छ।

२. नगरभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तरको अन्तरलाई कम गर्दै सबै विद्यालयहरूको समान शैक्षिक गुणस्तर कायम गर्ने नीति कार्यान्वयन गरिनेछ। विद्यालयका शिक्षकहरूलाई तालिमसँगै अनुगमनको व्यवस्था मिलाइनेछ।

३. सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तर वृद्धिसँगै विद्यालयको भौतिक पूर्वाधारहरू निर्माण गर्न सहयोगको नीति लिइनेछ।

४. लामो समयदेखि संसदमा विचाराधीन ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन निरन्तर पहल जारी राखिनेछ। त्यसको लागि प्राज्ञिक व्यक्तित्वहरू मध्येबाट ख्वप विश्वविद्यालय कार्यदल गठन गरिनेछ।

५. जनज्योति पुस्तकालयलाई राष्ट्रिय स्तरको पुस्तकालयको रूपमा विकास गर्न इ-लाइब्रेरीको व्यवस्थाको साथै आवश्यक पूर्वाधारहरूको निर्माण गर्दै लगिनेछ। युवा पिंढीमाझ अध्ययन संस्कार वृद्धि गर्न जनज्योति पुस्तकालयको तर्फबाट समय समयमा अतिरिक्त कृयाकलाप तथा साहित्यिक अन्तरक्रिया कार्यक्रमहरू आयोजना गरिनेछ। वडा-वडामा रहेका पुस्तकालय तथा वाचनालयहरूलाई आवश्यकताअनुसार सुधार गर्न सहयोगको व्यवस्था मिलाइनेछ।

६. विद्यार्थीहरूलाई स्थानीय इतिहास, भूगोल, राजनीति, सम्पदा, कला-संस्कृति, भाषा, खेलकुद लगायतबारे जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रम बनाई कक्षा १, २, ६ र ७ मा लागू गर्दै आएकोमा आगामी वर्ष कक्षा ३ र ८ मा पनि लागू गरिनेछ।

७. भक्तपुरको इतिहास, भूगोल, कला संस्कृति, भाषा, पुरातत्व, वातावरण, सरसफाइ, खानेपानीलगायत विभिन्न विषयमा अध्ययन–अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरूलाई आर्थिक सहयोगको नीतिलाई निरन्तरता दिइनेछ। साथै विभिन्न संकायमा अध्ययनरत विद्यार्थीहरू भक्तपुर नगरपालिकामा इन्टर्न गर्न चाहेमा आवश्यकता अनुसार सोको व्यवस्था मिलाइनेछ।

८. इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा विषयमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरू घट्दै गएको हुँदा ती विषयमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले विशेष छात्रवृत्ति दिने कार्यलाई निरन्तरता दिइनेछ। साथै उच्च शिक्षा हासिल गर्न चाहने योग्य तर आर्थिक अवस्था कमजोर

भएका नगरवासी विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्र धितो राखी रु. ५ लाखसम्म सहुलियत ब्याजदरमा ऋण दिने व्यवस्थालाई आगामी वर्ष निरन्तरता दिइनेछ ।

९. चिकित्साशास्त्र अन्तर्गत विभिन्न विषयहरूमा स्नातकोत्तर तह (एमडी वा सो सरह) अध्ययन गर्न चाहने नगरवासी विद्यार्थीहरूमध्ये वार्षिक २ जनालाई नगरपालिकाको तर्फबाट छात्रवृत्तिको व्यवस्थालाई आगामी वर्ष निरन्तरता दिइनेछ । छात्रवृत्ति पाउने चिकित्सकहरूले कम्तिमा ५ वर्ष ख्वप अस्पतालमा पूर्णकालीन सेवा गर्नुपर्नेछ ।

१०. शिशु स्याहार केन्द्रहरूमा कार्यरत शिक्षिकाहरूको स्तरोन्नतिको लागि समयानुकुल तालिमको व्यवस्था गरिनेछ । साथै शिशु स्याहार केन्द्रहरूको भौतिक पूर्वाधारहरूको पनि सुधार गर्दै लगिनेछ ।

११. नगरपालिकाभित्र सञ्चालित कलेजहरूमा अध्ययन अध्यापनको साथै अनुसन्धानमा पनि जोड दिइनेछ ।

१२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरभित्र विशेष विद्यालय सञ्चालन गर्न चाहेमा त्यसलाई अनुमति दिई विद्यालय सञ्चालनको लागि आवश्यक सहयोग गरिनेछ ।

१३. विद्यालयहरूमा कार्यरत वालविकास सहजकर्ता (इसीडी शिक्षक) हरूको मिहेनतको कदर गर्दै थप सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१४. नगरका कुनै एक सामुदायिक विद्यालयलाई नमूना विद्यालय घोषणा गरी विशेष अनुदानको व्यवस्था गरिनेछ ।

१५. नगरभित्रका सामुदायिक विद्यालयहरूको स्तरोन्नतीलाई प्राथमिकतामा राखेर सबल विद्यालयले दुर्वल विद्यालयलाई हेर्न उसाहित गरिनेछ ।

१६. जनप्रतिनिधि, कर्मचारी, शिक्षकलगायतलाई आफ्ना सन्तानहरूलाई सामुदायिक विद्यालयमा अध्ययनका लागि उत्साहित गरिनेछ ।

### स्वास्थ्य

१७. भनपाले च्याम्हासिंह, भवगतीस्थान र व्यासी गरी ३ वटा शहरी स्वास्थ्य केन्द्रहरूमार्फत् विरामीहरूको सेवा गर्दै आएको छ । जनस्वास्थ्य केन्द्रमा नयाँ नयाँ उपकरणहरू जडान गरी सेवाहरू थप्दै लगिनेछ ।

१८. घरदैलो नर्सिङ्ग सेवालाई विस्तार गरी विद्यालय तहसम्म पु¥याइनेछ । विद्यालयहरूमा समय समयमा चिकित्सकहरूद्वारा स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ । चिकित्सक र नर्सहरूबाट विद्यालयहरूमा स्वास्थ्य सम्बन्धी कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

१९. शारीरिक तथा बौद्धिक अपांगता भएका नगरवासीहरूका लागि नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गरिनेछ ।

२०. आयुर्वेदिक स्वास्थ्य सेवालाई विस्तार गरी वडा वडाको साथै कलेज-विद्यालयसम्म पुऱ्याउन आवश्यक व्यवस्था गरिनेछ ।

२१. वडा वडामा विभिन्न रोगहरू तथा स्वास्थ्य चेतनासम्बन्धि शिविरहरू सञ्चालन गरिनेछ ।

२२. क्यान्सर, मृगौला, मुटुको शल्यकृया, मस्तिष्कघात जस्ता कडा रोग लागेका विरामीहरूलाई दिइदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।

२३. च्याम्हासिंहमा सञ्चालित जिल्ला सामुदायिक आँखा केन्द्रको सेवा विस्तार गरिनेछ । हाल १५ दिनको १ पटक मात्रै शल्यकृया हुँदै आएकोमा अब नियमित शल्यकृयाको व्यवस्था मिलाइनेछ ।

### सम्पदा र संस्कृति संरक्षण

२४. भक्तपुरको कला-संस्कृति संरक्षण गर्न निरन्तर कृयाशील रहने दाफा-भजन तथा परम्परागत सांस्कृतिक कलाकार र गुरुहरूलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२५. भक्तपुर दरबार क्षेत्र वरिपरिको ऐतिहासिक ९९ चोक तथा जगनाथ मन्दिर क्षेत्रको उत्खननको अध्ययन कार्यलाई अगाडि बढाइनेछ ।

२६. भक्तपुरमा मनाइने गाइजात्रा देशकै विशिष्ट र छुट्टै पहिचान बोकेको हुँदा गाइजात्रामा प्रस्तुत हुने घिन्ताङ्घिसी, परम्परागत र आधुनिक विधाका नृत्य, नाटक तथा ख्याल र कुनै पनि सांस्कृतिक विधालाई प्रतियोगितात्मक मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गरिनेछ । यसबाट गाइजात्रा पर्वलाई व्यवस्थित, अनुशासित र मर्यादित बनाउन थप मद्दत पुग्नेछ । यससँगै आधुनिक विधाका सांस्कृतिक तथा साहित्यिक प्रतियोगिताहरू पनि सञ्चालन गरिनेछ । यसका साथै अन्य नगरपालिकाहरूसंग सांस्कृतिक आदानप्रदान गरी आपसी सम्बन्ध सुधार गर्दै लगिनेछ ।

२७. परम्परागत बाजा तथा विभिन्न सांस्कृतिक विधाहरू नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रशिक्षण दिने टोलीहरूलाई मूल्यांकनको आधारमा सहयोगको नीति लिइनेछ । विद्यालयहरूमा सांस्कृतिक प्रशिक्षण सञ्चालन गरिनेछ ।

२८. भक्तपुरको परम्परागत सांस्कृतिक विधाहरूको नगरब्यापी प्रतियोगिता सञ्चालन गरिनेछ ।

२९. भक्तपुरको सांस्कृतिक, पुरातात्विक महत्त्व बोकेका पाटी-पौवा, ढुङ्गेधारा, पोखरी, इनार, सत्तल, द्योछें लगायतका सम्पदाहरूको संरक्षणलाई निरन्तरता दिइनेछ । ती सम्पदाहरू पुनःनिर्माण वा जीर्णोद्धार गर्दा अध्ययन अनुसन्धानको साथै मौलिक शैलीलाई जोड दिइनेछ ।

३०. भक्तपुरको सम्पदा संरक्षित क्षेत्रको निश्चित सीमा तोकी सांस्कृतिक क्षेत्र घोषणा गरिनेछ ।

### विकास निर्माण

३१. २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भनपा वडा नं. ५

टौमढीस्थित विश्व प्रसिद्ध ङातापोल मन्दिर जीर्णोद्धार कार्यलाई अगाडि बढाइनेछ ।

३२. भनपा वडा नं. १ स्थित भाजुपोखरी र रानीपोखरीको जीर्णोद्धार कार्यलाई निरन्तरता दिइनेछ ।

३३. भनपा वडा नं. ३ दरबार क्षेत्रस्थित नगरपालिकाको साविक भवन (थन्थु दरबार) र दरबार क्षेत्रकै नक्सा शाखा रहेको भवनको मौलिक शैलीमै पुन:निर्माणको काम अगाडि बढाइनेछ ।

३४. भनपा २ स्थित पुरानो जनज्योति पुस्तकालय रहेको भवनलाई पर्यटन प्रवर्द्धनको उद्देश्यअनुरूप कोसेली पस: बनाउने प्रकृया अघि बढाइनेछ ।

३५. च्याम्हासिंहस्थित ख्वप अस्पतालको भवन आगामी दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित निर्माण कार्य अगाडि बढाइनेछ ।

३६. भनपा ९ स्थित ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण सम्पन्न गरी उपयोगमा ल्याइनेछ ।

३७. नगरको महत्त्वपूर्ण पर्यटकीय स्थलहरूमा क्रमशः फ्रि वाइफाईको व्यवस्था गर्दै लगिनेछ ।

३८. नगरका ठाउँ ठाउँमा बाल उद्यानको विकास गर्नेतर्फ ध्यान दिइनेछ ।

३९. जेष्ठ नागरिकहरूको लागि नगरको उपयुक्त ठाउँमा आदर निकेतन सञ्चालनको लागि प्रकृया अगाडि बढाइनेछ ।

४०. च्याम्हासिंहमा निर्माणाधीन छात्ती पुन:स्थापना केन्द्रको निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ । केन्द्रमा आवश्यक उपकरणहरूको जडान गरी दम खोकी रोगको उपचार गर्न चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरूलाई तालिम सञ्चालन गरी जनताको सेवामा खटाइनेछ ।

४१. भनपा वडा नं. १ मा बहुउद्देश्यीय भवन निर्माणको कार्य सुरु गरिनेछ ।

४२. भनपा वडा नं. ७ स्थित माहेश्वरी खेल मैदान र भनपा वडा नं. २ स्थित शहीद स्मृति खेल मैदानको स्तरोन्नति गर्दै खेलाडीहरूको आवश्यकताअनुसार कभर्ड हल र रङ्शालाको निर्माण प्रक्रिया अगाडि बढाइनेछ । भक्तपुर नपा वडा नं. ८ लिवालीमा कबर्ड हल निर्माण कार्य सम्पन्न गरिनेछ ।

४३. सांस्कृतिक नगरको पहिचानलाई जोगाइ राख्न नगरका विभिन्न स्थानहरूमा ठूला तथा भारी गाडीहरूलाई क्रमशः प्रवेश निषेध गर्दै लगिनेछ । नियमविपरीत प्रवेश गर्ने गाडी चालक वा धनीलाई कडा दण्ड जरिवानाको व्यवस्था मिलाइनेछ ।

४४. नगरबासीहरूको लागि तरकारीको सहज आपूर्तिको व्यवस्था गर्न नगरभित्र उपयुक्त ठाउँमा तरकारी बजारको व्यवस्थापन गरिनेछ । यसले तरकारी उत्पादन गर्ने किसान र उपभोक्ता दुबैको हित हुने हाम्रो विश्वास छ ।

४५. माहेश्वरी पीठ, ब्रम्हायणी पीठ, हनुमानघाट, बाराही स्थान, महाकाली स्थानलगायत ऐतिहासिक र धार्मिक स्थलहरू तथा भनपा ५ स्थित पुरानो डम्पिङ साइट क्षेत्रको क्रमशः गुरु योजना तयार गर्दै लगिनेछ ।

४६. जथाभावी गाडी र मोटरसाइकलहरू पार्किङ्ग गरेको कारण नगरको सौन्दर्यमा बाधा पुग्नुको साथै सडकमा हिड्ने यात्रुहरूलाई समस्या भई दुर्घटना समेत हुने गरेको हुँदा नगरको विभिन्न स्थानमा गाडी तथा मोटरसाइकल पार्किङ्गको व्यवस्था मिलाइनेछ ।

४७. नगरका टोल टोलमा संकलित कुहिने र नकुहिने फोहरमध्ये कुहिने फोहरको कम्पोष्ट मल बनाइ किसानहरूलाई सस्तोमा बिक्री गर्ने उद्देश्यले कम्पोष्ट मल प्लान्ट निर्माण गर्ने प्रकृया अगाडि बढाइनेछ । साथै नकुहिने फोहरलाई पुनः प्रयोग वा अन्य प्रकृयाबाट आयको श्रोत बनाइनेछ ।

४८. नगरवासीहरूलाई घुमफिर गर्ने उपयुक्त ठाउँहरूको अभावलाई ध्यानमा राखी नगरको उपयुक्त ठाउँमा पार्कको निर्माण गरिनेछ ।

४९. भनपा ७ स्थित हनुमानघाटमा विद्युतीय शवदाह गृह निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

५०. नगरको पुराना तथा नयाँ बस्तीहरू तथा सम्पदा क्षेत्रहरूमा आवश्यकता अनुसार बत्तीको व्यवस्था गरिनेछ ।

५१. भनपा ६ स्थित देकोचामा आधुनिक सुविधासम्पन्न अरनिको सभाभवन निर्माण कार्य थालनी गरिनेछ ।

**खेलकुद**

५२. भक्तपुर नगरपालिकाले फुटबल, भलिबल, टेबुल टेनिस, सितेरियो कराते, बक्सिङ्ग, जिम्नेष्टिकको नियमित प्रशिक्षण दिंदै आएकोमा ती खेलहरूको प्रशिक्षणलाई थप प्रभावकारी बनाउने प्रयत्न गरिनेछ । साथै नगरवासी युवाहरूको चाहनाबमोजिम थप खेलको प्रशिक्षण सञ्चालन गर्ने तयारी गरिनेछ । खेल प्रशिक्षकहरूको सेवालाई ध्यानमा राखेर पूर्णकालीन प्रशिक्षकहरूको सङ्ख्यामा वृद्धि गर्दै लगिनेछ ।

५३. वडा खेलकुद समिति मार्फत वडा वडामा रहेका टिम, क्लवलाई सक्रिय बनाइनेछ ।

५४. विद्यालय/कलेजहरूमा पनि प्रतिस्पर्धी खेलाडीहरू तयार गर्न क्रमशः खेल प्रशिक्षकहरूको व्यवस्था गर्दै लगिनेछ । समय समयमा अन्तर विद्यालय खेलकुदको आयोजना गरी खेलाडीहरूको प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्नुका साथै स्तरीय खेलाडीहरू उत्पादन गर्ने नीति लिइनेछ ।

५५. महिलामाथि हुने सम्भावित हिंसात्मक गतिविधिबाट

नगरवासी महिलाहरूलाई सुरक्षित बनाउन आत्मरक्षाको तालिमको व्यवस्था गरिनेछ ।

५६. विगत वर्ष झैं कुनै एक खेलको अन्तर नगर खेल प्रतियोगिता आयोजना गरिनेछ । खेलकुदको माध्यमबाट भक्तपुरलाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउन प्रतियोगिताले मद्दत पुऱ्याउने विश्वास छ ।

५७. ज्येष्ठ नागरिक, वालवालिका तथा युवाहरूको स्वास्थ्यलाई ध्यानमा राखी नगरका ठाउँ ठाउँमा राखिएका शारीरिक व्यायाम स्थलहरूको विस्तार गरी विद्यालय र कलेज कलेजमा पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

**बजार अनुगमन**

५८. उपभोक्ताहरूको स्वास्थ्यलाई ध्यानमा राखी बजार अनुगमनलाई निरन्तरता दिइनेछ । अनुगमनको क्रममा कानूनविपरीत म्याद नाघेको, कुहेको वा स्वास्थ्यको लागि हानिकारक कुनै बस्तु फेला परेमा त्यस्तालाई कडा कार्वाही गरिनेछ ।

**कृषि**

५९. कम जग्गामा बढी उत्पादन गर्ने उद्देश्यले किसानहरूलाई विभिन्न किसिमका तरकारी वा बाली उत्पादन सम्बन्धी कृषि विशेषज्ञहरूबाट तालिमको व्यवस्था मिलाइनेछ ।

६०. किसानहरूको लागि आवश्यक कृषि उपकरण तथा कृषि सामग्री, विउविजन वितरण गरिनेछ ।

**पर्यटन**

६१. भक्तपुरलाई आन्तरिक तथा बाह्य पर्यटकहरूको उत्कृष्ट गन्तव्यस्थल बनाउने लक्ष्यसहित भक्तपुर महोत्सवको आयोजना गरिनेछ ।

६२. भक्तपुर आउने पर्यटकहरूको सुविधाको लागि पर्यटकीय क्षेत्रहरूमा स्तरीय शौचालय, हारियाली प्रबर्द्धनलगायतका कार्यहरू क्रमशः गर्दै लगिनेछ ।

६३. परम्परागत गाइजात्रा मार्गलाई पर्यटन पैदल मार्गको रूपमा विकास गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ ।

६४. पर्यटकहरूको बसाई लम्ब्याउनका लागि साँझको समयमा ठाउँ ठाउँमा साँस्कृतिक गतिविधिहरू सञ्चालनको व्यवस्था मिलाइनेछ । यससँगै सांस्कृतिक प्रदर्शनी केन्द्र स्थापना गरिनेछ । सम्पदा क्षेत्र र पर्यटकीय स्थलहरूमा सन्ध्याकालीन बत्तीको बन्दोबस्त गरी थप आकर्षण बढाउन जोड दिइनेछ ।

६५. नगरभित्र भइरहेको अनियमितता नियन्त्रण गर्न र सहज बजार व्यवस्थापनको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ । समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई जनस्तर र विद्यालय स्तरसम्म पुऱ्याइनेछ । साथै पर्यटक प्रहरीको प्रभावकारी परिचालन गरी भक्तपुरलाई सुरक्षित पर्यटकीय स्थल बनाउन पहल गरिनेछ ।

६६. भक्तपुरका मौलिक उत्पादनहरू कालो टोपी, जुजु धौ, हाकुपतासी, ताइच्यून चिउरा जस्ता घरेलु तथा साना उद्योगहरूलाई वातावरणमैत्री ढंगबाट प्रोत्साहित गर्न विभिन्न गतिविधिहरू अगाडि बढाइनेछ ।

६७. स्थानीय युवाहरूलाई चिनियाँ, जापानी, अंग्रेजी, फ्रान्सेली, स्पेनिस भाषालगायत विदेशी भाषाहरूको तालिम दिइनेछ । यसका साथै नगरवासीहरूलाई होमस्टे सञ्चालनसम्बन्धि तालिम पनि दिइनेछ ।

६८. भक्तपुरको जीवनशैली, रहनसहन र संस्कृति झल्किने सांस्कृतिक संग्रहालयको व्यवस्था गरिनेछ ।

६९. पर्यटकहरूको सुविधाको लागि उपयुक्त स्थानमा पर्यटक बसपार्कको व्यवस्था गरिनेछ ।

७०. भक्तपुरको सुन्दरता बढाउन र प्रदूषण कम गर्न शहरको मुख्य सडक च्याम्हासिंहदेखि भार्वाचोसम्म ढुङ्गा छाप्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७१. अपराध नियन्त्रणमा सहयोग पुऱ्याउन नगरको मुख्य सडक, गल्ली र सम्पदा क्षेत्रहरूमा सी.सी. क्यामेराको बन्दोवस्त गरिनेछ ।

७२. भक्तपुरबारे राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्न एफ.एम. रेडियो सञ्चालन र टेलिभिजन प्रशारणको तयारी गरिनेछ । साथै नगरपालिकाका हरेक गतिविधिलाई जनतामाझ पारदर्शी रूपमा समयमै सम्प्रेषण गर्न तथा नगरवासीहरूका न्यायोचित गुनासाहरूको तत्काल सम्बोधन गर्ने हेतुले नगरपालिकाको तर्फबाट विभिन्न छापा तथा अनलाइन प्रकाशन एवं सामाजिक संजालको प्रभावकारी उपयोग गरिनेछ ।

७३. सहकारी र स्थानीय जनताको सहभागितामा गुणस्तरीय पर्यटकीय होटल सञ्चालन गर्न सहकारी संस्थाहरूलाई उत्साहित गरिनेछ ।

**युवालक्षित तालिमहरू**

७४. युवाहरूलाई सीपयुक्त र आत्मनिर्भर बनाउन काष्ठकला, प्रस्तर कला, धातु कला, विभिन्न विदेशी भाषा, सिलाई, रेडियो-टेलिभिजन प्रस्तोता, पथ प्रदर्शकलगायतका तालिमहरू सञ्चालनलाई निरन्तरता दिइनेछ । त्यसैगरी विद्युतीय सामग्रीहरू मोबाइल, रेडियो-टेलिभिजन, रेफ्रिजेरेटर जस्ता मर्मतका तालिमहरू, मोटर साइकल मर्मत जस्ता रोजगारीमूलक तालिमहरू सञ्चालन गरी युवाहरूलाई आत्मनिर्भर बनाउन जोड दिइनेछ ।

**अन्य**

७५. मौलिक शैलीका घर र सम्पदाहरूको संरक्षणको लागि पुरानो नगर क्षेत्रभित्र निजी घर निर्माण गर्ने घरधनीहरूलाई घरको मोहडामा लाग्ने काठ, इँटा र झिंगटीमा दिइँदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।

७६. भूकम्प पीडितका प्रमाणपत्र प्राप्त घरधनीहरूलाई नक्सापासमा दिइँदै आएको छुटलाई यथावत राखिनेछ ।

७७. नगरका विभिन्न स्थानहरूमा जथाभावी छाडिएका भुस्याहा कुकुर, गाइ–भैंसीजस्ता चौपायाहरूलाई नियन्त्रणमा लिई सम्बन्धित घरधनीहरूलाई कानुनी कार्वाही गर्ने नीति लिइनेछ ।

७८. विशेषज्ञहरूको सुझाव अनुसार फोहरमैला व्यवस्थापनको स्थायी समाधानको लागि नगरपालिका अगाडि बढ्नेछ । फोहर मैला व्यवस्थापन सम्बन्धी गठित कार्यदलद्वारा प्रस्तुत प्रतिवेदनलाई कार्यान्वयनमा ल्याइनेछ । घरबाट निस्कने फोहर कम गर्ने उद्देश्यले कौसी खेतीलाई प्रोत्साहित गरिनेछ ।

७९. नगरका मूल सडकका दायाँबायाँ पेटीमा रुख–विरुवा रोपेर हरियाली प्रबर्द्धन गरिनेछ र सम्पदा क्षेत्रहरूमा समेत विभिन्न प्रजातिका फूलहरू रोपेर नगरलाई प्रदूषणमुक्त र सुन्दर बनाउने प्रयत्न गरिनेछ ।

८०. स–साना विकास निर्माणका कामहरू वडास्तरबाटै सम्पन्न गर्न र छिटो छरितो सेवाको लागि निश्चित रकम वडाबाटै खर्च गर्न मिल्ने गरी वडा बजेटको व्यवस्था गरिनेछ ।

८१. भक्तपुर नगरभित्र रहेका सम्पदाहरूको संक्षिप्त परिचयसहितको सम्पदा बोर्ड क्रमशः राख्दै लगिनेछ ।

८२. नगरभित्र काम गर्न चाहने कुनै गैरसरकारी वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नगरपालिकाको अनिवार्य स्विकृति लिनुपर्ने र ती संस्थाले वर्षभरि गर्ने कामको विवरण र बजेट पेश गर्नुपर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ ।

८३. घरेलु तथा साना उद्योगहरू सञ्चालनमा प्रोत्साहित गरिनेछ । ती उद्योगहरू करको दायरामा ल्याउन सम्बन्धित पक्षसँग समन्वय गरी अगाडि बढ्ने व्यवस्था मिलाइनेछ ।

८४. सहकारी संस्थाहरूलाई व्यवस्थित गर्न अनुगमनलाई जोड दिइनेछ र नगरपालिका र सहकारीबीच समन्वय र साझेदारीमा नगरबासीहरूको हितमा कार्य गर्न पहल गरिनेछ । नगरभित्र सञ्चालित सहकारी संस्थाहरूलाई उत्पादनमूलक गतिविधिमा लगानी बढाउन प्रोत्साहित गरिनेछ ।

८५. घर निर्माणमा देखिएको बढ्दो अनियमिततालाई ध्यानमा राखेर भवन निर्माण मापदण्डलाई कडाइका साथ लागू गरिनेछ । मापदण्ड मिची घर बनाएकाहरूलाई कानूनबमोजिम दण्ड जरिवाना गरिनेछ ।

८६. नगरपालिकाद्धारा भनपा २ र ६ वडामा १६५३ रोपनी जग्गामा सञ्चालित देको मिवा इटापाके आवास योजना समयमै सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

८७. भक्तपुर औद्योगिक क्षेत्रलाई स्थानीय सीप र स्रोतसाधनको उपयोग गरी वातावरणमैत्री र पर्यटनकेन्द्रीत हस्तकला औद्योगिक क्षेत्रको रूपमा विकास गर्न पहल गरिनेछ ।

८८. नगरबासीहरू र व्यवसायी तथा घर बहालमा बस्ने परिवारलाई करको दायरामा ल्याउन कर संकलन टोलीको व्यवस्था मिलाइनेछ । नगरपालिका क्षेत्रमा घरजग्गा मूल्यांकन करको विषयमा नगरवासी जनताको भावनाको सम्मान गरिनेछ ।

८९. मर्मत सम्भारबाट सम्पदाहरू संरक्षणमा टेवा पुग्ने हुँदा सम्पदाहरूको नियमित मर्मत घुम्ती टोलीको व्यवस्था गरिनेछ ।

९०. नगरबासीहरूको खानेपानी समस्यालाई ध्यानमा राखेर नगरभित्र विभिन्न स्थानमा गरिएको डिप बोरिङको पानी पिउन योग्य बनाई नगरबासीहरूलाई वितरण गर्न पानी ट्याङ्की र फिल्ट्रेसनको व्यवस्था मिलाइनेछ । साथै पुरानो नगरमा रहेको पाइप जीर्ण भएको हुँदा सोको सुधारमा ध्यान दिइनेछ । नगरभित्र आकासे पानी संकलन तथा सदुपयोगमा विशेष ध्यान दिइनेछ ।

९१. सरकारी र पर्ति जग्गा अतिक्रमण बढिरहेको हुँदा जग्गा संरक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

९२. कर्मचारीहरूको वृत्ति विकासमा विशेष ध्यान दिइनेछ । कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि समय समयमा आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ । साथै कर्मचारीहरूको कार्य मूल्यांकन गरी उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

९३. सल्लाघारीदेखि ब्यासी, मुलढोका हुँदै नगरकोट जाने सडकको वैकल्पिक मार्ग निर्माणका लागि पहल गरिनेछ ।

९४. मासुजन्य खाद्य पदार्थ बिक्री वितरण कार्यलाई व्यवस्थित गर्न तथा खुला स्थानमा पशु बध गर्न निरुत्साहित गरिनेछ । नगरको उपयुक्त स्थानमा व्यवस्थित पशु वधशाला निर्माण प्रक्रिया थालनी गरिनेछ ।

अन्त्यमा, भक्तपुर नगरपालिकाको आन्तरिक श्रोत, प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त हुने शसर्त र निःशर्त अनुदान तथा वित्तीय अनुदानसमेतको आधारमा आ.ब. २०७६।०७७ को बजेट तयार गरी विकास निर्माणको कामलाई अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्दछौं ।

*मिति २०७६।३।९*

*(भक्तपुर नपाको पाँचौं नगरसभाको उद्घाटन समारोहमा प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत नीति तथा कार्यक्रम)*

# xfdL Jojxfl/s 1fg;lxtsf]lzlIft gful/s pTkfbg ug{df nfluk/]sf 5f}+



उपप्रमुख रजनी जोशी

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई एक सिक्काका दुई पाटाको रूपमा लिएर यी दुबै विषयलाई केन्द्रमा राखी काम गरिरहेको दिनको घाम भैं छर्लङ्ग छ। किनभने हामीले हाम्रा नगरवासीहरू २१ औं शताब्दीका सचेत नागरिक होस् भन्ने चाहन्छौ र हामी शिक्षित/सभ्यको साथसाथै स्वस्थ हुन सकेमा मात्र हाम्रो समाज, हाम्रो देश अघि बढ्नेमा हामी विश्वस्त छौं। त्यसै अनुरूप हामी व्यवहारिक ज्ञानसहितको शिक्षित नागरिक उत्पादन गर्नमा लागिपरेका छौं किनभने हाम्रो समाजलाई शिक्षित मात्र नभई व्यवहारिक राष्ट्रसेवक नागरिकको खाँचो रहेको हामी सबैले महसुस गरिरहेका छौं। तसर्थ भ.न.पा.ले शिक्षालाई केन्द्रमा राखी शिशु स्याहार केन्द्रदेखि उच्च शिक्षालाई प्राथमिकतामा राख्ने काम गरिरहेको यहाँहरूमा बिदितै छ। यसले भविष्यमा हाम्रो समाज व्यवस्थित रूपमा अघि बढ्ने विश्वासका साथ हामी अघि बढेका छौं।

हामीले सुनेअनुसार विद्यार्थीहरू भर्ना हुँदा ठूलो सङ्ख्या भए पनि एस.इ.इ. दिँदासम्म ठूलो सङ्ख्याले छोडिसक्ने तथ्याङ्क आइरहेको अवस्थामा शिक्षामा कोही नछुटुन् भन्ने उद्देश्यले भ.न.पा. ले ५ लाखको ऋण प्रदान गर्ने प्रक्रिया शुरु गरिसकेको छ। हाम्रो समाज सही ढंगले अघि बढाउन डाक्टर/इन्जिनियर बाहेक भूगोल/इतिहास/कला संस्कृति/राजनीति शास्त्र जस्ता विषयहरू आवश्यक पर्ने भएकोले न.पा.ले यी विषयहरूको लागि पनि छात्रवृत्तिको व्यवस्था गरिसकेका छौं। त्यसैगरी नगरवासीहरू स्वस्थ भएमा मात्र हाम्रो समाज अघि बढाउन सहज हुने यथार्थलाई मध्यनजर गरी आधुनिक सुविधासहितको ख्वप अस्पताल निर्माण शुरु भइसकेको छ र अबको ३ वर्षभित्र सञ्चालन गर्ने लक्ष्य लिएका छौं। यस अस्पतालमा तिलगंगा आँखा अस्पतालको केन्द्रसहितको OT/MRI/CT SCAN Major/Minor operration Theater, Maternity Ward रहने यहाँ जानकारी गराउन चाहन्छु। Prevention is better than cure भन्ने भनाईलाई मध्यनजर गर्दै हरेक वडावासीहरू स्फुर्तिलो/निरोगी होउन् भन्ने उद्देश्यकासाथ सबै वडाहरू र केही शैक्षिक संस्थाहरूमा व्यायाम सामग्रीहरू राखी सञ्चालनमा आइरहेका छन् भने भ.न.पा. ले स्वास्थ्य क्षेत्रमा विज्ञता भएका नगरवासीहरू उत्पादन गर्न हरेक वर्ष नगरका २ जनालाई MD वा सो सरहमा छात्रवृत्तिको व्यवस्था गरेका छौं र यसरी नै हरेक विषयमा विज्ञ नागरिक तयार गर्न सके समाजका सम्पूर्ण विषयहरूमा अनुसन्धानबाटै अघि लाने लक्ष्य लिएका छौं। अनुसन्धानात्मक रूपले फड्को मार्नेछ भन्ने विश्वास लिएका छौं।

'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' हाम्रो पहिचान हो हाम्रो गौरव हो। यसर्थ हाम्रा यस्ता गौरवशाली कला संस्कृतिलाई जोगाई/जीवन्तता दिनुको साथसाथै हाम्रो यो धरोहरलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नु हाम्रो पुस्ताको कर्तव्यलाई ध्यानमा राखी हामीले सम्पदा/संस्कृति संरक्षणलाई प्रमुखताको रूपमा नगरभरि पुन:निर्माण/संरक्षणका कामहरू गरिरहेको यहाँहरूमा अवगत छ। हामी यस कार्यमा दत्तचित्त भएर लागिरहेका छौं, लागिरहने छौ र यस कार्यमा हाम्रा नगरवासीहरूको साथ हौसलाकासाथ निरन्तरता हुनेमा भ.न.पा. विश्वस्त छ।

भ.पु. नगर देशकै सानो नगर र यहां अन्य आय आर्जनका श्रोतहरूको अभाव रहेको हामी सबैमा विदितै छ। यद्यपि हाम्रो पुर्खाले छोडेको अनुपम एवं अद्वितीय

नासोको स्याहार सम्भारका साथै यसैलाई आय आर्जनको श्रोत बनाउँदै आइरहेका छौं र भ.पु.लाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्दै लागिरहेका छौं भने हाम्रा नगरवासीहरूले आफ्नै ठाउँमा रहेर यससँग आवद्ध व्यवसायमा लागि आफ्नो देशको सेवा गर्दै आयआर्जनका श्रोत बनाउन सकिनेछ र समाज अघि बढाउन सहज हुनेमा हाम्रो विश्वास रहेको छ ।

यी र यस्ता कामहरू गर्दै जाँदा भ.न.पा.ले खानेपानी र सफाई व्यवस्थापन (जग्गा/जंगलको कमी) गर्न चुनौती रहेको हामी जनप्रतिनिधिहरूले स्वीकार गरेका छौं । तथापि यस्ता चुनौतिहरूको समाधान गर्न भ.न.पा.ले विभिन्न कार्यक्रमका साथ अघि बढिरहेका छौं । खानेपानीको लागि ट्यांकरबाट पानी वितरण भइरहेको र नगरका विभिन्न स्थानाहरूमा पानीको ट्यांकी निर्माण गरी Filtration गरी वितरण गर्न तयारी भइरहेको छ । अन्य प्रयोगका लागि आकाशे पानी संलकन गर्न सके हाम्रो पानीको समस्या धेरै हदसम्म समाधान हुने हामीले ठानेका छौं र यसप्रति नगरवासीको चाहना बढेको हामीले महसुस गरेका छौं ।

त्यसैगरी अर्को चुनौति भनेको फोहर मैला व्यवस्थापन हो । यसको लागि न.पा.ले अध्ययन अनुसन्धान टोलीको सुझावसहित योजनाका कामहरू अघि बढाउन गइरहेका छौं । तथापि हामी नगरवासीहरू पनि यसमा सचेत हुनुपर्ने अत्यावश्यक रहेकोले हामी सबैले कुहिने फोहर घरमै व्यवस्थापन गरी नकुहिने फोहरलाई छुट्टै राखेर नकुहिने फोहर लिन आउने समयमा मात्र ल्याई सहयोग गर्ने संस्कार बसाल्न पायौं भने पक्कै हाम्रो नगर सभ्य, सफा, सुसंस्कृत नगर बन्नेछ र हाम्रो पहिचान अझ उचाईमा जानेमा द्विमत नहोला । सँगसँगै कुनै पनि सामग्रीहरूको कम प्रयोग/पुनः प्रयोग/नयाँ वस्तुमा रूपान्तरण गर्न सके हाम्रो गौरव बढ्ने विश्वास छ ।

भक्तपुर नगरपालिकाले गर्ने हरेक काममा जनसहभागिताको आधारमा गर्दै आइरहेका छौं र यो आजको आवश्यकता पनि हो किनभने नगर भनेको यहाँको संरचनाहरू मात्र नभई नगरवासीहरूको उपस्थिति र सहभागिता हो त्यसैलाई एउटा प्रणालीको रूपमा अघि बढाउन सके मात्र हाम्रो नगर हरेक पक्षबाट एउटा सुव्यवस्थित र सुरक्षित नगर बन्न सक्दछ । त्यसैले यहाँहरू समक्ष सहयोगी हातहरू जोड्दै एउटा सुन्दर नगर र सभ्य नगरवासी बन्न आह्वान गर्दै पुनः एकपल्ट यस पाँचौं नगरसभामा हार्दिक स्वागत गर्दै बिदा हुन्छु ।

## नगर प्रमुख सुनिल प्रजापतिसँग नेपाल ट्रस्टका प्रतिनिधिहरूको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग असार १५ गते नेपाल ट्रस्टका प्रतिनिधिहरूले भेट गर्नुभयो । भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गालाई भक्तपुरका जनताको अधिकत्तम हित हुने गरी सदुपयोग गर्ने विषयमा भक्तपुर नपा र नेपाल ट्रस्टका प्रतिनिधिहरूबीच छलफल भयो ।



छलफलमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी,भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवाल, नेपाल ट्रष्ट सञ्चालक समितिका सदस्य याङजोम शेर्पा, नेपाल ट्रष्ट कार्यालयका इन्जिनियरिङ श्रीकान्त भट्टराई, शाखा अधिकृत अच्युतकुमार काफ्ले र नापि अधिकृत राधिका तिमिल्सनाको उपस्थिति रहेको थियो ।

# ख्वप कलेजमा 'आर्थिक विकासमा व्यवस्थापनको भूमिका' विषयमा राष्ट्रिय सम्मेलन सम्पन्न




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले जेठ ३१ गते विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा ख्वप मावि र ख्वप कलेजको आयोजनामा 'नेसनल कन्फरेन्स अन रोल अफ म्यानेजमेन्ट' (National Conference on Role of Management in Economic Development) विषयमा भएको राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुभयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै अध्यक्ष बिजुक्छेंले जग्गा-जमिनहरू सामन्तवादी समाजको महत्त्वपूर्ण आम्दानीको स्रोत हुने बताउनुहुँदै सामन्तवाद जमिनको आम्दानीबाट चल्ने समाज भएको स्पष्ट पार्नुभयो । उहाँले गुठी जग्गामा मोहियानी हक पाउनुपर्ने बन्दोबस्त हुनुपर्ने र मोही किसानले नै पाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

जग्गाबाट उठेका कर जनताकै लागि खर्च हुनुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष बिजुक्छेंले गुठी जग्गा र घरहरू स्थानीय तहलाई जिम्मेवारी दिनुपर्ने बताउनुभयो ।

आर्थिक समृद्धिको नाराले मात्र देश विकास नहुने बताउनुहुँदै साँचो अर्थमा देशलाई समृद्धिको यात्रामा दोऱ्याउन आर्थिक गतिविधिहरूमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति ख्वप कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले आर्थिक व्यवस्था राजनैतिक व्यवस्थाद्वारा निर्देशित हुने बताउनुहुँदै देशको राजनैतिक, आर्थिक र भौतिक शक्ति समाज केन्द्रित गर्दै लानु नै समाजवादतिर जाने बाटो हो भन्नुभयो ।

नेपाल सरकारले आर्थिक ऐन संशोधन गरी कालो सूचिमा परेकालाई बोलपत्रमा भाग लिन नपाउने, काम सकिएको ५ वर्षसम्म ठेकेदारले नै मर्मत गर्नुपर्ने, मुद्दा खेपिरहेका ठेकेदारले टेन्डरमा भाग लिन नपाउनेलगायतका व्यवस्थालाई १ महिना नबित्दै खारेज गरी ठेकेदारहरूसामु सरकार झुकेको प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले सिंगो समाजलाई बुद्धिजीवीकरण गर्न विभिन्न कलेजहरू स्थापना गरेको बताउनुहुँदै भक्तपुरको कला-संस्कृति संरक्षण र सम्पदा पुनःनिर्माणमा तीव्र रूपमा अगाडि बढिरहेको जानकारी गराउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ नारायणप्रसाद भट्टले भक्तपुर नपाले गुणस्तरीय र संस्कारयुक्त दक्ष जनशक्ति उत्पादन गरिरहेको बताउनुहुँदै आचरणयुक्त र कर्मशील दक्ष जनशक्तिले मुलुकलाई विकासको बाटोमा दोऱ्याउने बताउनुभयो ।

महानगरीय प्रहरी उपरीक्षक सबिन प्रधानले शान्ति र सुरक्षा विकासको आधारभूत आवश्यकताभित्र पर्ने बताउनुहुँदै सूचना प्रविधि र उचित पूँजीको विकासले देशको आर्थिक विकासमा मद्दत पुग्ने बताउनुभयो । राष्ट्रिय सम्मेलनले विशिष्ट कार्यपत्रहरू प्रस्तुत हुने विश्वास प्रकट गर्नुहुँदै नेपाललाई समृद्धितर्फ दोऱ्याउन अनुसन्धानमूलक शिक्षामा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप माविका उपप्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप कलेजका उपप्राचार्य राजेशकुमार श्रेष्ठले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा ३६ वटा कार्यपत्र प्रस्तुत हुने आयोजक समितिले जानकारी गरायो ।

# eQmk'/ dxf] ;jsf] cfof]hgf ul/g]

भक्तपुर नगरपालिकाको आयोजनामा असार १६ गते भक्तपुर नगरभित्रका होटल तथा रेष्टुरेन्ट व्यवसायीहरूको भेला र छलफल कार्यक्रम सम्पन्न गऱ्यो ।



कार्यक्रममा बोल्दुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा आन्तरिक तथा बाह्य पर्यटकहरूको उत्कृष्ट गन्तव्यस्थल बनाउने लक्ष्यसहित भक्तपुर महोत्सवको आयोजना गर्ने योजना रहेको बताउनुभयो । उहाँले भक्तपुर घुम्न आउने पर्यटकहरूको सुविधाको लागि पर्यटकीय क्षेत्रहरूमा स्तरीय शौचालय, हरियाली प्रबर्द्धनलगायतका कार्यहरू गर्दै लाने बताउनुभयो ।

प्रमुख प्रजापतिले पर्यटकहरूको बसाई लम्ब्याउनका लागि साँझको समयमा ठाउँ–ठाउँमा सांस्कृतिक गतिविधिहरू सञ्चालनको व्यवस्था मिलाउने र सांस्कृतिक प्रदर्शनी केन्द्र स्थापना गरी सम्पदा क्षेत्र र पर्यटकीय स्थलहरूमा सन्ध्याकालीन बत्तीको बन्दोबस्त गरी थप आकर्षण बढाउने बताउनुभयो ।



भक्तपुरको जीवनशैली, रहनसहन र संस्कृति झल्किने सांस्कृतिक संग्रहालयको व्यवस्था गरिने बताउनुहुँदै उहाँले गुणस्तरीय पर्यटकीय होटल सञ्चालन गरी स्तरी पर्यटक भित्र्याउनु आजको आवश्यकता भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले पर्यटन व्यवसायमा सांस्कृतिक संरक्षणको महत्त्वबारे प्रस्ट पार्नुहुँदै भक्तपुर नगरपालिकाले स्थानीय युवाहरूलाई चिनियाँ, जापानी, अंग्रेजी, फ्रान्सेली, स्पेनिस भाषालगायत विदेशी भाषाहरूको तालिम सञ्चालन गरिरहेको छ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले यस आर्थिक वर्षमा आफ्नो नीति तथा कार्यक्रममा भक्तपुर महोत्सव गर्ने तयारी रहेको जानकारी गराउनुहुँदै महोत्सवलाई प्रभावकारी रूपमा सञ्चालन गर्न होटल–व्यवसायीहरूसँगको छलफललाई निरन्तरता दिइने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेले र पर्यटन सेवा केन्द्र प्रमुख गौतमप्रसाद लासिवाले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नगरभित्रका होटल र रेष्टुरेन्ट भेलामा उपस्थित व्यवसायीमध्ये प्रकाशमोहन धौभडेल, डा. माधवसुन्दर मल्ल, कृष्णसुन्दर खाइतु, सत्यराम सुवाल, कैलाश धौबञ्जारर साजन लघुले भक्तपुरमा हरियाली व्यवस्थापन गर्न, मयुर नाच र परम्परगात नाचहरूलाई जीवन्त बनाइराख्न, युवाहरूलाई सीपमूलक तालिम सञ्चालन गर्न, भक्तपुरको गाइजात्रा र अष्टमातृका रुटको प्रवर्द्धन गर्नुपर्ने, आन्तरिक पर्यटक भित्र्याउन जोड दिन र फोहर संकलनलाई व्यवस्थित बनाउनुपर्नेलगायतका रचनात्मक राय–सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

# विपद्को समयमा व्यक्तिगत रिस र मनमुटावले काम गर्न नहुने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा असार १३ गतेबाट सञ्चालित चारदिने विपद् व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्नुभयो।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले तालिम लिएकाहरूले विपद्को समयमा दमकल र एम्बुलेन्सले जस्तै सेवा प्रवाह गर्नुपर्ने बताउनुहुँदै नयाँ पुस्ताका युवा-विद्यार्थीलाई उद्धारका विभिन्न तौर-तरिकाबारे प्रशिक्षित गर्नुपर्ने बताउनुभयो। उहाँले पाठ्यक्रममै उद्धारका काम र कारबाहीबारे सचेत बनाउन सके सम्भावित दुर्घटना र जोखिमबाट सजग हुन मद्दत पुग्ने बताउनुभयो।

विपद्को समयमा व्यक्तिगत रिस र मनमुटावले काम गर्न नहुने बताउनुहुँदै उहाँले शारीरिक रूपमा अशक्त, ज्येष्ठ नागरिक, बाल-बालिका र महिलाहरूलाई विशेष प्राथमिकता दिई विपद्को समयमा उद्धार गर्नुपर्ने बताउनुभयो। भक्तपुर नगरपालिकाले नेपाली सेनासँग समन्वय र सहकार्य गरी कार्य अगाडि बढाइरहेको उहाँले बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरको सुरक्षा व्यवस्थापनको आवश्यकता र महत्त्वबारे प्रस्ट पार्नुहुँदै मापदण्ड र आचारसंहिताको पालना नहुँदा जोखिम बढिरहेको बताउनुभयो। विपद् न्युनीकरणको लागि मापदण्ड र आचारसंहिता कडाइका साथ लागु गर्नु आवश्यक भएको औंल्याउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले नगरको आधारभूत आवश्यकता पहिचान गरी नगरपालिकाले वडास्तरीय विपद व्यवस्थापन तालिम सञ्चालन गरेको बताउनुभयो।

कार्यक्रममा विपद् व्यवस्थापन तालिमका प्रशिक्षक सेनानी भगीरथ महतले नेपाली सेनाले विपद् व्यवस्थापनमा खेलिरहेको भूमिकाबारे प्रष्ट पार्नुहुँदै मानव क्षति न्युनीकरण गरी पीडित समुदायलाई जोखिमबाट बच्न तालिमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। कार्यक्रममा भक्तपुर नगरपालिकाका श्यानिटेशन शाखा प्रमुख दिलिपकुमार सुवालले पनि बोल्नुभएको थियो।

त्यस्तै भक्तपुर नगरपालिकाको आयोजनामा विपद् व्यवस्थापन तालिम शिक्षालय, नेपाली सेनाको प्राविधिक सहयोगमा विपद् व्यवस्थापन सम्बन्धी चार दिने अभिमुखिकरण समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम एक समारोह बीच १ नं. वडा कार्यालयको सभाहलमा असार १७ गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नगरवासीहरूलाई हरेक कुराले



पोख्त बनाउन शिक्षाको माध्यमबाट विपद् व्यवस्थापन तालिम आयोजना गरेको बताउनु भयो। उहाँले तालिम प्राप्त प्रशिक्षार्थीहरू स्वयम् स्फुर्त देशको सेवा र समाजको उद्दार गर्न लागि पर्नु पर्ने बताउनु भयो। उहाँले विपद् कहिले कसरी हुन्छ अनुमान गर्न गाह्रो हुने बताउँदै भविष्यमा विपद् हुन सक्ने अनुमान सहित तयारी अवस्थामा बस्नु पर्ने बताउनु भयो।

उक्त कार्यक्रममा १ नं वडाका वडाध्यक्ष श्याम कृष्ण खत्री, कार्यक्रममा विपद् व्यवस्थापन तालिम शिक्षालय, नेपाली सेनाका सेनानी एवं प्रशिक्षक टोलीका संयोजक भगिरथ महत, प्रशिक्षार्थी पुरुष तर्फ वडा निरिक्षक रामकृष्ण प्रजापति, महिला तर्फ चन्द्रलक्ष्मी खत्री गोठे र नगरनिरीक्षक दिलिपकुमार सुवालले पनि बोल्नु भएको थियो।

रेडियो प्रस्तोता तालिम

# भक्तपुर नपाका गतिविधि पारदर्शी




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालन हुने १५ दिने रेडियो प्रस्तोता तालिमको जेठ २६ गते पानसमा दिप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले पारदर्शी ढंगले आफ्ना गतिविधि र कार्यक्रमहरू विभिन्न सञ्चारमाध्यमबाट प्रसारण गर्दै आएको बताउनुहुँदै नगरपालिकाले ख्वप एफ.एम र ख्वप टेलिभिजन सञ्चालन गर्ने तयारीमा रहेको बताउनुभयो ।

रेडियो प्रस्तोताहरूले अरुले तयार पारेको समाचार वाचन गर्ने मात्र नभई स्वअध्ययन, विभिन्न भाषामा दख्खल, शिष्टता र विषयवस्तुमा जानकार हुनुपर्ने उहाँले बताउनुभयो । समाजलाई व्यवस्थित ढंगले अगाडि बढाउन युवा पुस्तालाई हातमा सीप दिने उद्देश्यले नगरपालिकाले विभिन्न तालिमहरू प्रदान गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले तालिमले व्यक्तित्व विकास र परिस्कृत हुन मद्दत पुर्‍याउने विचार प्रस्तुत गर्नुभयो । उहाँले नयाँ पुस्तामा व्यापक दृष्टिकोणको आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले गरेका काम व्यापक जनतामाझ प्रचारप्रसार गर्ने हेतुले ख्वप एफ.एम. सञ्चालन गर्ने उद्देश्य भएको बताउनुहुँदै नयाँ पुस्ताका युवाहरूलाई भक्तपुर नपाको उद्देश्य र लक्ष्यबारे प्रस्ट हुनुपर्ने बताउनुभयो । उहाँले ख्वप एफ.एम. भक्तपुर नगरपालिकाको भावना जनतामाझ पुर्‍याउने प्रभावकारी माध्यम बन्नेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भाषा राम्रो बनाउन आफ्नो उद्देश्यसँग मिल्ने साहित्य अध्ययनमा जोड दिनुपर्ने बताउनुहुँदै प्रशिक्षार्थीहरूलाई नगरपालिकाको उद्देश्य बुझेर अगाडि बढ्न प्रेरित गर्नुभयो ।

ख्वप सः कार्यक्रमका संयोजक एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले विदेश जाने लोभले नयाँ पुस्तामा ढाँट्ने प्रवृत्ति विकास भइरहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले युवा लक्षित गतिविधि गरी शिक्षा सँगसँगै रोजगारी दिने उद्देश्यले विभिन्न तालिमहरूलाई निरन्तरता दिइरहेको बताउनुभयो ।

प्रशिक्षकको तर्फबाट तालिमका प्रशिक्षक मतिना त्वानाबासुले प्रशिक्षार्थीहरूलाई तालिमको महत्त्वबारे प्रकाश पार्नुभयो । कार्यक्रममा ख्वप सः कार्यक्रमका सञ्चालक सदस्य दिपेन्द्र प्रजापति र ओम धौभडेलले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित १५ दिने रेडियो प्रस्तोता तालिम अवधिमा प्रशिक्षार्थीबीच असार ३ गते समसामयिक विषयमा नगर प्रमुख सुनिल प्रजापतिले मार्गनिर्देशन गर्दै गुठी जग्गामा मोहियानी हक कायम हुनुपर्ने र मोहीलाई रैतानी गर्ने अधिकार दिनुपर्ने बताउनुभयो ।

प्रस्ताविक गुठी विधेयकमा गुठीको भागको जग्गा समेत किसानले रैतानी परिणत गर्न चाहे मालपोतले तोकेको मूल्यको २५ प्रतिशत तिरेर रैतानी गरेर लिन सकिने बताउनुहुँदै प्रमुख प्रजापतिले जग्गा बाँडफाँट नहुँदै किसानले रैतानी गरेर लिन चाहेमा २५ प्रतिशत गुठीको भागको रकम तिरी रैतानी गरेर लिन पाउने बन्दोबस्त सकारात्मक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका नेपाल मजदुर किसान पार्टीको नीति र निर्देशनमा चल्ने र कामदार वर्गलाई शासक वर्गमा उठाउने पार्टीको उद्देश्य रहेको स्पष्ट पार्नुभयो । उहाँले स्थानीय तहलाई 'राजा बन्न खोजेको' प्रदेश ३ का मुख्यमन्त्रीको आरोप गलत र आपतिजनक भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले राजनीति व्यापार होइन सेवा हो भन्ने भावनालाई अंगिकार गरिरहेको बताउनुहुँदै उहाँले राजनीतिलाई सेवा ठान्नेहरूले मात्रै देशलाई अगाडि बढाउन सक्ने बताउनुभयो ।

सञ्चारमाध्यम बन्दुक र बमभन्दा पनि शक्तिशाली हुने बताउनुहुँदै उहाँले रेडियो प्रस्तोताहरू आफ्नो उद्देश्यमा प्रस्ट हुनुपर्ने र नैतिकताले नदिएको काम गर्न नहुने तथा अपराधमुक्त समाज निर्माणमा योगदान पुर्‍याउनुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले मठाधिसहरू सामन्तवादका जराहरू हुन्छ राजतन्त्र समाप्त भए पनि गाउँ गाउँमा सामन्तहरू जीवित

नै भएको हुँदा सामन्तवाद समाप्त पार्न जरैदेखि उखेल्नुपर्छ भन्नुभयो। प्रमुख प्रजापतिले गुठीअन्तर्गतका मठ–मन्दिरहरू स्थानीय तहको आम्दानीको स्रोत हुनुपर्ने र सबै जिम्मेवारी स्थानीय तहलाई दिनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा ख्वप सः कार्यक्रमका संयोजक तथा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व र रेडियो प्रस्तोता तालिमका प्रशिक्षक प्रकाश सायमी र प्रशिक्षकहरूले पनि आ–आफ्नो विचार प्रस्तुत गर्नुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित फोटोग्राफी




तालिमको उद्घाटन तथा रेडियो प्रस्तोता तालिम समापन कार्यक्रम जेठ २६ गते भयो। फोटोग्राफी तालिमको उद्घाटन प्रमुख सुनिल प्रजापतिले पानसमा दिप प्रज्ज्वलन गरी गर्नुभयो। उक्त कार्यक्रममा रेडियो प्रस्तोता तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले समाजलाई अनुशासित र व्यवस्थित ढंगले अगाडि बढाउन युवा पुस्तालाई सीप दिने उद्देश्यले नगरपालिकाले विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको बताउनुहुँदै तालिमले रोजगारीको अवसर सृजना गर्नुका साथसाथै व्यक्तित्व विकासमा मद्दत पुऱ्याउने विचार व्यक्त गर्नुभयो। उहाँले नयाँ पुस्तामा व्यापक दृष्टिकोणको आवश्यकता औंल्याउनुहुँदै प्रमाणपत्रले मात्र नपुग्ने हुँदा सीप विकास गरी समाजमा आ–आफ्नो तहबाट योगदान गर्नुपर्ने बताउनुभयो। उहाँले नगरपालिकाले वर्षैभरी निरन्तर विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको बताउनुहुँदै नगरपालिकाका गतिविधि र कार्यक्रमहरू विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक गर्दै आएको जानकारी गराउनुभयो। हाल नगरपालिकाले ख्वप एफ.एम र ख्वप टेलिभिजन सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभयो।

'फोटो समाजको ऐना हो र फोटोले इतिहास बोकेको हुन्छ' भन्नुहुँदै प्रमुख प्रजापतिले फोटोग्राफी तालिमका सहभागीहरूले आ–आफ्नो क्षेत्रबाट समाजका विकृति विसंगतिलाई हटाउन प्रयत्नशील रहनुपर्ने र आजको विभेदपूर्ण समाजलाई परिवर्तन गर्न भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो। विभिन्न समयमा भएको समाज परिवर्तनमा युवाहरूको महत्त्वपूर्ण भूमिका रहेको स्मरण गर्नुहुँदै उहाँले संस्कृतिक सम्पदा संरक्षणमा युवा पुस्ताको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो। भक्तपुर नगरपालिकाले आ.व. २०७६/७७ को बजेटमा पनि शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखेको जानकारी गराउनुहुँदै ख्वप विश्वविद्यालय सञ्चालन गर्न अनुमति नदिनुमा सरकारमा गएका ठूला राजनीतिक दलहरूको पक्षापातपूर्ण र पूर्वाग्रही सोच रहेको बताउनुभयो। भक्तपुर नगरपालिकाले घोषणापत्रमा उल्लेख भएका कार्यहरू एक–एक गर्दै पूरा गर्दै आएको बताउनुहुँदै ख्वप विश्ववविद्यालय विधेयक पारित भएमा मेडिकल कलेज सञ्चालन गर्न पनि नपा सक्षम रहेको जानकारी गराउनुभयो।

कार्यक्रममा बोल्नुहुँदै ९ नं. का वडाध्यक्ष रविन्द्र ज्याख्वले विश्व सम्पदा सूचिमा रहेको काठमाडौं उपत्यकालाई युनेस्कोले खतराको सूचिमा राखेकोमा चिन्ता व्यक्त गर्नुहुँदै भक्तपुर नगरपालिकामा प्राकृतिक स्रोतको अभाव रहेको र सांस्कृतिक सम्पदाले नगरको पहिचान बोकेको हुँदा यसलाई जोगाई राख्ने जिम्मा युवा पुस्ताको काँधमा आएको बताउनुभयो। नगरबासीको जीवनस्तर उकास्न प्रयासरत रहेको बताउनुहुँदै युवा पुस्तालाई सभ्य र सु–सस्कृति बनाउने तथा शिक्षालाई उत्पादन श्रमसँग जोड्दै लाने लक्ष्य नगरपालिकाले लिएको बताउनुभयो। उहाँले नयाँ पुस्तालाई संस्कृति हस्तान्तरण गर्दै जानुपर्नेमा पनि जोड दिनुभयो।

कार्यक्रममा रेडियो प्रस्तोता तालिमका मुख्य प्रशिक्षक प्रकाश सायमीले तालिम सकिँदैमा सीप हासिल नहुने हुँदा यसलाई निरन्तरता दिनुपर्ने बताउनुभयो भने फोटोग्राफी तालिमका प्रशिक्षक शरद राईले फोटोग्राफी तालिमका साथसाथै फोटोग्राफी सम्बन्धी साहित्यलाई पनि जोड दिनुपर्ने बताउनुभयो। कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र रेडियो प्रस्तोता तालिमका सहभागी शम्भु राजभण्डारीले पनि बोल्नुभएको थियो।

# बौद्ध धर्मलाई भौतिकवादी दर्शनको रूपमा व्याख्या गर्नुपर्छ : प्रमुख प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १ स्थित कुथुबही परिसरमा रहेको चैत्यमा दीप प्रज्वलन गरी असार ८ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले नेपाली वास्तुकलाको इतिहासमा चैत्यको महत्त्वपूर्ण देन भएको बताउनुहुँदै अन्धविश्वासको विरुद्धमा उभिएको बौद्ध धर्मलाई भौतिकवादी दर्शनको रूपमा व्याख्या गर्नुपर्ने बताउनुभयो ।

चैत्य र विहार लोप हुनु भनेको त्यसको इतिहास समाप्त हुनु हो भन्नुहुँदै प्रमुख प्रजापतिले छिमेकी देश भारतले गौतम बुद्धको जन्म भारतमा भएको प्रचार गरी संसारमा भ्रम फैलाइरहेको बताउनुभयो । नेपालमा भारतको सांस्कृतिक अतिक्रमणका कारण बुद्ध नेपालमा जन्मेको प्रचार गर्नुपरेको जिकिर गर्नुहुँदै प्रमुख प्रजापतिले समतामूलक समाज निर्माण गर्न वरिपरिको वातावरण शुद्ध हुनु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षालाई उच्च प्राथमिकतामा राखी सात वटा शैक्षिक संस्थाहरू खोलेर देशभरका जनताको सेवा गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले ख्वप विश्वविद्यालय स्थापना गरी समाजलाई बुद्धिजीवीकरण गर्ने र भक्तपुरलाई उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न अग्रसर भइरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले वडामा भइरहेको विकास निर्माणको चर्चा गर्नुहुँदै भक्तपुरका अमूल्य सम्पदाको महत्त्वबारे नयाँ पुस्तालाई पनि सिकाउँदै लानुपर्नेमा जोड दिनुभयो । भक्तपुर नगरपालिकाले नगरबासीहरूको स्वस्थलाई ध्यानमा राखी नगरका सबै वडामा



शारीरिक व्यायाम सामग्री जडान गरिसकेको जानकारी गराउनुभयो ।

कार्यक्रममा कुथुबही विकास समितिका अध्यक्ष सिद्धिरत्न शाक्यले भक्तपुर नगरपालिकाले लागु गरेको स्थानीय पाठ्यक्रमको महत्त्वबारे प्रस्ट पार्नुभयो । अहिलेको शिक्षा प्रणालीले राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञानमात्र दिइरहेको बताउनुहुँदै उहाँले स्थानीय संस्कृति, सम्पदा, भाषा, लिपी र प्राचिन उपचार विधिलगायतबारे नयाँ पुस्ताका विद्यार्थीलाई शिक्षित बनाउन स्थानीय पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा बौद्ध सम्पदा संघका अध्यक्ष त्रिरत्न शाक्य, चैत्य सम्पदा संरक्षण समितिका उपाध्यक्ष रत्नबाबु बज्राचार्य, मैत्रेय युवा संघका पूर्व अध्यक्ष तीर्थराज बज्राचार्य, बौद्ध सम्पदा संघका निवर्तमान अध्यक्ष पद्मसुन्दर शाक्य, सप्तचन्द्र बज्राचार्य, भन्ते धम्मशोभन महास्थवीर र धर्मचन्द्र शाक्यले पनि बोल्नुभएको थियो ।

# गुठी जग्गा र मठहरूको जिम्मा स्थानीय तहलाई दिनुपर्ने

'गुठी जग्गाको संरक्षण नेपाल सरकारले गर्न सकिरहेको छैन र गरिरहेको पनि छैन । सरकारमा गएका दलका नेताहरूकै मिलेमतोमा मठाधीश र कर्मचारीहरूले बदमासी गरेको हुँदा गुठी जग्गा र मठहरूको जिम्मा स्थानीय तहलाई दिनुपर्छ ।'

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले नेपाल मजदुर किसान पार्टी जिल्ला समिति भक्तपुरद्वारा असार ६ गते आयोजित समसामयिक राजनीतिबारे कार्यकर्ता भेलामा व्यक्त गर्नुभएको हो ।

भेलामा अध्यक्ष रोहितले २०२१ सालको भूमिसुधारले बहुमत किसानको जीवनस्तर वृद्धि गरेको र त्यसले साधारण व्यापारीलाई समेत फाइदा भएको उल्लेख गर्दै मोही किसानको जीवन स्तर वृद्धि गर्न उनीहरूलाई भूमिमाथिको अधिकारदेखि वञ्चित गर्न नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'गुठी संस्थानले जस्तै प्राधिकरणले पनि सबै काम गर्न नसक्ने अवस्था सृजना हुन नदिन जनताबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिलाई गुठी जग्गा संरक्षण, व्यवस्थापन र स्थानीय जात्रा पर्व सञ्चालनको जिम्मेवारी दिनुपर्छ । जोताहा किसानको हित हुने, मोहियानी हक र आफूले जोतेको जग्गा रैतानी गर्न पाउने गरी ल्याइएको विधेयक केही मठाधीशको कुरा सुनेर फिर्ता लिनु गलत छ ।'

# शिक्षित र स्वस्थ नागरिकले समाजको बढी सेवा गर्न सक्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असार ५ गते भक्तपुर नपा वडा नं. ८ लिवाली कभर्ड हलको शिलान्यास गर्नुभयो ।

शिलान्यास कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले युवा पुस्तालाई खेलकुद क्षेत्रमा अभिप्रेरित गर्न सके समाजमा विकृति–विसंगति हट्ने विचार राख्नुहुँदै भक्तपुर नगरपालिकाले शारीरिक ब्यायामका सामग्रीहरू सबै वडा जडान गरिसकेको र विद्यालय तथा कलेज क्षेत्रमा राख्दै जाने




बताउनुभयो । शिक्षित र स्वस्थ व्यक्तिले समाजलाई बढी योगदान गर्न सक्ने बताउनुहुँदै उहाँले नगरपालिकाका काम व्यवस्थित सञ्चालनमा स्थानीय जनताको साथ र सहयोग भइरहेको जानकारी गराउनुभयो ।

खेलकुद क्षेत्रमा भौतिक पूर्वाधार अभावका कारण राष्ट्रिय–अन्तर्राष्ट्रिय खेलाडी तयार गर्न समस्या भइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले तालिम प्राप्त खेलाडीहरूले भक्तपुरलाई राष्ट्रिय–अन्तर्राष्ट्रिय स्तरमा चिनाउन मद्दत पुग्नेछ– उहाँले भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले नगरपालिकाले घर–घरमा नर्सिङ सेवा, सरसफाई र खेलकुदका क्षेत्रमा गरेको कामबाट समाजमा रोग न्युनीकरण हुने बताउनुहुँदै भक्तपुरमा विभिन्न खेलको पूर्वाधार निर्माणले युवा पुस्ता फूर्तिलो र स्वस्थ हुने बताउनुभयो ।

भनपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले स्थानीय जनताको साथ–सहयोगमा विकासका कार्यहरू भइरहेको बताउनुहुँदै नगरपालिकाको गतिविधिबारे स्थानीय जनता जानकार हुनुपर्ने बताउनुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका अध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले खेल क्षेत्रमा प्रगति एवं विस्तार गरिरहेको बताउनुभयो ।

लिवाली कभर्ड हल निर्माण उपभोक्ता समितिका अध्यक्ष रामसुन्दर बासीको सभापतित्वमा भएको उक्त कार्यक्रममा सुनिल बोहजूले पनि बोल्नुभएको थियो । कार्यक्रममा वडा नं. ९ वडाध्यक्ष रविन्द्र ज्याख्व, वडा नं. ४ वडाध्यक्ष कुमार चवाल, वडा नं. ८ का कृष्णप्रसाद कोजू र स्थानीय जनताको उपस्थिति थियो ।

---

भक्तपुर सल्लाघारीस्थित नेपाल ट्रष्टको नाउँमा रहेको जग्गा भक्तपुरका किसानहरूकै भएकोले सरकारले नगरपालिकालाई उपलब्ध गराई जनताको हितमा उपयोग गर्नु जरूरी रहेको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले गणतन्त्रवादी भन्नेहरूले मठाधीशका कुरा सुनेर गुठी विधेयक फिर्ता गर्नु सामन्तवादको सेवा हो भन्नुभयो ।

उहाँले भन्नुभयो, 'खोना र बोङाका किसानहरूको समस्याबारे एक शब्द नबोल्ने, उल्टो किसानको हितमा आएको विधेयकको विरूद्ध लाग्नेहरू सम्पदाप्रेमी हुनैसक्दैनन् ।'

'व्यापारीहरूको कुरा सुनेर ख्वप विश्वविद्यालयको विधेयक नल्याएजस्तै जोताहालाई मोहियानी हक र रैतानीका अधिकार दिनुपर्ला भनी मठाधीशहरूको कुरा सुनेर गुठी विधेयक फिर्ता लिनु नालायकीपन हो', केन्द्रीय सदस्य प्रजापतिले स्पष्ट पार्नुभयो ।

सङ्घीय राज्य भनेर कराउनेहरूको मानसिकता काठमाडौंकेन्द्रित भएको हुँदा देशको विकास हुन नसकेको चर्चा गर्दै उहाँले स्थानीय सरकारलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार संविधानले तोके पनि सबै अधिकार केन्द्रमा निहित गर्न खोज्नु गलत भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका अध्यक्ष न्ह्छेभक्त फोजुको सभापतित्वमा भएको सो भेलामा जिल्ला सदस्यहरू पाण्डव सुवाल, मिनबहादुर वाटा, प्राध्यापक समाज नेपालका सुजन माक, सुनिल दुवाल, कानुन अध्ययन समाजका सदस्य अनिता जधारीले पनि बोल्नुभएको थियो ।

# नगर प्रमुख प्रजापतिलाई इसीडीका शिक्षकद्वारा ज्ञापन पत्र बुझाइयो

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई असार २ गते नेपाल क्रान्तिकारी शिक्षक संघ भक्तपुर नगर समितिका अध्यक्ष लक्ष्मीनारायण दुवाल, नेक्राशिसंघ भक्तपुर जिल्ला समितिका सचिव गणेशराम थुसा र इसीडी शिक्षक एकाइका संयोजक सीतालक्ष्मी छुस्याकीको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले ज्ञापनपत्र बुझाउनुभयो ।

ज्ञापन पत्र बुझ्दै नगर प्रमुख सुनिल प्रजापतिले इसीडी शिक्षकहरूको समस्या सम्बोधन गर्न नगरपालिका सकारात्मक रहेको जानकारी गराउनुहुँदै तल्लो तहमा अध्यापन गराउनु सम्मान योग्य कामको रूपमा चर्चा गर्नुभयो ।

प्रमुख प्रजापतिले नगरभित्रका सामुदायिक आधारभूत विद्यालयहरूको शैक्षिकस्तर उठाउन शिक्षक-शिक्षिकाहरूलाई नयाँ सिकाइ प्रविधिको तालिम सञ्चालन गरी विद्यालयहरूको नियमित अनुगमन गर्ने बताउनुभयो । भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापना गरी सिंगो समाजलाई बुद्धिजीवीकरण गर्न योगदान गर्ने उद्देश्य बोकेको उहाँले स्पष्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक संघ, भक्तपुर जिल्ला समितिका सचिव गणेशराम थुसाले ज्ञापनपत्र वाचन गर्नुभइ नगर प्रमुख प्रजापतिलाई ज्ञापनपत्र बुझाउनुभयो ।



ज्ञापनपत्रमा पूर्व प्रावि तहमा काम गर्ने शिक्षक ( सहयोगी कार्यकर्ता) हरूको तलब प्रावि सरह गर्नुपर्ने, प्रावि तहमा काम गर्ने शिक्षकहरूको शैक्षिक योग्यता एसइइ पूरा भएको हुनुपर्ने, इसीडीमा शिक्षकहरूलाई प्रत्येक वर्ष पुन:ताजगी तालिम दिइनुपर्ने, विद्यार्थी सङ्ख्याअनुसार प्रत्येक १५ जना विद्यार्थी बराबर १ जना शिक्षकको व्यवस्था हुनुपर्ने, पूर्व प्रावि तहको लागि कार्यालय सहयोगीसरहको तलब भत्ता, पोशाक भत्ता, महँगी भत्ताका साथै पेशागत सुनिश्चितताको व्यवस्था गरिनुपर्ने, स्थानीय सरकार र प्रदेश सरकारसमेतले शिक्षामा बजेट व्यवस्था गरिनुपर्नेलगायतका १२ बुँदाका मागहरू समावेश छन् ।

# भक्तपुर नपा वडा नं.९ लामगाल चउरमा वृक्षारोपण

भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा भक्तपुर नपा वडा नं. ९ सरस्वती विद्यागृह मावि अगाडिको लामगाल चउरमा असार १३ गते विरुवा रोप्ने कार्यक्रम सम्पन्न भयो । चउरको उत्तर, दक्षिण र पूर्वी छेउमा कपुर, कांगियो फूल, असारे फूल, सिरिशको फूल, लालुपाते, फलफूलको बोटलगायत ७० बोट वृक्षारोपण गरियो ।

वृक्षारोपण कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नगरभित्र भइरहेका विकास निर्माणका कार्यबारे जानकारी गराउनुहुँदै नगरपालिकाको काममा नगरबासीहरूको साथ र सहयोगको आवश्यकता भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा, कार्यपालिका सदस्य छोरीमैयाँ सुजखु (प्रजापति), सरस्वती विद्यागृह माविका प्रधानाध्यापक राजाराम श्रेष्ठले पनि बोल्नुभएको थियो ।



वृक्षारोपण कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ र १० का जनप्रतिनिधि, कर्मचारी, सरस्वती विद्यागृह माविका शिक्षक-विद्यार्थी, स्थानीय उपभोक्ता समितिका पदाधिकारीहरू तथा स्थानीय जनताको सहभागिता रहेको थियो ।

# ; kmfO dhb'/x¿ sf] e]nf

भक्तपुर नगरपालिकाका सफाइ मजदुरहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमको शुभारम्भ कार्यक्रम सफाइ मजदुरहरूको भेला कार्यक्रम गरी भक्तपुर नगरपालिकाको सभाकक्षमा एक समारोह बीच असार १ गते सम्पन्न भयो ।

कार्यक्रममा निर्माण समितिका संयोजक एवं वडा नं. ७ का वडाध्यक्ष उकेश कवाँले नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित हामी जनप्रतिनिधिहरूलाई पार्टीको निर्देशनमा नै नगरपालिकाका सफाइ मजदुरहरूको निःशुल्क स्वास्थ्य परीक्षणको निर्देशन भए अनुसार यो कार्यक्रमलाई अगाडि बढाएको बताउनु भयो । उहाँले सफाइ मजदुरहरूको स्वास्थ्य सुरक्षितको लागि पञ्जा, माक्स, बुट र ड्रेस दिएको



प्रयोग गर्नु पर्ने बताउनु भयो । उहाँले सफाइ कार्य एक दम महत्त्व र ठूलो भएकोले सफाइ मजदुरहरूको सम्मान स्वरूप निःशुल्क स्वास्थ्य परीक्षणलाई जोड दिएको बताउनु भयो ।

उहाँले स्वस्थ्य रहन सफाइ कार्य सकेपछि नियमित समानुपाटिक शारीरिक विकासको लागि व्यायाम गर्नु पर्ने बताउनु भयो । उहाँले हामी को हो ? चिनाउन सफाइ कार्य इमान्दारी पूर्वक गर्नु पर्ने, मध्यपान धुम्रपान त्याग्ने, फोहरी भएर होइन सफा भएर कार्य गर्नु पर्ने, नङ काट्ने, नुहाउने, नरम भाषा, नम्र बोली र फुर्तिलो हुनु पर्ने बताउनु भयो ।

उहाँले सबै सफाइ मजदुरहरूलाई सामान्य घाउ चोटपटक लागि रहने भएकोले तालिम दिएर प्रथामिक उपचार पाकेट वितरण गर्नु पर्ने बताउनु भयो साथै भक्तपुर मासिक पत्रिका अध्ययन गर्नु पर्ने, नजाने साक्षरता कक्षा संचालन गर्नु पर्ने र नगरपालिका राम्रो भए नगरवासी राम्रो हुने बताउनु भयो ।

कार्यक्रममा वातावारण तथा पर्यटन समितिका संयोजक एवं वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वको सभापतित्वमा सम्पन्न कार्यक्रममा सभापतिको मन्तव्य राख्दै हरेक कर्मचारीमा नगरपालिका देख्ने भएकोले सफाइ मजदुरहरूले सबेरै नगरवासीको घरदैलोमा पुगेर कार्य गरेकोमा नगरपालिकाको उपस्थिति देख्ने भएकोले सफाइ मजदुरहरूको बानी व्यहोरा राम्रो हुने पर्ने र त्यसैमा नगरबासी सन्तुष्टि हुने बताउनु भयो । उहाँले नगरबासीको समस्या र गुनासो सुन्ने, विकास निर्माणमा समेत नगरपालिका देख्ने भएकोले नगरपालिकालाई जीवन्तता दिन सबै सकृय हुने पर्ने बताउनु भयो । उहाँले सबै मजदुरहरूको एकता शक्ति भएको बताउँदै युनिर्फम (ड्रेस) हतियार हो भन्नुभयो । उहाँले सफाइ मजदुरहरू नगरबासीहरूलाई सफाइ गर्न सिकाउने शिक्षक भएको बताउनु भयो । उहाँले सफाइ मजदुर भएकोमा परिवार र नगरबासीले गर्व गर्न सक्ने गरी ईमान्दार पूर्वक कार्य गर्नु पर्ने बताउनु भयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले सफाइ मजदुरहरूले नगर सफा गरेकोले प्रफुल्ल हुने अवसर पाएको बताउँदै जोखिम कार्य गरिरहेको सेवाको कदर स्वरूप स्वस्थ्य परीक्षण कार्यक्रम ल्याएको बताउनु भयो ।

कार्यक्रममा डा.रत्नसुन्दर लासिवाले दुई महिनाको एक पटक महिनाको एक गतेदेखि १५ सम्म बेलुका ४:०० बजेदेखि ६:०० बजेसम्म दैनिक पन्ध्र जनाको दरले परीक्षण गर्ने, सफाइमा कार्य गरे बापत लाग्ने संक्रमण रोग र दुर्घटना हुने जस्तै दिशा, पिसाब, फोक्सो, छातीको एक्सरे, एच आई भि र हेपाटाईटिसको जाँच मुख्य हुने बताउनु भयो ।

कार्यक्रममा नगर निरिक्षक दिलिपकुमार सुवाल, वडा निरिक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नु भएको थियो ।

# भक्तपुरको दरबार क्षेत्रमा हरियाली क्षेत्र प्रवर्द्धन कार्यक्रम

भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ कार्यक्रमअन्तर्गत असार १ गते भक्तपुरको दरबार क्षेत्र परिसरमा हरियाली प्रवर्द्धन गर्न गमलामा विभिन्न जातका फूल र हरियाली हुने बिरुवाहरू रोप्ने कार्यक्रम सम्पन्न भयो ।

विभिन्न जातजातिका फूल र बोटहरूले सम्पदास्थल श्रृंगार्ने उद्देश्यअनुसार नगरपालिकाले दरबार क्षेत्रमा गमला र फूलको व्यवस्था गरी आरम्भ गरेको र यसलाई क्रमशः विस्तार गर्दै जाने बताउनुहुँदै प्रमुख प्रजापतिले सम्पदा स्थलहरूमा रात्रीको समय बत्तीको व्यवस्था गरिरहेको






कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले नगरको दिगो विकासको अवधारणाअनुसार नगरका विभिन्न क्षेत्रमा ढुंगा छपाइ भइरहेको जानकारी गराउनुभयो । नगरपालिकाको स्रोत नगरबासीहरूमा नै वितरण गर्ने उद्देश्यले स्थानीय जनशक्ति परिचालन गरी कार्य गर्दै आएको जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर भौगोलिक रूपमा सानो तर ऐतिहासिक र पुरातात्विक सम्पदाले महत्त्व बोकेको जिल्ला भएको बताउनुभयो ।

बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरू क्रमशः पुनःनिर्माण गरिरहेको र ठूल्ठूला संरचना पुनःनिर्माण गर्न संघीय सरकारबाट अपेक्षित सहयोग प्राप्त नभएकोले कला–संग्रहालय भवन, पुरानो नगरपालिकाको भवन र पुरानो नक्सा शाखा भवन पुनःनिर्माण कार्य ढिलो भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाअध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

## नगरवासीहरूलाई बाल्टिन तथा कम्पोष्ट बिन वितरणसम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

भक्तपुर नगरपालिकाले वडा कार्यालयमार्फत कुहिने र नकुहिने फोहर सङ्कलनका लागि अलग–अलग बाल्टिन र कुहिने फोहरबाट घरमै मल उत्पादन गर्न सकिने कम्पोष्ट बिन वितरण गरिरहेको सबै नगरवासीहरूमा जानकारी गराइन्छ ।

- प्रत्येक घर परिवारले कुहिने फोहर राख्ने बाल्टिन रु. १५०।मा, नकुहिने फोहर राख्ने बाल्टिन रु. ५०।– मा र कम्पोष्ट बिन रु. १०००। मा वडा कार्यालयमार्फत् पाउन सक्नुहुनेछ । कम्पोष्ट बिन पाउन नागरिकताको फोटोकपीसहित निवेदन अनिवार्य छ ।
- नगरपालिका क्षेत्रमा डेरा बस्ने, पसल व्यवसाय गर्ने महानुभावहरूले पनि वडा कार्यालयमा सम्पर्क राखी वार्षिक सफाइ कर तिरेर उक्त सुविधा पाउन सक्नुहुनेछ ।
- जथाभावी फोहर फाल्नु कानुनतः अपराध हो ।

# kb]z # ;dGjo kl/ifb\sf] a}7s




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रदेश ३ समन्वय परिषद्को बैठकमा भाग लिंदै बैठकमा स्थानीय तहका अनुभवी जनप्रतिनिधिहरूको अनुभव प्रस्तुत गराउनु पर्ने बताउनु भयो। उहाँले जनप्रतिनिधिहरूले राय, सुझाव र समास्याहरू बैठकमा राख्ने अवसर पाएमा प्रदेश सरकारले स्थानीयतहरूको वास्तविकता बुझेर नीति तथा कार्यक्रममा समावेश गर्न सकिने जेठ ३० गते बताउनुभयो।

उहाँले बैठक प्रदेश तहको सर्बोच्च बैठक भएकोले बैठकको काम कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकारको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट जस्ता विषयहरूमा छलफल हुनुपर्ने बताउनुभयो।

संविधानले स्थानीय तहलाई नीति निर्माणका साथै विकास निर्माणको समेत जिम्मेवारी तोकिएकोले संघ र प्रदेशले नीति निर्माणमा जोड दिई विकास बजेट स्थानीयतहमा पठाउनुपर्ने बताउनुभयो। यसले संघको अधिकार स्थानीय तहसम्म पुगेमा प्रजातन्त्र बलियो हुन्छ भन्नुभयो।

उहाँले बैठकमा बोल्नुहुँदै गुठी जग्गामा मोहिहरूको मोहियानी हक कायम गर्नुपर्ने र गुठीको सबै काम, कर्तब्य र




अधिकार कानुनी बन्दोबस्त गरी स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने बताउनुभयो।

उहाँले विद्यालयमा नर्स पठाउने ब्यवस्था प्रभावकारी देखिएकोले यसको लागि आवश्यक बजेट स्थानीय तहमा नै पठाउनु पर्नेमा जोड दिनुभयो।

प्रदेश ३ का प्राकृतिक र सांस्कृति सम्पदाहरू विश्वस्तरको रहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले यसको संरक्षण र सम्बर्द्धनको लागि आवश्यक बजेट व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो। विकास निर्माण कार्यमा बजेट सिलिङ्ग तोकी स्थानीय, प्रदेश र संघको बीचमा बाँडफाँड भएमा अस्पष्टता नहुने बताउनुहुँदै उपभोक्ता समितिमार्फत हुने कार्य बलियो र दिगो हुने बताउनु भयो।

नीति निर्माता सांसदहरूलाई विकास निर्माणमा संलग्न गराउने भन्दा स्थानीय तहको आवश्यकताअनुसार बजेट विनियोजन हुनुपर्ने बताउनुभयो।

संघीय सरकारले शिक्षा, स्वास्थ्यलगायत विभिन्न क्षेत्रमा असंवैधानकि हस्तक्षेप गरिरहेको बताउनुहुँदै यसमा सबै स्थानीय तहहरूको आपत्ति रहेको बताउनु भयो।

उहाँले भक्तपुर नगरपालिकाले स्थानीय सरकारको अभ्यास गर्दै विभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधिहरू तयार गर्दै, सम्पदा संरक्षण, स्थानीय पाठ्यक्रम निर्माण, खवप अस्पताल निर्माण, घर-घरमा नर्सिङ्ग सेवा, शैक्षिक ऋण व्यवस्थालगायत विभिन्न कार्यहरू गरिरहेको प्रदेश समन्वय परिषद्लाई जानकारी गराउनुभयो।

प्रदेश समन्वय परिषद्को बैठकमा अर्थमन्त्री युवराज दुलालले प्रस्तुत गर्नु भएको साझा प्रतिबद्धतामा प्रमुख प्रजापतिले बलात्कारीलाई मृत्युदण्डको सजायँ हुनुपर्ने, भक्तपुर नपालाई साँस्कृतिक नगर घोषणा गर्नुपर्ने, काठमाडौँमा जनसङ्ख्या वृद्धि, खानेपानी हाहाकार, जनसङ्ख्या रोक्न उपत्यका बाहिर स-साना शहरको विकास गर्नुपर्ने, सम्पदा संरक्षण-मौलिकता जोगाइ राख्नु पर्ने र प्रविधि स्थानान्तरण गर्न विधेयक आवश्यक भएको बुँदाहरू थप्नु पर्ने बताउनुभयो।

# भक्तपुर नगरपालिकाले कुनै व्यक्ति विशेषलाई नभई सिंगो समाजको हितमा काम गर्ने

भक्तपुर नगरपालिकाको आयोजनामा नगर भित्रका सामुदायिक र संस्थागत गरी ९२ वटा विद्यालयहरूका कक्षा २ मा अध्यापनरत शिक्षक/शिक्षिकाहरूका लागि १ दिने स्थानीय पाठ्यक्रयम सम्बन्धी अभिमुखीकरण कार्यक्रम जेठ ३० गते सम्पन्न भयो।




कार्यक्रममा उपप्रमुख रजनी जोशीले संविधान प्रदत्त अधिकार स्थानीय तहमा आइसकेपछि भनपाले स्थानीय पाठ्यक्रम तयार गरेको जानकारी दिनुभयो। पाठ्यक्रममा रहेको कमजोरीलाई विस्तारै हटाउँदै जाने बताउनुहुँदै उहाँले नगरपालिकाको लक्ष्य शिक्षालाई श्रमसँग जोड्ने रहेको बताउनुभयो। सामुदायिक र संस्थागत विद्यालयको असमानतालाई न्यूनीकरण गर्दै जाने भनपाको लक्ष्य रहेको पनि उहाँले बताउनुभयो। पाठ्क्रयम निर्माण टोलीले गरेको मिहेनतको कदर गर्नुहुँदै उहाँले पाठ्यक्रमको लागि पाठ्यपुस्तक अनिवार्य नभएको र समाज नै एउटा खुल्ला पुस्तक भएको स्मरण गराउनुभयो।

भक्तपुर नगरपालिकाको मुख्य आयश्रोत पर्यटन भएकोले ख्वपको पहिचानलाई जीवित राख्न नयाँ पुस्तालाई पनि भक्तपुरको बारेमा ज्ञान प्रदान गर्नुपर्ने बताउनुभयो। ख्वपको पहिचान बोकेको यो पाठ्क्रमलाई आ-आफ्नो विद्यालयमा प्रभावकारी रूपमालागू गर्न सक्दो मिहेनत गर्नका लागि सम्पूर्ण अध्यापनरत शिक्षकहरूलाई आग्रह गर्नुभयो।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर नगरपालिकाले लागू गरेको पाठ्यक्रम सहज तरिकाले अध्यापन गर्न शिक्षकहरूलाई आग्रह गर्नुहुँदै आफ्नो ठाउँको बारेमा जबसम्म विस्तृत जानकारी हुँदैन तबसम्म स्थानीय तह, समाज र देश विकास गर्न कठिन हुन्छ भन्नुभयो। इतिहासलाई उजागर गर्ने काम पाठ्यक्रमले गर्ने हुनाले यसले सीप विकासलाई पनि टेवा दिने जानकारी दिनुहुँदै स्थानीय सीपलाई अभिवृद्धि गर्दै आफ्नो भाषालाई पनि विश्वव्यापीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

स्थानीय पाठ्यक्रम कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेंले जाती, भाषा, संस्कृति सबैको साझा सम्पत्ति भएकोले देशको सन्तुलित विकास गर्न आधुनिकताको साथै आफ्नो मौलिक संस्कृतिलाई सँगै अगाडि बढाउनु पर्नेमा विशेष जोड दिनुभयो। उहाँले भक्तपुर नगरपालिकाको मुख्य लक्ष्य पनि सम्पदा र कला संस्कृति जगेर्ना गर्नु नै रहेको कुरा बताउनुभयो।

नगर शिक्षा अधिकृत बैकुण्ठ झाले व्यवहारिक परिवर्तन नै शिक्षा भएको कुरा स्मरण गर्दै गत वर्ष कक्षा १ र ६ मा लागू भएको पाठ्यक्रमको प्रभावकारितालाई कायम राख्दै यो वर्षदेखि कक्षा २ र ७ मा पनि प्रभावकारी ढंगले शिक्षण गर्नुहुने विश्वास व्यक्त गर्नुभयो।



कार्यक्रममा ९ नं. वडाध्यक्ष रविन्द्र ज्याख्व र ५ नं. वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यलगायतको उपस्थिति रहेको कार्यक्रममा पाठ्यक्रम कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छें,

सदस्यहरू सिद्धिरत्न शाक्य, उद्धव सुजखु, राजेन्द्र श्रेष्ठ र रोशनराज तुईतुईले छुट्टाछुट्टै प्रस्तुतिकरण गर्नुभयो ।

शुक्रबार कक्षा ७ मा अध्यापनरत शिक्षक/शिक्षिकाहरूका लागि स्थानीय पाठ्यक्रयम सम्बन्धी अभिमुखीकरण कार्यक्रम हुने आयोजक समितिले जनाएको छ ।

त्यसै क्रमलाई निरन्तरता दिँदै दोस्रो दिन जेठ ३१ गते भक्तपुर नगरपालिकाको आयोजनामा नगरभित्रका सामुदायिक र संस्थागत गरी ९२ वटा विद्यालयहरूका कक्षा



७ मा अध्यापनरत शिक्षक र शिक्षिकाहरूका लागि स्थानीय पाठ्यक्रयमसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीय पाठ्यक्रमलाई नगरका सम्पूर्ण विद्यालयहरूले सफल रूपमा कार्यान्वयन गर्न आग्रह गर्नुभयो । उहाँले देशको सम्पूर्ण स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्ने, स्वायत्तता र विकेन्द्रीकरणको सिद्धान्तअनुरूप सरकार अगाडि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

मठाधीस र महन्तहरू सामन्तवादका जराहरू भएको औंल्याउनुहुँदै उहाँले गुठी जग्गामा मोहियानी हकको बन्दोबस्त हुनुपर्ने र सम्पूर्ण गुठीको जिम्मा स्थानीय तहहरूलाई दिइनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले कुनै व्यक्ति विशेषलाई नभई सिंगो समाजको हितमा काम गर्ने र नगरभित्रका सामुदायिक र निजी विद्यालयहरूको शैक्षिक स्तर उकास्न अनुगमन समितिमार्फत् विद्यालयका गतिविधिहरू अनुगमन गरिने जानकारी गराउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले भक्तपुर नपा स्थानीय पाठ्यक्रम सफलताका साथ लागु गर्ने स्थानीय तह भएको बताउनुहुँदै विद्यार्थीलाई स्थानीय परिवेशअनुसार यहाँको भाषा, कला, संस्कृति र चाँडपर्व आदिबारे जानकारी दिनु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले स्थानीय पाठ्यक्रम फराकिलो विषय भएको औंल्याउनुहुँदै विद्यार्थीलाई पाठ्यपुस्तक भन्दा पाठ्यक्रमको आधारमा अध्यापन गराउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले 'एक विद्यालय एक सम्पदा क्षेत्र सरसफाइ' कार्यक्रमअन्तर्गत नगरका विद्यालयहरूले सम्पदा क्षेत्र सरसफाइ गरेकामध्ये भक्तपुर नपाका उत्कृष्ट विद्यालयहरूलाई सरसफाइ कार्यको उच्च मूल्यांकन गर्दै नगद रु. ५००० सहित प्रमाणपत्र र कुहिने–नकुहिने फोहर राख्ने कम्पोष्ट बिन वितरण गर्नुभयो ।

उत्कृष्ट विद्यालयहरूमा भक्तपुर नपा वडा नं. १ को गणेश मावि, वडा नं. २ स्थित शारदा मावि, वडा नं. ३ को महेन्द्र विद्याआश्रम, वडा नं. ४ को साइनिङस् स्टुडेन्ट्स एकेडेमी, वडा नं. ५ को विद्या आर्जन इंगलिस सेकेन्डरी स्कूल, वडा नं. ६ प्रभात मावि, वडा नं. ७ का सुर्योदय मावि, वडा नं. ८ को भीम आदर्श आधारभूत विद्यालय, वडा नं. ९ स्थित सिद्धी शारदा आधारभूत विद्यालय र वडा नं. १० को



स्कलर्स होम एकेडेमी स्कूल रहेका छन् ।

कार्यक्रममा पाठ्यक्रम कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छें, सदस्यहरू सिद्धिरत्न शाक्य, उद्धव सुजखु, राजेन्द्र श्रेष्ठ र रोशनराज तुईतुईले कक्षा ७ को स्थानीय पाठ्यक्रमबारे अभिमुखीकरण गर्नुभएको थियो ।

# xf8f5]ejg / OGbfoOfL Bf]5]Fz nfGof;

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जेठ २९ गते एक कार्यक्रमबीच भक्तपुर नपा वडा नं. ४ मंगलाछेंको लाब्छेँस्थित हाडाछें भवन शिलान्यास गर्नुभयो।

कार्यक्रममा उपप्रमुख जोशीले भक्तपुर अथाह सम्पदाको भण्डार भएको र यहाँको कला र संस्कृति अवलोकनका साथै मौलिक प्रविधि र परम्परागत शैलीमा निर्मित भवन, पाटी पौवा हेर्न बर्सेनि हजारौँ पर्यटक भित्रिने हुनाले तिनको पुनःनिर्माण र जीर्णोद्धार नगरपालिकाले गर्दै आएको बताउनुभयो।




उहाँले सम्पदा निर्माणमा मौलिक तथा परम्परागत सामग्री प्रयोगमा जोड दिनुपर्ने र उक्त भवन निर्माण भइसकेपछि आदर निकेतन सञ्चालनका लागि उपयोग गरिने बताउनुभयो।

स्थानीय सामाजिक कार्यकर्ता उपेन्द्र सुवालले भनपा भवन वास्तुकलाको उत्तम नमुनाको भवन भएको धारणा राख्दै भनपा ४ मा रहेका विभिन्न मौलिक सांस्कृतिक सम्पदाहरूबारे जानकारी गराउँदै तिनको संरक्षण संवर्द्धन गर्न सकिए पर्यटन तथा आर्थिक स्रोतको ठूलो सम्भावना रहेको विचार व्यक्त गर्नुभयो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले कलात्मक बुट्टेदार झ्याल ढोकासहितको २० वर्ष पहिले भनपाले किनेको बताउँदै सम्पदा पुनःनिर्माणमा उपभोक्ता समितिमार्फत हुँदा कम लागतमै राम्रो काम हुने जानकारी गराउनुभयो।

भनपाको भवन भग्नावशेष व्यवस्थापन तथा पुनःनिर्माण उपभोक्ता समिति संयोजक पृथ्वीकुमार प्रजापतिको सभापतित्वमा भएको सो शिलान्यास कार्यक्रममा कृष्णगोविन्द दुवाल, नगर कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवाल, वडा सदस्य राजेन्द्र माकलगायतले भनपा भवनको महत्त्वबारे बोल्नुभयो।

त्यस्तै भक्तपुर नगरपालिका वडा नं. २ खौमास्थित इन्द्रायणी द्योछेँ पुनःनिर्माणको शिलान्यास कार्यक्रम जेठ २९ गते सम्पन्न भयो।

नेपाल मजदुर किसान पार्टीका वैकिल्पक केन्द्रीय सदस्य एवम् ३ नं. प्रदेशका प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले भक्तपुर नगर इमानदारिता र मितव्ययी नगरको साथै भ्रष्टाचारविरोधी संघर्षको इतिहास बोकेको नगर भएको बताउनुभयो।

भक्तपुर नगरमा जस्तै पुनःनिर्माण कार्य देशभरि हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सम्पदा देशको साझा सम्पत्ति भएकोले सबै मिलेर संरक्षण गर्नुपर्छ भन्नुभयो।

सत्तामा गएका पार्टीहरूको गलत मानसिकताका कारण श्रमिक–मजदुर जनताले दुःखपूर्वक जीवन बिताउनुपरेको उहाँले चर्चा गर्नुभयो।

पुर्खाले सिर्जेका कला, संस्कृति र सम्पदा संरक्षण गर्नेबारे नयाँ पुस्तालाई अग्रसर गराउने बन्दोबस्त गर्नु आवश्यक छ, प्रदेशसभा सदस्य गोसाईले भन्नुभयो।

साविक वडा नं. १५ का पूर्व वडाध्यक्ष रविन्द्र खर्बुजाले स्थानीय जनताको सल्लाहअनुसार भनपाले द्योछेँको पुनःनिर्माण कार्य अगाडि बढाएको बताउनुभयो।

इन्द्रायणी द्योछेँ पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायको सभापतित्वमा भएको उक्त कार्यक्रममा रामप्रसाद स्वंगमिखा, मञ्जुमैया लाखा र




कृष्णश्वरी हाडाले पनि बोल्नुभएको थियो।

पुनःनिर्माणको पहिलो चरणको लागि रू. ९२ लाख खर्च हुने अनुमान गरिएको छ। पुनःनिर्माणको लागि हालसम्म रू. ५ लाख आर्थिक सहयोग प्राप्त भएको उपभोक्ता समितिले जनाएको छ।

# चिनियाँ प्रतिनिधि मण्डल भक्तपुर नपामा

पइेचिङ युनिभर्सिटी हेल्थ साइन्स सेन्टरबाट भक्तपुर भ्रमणका लागि आएको प्रतिनिधि मण्डलले भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग जेठ २८ गते भेट गऱ्यो ।

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको गतिविधिहरूको बारेमा जानकारी दिनुहुँदै भक्तपुरलाई शिक्षा, संस्कृति र ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यका साथ शिशु स्याहारदेखि ७ वटा कलेजहरू सञ्चालन गरिरहेको र सरकारबाट अनुमति प्राप्त भएपछि विश्वविद्यालय सञ्चालन गर्ने योजना रहेको बताउनुभयो । यहाँका विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न छात्रवृत्ति प्रदान गरेकोमा सेन्टरलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै उहाँले यसले चिनियाँ कलेजहरूसँग यहाँका विद्यार्थीहरूको सुमधुर सम्बन्ध कायम गराउन मद्दत पुगेको कुरा बताउनुभयो ।

प्रमुख प्रजापतिले नगरवासीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न घर घरमा नर्सिङ्ग सेवा, ३ वटा जनस्वास्थ्य केन्द्र, १ वटा आँखा अस्पताल सञ्चालन गरिरहेको जानकारी गराउनुहुँदै १०० शय्याको ख्वप अस्पताल निर्माण भइरहेको अवगत गराउनुभयो । साथै उहाँले नेपालीहरू विदेशमा गएर क्यान्सर रोगको उपचार गरिरहेकोले नेपालमै क्यान्सर अस्पताल स्थापना गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले सम्पदा पुन:निर्माणमा विशेष जोड दिनुहुँदै सम्पदा पुन:निर्माण र जीर्णोद्धारको काम भइरहेकोमा कतिपय सम्पन्न भएको र केही निर्माणाधीन अवस्थामा रहेको बताउनुहुँदै उहाँले पर्यटन शुल्कबाट उठेको रकम अधिकांश सम्पदा संरक्षण, शिक्षा र स्वास्थ्यमा लगानी भइरहेको समेत जानकारी दिनुभयो ।

असल छिमेकीको रूपमा चिनियाँ सरकारले भारतीय नाकाबन्दीको समयमा गरेको सहयोगको लागि नेपाली जनता आभारी रहेको बताउनुहुँदै उहाँले “तातोपानी नाका खुल्ला गरी ब्यापार व्यवसाय शुरु हुने कुरामा नेपाली जनता खुसी छन्” भन्नुभयो । साथै चीनसँगको औपचारिक सम्बन्ध सुदृढ गर्दै जानेमा प्रतिबद्धता व्यक्त गर्नुभयो ।

चिनियाँ प्रतिनिधि मण्डलको तर्फबाट बोल्नुहुँदै प्रतिनिधि मण्डलका क्विडान सुनले भक्तपुर नपाले गरिरहेको शिक्षा, स्वास्थ्य र सम्पदाको कामबाट प्रभावित भएको बताउनुभयो । पेइचिङ विश्वविद्यालयको परिचय दिनुहुँदै उहाँले पेइचिङ विश्वविद्यालय सबैभन्दा पुरानो विश्वविद्यालय भएको र सन् १९९८ मा आधुनिक विश्वविद्यालयको रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चर्चित उत्कृष्ट विश्वविद्यालय भएको जानकारी दिनुभयो । वैज्ञानिक र दार्शनिकहरू पनि उत्पादन गरिरहेको जानकारी दिनुहुँदै उहाँले यो संस्था ५ वटा विभिन्न संकाय र एउटा केन्द्र रहेको स्वायत्त संस्थाको रूपमा सञ्चालित चिकित्सा क्षेत्रमा राष्ट्रिय स्तरको उत्कृष्ट विश्वविद्यालय भएको जानकारी दिनुभयो । ६ वटा अस्पतालहरू सञ्चालन गरिरहेको विश्वविद्यालयमा १ हजारभन्दा बढी प्राध्यापक, १ हजार ३ सय सहप्राध्यापक रहेको बताउनुहुँदै उहाँले विश्वविद्यालयलाई संसारमै उत्कृष्ट अध्ययन केन्द्रको रूपमा विकास गर्ने उद्देश्यले अगाडि बढिरहेको बताउनुभयो । साथै हाल यस विश्वविद्यालयले अनुवाद र प्रकाशनमा पनि विशेष ध्यान दिँदै आएको कुरा अवगत गराउनुभयो ।




भेटमा चिनियाँ प्रतिनिधि मण्डलका ८ जना, भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, ९ नं. वडाध्यक्ष रविन्द्र ज्याख्व, ७ नं. वडाध्यक्ष उकेश कवां, ५ नं. वडाध्यक्ष प्रेमगोपाल कर्माचार्य, प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

# राजनीतिशास्त्र अध्ययन गर्ने विद्यार्थीहरू देशको लागि आवश्यक

ख्वप कलेजमा अध्ययनरत बीबीएस र बीएस्सी चौथो वर्षका विद्यार्थीहरूको बिदाइ तथा मार्गनिर्देशन कार्यक्रम जेठ १८ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले विद्यार्थीहरू पाठ्यपुस्तकमा मात्र सीमित हुन नहुने चर्चा गर्नुहुँदै राष्ट्रिय–अन्तर्राष्ट्रिय राजनीतिलगायत समाज, इतिहास र भूगोलबारे पनि जानकारी राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

अध्ययनरत विद्यार्थीहरूले विभिन्न विश्वविद्यालयका विद्यार्थीहरूसँग नियमित अन्तरक्रिया गरी ज्ञानको दायरा फराकिलो बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

राजनीतिक शास्त्र विषय लिई उच्च शिक्षा अध्ययन गर्ने राजनीतिक नेताहरूको अभाव रहेको उल्लेख गर्नुहुँदै अध्यक्ष रोहितले नेताहरूमा राजनीतिक संस्कारको अभाव रहेको बताउनुभयो।

राजनीतिशास्त्र अध्ययन गर्ने विद्यार्थीहरू देशको लागि आवश्यक भएको चर्चा गर्नुहुँदै उहाँले राजनीतिशास्त्र, इतिहास र संस्कृति विषय पढ्ने विद्यार्थीहरूलाई भनपाले छात्रवृत्ति प्रदान गर्ने नीति लागू गर्नु सराहनीय कार्य भएको बताउनुभयो।

राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूले जनताको भावना बुझेर काम गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै उहाँले भन्नुभयो, 'सहर घोषणा गर्नुभन्दा पहिले सहरलाई चाहिने आवश्यक पूर्वाधार तयारी गर्नुपर्छ। सहरी मापदण्डको पूर्वाधारविना सहर घोषणा गर्नु घातकसिद्ध हुनेछ।'

अध्यक्ष रोहितले भन्नुभयो, 'कमी–कमजोरी हटाउन आलोचना र आत्मलोचना गर्ने बानी बसाल्नु आवश्यक छ।'

जनताको चेतनास्तर विकास नभएसम्म फोहरको समस्या समाधान नहुने उल्लेख गर्नुहुँदै उहाँले ढललाई उपचार पोखरीमार्फत खोलामा पठाउने व्यवस्था गर्नुपर्छ भन्नुभयो।

सरकारले विश्वविद्यालयसँग समन्वय गरेर नीति निर्माण तय गर्नुपर्छ, अध्यक्ष रोहितले भन्नुभयो।

चीन र संरा अमेरिकाबीच भइरहेको व्यापार युद्धले संरा अमेरिकालाई घाटा हुने स्पष्ट पार्नुहुँदै उहाँले भन्नुभयो, 'विश्व व्यापार सङ्गठनमा आबद्ध सदस्य राष्ट्रहरूले एक-अर्कामा कर लगाउन पाइँदैन।'

कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्यले भनपाले ७ वटा कलेजहरू सञ्चालन गरी देशकै सेवा गरिरहेको बताउनुभयो।

विद्यार्थीहरूको नतिजा राम्रो र नराम्रो हुनुमा




शिक्षकको पनि भूमिका हुने चर्चा गर्नुहुँदै शिक्षकहरूले नियमितरूपमा आत्ममूल्याङ्कन गर्ने बानी बसाल्नुपर्छ भन्नुभयो।

विद्यार्थीहरूले देश र जनताको हितमा सोच्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै प्रमुख प्रजापतिले कलेजले लिएको उद्देश्यलाई पूरा गर्न आ-आफ्नो क्षेत्रमा सहयोग गर्नुपर्छ भन्नुभयो।

भारतका संसद सदस्यमध्ये ५० प्रतिशतभन्दा बढी सांसदहरू कुनै न कुनै अपराधसँग जोडिएको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले यो रोग नेपालमा पनि सर्ने खतरा रहेको उल्लेख गर्नुभयो।

आर्थिकरूपमा पीछडिएका विद्यार्थीहरूलाई नगरपालिकाले सहुलियत दरमा रू. ५ लाखको ऋण सुविधा उपलब्ध गराइरहेको उहाँले जानकारी दिनुभयो।

सरकारमा गएका पार्टीहरूले संघीयताको मर्मविपरीत कार्य गरिरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले संघले स्थानीय निकायमा कर्मचारी खटाउनु गलत कदम भएको बताउनुभयो।

ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरू ख्वप कलेजको स्थापनाको उद्देश्यप्रति सचेत हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

ठूला राजनीतिक पार्टीहरूको मिलेमतोमा कामदार जनतालाई ठग्ने काम भइरहेको उहाँले बताउनुभयो।

प्राचार्य श्रेष्ठले भन्नुभयो, 'विश्वमा नवउदारवाद आक्रामक स्थितिमा छ। नवउदारवादको मुख्य उद्देश्य भनेको निजी संस्थालाई नाफा कमाउन दिनु हो।'

कार्यक्रममा विद्यार्थीहरू किरण सुवाल, सुनिता मातांगुलू र सृजना केसीले ख्वप कलेजमा अध्ययन गर्दाको अनुभव बताउनुभयो।

प्रमुख अतिथि बिजुक्छें र प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई मायाको चिनो वितरण गर्नुभएको कार्यक्रममा उपप्राचार्य राजेशकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो।

# प्रहरी साझेदारी अवधारणाअन्तर्गत अभिभावक तथा विद्यार्थी प्रशिक्षण

भक्तपुर नगरलिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्तिको मन, भावना स्वच्छ नभएसम्म समाज स्वच्छ र सभ्य हुन नसक्ने बताउनुभयो ।

राजर्षि गुरुकुलमा असार १ गते आयोजित समुदाय प्रहरी साझेदारी अवधारणाअन्तर्गत जनचेतनामूलक अभिभावक तथा विद्यार्थी प्रशिक्षण कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले सभ्य र सु-संस्कृत समाज निर्माण गर्न समाज अपराधमुक्त बन्नुपर्छ भन्नुभयो ।



समयअनुसार अपराधमा परिवर्तन आएको र बढ्दो जनसङ्ख्यासँगै उपत्यकामा अपराधको सङ्ख्या पनि बढेको प्रसंग कोट्याउनुहुँदै प्रमुख प्रजापतिले आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकार हनन् हुने काम गर्न नहुनेमा जोड दिनुभयो ।

शिक्षित व्यक्तिहरूबाट पनि अपराध हुनसक्नेतर्फ सचेत पार्दै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले पिंर्त जग्गा संरक्षणमा जोड दिंदै आएको बताउनुभयो ।

महानगरीय प्रहरी उपरीक्षक सबिन प्रधानले नाता सम्बन्ध जोडिएकाहरूबाट पनि अपराधहरू हुने गरेको बताउनुहुँदै भक्तपुर जिल्लाको शान्ति-सुरक्षा कायम गर्न प्रतिबद्धताका साथ लागिपर्ने बताउनुभयो ।

कार्यक्रममा राजर्षि गुरुकुलका प्रधानाध्यापक लियोन श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# गणेश माविमा पोशाक वितरण

गणेश माध्यमिक विद्यालयले जेठ १७ गते नवआगन्तुक विद्यार्थीको स्वागतमा पोशाक वितरण तथा स्वागत कार्यक्रम गऱ्यो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नपाका जनप्रतिनिधिहरूले भक्तपुरका जनताले देखेको समृद्ध र सुसंस्कृत भक्तपुरको कल्पनालाई पूरा गर्न लागिपरेको बताउनुभयो ।

भक्तपुरवासीको शैक्षिकस्तर उकास्न भनपाले उच्च शिक्षाको लागि शैक्षिक ऋण तथा विभिन्न छात्रवृत्तिहरूको व्यवस्था गरेको चर्चा गर्नुहुँदै विद्यालय तहमा स्थानीय पाठ्यक्रम चरणबद्धरूपमा निर्माण गर्दै कार्यान्वयन गरिरहेको बताउनुभयो ।

स्वास्थ्य सेवालाई सहज बनाउने उद्देश्यले भनपाद्वारा ख्वप अस्पतालको कार्यलाई अगाडि बढाइरहेको बताउनुहुँदै उहाँले भनपाले सरसफाइ, स्वास्थ्य, सम्पदालगायतका विषयहरूमा नियमितरूपमा गतिविधिहरू सञ्चालन गरिरहेको छ भन्नुभयो ।

विद्यालयका सल्लाहकार एवम् भवन निर्माण समितिका संयोजक लक्ष्मीनरायण राजलवटले विद्यार्थीहरूको



चाप बढेअनुसार आवश्यक भौतिक पूर्वाधार निर्माणमा जोड दिंदै विद्यालय भवनको तल्ला थप गर्ने कार्य भइरहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र खर्बुजा, विद्यालयका प्रधानाध्यापक गंगाप्रसाद याकामी, शिक्षिका सुशीला न्याइच्याईले पनि बोल्नुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरेका थिए ।

# भक्तपुर नपा वडा नं. ३ र ५ मा बाल्टिन वितरण

भक्तपुर नगरपालिका ३ नं. वडा समितिको आयोजनामा जेठ २७ गते बंशगोपालमा कुहिने र नकुहिने फोहर संकलन गर्न वडावासीहरूलाई बाल्टिन वितरण गरियो ।

भनपा वडा नं. ३ का वडा अध्यक्ष राजकृष्ण गोराले उक्त कार्यक्रममा वडावासीहरू मध्ये १ महिला र १ पुरुषलाई बाल्टिन हस्तान्तरण गर्दै शुरु गर्नुभयो ।

भक्तपुर नगरपालिका सम्पदा संरक्षण, सरसफाई, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा जनताको भावनाअनुसार जनताकै सहयोगमा काम गरिरहेको बताउनुहुँदै उहाँले नगरलाई सरसफाइ क्षेत्रमा अझ अगाडि बढाउन नगरका विकास निर्माणलाई चुस्त दुरुस्त रूपमा जनताले नै उपभोक्ता समितिमा बसेर योगदान गरिरहेकोमा प्रशंसा गर्नुहुँदै टोल र नगरलाई सफा राख्न कुहिने र नकुहिने फोहर छुट्याएर सहयोग गर्नु सबै वडावासीको कर्तव्य हो भन्नुभयो ।

कार्यक्रममा महिला वडा सदस्य सुनिता अवाल, कृष्णगोपाल चौगुठी, राजकुमार शिल्पकार र समाजसेवी रामसुन्दर खाताखो लगायतले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

समितिले प्रति परिवार १ सेट (२ वटा बाल्टीन) को सहुलियत दर रु ३००।- मा वितरण गरिएको थियो ।

त्यस्तै भक्तपुर नगरपालिका वडा नं. ५ चासुखेलमा जेठ १९ गते बाल्टिन वितरण गरियो । कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले पर्यटन सेवा शुल्कबाट आम्दानी भएको रकम नगरपालिकाले शिक्षा, स्वास्थ्य र सरसफाइमा प्राथमिकता दिई खर्च गरिरहेको बताउनुभयो ।



भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यद्वारा स्थानीयलाई बाल्टिन वितरण गर्नुहुँदै

सामाजिक कार्यकर्ता नारायणप्रसाद त्वानाबासुले भनपाका जनप्रतिनिधिहरूले निर्वाचनमा व्यक्त प्रतिबद्धताअनुसार काम गरिरहेको बताउनुभयो ।

भनपा श्यानिटेशन शाखा प्रमुख दिलिपकुमार सुवालले कुहिने र नकुहिने फोहर छुट्याइ उचित बिसर्जन गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै भक्तपुरलाई सफा राख्न नगरवासीको साथ र सहयोग आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडासदस्य सम्झना लाखा र नारायणकृष्ण माकलगायतले पनि बोल्नुभएको थियो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### नयाँ अपाङ्गता परिचयपत्र विवरणसम्बन्धी सूचना !

भक्तपुर नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका नागरिकहरुले अपाङ्गताको परिचयपत्र प्राप्त गर्न नयाँ दर्ता तथा 'अपाङ्गता परिचयपत्र विवरण निर्देशिका २०६५' बमोजिम प्राप्त गरेको अपाङ्गता परिचयपत्र यथाशीघ्र सम्बन्धित वडा कार्यालयमा बुझाउनुहोला । साथै नयाँ अपाङ्गता परिचयपत्र भक्तपुर नगरपालिकाबाट वितरण हुने भएकोले परिचयपत्र प्राप्तिका लागि सबै व्यहोरा पुष्टि गर्ने कागजातहरु (दुई) २ प्रति, अटो साइज फोटो २ प्रतिसमेत वडा कार्यालयबाट प्राप्त निवेदन फाराममा समावेश गरी बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

c1fgLxÊ /f]ub]v 8/fp5g\
dVx{Ê /f]unf0{a]f:tf u5{g\
al4dfgxÊ /f]ub]v ;ts{/xG5g\
;kmf ug{[afgL a;fnf}+
/f]ub]v 6f9f a;f}+.

# प्रहरी उपरीक्षक प्रधानलाई स्वागत र एस.पी. श्रेष्ठलाई विदाइ

भक्तपुर नगरपालिकाले जेठ २७ गते महानगरीय प्रहरी परिसर भक्तपुरबाट सरुवा भइ जानुभएका प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठलाई बिदाइ तथा सरुवा भइ आउनुभएका सबिन प्रधानलाई स्वागत कार्यक्रम सम्पन्न गर्‍यो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रहरी उपरीक्षकद्वयलाई भादगाउँले कालो टोपी पहिर्‍याएर उपरीक्षक श्रेष्ठलाई बिदाइ र उपरीक्षक प्रधानलाई स्वागत गर्नुभयो ।





कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर भष्टाचारविरोधी आन्दोलनको इतिहास भएको नगर भएको बताउनुहुँदै नगरपालिकाले भक्तपुरलाई शान्ति–सुरक्षाको पनि नमुना नगरको रूपमा विकास गर्ने उद्देश्य राखेको बताउनुभयो ।

भक्तपुरको संस्कृति संरक्षण र शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासनको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गर्नुहुँदै उहाँले अपराधी तथा हत्याराहरूलाई संरक्षण होइन, कानुनको दायरामा ल्याइनुपर्नेमा जोड दिनुभयो ।

बढ्दो जनसंख्या वृद्धिले विभिन्न अपराध घटनामा पनि वृद्धि हुने बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरमा अपराधको संख्या तुलनात्मक रूपमा न्यून रहेको र समाजमा शान्ति स्थापना गर्न प्रहरी प्रशासनको निगरानी अत्यावश्यक भएको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुरलाई सफा, स्वच्छ, सभ्य र सांस्कृतिक नगरको रूपमा विकास गर्न तत्पर रहेको बताउनुहुँदै पर्यटन उद्योगलाई प्रवर्द्धन गर्ने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरबाट सरुवा भइ जानुभएका प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले भक्तपुर नगरपालिकामा १३ महिना काम गर्दाको अनुभव सुनाउनुहुँदै नगरमा शान्ति सुरक्षा कायम गर्न भक्तपुर नगरपालिकाको अनुकरणीय भूमिका रहेको बताउनुभयो ।

भक्तपुरमा सरुवा भइ आउनुभएका प्रहरी उपरीक्षक सबिन प्रधानले देशको राजधानीसँगै जोडिएको सांस्कृतिक नगर भक्तपुरको शान्ति–सुरक्षा कायम गर्न भक्तपुर नगरपालिकासँग हातेमालो गरी अगाडि बढ्न तत्पर रहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले भक्तपुर शान्ति सुरक्षाका दृष्टिकोणले सुरक्षित जिल्ला भएको बताउनुहुँदै नगरपालिकाका गतिविधिहरूमा रचनात्मक सहयोगको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र ७ नं. वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# भक्तपुर नगरपालिकाद्वारा बजेट तर्जुमाको लागि नगरवासीहरूबाट राय सुझाव संकलन




भक्तपुर नगपालिकाको आ.व. २०७६।७७ को बजेट तर्जुमा सम्बन्धी नगरबासीहरूसँग राय सुझाव संकलन गऱ्यो। नगरपालिकाको सभाकक्षमा सन्पन्न छुट्टाछुट्टै दिनमा भएको छलफलमा नगर प्रमुख सुनिल प्रजातिको विचार र नगरबासीहरूको सुझाबलाई संक्षेपमा प्रस्तुत गरिएको छ।

## महिला भेला

भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ को बजेट तर्जुमासम्बन्धी नगरवासीहरूसँग राय सुझाव संकलन गर्ने क्रममा जेठ १७ गते महिला भेला सम्पन्न गऱ्यो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले बजेट बनाउन नगरवासीहरूको राय-सुझावअनुसार बजेट विनियोजन गर्न प्राथमिकता छुट्याउने प्रचलनअनुसार नगरवासी महिलाहरूसँग राय सुझाव संकलन गर्न कार्यक्रम राखेको प्रस्ट गर्नुहुँदै नगरपालिकाको सीमित बजेटलाई प्राथमिकताको आधारमा अधिकत्तम सदुपयोग हुने गरी विनियोजन गर्न उचित राय सुझाव दिनुहुन आग्रह गर्नुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले समाजको तीव्र विकासको लागि महिला सशक्तिकरणको आवश्यकता औंल्याउनु हुँदै भक्तपुर नपाबाट प्रदान गर्दै आएका विभिन्न स्वास्थ्य सेवासम्बन्धी जानकारी गराउनुभयो।

कार्यक्रममा सहभागी नगरवासी महिला दिदीबहिनीहरूले महिलाहरूको ज्ञान वृद्धि गर्ने ऐन-कानुनबारे कक्षा सञ्चालन, महिला हिंसा रोक्न आत्मरक्षाको तालिम, प्रौढ कक्षा सञ्चालन, थाइराइड रोगको स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने, कुहिने-नकुहिने फोहर संकलनको लागि महिला लक्षित जनचेतना कार्यक्रम सञ्चालन, आकासे पानी शुद्धिकरण र संकलनबारे तालिम, घरदैलो नर्सिङको लागि गुल्कोमिटर उपलब्ध गराउनुपर्ने, छाडा चौपाया व्यवस्थित गर्नुपर्ने, व्यवस्थित वधशाला र तरकारी बजार व्यवस्था,



बजेट तर्जुमासम्बन्धी महिला भेला

ज्येष्ठ नागरिकको लागि आदर निकेतन र स्याहार केन्द्र, संघ संस्था र सार्वजनिक निकाय अपांगमैत्री हुनुपर्नेलगायतका सुझाव दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

## मजदुर-किसान भेला

जेठ १९ गते मजदुर र किसान भेला सम्पन्न भयो । मजदुर-किसानहरूसँगको राय-सुझाव कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बजेट विनियोजन गर्न जनताको राय-सुझावलाई प्राथमिकतामा राखी योजनाहरू तर्जुमा हुने बताउनुहुँदै नगरपालिकाको रकम जनताकै बीचमा अधिकत्तम प्रयोग गर्ने बताउनुभयो ।

उहाँले नगरवासीहरूको राय-सुझावअनुरूप बजेट बनाउने



बजेट तर्जुमासम्बन्धी मजदुर-किसान भेला

तयारी रहेको बताउनुहुँदै नगरपालिकाले जनतालक्षित योजनाहरू सञ्चालन गरिरहेको र कृषि विशेषज्ञमार्फत् कौसी खेती, च्याउ खेती, बेमौसमी तरकारी खेती, माटो जाँच, किटनासक औषधि प्रयोग विधि र थ्रेसर मेसिन वितरण गरी दीर्घकालीन रूपमा किसानहरूको हितमा कार्यहरू गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपाले देशकै सानो नगरपालिका भएर पनि सबै स्थानीय तहहरूको लागि उदाहरणीय कार्यहरू गरिरहेको चर्चा गर्नुहुँदै नगरभित्रका सार्वजनिक र निजी विद्यालयबीचको भेद हटाउन विभिन्न विषयमा तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा सहभागी किसान तथा मजदुरहरूबाट भक्तपुर नपामा चिस्यान केन्द्र बनाउनुपर्ने, नयाँ पुस्तामा नैतिक शिक्षा मिल्ने पाठ्यक्रम निर्माणमा जोड दिनुपर्ने, भक्तपुरको सल्लाघारीमा नगर प्रवेशद्वार बनाउनुपर्ने, कम्पोष्ट मल व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्ने, पोखरीहरूमा माछापालन गरी पोखरीको वरिपरि हरियाली व्यवस्थापन गर्नुपर्ने, सफाइ मजदुरहरूको लागि तालिम, टोल-टोलमा भएको पर्ति जग्गा संरक्षण र बेरोजगारीको समस्या समाधान गर्न नगरभित्र हस्तकला, धातुकला, मृतिकाकला, काष्ठकलालगायतका उद्योग स्थापना गर्नुपर्ने आदि सुझाव दिइएको थियो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

## युवा, विद्यार्थी र खेलाडी भेला

बजेट तर्जुमाको लागि राय सुझाव संकलन गर्ने क्रममा जेठ २० गते युवा, विद्यार्थी र खेलाडीहरूसँग सुझाव संकलन गरियो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले हातमा सीप भएका युवाहरू रोजगारको लागि विदेश जान नपरेको बताउनुहुँदै भक्तपुरका दक्ष डकर्मी, सिकर्मीलगायतका जनशक्तिले देशभरिकै सम्पदा संरक्षण कार्यमा योगदान गरिरहेको बताउनुभयो । उहाँले भक्तपुरका युवाहरू उच्च शिक्षा अध्ययनको लागि विदेशिने तर रोजगारीको लागि कम मात्र विदेशिएको तथ्याङ्कले देखाएको बताउनुभयो ।

कार्यक्रममा बोल्नुहुँदै उपप्रमुख रजनी जोशीले भक्तपुरको भौगोलिक सीमिततालाई अवसरको रूपमा प्रयोग गर्दै योजनाबद्ध ढंगले अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित युवा विद्यार्थीहरूले नगरभित्रका पुस्तकालयहरूको स्तरोन्नति गर्नुपर्ने, पर्यटकीय क्षेत्रको सडक सुधार गर्नुपर्ने, युवा-विद्यार्थी र खेलाडीहरूलाई सामाजिक कार्यमा परिचालन गर्नुपर्ने, सांस्कृतिक अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने, सिद्धपोखरीदेखि सल्लाघारीसम्म सडकबत्ती व्यवस्था



बजेट तर्जुमासम्बन्धी युवा, विद्यार्थी र खेलाडीहरूको भेला

गर्नुपर्ने, परम्परागत बाजा निर्माण र मर्मत सम्भार तालिम सञ्चालन गर्नुपर्ने, नगरका खेलाडीहरूको प्राप्त पदको आधारमा भनपाबाट सहुलियत दरमा ऋण प्रदान गर्नुपर्ने, कभर्ड हल निर्माण गर्नुपर्ने, विद्यालयहरूमा पनि ब्यायाम सामग्री वितरण गर्नुपर्ने, परम्परागत उपचार विधिको अध्ययन अनुसन्धान गर्नुपर्नेलगायतका सुझावहरू दिएका थिए ।

सुझाव संकलन कार्यक्रममा ३ नं. वडाका वडाध्यक्ष राजकृष्ण गोराले पनि बोल्नुभएको थियो ।

## पूर्व जनप्रतिनिधिहरूसँग राय सुझाव संकलन

नयाँ आर्थिक वर्षको बजेट तर्जुमासम्बन्धी राय सुझाव संकलन गर्ने क्रममा जेठ २२ गते भक्तपुर नपाका पूर्व जनप्रतिनिधिहरूसँग सुझाव संकलन गऱ्यो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले नगरपालिकाका पूर्वजनप्रतिनिधिहरूको २०३९ सालदेखिको अनुभवबाट सिक्ने र आर्थिक वर्ष २०७६-७७ को लागि राय-सुझाव संकलन गर्ने उद्देश्यका साथ कार्यक्रम राखिएको बताउनुहुँदै नगरपालिकाले विदेशीहरूको सहयोग लिएर सम्पदा संरक्षण र विकास निर्माण कार्य गर्नेभन्दा संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान र नगरपालिकाको आफ्नै स्रोतको सदुपयोग गर्दै कार्य गरिरहेको बताउनुभयो ।



बजेट तर्जुमासम्बन्धी पूर्व जनप्रतिनिधिहरूको भेला

उहाँले नगरपालिकाबाट दुई वर्षमा गर्दै आएका विकास निर्माण, सम्पदा संरक्षण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, पर्यटन, पर्ति र सार्वजनिक जग्गा संरक्षणलगायतका विविध गतिविधिहरूको नपाद्वारा विभिन्न सञ्चारमाध्यममार्फत पारदर्शी गर्दै आएको जानकारी गराउनुभयो ।

नगर उपप्रमुख रजनी जोशीले नगरपालिकालाई अझ व्यवस्थित गर्दै अगाडि बढ्ने क्रममा पूर्वजनप्रतिनिधिहरूको अनुभव र राय-सुझाव अत्यन्त महत्त्वपूर्ण हुने बताउनुहुँदै भक्तपुर सहर काठमाडौं उपत्यकाकै सबभन्दा बढी प्रदूषण हुनसक्ने भौगोलिक अवस्थितिमा रहेको हुँदा भक्तपुरवासीलाई दम-खोकीहरूको सम्भावना बढी भएको बताउनुहुँदै यसको लागि नपाले दम तथा छाती रोग पुनःस्थापन केन्द्रको भवन निर्माण सुरु गरेको जानकारी गराउनुभयो ।

कार्यक्रममा उपस्थित पूर्व जनप्रतिनिधिहरू विष्णुगोपाल कुसी, नारायणमान वनमाला, आशाकुमार कोजु, नाति ह्योम्बा, बुद्धिराम दुवाल, सानुकाजी माकजु, सत्यनारायण दिदिया, ज्ञानसागर प्रजापति, रामहरि गोरा, सिद्धिप्रसाद अवाल र तुल्सीराम धुख्वाले नगरका परम्परागत सीपका दक्ष शिल्पकारहरूलाई सम्मान गर्नुपर्ने, करको दायरा फराकिलो गर्नुपर्ने, नगरका सांस्कृतिक सम्पदाहरूको अध्ययन-अनुसन्धान गरी अभिलेखीकरण गर्नुपर्ने, मठ मन्दिर जीर्णोद्धार र पुनःनिर्माणपछि यसको अभिलेख राख्नुपर्ने, पर्यटक बसपार्क क्षेत्रको बाटो सुधार गर्नुपर्ने, पुरानो नगरपालिका भवनको शीघ्र पुनःनिर्माण गरी सांस्कृतिक संग्रहालय सञ्चालन गर्नुपर्ने, भक्तपुर नगर प्रवेश हुने सबै क्षेत्रहरूको वातावरण सुधार गर्नुपर्ने, हनुमानघाटको सुधार गरी विद्युतीय शव दाहगृह व्यवस्था गर्नुपर्ने, १० नं. वडा कार्यालय नगाँचाको पर्ति जग्गामा भवन निर्माण गरी स्थानान्तरण गर्नुपर्ने, परम्परागत सांस्कृतिक नाचगानको प्रदर्शनस्थलको व्यवस्था गर्नुपर्ने, पूर्व प्राथमिक तहका शिक्षक-शिक्षिकाहरूलाई न्युनत्तम पारिश्रमिकको व्यवस्था गर्नुपर्ने, एक विद्यालय एक नर्स कार्यक्रम नगरका सबै विद्यालयहरूमा लागु गर्नुपर्ने, नगरको पुरानो क्षेत्रमा भइरहेको सांस्कृतिक प्रदूषणको गतिविधि नियन्त्रण गर्नुपर्ने, कमलविनायक भ्वे छैँबाट भएको प्रदूषण नियन्त्रण गर्नुपर्ने, गाईजात्रा प्रदक्षिणा मार्गलाई पर्यटकीय मार्गको रूपमा विकास गर्नुपर्ने, पर्यटन शुल्क वृद्धि गर्नुपर्ने, नगरका सम्पदाहरूमा सम्पदा परिचय बोर्ड राख्नुपर्नेलगायतका सुझावहरू दिएका थिए ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र साविक भनपा १५ का पूर्ववडाअध्यक्ष रबिन्द्र खर्बुजाले पनि बोल्नुभएको थियो ।

## उद्योगी, व्यवसायी र ब्यापारीको राय सुझाव

भक्तपुर नगरपालिकाको बजेट तर्जुमासम्बन्धी राय सुझाव संकलन गर्ने क्रममा जेठ २३ गते उद्योगी, व्यवसायी र ब्यापारीबीच सुझाव संकलन गऱ्यो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले व्यापारी, उद्योगी र व्यवसायीहरूले नाफामा मात्र केन्द्रित नभई सामाजिक र नागरिक भावना राखेर व्यापार व्यवसाय सञ्चालन गर्नुपर्ने बताउनुभयो । नगरका सबै उद्योगी व्यापारीहरू करको दायरामा आएर नगरपालिकालाई सहयोग गरेमा नपाको आर्थिक क्षमता वृद्धि भई नगरवासीलाई सेवा सुविधा प्रदान गर्न सजिलो हुने बताउनुभयो । नपाले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भैरवनाथ मन्दिर जीर्णोद्धार गरिरहेको बताउनुहुँदै यो सम्पन्न हुनेबित्तिकै पाँच तले मन्दिर पनि जीर्णोद्धार गर्ने उहाँले बताउनुभयो ।

उहाँले अग्रजहरूले राम्रो मनसायबाट सरसफाइ, पर्यटन, सम्पदा संरक्षण, स्वास्थ्य, शिक्षालगायतका विविध क्षेत्रमा कार्य सुरु गरेकोले अहिले भक्तपुर नपाले उदाहरणीय



बजेट तर्जुमासम्बन्धी उद्योगी, व्यवसायी र व्यापारीको भेला

सफलता प्राप्त गरेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले अनुसन्धानमूलक शिक्षामा जोड दिँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गरिरहेको बताउनुभयो । नगरको वर्तमान प्रमुख चुनौतीहरूको सम्बोधन हुने गरी व्यवसायीहरूबाट राय सुझाव प्राप्त हुने अपेक्षा राख्नुहुँदै उहाँले व्यवसायीहरूले पनि आ–आफ्नो तर्फबाट सहयोग गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा उपस्थित उद्योगी, व्यवसायी तथा ब्यापारीहरूले नगर प्रवेश गर्ने प्रवेशद्वारमा सफा वातावरण तयार गर्नुपर्ने, नियमित सांस्कृतिक नाचगान प्रदर्शन गर्नुपर्ने, गःहिटीको नरसिंह मन्दिर जीर्णोद्धार गर्नुपर्ने, भक्तपुर दुधपाटीस्थित नःपुखुको वातावरण सुधार गरी आयआर्जन हुने गरी सदुपयोग गर्नुपर्ने, नगरमा पर्यटकहरूको बसाइ लम्ब्याउन कार्यक्रमहरू बनाउनुपर्ने, मल कारखाना खोल्नुपर्ने, बाराही पुल जीर्णोद्धार गर्नुपर्नेलगायतका सुझावहरू दिएका थिए ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो ।

## बुद्धिजीवीहरूसँग राय सुझाव संकलन

जेठ २४ गते आयोजित बुद्धिजीवीहरूसँग सुझाव संकलन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले सम्पदा संरक्षण र विकास निर्माण कार्यमा विदेशीहरूको सहयोगलाई भन्दा सरकारबाट प्राप्त अनुदान र नगरपालिकाको स्रोत सदुपयोग गर्दै आइरहेको बताउनुभयो ।

आर्थिक वर्ष २०७६/७७ को बजेटलाई नगर र नगरवासीहरूको अधिकत्तम हितमा प्रयोग गर्न आवश्यक राय–सुझावको अपेक्षा गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाको गतिविधिहरूमा रचनात्मक आलोचनालाई आत्मसात गर्दै अगाडि बढ्ने बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले जनतालक्षित बजेट विनियोजन गर्न जनताको राय–सुझावलाई प्राथमिकतामा राखी बजेट तर्जुमा गर्ने बताउनुहुँदै देशको सानो नगरलाई सुविधासम्पन्न नगरको रूपमा विकास गर्ने ढंगले काम गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले यहाँका सम्पदा संरक्षण र अनुसन्धानलाई जोड दिइरहेको बताउनुहुँदै लगनखेलको न्हुपुखु पुनःनिर्माणमा भक्तपुरले प्राविधिक सहयोग गरिरहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा उपस्थित बुद्धिजीवीहरूले मौलिक नेवारी, सांस्कृतिक गतिविधिमा आधारित पर्यटनको विकास गर्नुपर्ने, भक्तपुरको मौलिक वनस्पतिहरू धनेचा स्वं र मुं स्वंसम्बन्धी अध्ययन अनुसन्धान गरी व्यवसायिक खेती गर्नुपर्ने, इ.सी.डी. लक्षित शैक्षिक कार्यक्रम बनाउनुपर्ने, नगरमा जलक्रिडाजस्ता मनोरञ्जनात्मक गतिविधि विकास गरी पर्यटनलाई टेवा पुऱ्याउनुपर्ने, नगरका विशिष्ट सांस्कृतिक विशेषताहरूको संरक्षण गर्नुपर्ने, पुस्तौं पुराना सांस्कृतिक परम्परालाई संरक्षण गर्नुपर्ने, स्वच्छ खानेपानी व्यवस्था गर्न प्रशोधन केन्द्र सञ्चालन गर्नुपर्ने, परम्परागत सीप र उत्पादनको प्रदर्शनीको व्यवस्था गर्नुपर्ने, कडा रोग लागेका बिरामीलाई प्रदान गरिने आर्थिक सहयोग वृद्धि गर्नुपर्ने, भक्तपुर नगरको सिमानाहरूको सरसफाइमा विशेष ध्यान दिनुपर्ने, नगर प्रवेश गर्ने उकालो



बजेट तर्जुमासम्बन्धी बुद्धिजीवीहरूको भेला

बाटोहरूमा ढुंगा छपाइ गर्नुपर्ने, भुस्याहार कुकुर व्यवस्थापन गर्नुपर्ने, नगर क्षेत्रका पर्यटक र सार्वजनिक शौचालयहरूमा विशेष सरसफाइ गर्नुपर्ने, अभिभावक शिक्षालाई जोड दिनुपर्ने, नियमित सांस्कृतिक प्रदर्शनीको व्यवस्था गर्नुपर्ने, ऐतिहासिक संग्रहालय स्थापना गर्नुपर्ने, विषादी प्रयोग भएका फलफूलको परीक्षण गर्नुपर्ने, घरदैलो स्वास्थ्य कार्यक्रम प्रभावकारी बनाउनुपर्ने, स्थानीय पाठ्यक्रममार्फत् नैतिक र व्यवहारिक शिक्षा प्रदान गर्नुपर्नेलगायतका सुझावहरू दिएका थिए ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो ।

# भक्तपुर नगरपालिकाबाट शैक्षिक ऋण वितरण सुरू




भक्तपुर नगरपालिकाले नगर क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थीहरूलाई शैक्षिक योग्यताको प्रमाणपत्र (एकेडेमिक सर्टिफिकेट) धितो राखेर व्यवस्था गरेको सहुलियत ब्याज दरमा रु. ५,००,००० सम्मको शैक्षिक ऋण वितरण सुरु गरेको छ।

भक्तपुर नगरपालिकाद्वारा जेठ २६ गते आयोजित शैक्षिक ऋण वितरण कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आर्थिक अभावका कारण कुनै पनि विद्यार्थी पढाइबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले प्रति विद्यार्थी रु. ५ लाखसम्म ६ प्रतिशतको सहुलियत ब्याज दरमा ऋण प्रदान गर्ने व्यवस्था गरेको बताउनुभयो।



शैक्षिक ऋण वितरण कार्यक्रमका सहभागीहरू

चिकित्सा क्षेत्रमा उच्च जनशक्तिको अभावलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले २ जना एमबीबीएस डाक्टरहरूलाई उच्च शिक्षाको लागि छात्रवृत्ति दिने निर्णयअनुसार प्रक्रिया अगाडि बढाइरहेको बताउनुहुँदै विद्यार्थीको उज्ज्वल भविष्यको निम्ति ख्वप विश्वविद्यालय स्थापना गरी समाजलाई बुद्धिजीवीकरण गर्न योगदान गर्ने लक्ष्य रहेको बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा देशभरका विद्यार्थीहरूले सहुलियत दरमा गुणस्तरीय शिक्षा प्राप्त गरिरहेको बताउनुहुँदै देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादनमा भक्तपुर नगरपालिकाले योगदान गरिरहेको बताउनुभयो।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले विद्यार्थीको रुचिअनुसार अध्ययन गर्न विद्यार्थीलाई प्रेरित गर्नुपर्ने बताउनुहुँदै भक्तपुरको कला-संस्कृति, रीतिरिवाज र स्थानीय चाड-पर्वबारे जानकार गर्नुपर्छ भन्नुभयो।

उहाँले इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, नेपालभाषा विषय पढ्ने विद्यार्थीहरूलाई आकर्षित गर्न नगरपालिकाको तर्फबाट छात्रवृत्ति प्रदान गर्दै आएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले दक्ष जनशक्ति उत्पादन भए समाजलाई व्यवस्थित ढंगले अगाडि बढाउन सकिने हुँदा भक्तपुर नगरपालिकाले उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूको लागि शैक्षिक ऋणको व्यवस्था गरेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले नगरपालिकाद्वारा वितरण हुने शैक्षिक ऋणबारे आवश्यक प्रक्रियाहरू, शैक्षिक ऋणको सीमा तथा शर्त र सावा ब्याज असुलीबारे प्रस्ट पार्नुभएको थियो।

निजी आवास पुनःनिर्माणसम्बन्धी बैठक

# ब्यासी–कमलविनायक वैकल्पिक सडक बनाउनुपर्नेमा जोड

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको ठूलो ब्यासीदेखि कमलविनायकसम्मको मुख्य सडक आसपासका पुराना घरहरू पुनःनिर्माण गर्न नक्सा पासमा समस्या भइरहेकोतर्फ प्राधिकरणको ध्यानाकर्षण गर्नुभयो। उहाँले ब्यासीदेखि कमलविनायक सडकको वैकल्पिक सडक बनाउनुपर्नेमा जोड दिनुभयो।



राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको जेठ २१ गते बसेको भक्तपुरमा निजी आवास पुनःनिर्माणसम्बन्धी बैठकमा बोल्नुहुँदै प्रमुख प्रजापतिले ब्यासी–कमलविनायक सडक छेउमा भक्तपुरको प्राचीन र ऐतिहासिक पाटी, सत्तल, पोखरी तथा ढुंगेधाराहरू रहेको हुँदा सो क्षेत्रमा बाटो फराकिला गर्दा सम्पदाहरू नास हुने बताउनुभयो।

सडक साँघुरो हुँदा यात्रुहरूलाई आवागमनमा समस्या भएको र सडक दुर्घटनाको सम्भावना भएको बताउनुहुँदै प्रमुख प्रजापतिले त्यस क्षेत्रलाई व्यवस्थित रूपमा फुटपाथ बनाई पुरानै शैलीमा घर निर्माणमा जोड दिने बताउनुभयो।

कार्यक्रममा काठमाडौं उपत्यका प्राधिकरणका प्रमुख आयुक्त भाइकाजी तिवारीले सडक छेउका घरहरू पुरानै शैलीमा पुनःनिर्माण गर्न नगरपालिकाले पहल गर्नुपर्ने बताउनुहुँदै ब्यासी–कमलविनायक सडकको वैकल्पिक सडकको लागि अध्ययन भइरहेको बताउनुभयो।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका कार्यकारी समिति सदस्य डा. चन्द्रबहादुर श्रेष्ठले स्थानीय जनताको राय–सुझावअनुसार सडकको मापदण्ड हेरफेर गरी सडकको दायाँबायाँ पेटी निर्माण गर्नुपर्ने बताउनुभयो।

बैठक राष्ट्रिय पुनःनिर्माण प्राधिकरण कार्यकारी समितिका सदस्य डा. चन्द्रबहादुर श्रेष्ठको अध्यक्षतामा बसेको थियो।

# काठमाडौं उपत्यकाका ऐतिहासिक हिटी प्रणालीबारे कार्यशाला गोष्ठी

सरकारले सहज काठ उपलब्ध गरी आवश्यक बजेट विनियोजन गरेको खण्डमा भक्तपुरका सम्पदाहरूले छिट्टै मौलिक स्वरूप ग्रहण गर्नेछ।

उक्त विचार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जेठ २५ गते S4w-Nepal र हिटी पुचः को आयोजनामा सम्पन्न 'काठमाडौं उपत्यकाको ऐतिहासिक हिटी प्रणाली' बारे कार्यशाला गोष्ठीमा व्यक्त गर्नुभएको हो। उहाँले सम्पदा संरक्षणमा संघ सरकारको सहयोग आवश्यक भएको औंल्याउनुभयो।

प्रविधिको विकास नभएको समयमा पनि पुर्खाहरूले उत्कृष्ट ढंगले सम्पदाहरू निर्माण गरेको प्रसंग उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले गलत मानसिकता भएका व्यक्तिहरूका कारण सार्वजनिक सम्पत्तिहरू विस्तारै लोप हुँदै गइरहेको बताउनुभयो।

उपत्यकाको घना बस्तीको बीच–बीचमा रहेको पोखरी वातावरणीय हिसाबले पनि महत्त्वपूर्ण भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले यहाँका ढुंगेधारा, पाटी–सत्तल, इनारलगायतको संरक्षणमा जोड दिइरहेको बताउनुभयो। उहाँले नगरपालिकाद्वारा सञ्चालित इञ्जिनियरिङ कलेजमा पढ्ने विद्यार्थीहरूलाई आधुनिककासँथै प्राचीन प्रविधि सिकाउने र अनुसन्धानात्मक शिक्षामा जोड दिइरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा सम्पदा तथा योजना शाखा प्रमुख रामगोबिन्द श्रेष्ठले उपभोक्ता समितिमार्फत् काम गर्दा



संरचनामा अपनत्व हुने, निर्माण संरचना गुणस्तरीय हुने, मौलिक स्वरूप संरक्षित हुने बताउनुहुँदै भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत् यहाँको सम्पदा संरक्षण र विकास निर्माणका कामहरू गर्दै आएको बताउनुभयो। उहाँले भक्तपुरका ढुंगेधाराहरूको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वमाथि प्रस्ट पार्नुभयो।

कार्यक्रममा स्रोत व्यक्तिहरू UN-Habitat Nepal का कार्यक्रम व्यवस्थापक पद्मसुन्दर जोशीले 'Making of Hiti', कन्जर्भेसन आर्किटेक्स प्रो. सुदर्शनराज तिवारीले 'Conservation of Ponds and Stone spouts of Bhaktapur' बारे प्रस्तुती दिनुभएको थियो।

कार्यक्रममा त्रिवि केन्द्रीय विभाग जुलोजीका सुरेशदास श्रेष्ठ, हिटी पुचः का संयोजक पुरुषोत्तम अवाल र S4w-Nepal का राजाराम प्रजापतिले पनि बोल्नुभएको थियो।

# भक्तपुर नपाद्वारा चित्तपोलको ल्योसिंगुँमा वृक्षारोपण

विश्व वातावरण दिवस (June 5) को अवसरमा भक्तपुर नगरपालिकाले ऐतिहासिक एवम् सांस्कृतिक महत्त्वको ल्योसिंगु (लिंगो गुठी सामुदायिक वन, चित्तपोल) मा जेठ २२ गते ४०० वटा सल्लाको रुख वृक्षारोपण गऱ्यो।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सञ्चालनको लागि नभई नहुने वन (ल्योसिंगुँ) लाई संरक्षण र हराभरा बनाउन नगरपालिकाले अघिल्लो वर्ष पनि वातावरण दिवसको अवसरमा वृक्षरोपण गरेको स्मरण गर्नुहुँदै सामुदायिक वन-जंगल सभ्यता र संस्कृतिसँग जोडिएको हुँदा यसको संरक्षण गर्नु आवश्यक भएको बताउनुभयो।

वृक्षरोपण गर्नुभन्दा पनि त्यसको संरक्षण र हुर्काइमा विशेष ध्यान दिनुपर्ने औँल्याउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो 'मानव जीवनको श्वासप्रश्वासमा सन्तुलन कायम गर्न बोट-विरुवा सन्तुलित रूपमा काट्ने र रोप्ने व्यवस्था गर्नुपर्छ।'

नगर स्वच्छ बनाउन हरियाली व्यवस्थापन महत्त्वपूर्ण हुने बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको सुन्दरता कायम गर्न नगरपालिका पोखरी सरसफाइ, वृक्षरोपण, ढुंगेधारा उत्खनन् र सम्पदा संरक्षण कार्यलाई प्राथमिकता दिएर अगाडि बढिरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले संस्कृति जोगाउन वातावरण संरक्षण गर्नु आवश्यक भएको बताउनुहुँदै नयाँ पुस्तालाई पनि संस्कृति संरक्षणको कुराहरू सिकाउँदै लानुपर्ने र भक्तपुर जिल्लाका चारवटै नगरहरू सफा र स्वच्छ बनाउने उद्देश्यले वृक्षरोपण कार्यलाई जोड दिएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले बढ्दो प्रदूषणले मानव जीवनमा नकारात्मक असर पुऱ्याइरहेको चर्चा गर्नुहुँदै मानव सभ्यता अगाडि बढाउन वातावरण संरक्षण आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष एवम् वातावरण तथा पर्यटन समितिका संयोजक रविन्द्र ज्याख्वले उपत्यकाका संस्कृतिलाई निरन्तरता दिन ऐतिहासिक महत्त्व बोकेको जंगल जोगाउनु आवश्यक भएको बताउनुभयो।

लिंगो गुठी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष शेखर खड्काले उपत्यकाका ऐतिहासिक जात्रा सञ्चालनको निम्ति ल्योसिंगुबाट लगिएका रुख प्रयोग हुने भएको बताउनुहुँदै वन संरक्षणको औचित्यताबारे प्रस्ट पार्नुभयो।

कार्यक्रममा सूर्यविनायक नपा वडा नं. ९ का वडाध्यक्ष गणेश त्यात, नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले ल्योसिंगुको सांस्कृतिक महत्त्वमाथि प्रकाश पार्नुभयो।

कार्यक्रममा भक्तपुर नपा कार्यपालिका सदस्य सरिना द्योलाले पनि बोल्नुभएको थियो।

भक्तपुर नपाका नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा सम्पन्न वृक्षरोपण कार्यक्रममा भक्तपुर नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीहरू तथा चाँगुनारायण नगरपालिका ९ नं. वडा कार्यालय, विभिन्न संघ-संस्थाहरू प्रगति युवा समाज सौडोल, ख्वप कलेज, ख्वप इन्जिनियरिङ



कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ कलेज र ख्वप पोलिटेक्निटक इन्स्टिच्युट, देवी मावि र चित्तपोल, ताथलीका स्थानीय जनताहरूको सहभागिता रहेको थियो।

Academia-Industry Dialogue को उद्घाटन समारोह

# ‘सरकार समृद्धिको नारा लगाएर दुर्गतितर्फ गइरहेको छ’

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जेठ २६ गते बागीश्वरी कलेज र विश्वविद्यालय अनुदान आयोगको संयुक्त आयोजनामा भएको दुईदिने Academia-Industry Dialogue कार्यक्रमको उद्घाटन गर्नुभयो।

नगर प्रमुख प्रजापतिले कार्यक्रमको सफलताको



कामना गर्नुहुँदै भन्नुभयो – ‘हरेक व्यापार व्यवसायमा चुनौतीहरू हुन्छन्। चुनौतीसँग डराएर होइन, डटेर अगाडि बढ्नेले मात्र सफलता हात पार्छ।’

व्यापार–व्यवसायमा हुने अस्वस्थ प्रतिस्पर्धाबारे खण्डन गर्नुहुँदै प्रमुख प्रजापतिले नाफा र सेवा भावको हिसाबले व्यवसाय गर्नुपर्ने, सैद्धान्तिक र व्यवहारिक शिक्षालाई सँगसँगै लानुपर्नेमा जोड दिनुभयो।

अहिलेका युवा पुस्ता एक्काइसौं शताब्दीको लागि लायक हुनुपर्छ भन्नुहुँदै उहाँले विद्यार्थीहरूलाई जीवनउपयोगी शिक्षा प्राप्त गरी त्यसलाई व्यवहारिक रूपमा लागु गर्नुपर्ने बताउनुभयो।

सरकार समृद्धिको नारा लगाएर दुर्गतितर्फ गइरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले सरकारको केन्द्रीकृत मानसिकताले देश अगाडि बढ्न नसकेको आरोप लगाउनुभयो।

कार्यक्रममा बागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, बागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छा, सहप्रअ ज्ञानसागर प्रजापति, भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापति र प्रा.डा. सिद्धिवीर कर्माचार्यलगायतले कार्यक्रमको महत्त्व र उपादेयताबारे प्रस्ट पार्नुभयो।

# विश्व वातावरण दिवसमा सम्पदाहरूमा सरसफाइ कार्यक्रम

विश्व सम्पदा दिवसको अवसरमा भक्तपुर नगरपालिकाले नगरभित्र रहेका विद्यालयहरूबाट एक सम्पदा एक विद्यालय सरसफाइ अभियान जेठ २२ गते नगरभरि सञ्चालन भयो।

भक्तपुर नगरपालिका वडा नं. १ मा रहेको विभिन्न विद्यालयहरूले विभिन्न सम्पदाहरू सरसफाइ गरियो। नयाँ पुस्तालाई सरसफाइ सम्बन्धी चेतना जागृत गर्न र विश्व वातावरणमा परेको प्रभावका कारण बारे जनचेतना जगाउने ध्येयले विश्व वातावरण दिवस मनायो। त्यस्तै सम्पदा दिवसको अवसरमा भक्तपुरको रानी पोखरी नगरपालिकाको पहलमा सर्वसाधारणको लागि खुल्ला गर्ने भएपछि विभिन्न विद्यालयले त्यहाँ सरसफाइ कार्यक्रम गरियो। रानी पोखरीमा सरसफाइ गर्ने विद्यालयहरूमा राज श्री गुरुकुल, अक्सफोर्ड ई.स्कूल, ज्ञान विजय नि.मा.वि., गणेश मा.वि. रहेका छन्। रानी पोखरीलाई जीवन्तता दिन विद्यालयलगायत विभिन्न संघ–संस्था, गुठीहरूले पनि श्रमदान गर्न वडाध्यक्ष श्यामकृष्ण खत्रीले आव्हान गर्नुभयो। त्यस्तै लिटिल वर्ड स्कूलले सिद्ध पोखरी, सनसाईन स्कूलले इनागाल गणेश मन्दिर, ज्ञान विजय निमाविले न:पुखु, सन्तती निमाविले इसानेश्वर महादेव, न्यू क्षितिज स्कुलले नपलि परिसर, उदय आधारभूत स्कुलले तँकुने इनार क्षेत्र, सूर्यविनायक ई स्कूलले न:पली पाटी परिसर सरसफाइ गऱ्यो।

वडा नं. १० मा महालक्ष्मी ढुङ्गेधारामा स्कलर्स होम स्कूलले, ग्वगंपुखुमा जेन्युईन स्कुल, ॐकारेश्वर मन्दिरमा ईष्ट प्वाईन्ट स्कूल, पारागन ई. स्कूलले कमलविनायक मन्दिर परिसरमा सरसफाइ गऱ्यो।

वडा नं. ८ मा ब्रम्हायणी आधारभूत विद्यालयले देगइनाको ग:महादेव र विद्यालय परिसर, समाज सेवा ईन्स्टिच्युट आधारभूत विद्यालयले सिमाले परिसर, भिम आदर्श आधारभूत विद्यालयले महेश्वरी घाटस्थित ढुङ्गेधारा, समाज सुधार मा.वि.ले महेश्वरी पीठ र विद्यालय परिसरमा वृक्षरोपण, प्रोवेश एकेडेमी स्कूल पुरानो जगाति स्थित भिमसेन मन्दिर, लिसा ई. स्कूलले विद्यालय परिसर, ख्वपिङ एकेडेमीले विद्यालय परिसर र बाटोमा सरसफाइ गऱ्यो।

वडा नं. ७ मा विद्या विकास स्कूलले महेश्वरी पिठ, वाईजल्याण्ड स्कूलले हनुमानघाटमा, बाल सेवकले हनुमान घाटको ठूलो महादेव र स्कुल परिसर, सूर्योदय स्कूलल पंब्व गणेश वरिपरि, पाटिंग फोरबहि र ढुङ्गेधारा, इमेज ई. स्कूलले गोल्मढी गणेश र स्तुपामा, चण्डेश्वरी निमाविले वासिकचा ढुङ्गेधारा र पाटी, नबिन ई. स्कूलले गोल्मढी ढुङ्गेधारा र स्कूल परिसर सरसफाइ गऱ्यो।

वडा नं. ५ मा बरदायणी स्कूलले भगवती स्थान, आदर्श आजाद स्कुलले गय् भिमसेन, विद्या आर्जन स्कूलले कुमारी मन्दिर, प्रोक्सिमा स्कूलले पाँचतल्ले मन्दिर, देउला प्रा.वि.ले पपर डोम्फो र भद्रकाली मन्दिर परिसर सरसफाइ गऱ्यो।

वडा नं. ९ मा वागिश्वरी कलेजले गरुड कुण्डल र ज:हिटी ढुङ्गेधारा, वागिश्वरी मा.वि.ले च्याम्हासिंह पोखरी, वाँचु हिटी, सिद्धि शारदा आधारभूत स्कूलले ब्रम्हायणी पीठ, सरस्वती विद्यागृहले विद्यालय परिसर सरसफाइ गरेको थियो।

# :yfgLo tx alnof]ePdf k|hftGq alnof]xG5

यो बैठक प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुनु भन्दा १५ दिन अगाडि बस्नुपर्थ्यो। यहाँ प्रदेश भरिका स्थानीय तहमा २ वर्ष काम गरेर अनुभव बटुलेर आउनु भएका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षहरू हुनुहुन्छ। उहाँहरूको अनुभवहरू प्रस्तुत गराउने, मन्त्रीज्यूहरू बैठकमा उपस्थित भएर सुन्ने र सचिवहरूले आ-आफ्ना विषयहरूमा टिपोट गर्ने गरेको भए स्थानीय तहका समस्या, दु:ख र पीडा प्रदेशका मन्त्रीज्यूहरू र सचिवज्यूहरूले बुझ्ने अवसर पाउने थिए। नीति र कार्यक्रममा समावेश गर्न पाउने थिए। प्रदेश र स्थानीय तह बीच समन्वय गर्ने यो भन्दा ठूलो अवसर अरु हुन सक्दैन। यो बैठक अन्तरक्रियात्मक हुनुपर्नेमा जोड दिंदै बैठकको रूपरेखामा परिवर्तन गर्न आग्रह गर्‍यौं र हामीले बोल्न पायौं।

हामी प्रदेश समन्वय परिषद्को बैठक बस्दैछौं। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०५ बमोजिमको यो बैठक प्रदेशको सर्वोच्च तहको बैठक हो। कामकारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकारको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा आज यो महत्त्वपूर्ण बैठकमा छलफल हुँदैछ।

हामी चालु आर्थिक वर्षको करिब अन्तिम समयमा छौं। प्रदेश ३ को बजेट २६ प्रतिशतमात्रै खर्च भएको सुन्दैछौं। यसको कारणबारे समीक्षा गरेर मात्रै आगामी वर्षको बजेट तयारी गर्नु पर्दछ।

संविधानले ३ तहको सरकार गठन गरेको छ। संघ र प्रदेशलाई नीति निर्माणको जिम्मेवारी र स्थानीय तहलाई नीति निर्माणको साथै विकास निर्माणको समेत जिम्मेवारी तोकिएको छ। संघ र प्रदेश आ-आफ्नो क्षेत्रभित्र रही नीति निर्माणमा केन्द्रित भएर विकास बजेट स्थानीय तहमा पठाउने व्यवस्था गरियो भने आजको भन्दा विकास तीव्र गतिमा अगाडि बढ्ने देखिन्छ।

स्थानीय तह बलियो भए प्रजातन्त्र बलियो हुन्छ। केन्द्रको अधिकार प्रदेशसम्म मात्रै पुर्‍याउने सोच गाउँगाउँमा सिंहदरबार नारा विपरीत छ।

सांसदहरू विकासे कार्यकर्ताको रूपमा सक्रिय हुनु उचित होइन। विगतमा स्थानीय जनप्रतिनिधि नहुँदा विनियायेजन गरिएको सांसद विकास कोषले निरन्तरता मात्रै होइन अझ संघले वृद्धि गरेको छ। यो संघीयता र संविधानको भावनाअनुरूप छैन। प्रदेश सरकारले यसबारे सोच्ने जरुरी छ। स्थानीय तहको आवश्यकतालाई प्राथमिकता दिएर तहको क्षमता समेतलाई ध्यानमा राखेर बजेट विनियोजन हुनु आवश्यक छ।



प्रमुख सुनिल प्रजापति

प्रदेशको सन्तुलित विकास हाम्रो साझा उद्देश्य हो। साझा उद्देश्यको लागि संविधानको भावना अनुसार स्वायत्तता हुनुपर्छ। देशमा संघीयता लागु भएको छ। व्यवहारमा संघीयता कार्यान्वयनमा असहजता देखिन्छ। संघीयताको अर्थ शक्तिको विकेन्द्रीकरण हो। काठमाडौं केन्द्रित विकासलाई देशको सन्तुलित विकासमा रूपान्तरण गर्नु हो। सा-साना कामको लागि नेता वा मन्त्रीहरूको चाकरी गर्नुपर्ने प्रथाको अन्त्य गर्नु हो।

स्वायत्तताको अर्थ संविधान र कानुनले दिएको अधिकार भित्र रहेर स्वतन्त्र काम गर्न पाउनु हो। तर संघ सरकारले स्थानीयतहको अधिकारमाथि हस्तक्षेप गर्दैछ।

संविधानले मावि तहसम्मको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएको अवस्थामा विगतको जिल्ला शिक्षा कार्यालयलाई पुन:स्थापित गर्ने कोसिस गर्दैछ। शिक्षकहरूको रिक्त दरबन्दी पूरा गर्न ७७ वटै जिल्ला शिक्षा इकाइलाई पत्राचार गर्नु, कर्मचारीहरू केन्द्रबाटै पठाउनु स्वायत्तत विपरीत मात्रै होइन, संविधानको विपरीत पनि छ। वन र कृषिको पनि स्थिति त्यस्तै छ। पुरातत्वको बजेट स्थानीय तहमा आएको समेत फिर्ता लगिएको छ।

प्रदेश र स्थानीयतह केन्द्रको मातहतमा चल्ने, निर्देशन पालना गर्ने इकाइ होइनन्। केही समय अघि प्रम ओलीले प्रदेश र स्थानीय तहलाई संघको इकाइको रूपमा व्याख्या गर्नुभयो। त्यसमा हाम्रो आपत्ति छ।

तीन तहको सरकार संविधान बमोजिम काम गर्न स्वायत्त छन्। समन्वय र समझदारीमा चल्ने हो। कोही कसैको मातहतमा बस्ने वा आदेश निर्देशन पालना गर्न आवश्यक छैन। राजतन्त्र समाप्त भए पनि राजतन्त्रात्मक मानसिकता समाप्त भएको छैन।

'गुठी सम्बन्धी विधेयकबारे केही विरोध सुनिएको छ। केही मानिसहरू विधेयक खारेजीको माग गर्दैछन्। गुठीको जग्गा केही महन्त, मठाधिसहरूले खाइरहेका छन्। त्यो सामन्तवादी प्रथा थियो। सामन्तका नाइके राजा वा राजतन्त्र समाप्त भएको दशक भइसक्यो। सामन्तवादका जराहरू बाँकी छन्। त्यसलाई पनि खारेज गर्नुपर्छ।

गुठी जग्गा कमाउने धेरै मोहीहरू छन्। तिनीहरूले मोहियानी हक पाएका छैनन्। मोहीहरू गुठी जग्गा रैतानी गर्नबाट बञ्चित छन्। २०६४ सालमा सर्वोच्चको फैसलाले रैतानी रोकेको हो। गुठी जग्गा कमाउने मोहीले रैतानीको अधिकार पाउनुपर्छ।

'आम्दानी जति गुठीले संकलन गर्ने, चाड पर्व, जात्रा-संस्कृति सञ्चालनमा ध्यान नदिने हुँदा गुठी संस्थानहरूलाई खारेज गर्नुपर्छ। गुठीका सबै काम स्थानीयतहलाई दिने कानुनी बन्दोबस्त गरिनुपर्छ। मठ-मन्दिरहरू स्थानीय जनताका आयस्रोत बनाउनुपर्छ।

सरकारले संविधान विपरीत काम गर्ने होइन। संविधान बाधक छ भने दुईतिहाइको सरकारले संशोधनगर्न सक्छ।

सरकार ठेकेदारको घेरामा छ। कमसल निर्माण गरेर देशको ढुकुटी लुटिरहेको ठेकेदार सामु सरकारले आत्मसमर्पण गर्‍यो। यसले देशलाई राम्रो गर्दैन।

विद्यालयहरूमा नर्स पठाउने प्रदेश सरकारको नीति छ। यसको सफलताको लागि आवश्यक बजेट स्थानीयतहलाई पठाउने र नर्सको छनोट गर्ने अधिकार स्थानीयतहलाई दिइनुपर्छ।

प्रदेश भरी नै हाम्रा सम्पदाहरू धेरै छन्। त्यसको संरक्षणको लागि प्रदेश सरकारले उचित बजेट र काठ सहज उपलब्ध हुने व्यवस्था गर्नुपर्छ।

सम्पदाको मौलिकता जोगाउने हो भने स्थानीय जनताकै उपभोक्ता समितिमार्फत काम गर्न जोड दिनु आवश्यक छ। उपभोक्ता समितिबाट काम गराउँदा सम्पदा प्रति अपनत्व कायम हुने, मौलिक स्वरूपको संरक्षण हुने र स्थानीय जनताले रोजगारी पाउने हाम्रो अनुभव छ।

योजनाहरू बनाउँदा करोडभन्दा कमको स्थानीयतहले २५ करोडसम्म प्रदेशले र २५ करोड माथिको योजना संघले गर्ने गरेको खण्डमा योजनाहरूमा कुनै अस्पष्टता हुनेछैन।

नाराले देश समृद्ध र सुखी नेपाली हुने होइन। त्यो अनुसारको व्यवहार हुनुपर्छ।

भक्तपुर नगरपालिकाले २५ शय्याको ख्वप अस्पताल स्वीकृति लिएर १०० शय्याको अस्पताल निर्माण गरिरहेको छ। भक्तपुर नगरपालिकाले ३ वटा जनस्वास्थ्य केन्द्र सञ्चालन गर्दैछ, दैनिक ५०० भन्दा बढी बिरामीको सेवा गरिरहेको छ र १६ जना विशेषज्ञसहित ३० जना डाक्टरहरू कार्यरत छन्। घर-घरमा नर्सिङ सेवाको व्यवस्था गरेको छ।

साथै दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन् र मनाङ बाहेक देशका सबै जिल्लाका जनताका छोराछोरीहरूले सस्तोमा गुणस्तरीय शिक्षा पाइरहेका छन्। स्थानीय तहलाई अधिकार दियो भने हरेक कुरा सम्भव छ भन्ने कुरा यो एक उदाहरण हुनसक्छ।

*(प्रदेश समन्वय परिषद्को दोस्रो बैठकमा जेठ ३० गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

### ट्राइसाइकलमार्फत फोहोर सङ्कलनबारे सूचना !

ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरलाई सफा, स्वच्छ र सुन्दर बनाउन नगरबासी दाजुभाई दिदी बहिनीहरूले सहयोग गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दै नगरको फोहोरमैला सङ्कलन कार्य लाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन ***यही २०७६ जेठ १ गतेदेखि*** ट्राइसाइकलमार्फत सबै वडामा घर-पसल/व्यवसाय/कार्यालयको कुहिने नकुहिने फोहोर अलग्ग-अलग्ग सङ्कलन गरिने व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

***प्रत्येक वडामा अलग्ग ट्राइसाइकलको बन्दोबस्त गरी एक दिन कुहिने फोहोरमात्र र अर्को दिन नकुहिने फोहोरमात्र सङ्कलन गरिनेछ ।***

**फोहोर सङ्कलन गरिने समय**
**हरेक दिन बिहान ६:00 बजेदेखि १0 बजे सम्म**
**दिनको २ बजेदेखि ५ बजे सम्म**

- घर-घरबाट नै कुहिने र नकुहिने फोहोर छुट्याएर सङ्कलनकर्तालाई देऔं।
- घर, पसल, व्यवसाय, कार्यालयको फोहोर जथाभावी सडकमा नफालौं, सभ्य नागरिकको परिचय देऔं।

**<u>का.रोहितसँगको अन्तरवार्ता</u>**

# s0ff{hL lhNnfdf 3g / xF; ofsf]/ftf]em08f bJbf ljbzLx¿ ;d]t cGofhdf

*(नेपाल मजदुर किसान पार्टीका अध्यक्ष, वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें (रोहित) नेपालको कम्युनिष्ट आन्दोलनका एक अविचलित सिद्धान्तनिष्ट र जनताका सच्चा सेवकका रूपमा परिचित छन् । कम्युनिष्टहरू अन्तर्राष्ट्रवादी हुन्छन् । एक सच्चा कम्युनिष्ट कुनै एक गाउँ, जिल्ला वा राष्ट्रमा मात्र सीमित हुनसक्दैन । निर्वाचनबाट समाजवाद आउँछ भन्ने सोच मार्क्सवादी लेनिनवादी होइन भन्ने सोचका साथ अगाडि बढ्नु भएका वैचारिक संघर्षका धनी का. रोहितले सैद्धान्तिक मतभेद र विचलित कम्युनिष्टहरूसँग संघर्ष गर्दै २०३१ सालमा तीन अञ्चलका साथीहरूसँग मिलेर नेमकिपा स्थापना गर्नुभएको थियो । पार्टी स्थापनापछि नेपालका विभिन्न दुर्गम, सुगम जिल्लाहरूमा सांगठनिक गतिविधिहरू गर्दै जनताको आन्दोलनलाई अगाडि बढाउनुभयो र अगाडि बढाउँदै हुनुहुन्छ । पार्टी स्थापनाकालदेखि पार्टी फुटाउने, मार्क्सवादी ज्ञान नभएको जस्ता गलत आरोपहरू लगाउँदै विचलन गर्न नखोजेका होइनन् । 'सिद्धान्तहीन एकता भन्दा फुट धेरै जाति' भन्दै संशोधनवादको विरुद्धमा आवाज उठाउँदै प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी संघ–संस्थामा गइ जनताको सेवा गर्नुपर्ने लेनिनवादी सिद्धान्तलाई अंगिकार गर्दै चुनावलाई वर्ग संघर्षकै रूपमा उपयोग गर्दै आउनुभएको सत्यतथ्य कार्यबाट आँखा तिरमिराएका नक्कली कम्युनिष्टहरूले का.रोहितलाई घुमाइफिराइ भक्तपुरे नेता, भक्तपुरमा सीमित नेमकिपा जस्ता गलत आरोपहरू लगाउँदै आएका छन् । शिष्ट भाषामा होस् या अशिष्ट भाषामा यस्तै कुरा फलाक्नेहरू समय–समयमा विभिन्न रूप लिएर आउने गर्छन् । सोही क्रममा नयाँ पत्रिका २०७६ जेठ ६ गतेको वीरेन्द्र ओलीले 'भादगाउँ नगरीका सदाबहार नारायणमान' शीर्षकको लेख छाप्दा हामीलाई खुल्दुली लाग्यो । यही विषयमा केन्द्रित रही उहाँसँग भक्तपुर मासिकले लिएको अन्तरवार्ता)*

**१. भादगाउँ नगरीको सदाबहार 'नारायणमान' बारे तपाईको टिप्पणी ?**

उत्तरः २०१३–१४ सालदेखि नै म भक्तपुर नगरमा मात्रै होइन भक्तपुर जिल्लाका २१ वटै गाउँ पालिकाहरूमा पनि गतिविधि गर्थें । नगरमा म भन्दा पुराना कार्यकर्ता र किसान साथीहरू पनि सक्रिय थिए ।

त्यस्तै २०१७ साल पछि छिमेकी जिल्लाहरूमा हाम्रो सम्पर्क र संगठन कार्यमा म पुग्थें । काठमाडौं, काभ्रे र सिन्धुपाल्चोकमा हाम्रा किसान साथीहरू सक्रिय थिए । २०२६–२७ सालमा सिन्धुपाल्चोकको पहिलो भोकमरी आन्दोलन हाम्रै साथीहरूको अगुवाइमा भएको थियो र काठमाडौंको जिल्ला पार्टी सचिवालयमा आफै नियुक्त भएँ ।

भूमिगत कालपछि सन् १९७०–८० सम्म भारतमा आत्मनिर्वासन र सुरुमा पी.एल. को नेतृत्वको नेकपाको केन्द्रीय सदस्य थिएँ । त्यसबेला बाग्मती, नारायणी र जनकपुर अञ्चलको इन्चार्ज थिएँ । जनकपुर अञ्चलको विभिन्न गाउँमा साथीहरू प्रारम्भिक रूपमा सक्रिय थिए । पछि सगरमाथा अञ्चल र कोशी अञ्चलका साथीहरू समेत सम्पर्कमा थिए ।



१० माघ २०३१ मा नेपाल मजदुर-किसान पार्टीको स्थापना भयो। चितवनको किसान आन्दोलन र जुगेडी संघर्षमा हाम्रै साथीहरू सक्रिय थिए।

पी.एल. को बनारसको केन्द्रीय समितिमा हाम्रो सैद्धान्तिक र भावनात्मक मतभेदको कारण नै तीन अञ्चलका साथीहरू मिलेर नेमकिपा गठन भएको थियो। सोभियत कम्युनिष्ट पार्टी 'रुसी सामाजिक-साम्राज्यवादमा पतन' भएको, पूर्वी पाकिस्तानमा रुसकै सहयोगमा भारतीय विस्तारवादले पूर्वी बंगालमा सशस्त्र हस्तक्षेत गरी बंगलादेश बनाएको र सिक्किमलाई भारतमा विलय गरेको बारे पार्टीमा हाम्रो दृष्टिकोण फरक थियो। त्यस्तै नेपाली कांग्रेसकै बलमा समाजमा आमूल परिवर्तनको आशा र पार्टी संगठनकै आधारमा मजदुर र किसान संघर्ष गर्दा पञ्चायत र राजालाई फाइदा हुने विचारसँग हामी सहमत थिएनौं।

केही साथीहरूले हामीलाई पार्टीमा फुट ल्याएको आरोप लगाए। हामीलाई सो आरोप लगाउने लुम्बिनी अञ्चलका सक्रिय साथीहरू नै 'झापा समूह' मा सामेल भए।

सन् १९७५ पछि नेमकिपा कर्णाली र भेरी मा सक्रिय भयो। यस अर्थमा नेमकिपा भक्तपुरमा मात्रै सीमित रहेको अनुमान पूर्णरूपमा गलत हो। २०३६ सालपछि पनि नेमकिपा पूर्वदेखि पश्चिमसम्म अन्य दलहरूसँग जनमत संग्रह र महाकाली सन्धिको विरोधमा सक्रिय रह्यो। यसरी म आफै पनि साथीहरूसँगै निरन्तर संघर्षमा छु। भक्तपुरको 'सदाबहार' व्यक्तिको रूपमा होइन।

**२. के एक अन्तराष्ट्रवादी कम्युनिष्टको 'सपना र जपना' र 'सम्पूर्ण राजनीतिक शक्ति भक्तपुर' मै खन्याई रहँदै हुनुहुन्छ ?**

उत्तरः हरेक मार्क्सवादी-लेनिनवादीको उद्देश्य आ-आफ्नो देश र संसारमै समाजवादको स्थापना गर्नु र साम्यवादी समाजमा रूपान्तरण गर्नु स्वाभाविक हो। नेमकिपाको शक्ति अर्थात् जनशक्ति, जनताबाट उठाएका चन्दाबाट छापिएका पुस्तक, पत्र-पत्रिका र सबै प्रकाशनहरू देशमा बहुसंख्यक जिल्लाहरूका संगठनहरूमा पुग्दछन्। अन्तरक्रिया र गोष्ठीहरू पत्रपत्रिका र प्रकाशनकै विषयमा हुन्छन्। यसरी नेमकिपाका हर प्रकारको शक्ति देश भरी छरिएको हुन्छ र खर्च हुँदैछ।

**३. 'सय वर्षपछिको भक्तपुर' के उद्देश्यले लेख्नुभएको हो ?**

उत्तरः सय वर्षपछि अर्थात २१ औं शताब्दीमा संसारमा समाजवादको स्थापना हुनेछ। यसको अर्थ विभिन्न महादेशका देशहरूमा समाजवादको स्थापना विभिन्न चरणमा हुने छन् भन्ने मेरो अध्ययनको आधारमा लेखें। त्यसबेला प्राचीन भक्तपुरमा पनि साहित्य र संस्कृतिको विकास भएको, 'नाचगानको राजधानी' र वास्तुकलाको नमुनाको सहर थियो। राम्रा विचार, कला, संस्कृति र वास्तुकला पनि पछि कायम रहनु स्वाभाविक हो। भक्तपुरमा त्यसबेलाका जनतामा संसारका विभिन्न भाषा बोल्ने युवाहरू तयार हुने, विदेशी युवाहरू नेपाली संस्कृति, नेवारी र अन्य भाषा र संस्कृति अध्ययन गर्न आउने र विभिन्न जात-जाति र भाषाबारे अनुसन्धान गर्न आउनेछन्। त्यस समाजमा एकले अर्कोलाई शोषण गर्ने छैन भन्ने जस्ता कल्पना गरिएको छ। त्यो कोरा कल्पना नभई संघर्षको उद्देश्य समेत हो।

त्यो एक उदाहरण र एक परखनली वा 'टेष्ट ट्यूव' को रूपमा हेरिनु उपयुक्त हुन्छ। मानव समाज र सभ्यताका सुन्दर वस्तु र उपलब्धिहरूलाई संरक्षण र सुरक्षित राख्न संग्रहालय र संरक्षित क्षेत्रको बन्दोबस्त गरेको हुन्छ। नेपालमा पनि मूर्त र अमूर्त कला र संस्कृति जोगाउनु पर्ने ठाउँ र क्षेत्रहरू छन्।

**४. भक्तपुरमा नेमकिपाको आधार के भूमिसुधारको समर्थन र मोहियानी हकको संरक्षकमात्रै हो ?**

उत्तरः भक्तपुरमा कम्युनिष्ट आन्दोलन र किसान संघर्ष नेमकिपा स्थापनाभन्दा पहिलेदेखि नै थियो। नेपाल कम्युनिष्ट पार्टीको स्थापनाकाल २००७ सालपछि पनि लाल कम्युनिष्ट र किसान संगठन सक्रिय थियो।

नेमकिपा संगठन हुनु भन्दा पहिले र पछि किसानहरूको गुप्त रात्री कक्षाहरूमा बेलायती क्रान्ति, अमेरिकी स्वतन्त्रता आन्दोलन, फ्रान्सेली राज्य क्रान्ति, पेरिस कम्युन, रुसको १९०५ को क्रान्ति र १९१७ को फेब्रुअरी र अक्टुबर क्रान्तिदेखि चिनियाँ जनवादी क्रान्ति, कोरिया र भियतनाममा अमेरिकी साम्राज्यबादी आक्रमण विरोधी लडाइँ आदिबारे अध्ययन र अध्यापन हुन्थ्यो।

मार्क्स, एंगेल्स, लेनिन, स्तालिन, माओ त्सेतुङ, होचि मिन्ह, किम इल सुङ र क्यास्ट्रोसम्मका कम्युनिष्ट नेताहरूको जीवनी र रचनाहरूको चर्चा हुन्थ्यो । यसरी भक्तपुरमा नयाँ किसान कार्यकताहरूले भारतको तेलंगाना आन्दोलन (१९४७-१९५२) देखि नक्सलबाडी आन्दोलनसम्मका जानकारी राख्थे । त्यसबेलाका कति किसान कार्यकर्ता केही काल गतिले मरे र केही शहीद भए । जोताहा हक (मोहियानी) को आन्दोलन र भूमिसुधार र अन्य केही पक्षलाई किसान कार्यकर्ताहरूले सहकारी संस्थामा भएको भ्रष्टाचार विरोधी आन्दोलनको रूपमा लिए । त्यसबाट ऋण मुक्ति र अन्य जीवनस्तरमा प्रभाव पार्ने परिवर्तन भयो । त्यसले भक्तपुरमा शिक्षा र संस्कृतिमा परिवर्तन ल्यायो तथा व्यापार र स-साना उद्योगधन्धाको विकासमा पनि टेवा पुऱ्यायो ।

**५. २०४८ साल र पछिको निर्वाचनमा नेमकिपाले जुम्ला, दैलेख र पश्चिमाञ्चलका अन्य जिल्लाबाट पनि मतहरू पाएको थियो, अब त भक्तपुरमा समेत चार क्षेत्रमध्ये एउटै क्षेत्रमा नेमकिपा सीमित भयो भन्ने बुझाईमा तपाईको टिप्पणी ?**

उत्तर: नेमकिपाको सफलता र कामदार जनतामा बढ्दै गएको चेतनाको स्तर एवं देशव्यापी राजनैतिक आन्दोलनमा दिएको योगदानलाई पूँजीवादी निर्वाचनको परिणामले मात्रै मूल्याङ्कन गर्नुहुन्न । २०३६ सालको आन्दोलन र जनमत संग्रहमा कर्णाली जिल्लाको जुम्लामा घन र हँसियाको रातो झण्डा देख्दा विदेशीहरू समेत अन्योलमा थिए । त्यस्तो दुर्गम जिल्लामा रातो झण्डा फहरिंदा र बहुदललाई आएको मतबारे नेमकिपाका कार्यकर्ता र समर्थकहरू आज पनि गौरव गर्छन् । हुम्ला, मुगु, डोल्पा, कालिकोट, दैलेख, सुर्खेत, अछाम आदि जिल्लामा साथीहरू सक्रिय थिए ।

गाउँ-गाउँ र गरिबका घर-घरमा नेमकिपाको प्रचार र संगठनले देशी र विदेशी प्रतिक्रियावादीहरू झस्के र एक भए । भक्तपुर जिल्लामा जस्तै अन्य जिल्लाहरूमा पनि नेकां, एमाले, राप्रपा, एमाओवादी, मधेशवादी आदि सबै नेमकिपाको विरोधमा पटक-पटक एक भए । यसमा हामीलाई आश्चर्य छैन, किनभने संसारका सबै काग कालै हुन्छन् । २०४८ र २०५१ सालको संसदीय निर्वाचन र स्थानीय निर्वाचनमा कर्णाली र भेरीमा नेमकिपाको प्रदर्शनले तथाकथित कम्युनिष्ट र प्रतिक्रियावादीहरू एक भए ।

विकसित देशहरूमा समेत पैसाको खोलो बगाएर, धर्म प्रचारकहरू लगाएर तथा दैनिक आवश्यकताका सामानहरू बाँडेर, टर्चलाइट, मोबाइल, विभिन्न रंगी-विरंगी लुगाहरू बाँडेर निर्वाचनको बेला मतदान केन्द्रदेखि मतगणना गर्ने ठाउँसम्म कर्मचारी र प्रशासनका अन्य अंगहरूले सत्ताको पक्षमा धाँधली गर्नु त पूँजीवादी संसारकै सामान्य नियम भई आएको छ भने दुर्गम जिल्लामा त्यस्ता धाँधली बढ्दै गए । यसरी साधारण जनता र मतदाताहरूलाई झिलिमिलि र लोभलालचले प्रभाव पारे भने हाम्रो सचेत पार्टीको मत पुरानै अडानमा देखियो । यस अर्थमा हामी कमजोर भयौं भन्ने कुरा सत्य होइन ।

पूँजीवादी देश र व्यवस्थामा मजदुर वर्ग विजय हुने निर्वाचन क्षेत्रलाई समेत ४ टुक्रामा विभाजित गरेर सं.रा. अमेरिकादेखि भारतसम्म मजदुरहरूलाई निर्वाचन हराउने जालझेल गर्ने विषय जगजाहेर छ । नेमकिपालाई नेपालमा त्यस्तै अन्याय गर्दै छ, तर नेमकिपाको उद्देश्य, सिद्धान्त र सङ्घर्षशीलतामा कतै विचलन भएको छैन र कमजोर पनि भएको छैन ।

**६. नेमकिपाको आधार नै नगरपालिका हो भने भारतमा जस्तै पश्चिम बंगाल, त्रिपुरा र केरालामा भाजपा(मार्क्सवादी) जस्तै सफाया हुँदैन र ?**

उत्तर: लेनिनवादी सिद्धान्तअनुसार नेमकिपा साधारण जनतालाई पूँजीवादी प्रभावमा छोड्नुहुन्न् भन्ने पक्षमा छ । यसकारण नेमकिपाले प्रतिक्रियावादी भन्दा प्रतिक्रियावादी संघ-संस्थामा गएर जनताको सेवा गर्दैछ र निर्वाचनलाई पनि वैचारिक संघर्षको रूपमा प्रयोग गर्दैछ । निर्वाचन जित्नलाई अरु कुनै अवसरवादी र नक्कली कम्युनिष्टसँग एकता नेमकिपाले गर्दैन । नेमकिपाले सदनमा होस् वा सडकमा पूँजीवादी ऐन-कानुन, सरकारका जनविरोधी नराम्रा कामहरू, देशको अहितमा भएका सन्धि-सम्झौताहरूलाई जनतामा उदांग्याउने र जनतालाई सचेत पार्ने काम गर्दै आएको छ र गर्दै जाने छ ।

तर भारतको निर्वाचनबारे पछि छुट्टै छलफल गरौंला ।

भक्तपुर नगरपालिकाको पाँचौं नगरसभाका केही झलकहरू






भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र बेजिङ्ग युनिभर्सिटी अफ हेल्थ साइन्स सेन्टर पिपुल्स रिपब्लिक अफ चाइनाबाट भक्तपुर भ्रमणमा आउनुभएका प्रतिनिधिमण्डलबीच खिचिएको सामुहिक तस्बिर





भक्तपुर नगरपालिकाको पाक्षिक सरसफाइ, दरबार क्षेत्र (माथि) मंगलतिर्थ (तल)








शिशुस्याहारका शिक्षिका-कर्मचारीबीच छलफल



भक्तपुरको रानी पोखरी पुन:निर्माण स्थलगत निरिक्षण



छाती पुन:स्थापना केन्द्रको बन्द गरेको भवन अवलोकन



भक्तपुर बाराहीस्थान स्थित खोला निरीक्षण

# dᵾntLy{b]lv /fddlGb/;Dd ;/;kmfO

भक्तपुर नगरपालिकाले असार १५ गते भक्तपुर नपा वडा नं. ३ मंगलतीर्थदेखि राममन्दिरसम्म सरसफाइ गऱ्यो ।




नगरपालिकाको पाक्षिक सरसफाइअन्तर्गत भएको उक्त सरसफाइ कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले देशैभरि खेला सफाइ चुनौतीको



मंगलतीर्थमा सरसफाइ गर्दै

विषय भएको बताउनुहुँदै दीर्घकालीन सफाइको निम्ति जनतालाई सचेत बनाउन आवश्यक भएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले हनुमन्ते खोला सुधारका कार्यहरुलाई अगाडि बढाइरहेको प्रसंग कोट्याउनुहुँदै खुला जग्गा संरक्षण र सम्भावित बाढीबाट जोगिन उपायहरुमा ध्यानमा दिएर काम गरिरहेको बताउनुभयो ।

वातावरण तथा पर्यटन समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले सार्वजनिक ठाउँहरु सफा गर्नु नागरिक दायित्व भएको बताउनुहुँदै भक्तपुरका जनप्रतिनधि, कर्मचारी तथा स्थानीय जनताले स्वयम्सेवी हिसाबले सरसफाइलाई निरन्तरता दिइरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले स्थानीय जनतालाई सरसफाइबारे चेतना दिन र सचेत बनाउन नियमित सरसफाइ गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवाल र कार्यपालिका सदस्य सुनिता अवालले पनि बोल्नुभएको थियो ।



मंगलतीर्थ सरसफाइ को फोहर गाडीमा लोड गर्दै



मंगलतीर्थमा सरसफाइ गर्दै महिला कर्मचारी

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७५ फागुन २ गते बिहीबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### अन्तर नगर कराते प्रतियोगिता

भक्तपुर नगरपालिकाकाको आयोजनामा यही २०७५ फागुन ५ गतेदेखि ७ गतेसम्म हुने अन्तर नगर कराते प्रतियोगिता फागुन ५ गते उद्घाटन समारोह एवं समापन तथा पुरस्कार वितरण समारोह एवं फागुन ७ गते समापन तथा पुरस्कार वितरण समारोहको कार्यक्रम गर्ने निर्णय गरियो।

### विविध

क. भक्तपुर नगरपालिकामा यही २०७५ माघ २५ गतेदेखि प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेल अनिवार्य सेवा निवृत्त भएकोले नगरपालिकाको नियमित प्रशासनिक कार्यमा बाधा नपर्ने गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यसै नगरपालिकाका वरिष्ठ आर्किटेक्ट ई. श्री रामगोविन्द श्रेष्ठलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत भई कार्य गर्न जिम्मेवारी सहितको पत्र प्राप्त भएको बैठकमा जानकारी गराइयो।

ख. यस नगरपालिकाका प्रमुख सुनिल प्रजापति र वडाअध्यक्ष हरिराम सुवाल यही २०७५ फागुन २, ३, ४ गते नेपालगञ्ज उमहानगरपालिकासहित बांके जिल्लाका नगरपालिकाहरूमा भ्रमणमा जानु हुने व्यहोरा बैठकमा जानकारी गराइयो।

ग. आर्थिक सहयोग सम्बन्धमा छलफल हुँदा निम्न अनुसार दिने निर्णय गरियो :

अ. भ.न.पा. वडा नं. ४ वडा खेलकुद समितिलाई नगद रु. ५०,०००।–

### समितिको निर्णयहरू अनुमोदन

#### निर्माण समिति

मिति : २०७५/११/०१ गतेको निर्माण समिति निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र.सं. | योजनाका विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई.रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शहिदस्मृति खेलमैदान पूर्वतर्फ बाउन्डरी वाल निर्माण | २ | १६०,७७२।८८ | | | | | | खेल मैदान शीर्षक | |
| २ | शहिदस्मृति खेलमैदान चारैतिरको जालीमा रंगरोगन | २ | १५५,०८६।५६ | | | | | | खेल मैदान शिर्षक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख) म्याद थप सम्बन्धमा | | | | | | |
| १, | सल्लाघारी रिजर्भवायर ट्यांकी निर्माण | १ | उपभोक्ता समिति अध्यक्ष गणेशभक्त कोजू | मिति २०७६ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |
| ग) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा | | | | | | |
| १ | भुलांचा अरनिको हाइवे जोड्ने बाटो मर्मत कार्य | ४ | उपभोक्ता समिति अध्यक्ष समीर प्रजापति | अनुगमन समिति संयोजक पुष्कर प्रजापति | | |
| २ | कमलविनायक वसपार्क ढलान बाटो मर्मत कार्य | ९ | उपभोक्ता समिति अध्यक्ष कृष्णभक्त लवजू | अनुगमन समिति संयोजक ज्ञानबहादुर मगजू | | |

## मिति २०७५ फागुन २० गते सोमबार

## निर्णयहरू

### निवर्तमान प्रमुख प्रशासकीय अधिकृतको बिदाई

यस नगरपालिकाको गत २०७५ माघ २४ गते उमेरको कारण अनिवार्य सेवा निवृत्त प्राप्त गरेका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत श्री रोहितराज पोखरेललाई नगरपालिकाको तर्फबाट २०७५ फागुन २१ गते विदाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

### भाज्या पोखरीसम्बन्धी गोष्ठी

यस नगरपालिका वडा नं. १ स्थित ऐतिहासिक भाज्या पोखरी तथा पोखरीको बीच भागमा भग्नावशेष रहेको पुरातात्त्विक मन्दिर जीर्णोद्वारसम्बन्धी नगरपालिकाद्वारा इतिहासविद् प्रा. पुरुषोत्तम लोचन श्रेष्ठको संयोजकत्वमा गठित अध्ययन कार्यदलले प्रारम्भिक रूपमा प्रस्तुत गरेको प्रतिवेदनमाथि इतिहासविद्, संस्कृतिविद्, पुरातत्वविद्लगायत सरोकारवाला सबै पक्षहरूबीच २०७५ फागुन २७ गते अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने निर्णय गरियो :

### पुजारी मठ जीर्णोद्वार

भक्तपुर नगरपालिका वडा नं. ९ दत्तात्रयस्थित विश्व प्रसिद्ध मयूर झ्याल रहेको ऐतिहासिक पुजारी मठ पुनः निर्माणका लागि नगरपालिका सम्पदा उपशाखाबाट तयार गरिएको नक्सा डिजाइनसहित लगत इष्टिमेट रु.१८,३१,६२,२३५।५८।- (अक्षेरूपी अठार करोड ३१ लाख ६२ हजार २३५ रूपैया ५८ पैसा मात्र) पारित गर्ने निर्णय गरियो ।

### जग्गा सट्टापट्टा

ऐतिहासिक एवं पुरातात्त्विक क्षेत्रहरू जगनाथ क्षेत्र, साकोठा क्षेत्र तथा ताला दोम्फो क्षेत्रमा निजी आवास बनाइरहेका स्थानीय नगरवासीहरूसँग आपसी छलफल गरी लिवाली क्षेत्रमा नगरपालिकाको नाममा रहेका जग्गाहरूमध्ये उपयुक्त जग्गा सट्टापट्टा गर्नका लागि राय सुझाव दिन देहाय बमोजिमको पदाधिकारी रहने गरी ३ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो :

**तपसिल**

संयोजक : उकेश कवां
सदस्य : रविन्द्र ज्याख्व
सदस्य : महेन्द्र खायमली

### ख्वप अस्पतालको वातावरणीय प्रभाव

यस नगरपालिकाले निर्माण गरिरहेको ख्वप अस्पताल सञ्चालनसम्बन्धी वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (Environmental Impact Assessment Report) तयार गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

ख्वप एफ.एम. उपकरण खरिद

यस नगरपालिकाको आफ्नै स्वामित्वमा ५०० वाट क्षमताको ख्वप एफ.एम. सञ्चालन गर्न स्वीकृतिका लागि प्रदेश नं. ३ प्रदेश सरकारलाई पत्राचार गर्ने तथा एफ.एम. सञ्चालनका लागि आवश्यक उपकरणहरू खरिद गर्न प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

### विविध

**क.** अन्तर नगर कराते प्रतियोगिताको प्रचार-प्रसार स्वरूप

२०७५।१०।१० गतेदेखि २०७५।१०।१७ गतेसम्म सर्लाही, सिराहा, महोत्तरी, धनुषा, सप्तरी, मोरङ्ग, सुनसरीलगायतका जिल्ला भ्रमण गर्दाको खर्च रु.७७२५०।- बिल वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्रीले पेश भएकोमा सो **खर्चको भुक्तानी अनुमोदन** गरियो ।

**ख.** २०७५।११।०२ गतेदेखि २०७५।११।०५ गतेसम्म नेपालगञ्ज उपमहानगरपालिकासहित बाँके जिल्लाका विभिन्न नगरपालिकाहरूको अध्ययन भ्रमण गर्दाको खर्च रु.३५,३००।- बिल वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालले पेश भएकोमा सो **खर्चको भुक्तानी अनुमोदन** गरियो ।

**ग.** भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर नगर कराते प्रतियोगिताको लागि आवश्यक मेच उपलब्ध गराए वापतको रु.११,२००।- भक्तपुर टेण्ट हाउसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**घ.** भ.न.पा. वडा नं. ९ च्यामासिंहस्थित ख्वप अस्पताल भवन निर्माण कार्यको पेश गरेको विवरण अनुसारको डण्डी उपलब्ध गराएको सामानको जाँच गरी बिलअनुसार रु.१,६६,८५,७९३।७३ सुलोक ट्रेडिङलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ङ.** भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने सी. सी. क्यामेरा खरिद र जडान कार्य गर्न मिति २०७५।१०।१७ गते 'मजदुर' दैनिक पत्रिकामा प्रकाशित विज्ञापनअनुसार म्यादभित्र ४ (चार) वटा मात्र सिलवन्दी दरभाउपत्र पर्न आएकोले मिति २०७५।११।३ गते भ.न.पा. सभा कक्षमा विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली मिति २०७५।११।८ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट नियमानुसार भएको र बोल रकममा सबभन्दा कम रकम उल्लेख गर्ने थर्ड आई ईन्टरप्राईजेज्को भ्याटसहित रु.१२,७५,७२४।८० (अक्षरूपी बाह्र लाख पचहत्तर हजार सात सय चौबिस र पैसा असीमात्र) को सिलवन्दी दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने सिफारिस भएअनुसार मिति २०७५।११।९ गतेको 'मजदुर' दैनिक पत्रिकामा दरभाउ पत्र स्वीकृतिको आशय पत्र समेत प्रकाशित भइसकेको, म्यादभित्र कुनै पनि संघ, संस्था वा सप्लायर्सबाट दाबी विरोध पर्न नआएको हुँदा थर्ड आई ईन्टरप्राईजेज्को सिलवन्दी दरभाउपत्र/बोलपत्र स्वीकृति गरी खरिद गर्ने निर्णय गरियो ।

## समितिको निर्णय अनुमोदन

**सहकारी अनुगमन समिति**

**मिति २०७५।११।१७ गते**

**१.** भक्तपुर नगरपालिका सहकारी संस्था अनुगमनबाट मिति २०७५ साल फागुन २१ गते, मंगलबारका दिन दिउंसो ११:०० बजे भ.न.पा. १ इताछेंस्थित सूर्यकिरण बचत तथा ऋण सहकारी संस्थामा अनुगमन गर्ने निर्णय गरियो ।

**२.** सहकारी अनुगमन समितिको तर्फबाट गर्ने अनुगमनको क्रममा प्रति दिन नगरपालिकाको नियमानुसार पाउने रु.३००।- भत्ता सम्बन्धमा छलफल गरी भ.न.पा. बोर्ड बेठकमा पेश गर्ने निर्णय गरियो ।

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति २०७५।११।१० गते**

**१.** विश्वविद्यालय तहमा राजनीति शास्त्र, इतिहास, भूगोल, संस्कृति र कला, नेपाल भाषामा उच्च शिक्षा हासिल गर्न चाहने तथा अध्ययनरत नगरवासी विद्यार्थीहरूलाई यस नगरपालिकाको तर्फबाट छात्रवृत्ति प्रदान गर्न नगरवासी विद्यार्थीहरूलाई खुल्ला दरखास्त आह्वान गर्ने र १५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**२.** विभिन्न विषयहरूमा विश्वविद्यालय तहमा स्नातक र सोभन्दा माथिल्लो तहमा अध्ययन गर्न चाहने र अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक ऋण प्रदान गर्ने निर्णयअनुसार शैक्षिक ऋण लिन चाहने नगरवासी विद्यार्थीहरूलाई एक महिनाभित्र नगरपालिकामा दरखास्त राख्न सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मिति २०७५।११।१४ गते**

**१.** मिति २०७५ फागुन १६ गते भनिएको कार्यक्रम सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम भएको हुँदा सो कार्यक्रमलाई मिति २०७५।११।१७ गते भनपा सभाकक्षमा दिनको २:०० बजे गर्ने निर्णय गरियो ।

**२.** २०७५ फागुन १७ गतेको कार्यक्रमलाई निम्न अनुसार प्रमुख अतिथि, अतिथि तथा जिम्मेवारी दिइयो :

तपसिल

प्रमुख अतिथि : श्री सुनिल प्रजापति
अतिथि : श्री रजनी जोशी
सभापति : श्री रोशनमैया सुवाल
स्वागत : श्री कृष्णलक्ष्मी दुवाल
सञ्चालन : श्री सरिना द्योला

सबै तालिमका प्रथम, द्वितीय, तृतीय र सान्त्वनाको लागि पुरस्कारको व्यवस्था गर्ने ।

**३.** निम्न अनुसारका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्ने निर्णय गरियो :

श्रावण-कार्तिक ३ महिने २०७५ कपाल काट्ने

शैलुनका प्रशिक्षार्थीहरूको नाम

१. कृष्णप्रसाद याकामी - भ.न.पा. २
२. संजिव स्वंगमिखा - भ.न.पा. ३
३. रिता नापित - भ.न.पा. ५
४. कृष्णकुमार सुवाल - भ.न.पा. ४
५. भिमसेन दर्शनधारी - भ.न.पा. २
६. बिनु नापित - भ.न.पा. २
७. सुशिला नापित - भ.न.पा. ६
८. गंगा प्रजापति - मध्यपुर
९. सिता थिके - भ.न.पा. ६
१०. बबिता प्रजापति - भ.न.पा. ७
११. अनु गोसाई - भ.न.पा. २
१२. देवेन्द्र कुसाथा - झौखेल
१३. सानु मैया नापित - भ.न.पा. ५
१४. रामगोपाल कपाली - भ.न.पा. ४
१५. दिनु वाटी - भ.न.पा. ३

**प्रशिक्षक लक्ष्मी नापित** - भ.न.पा. ६

२०७५ मंसिर-पुस-माघ (३ महिने) एड्भान्स (उन्नत) सिलाईका प्रशिक्षार्थीहरूको नाम

१. सुलोचना सुवाल - भ.न.पा. १०
२. शान्ति शाक्य - भ.न.पा. ९
३. उर्मिला शाक्य - भ.न.पा. ९
४. विन्द्रा मैया सिंख्वाल - भ.न.पा. ४
५. भुवनेश्वरी वन (जंगम) - भ.न.पा. ९
६. रिना बुद्धाचार्य - भ.न.पा. ९
७. जमुना श्रेष्ठ - भ.न.पा. ३
८. अनिता गोसाई - भ.न.पा. ७
९. श्रीजना ख्याजु - भ.न.पा. ८
१०. अनुराधा प्रजापति - भ.न.पा. ९
११. सुजता शाक्य - भ.न.पा. ८
१२. पुजा अवाल - भ.न.पा. २९
१३. रिता खाईजु - भ.न.पा. ९
१४. तिर्थ शोभा शाक्य - भ.न.पा.१०

**प्रशिक्षकहरू**

१. कृष्णमाया कवां - भ.न.पा. ७
२. कमला शाक्य - भ.न.पा. ९

२०७५ भाद्रदेखि माघ मसान्तसम्म (६ महिने) काष्ठकला तालिमका प्रशिक्षार्थीहरूको नाम

१. हरि सुवाल - २
२. राजन वैद्य - २
३. तिर्थ राम गोरा - ३
४. राम गोपाल गरु - ३
५. रमेश गलजु - ५
६. कृष्ण प्रसाद लागे - ७
७. जीवन बासी - ८
८. प्रविश प्रजापति - ३
९. दिनेश फोजु - १०
१०. सुरज राजचल - २
११. ओमिन सांयजु - १०
१२. रविन प्रजापति - १०
१३. सुनिता नखेत्रु - ९
१४. रेणु सुवाल - ८
१५. रिमा रंजितकार - ७
१६. सोना कोजू - ८
१७. रेणु सांयजु - १०
१८. अनु सुवाल - २

**प्रशिक्षकहरू**

१. विष्णुभक्त कुसी - ९
२. निर्मला कवां - ७

**आर्थिक समिति**

**मिति २०७५।११।१ गते**

**१.** २०७५ फागुन र चैत्र महिनालाई व्यवसाय दर्ता तथा कर संकलन महिनाको रूपमा सफल पार्ने र घर बहाल करको प्रभावकारी संकलन सम्बन्धमा कर उपशाखाबाट प्रस्ताव पेश भै प्रस्ताव उपर थप छलफल गरी निम्नानुसार गर्ने निर्णय गरियो ।

**क.** २०७५ फागुन र चैत्र महिनाभित्र व्यवसाय दर्ता गर्न आउने व्यवसायीहरूलाई अघिल्लो आर्थिक वर्षहरूको करमा ५० प्रतिशत छुट दिन बोर्ड बैठक समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**ख.** व्यवसाय दर्ता भएका तर नियमित कर नतिरेका व्यवसायीहरू २०७५ फागुन र चैत्रमा कर बुझाउन आएमा बक्यौता करको जरिवाना मिनाहा गर्ने ।

**ग.** कर संकलन अभियानलाई सफल पार्न वडा अध्यक्ष, वडा सचिव तथा वडा निरीक्षकहरूको भेला आयोजना गर्ने ।

**मिति २०७५।११।१३ गते**

**१.** २०७५ फागुन र चैत्र महिनालाई व्यवसाय दर्ता तथा कर संकलन अभियानको महिनाको रूपमा सफल पार्न पत्रपत्रिका, एफ.एम, पर्चा मार्फत सूचना प्रवाह गर्ने ।

**२.** उपरोक्त अभियानलाई सफल पार्ने सन्दर्भमा वडाअध्यक्षज्यूहरू, वडा सचिव तथा वडा निरीक्षकहरूको भेला मिति २०७५।११।२२ गते दिनको १:०० बजे भ.न.पा. सभाकक्षमा आयोजना गर्ने ।

**३.** भक्तपुर नगर क्षेत्रभित्रका बचत तथा ऋण सहकारी संस्थाका कर्मचारीहरूको लागि पर्ल्ससम्बन्धी तालिमको आयोजना गर्ने र सो तालिमको लागि आवश्यक स्टेशनरी सामग्री, खाजा र प्रशिक्षकहरूलाई नियमानुसारको पारिश्रमिकको व्यवस्थाको लागि न.पा. बोर्ड समक्ष अनुरोध गर्ने साथै सहभागी सहकारीबाट दर्ता शुल्क रु.१००।- ।

**मिति २०७५।११।१५ गते**

**१.** सहकारी कार्यक्षेत्र भ.न.पा. वडा नं. १ देखि १० सम्म विस्तार गरी पाऊं भनी तलेजु बचत तथा ऋण सहकारी

संस्था लि. कोलाछेंले निवेदन पेश गरेकोमा कार्य क्षेत्र विस्तारको स्वीकृति दिने तथा थालाछें बचत तथा ऋण सहकारी संस्था लि. थालाछें, भक्तपुरले विनियम संशोधन गरी पाऊं भनी विभिन्न ४ वटा परिच्छेद उल्लेख गरी मिति २०७५।८।१० गते निवेदन पेश गरेकोमा परिच्छेद १ को नगर क्षेत्रभित्रका सबै वडामा कार्य क्षेत्र विस्तार गर्न, परिच्छेद ८ को संचालकहरूको कार्यकाल ४ वर्षको हुने तथा परिच्छेद ९ को महिला उपसमिति सम्बन्धी संशोधनको स्वीकृति दिने तर परिच्छेद १० को जगेडा कोष बांडफांड सम्बन्धी संशोधन हाललाई स्वीकृति नदिने निर्णय गरियो ।

२. सहकारी संस्थाको कार्य क्षेत्र विस्तारको लागि माग आएमा नियमानुसार स्वीकृति दिंदा प्रति वडा विस्तारको रु.१०००।- को दरले अनुमति दस्तुर लिने प्रस्ताव बोर्ड बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

कृषि समिति

**मिति २०७५।१०।१० गते**

१. पशु सेवा कार्यक्रम सञ्चालनको लागि प्राप्त रु.५,७०,०००।- (अक्षेरेपी रु. पांच लाख सत्तरी हजार) शःशर्त अनुदान कार्यक्रममध्ये डिस्पेन्सरी सञ्चालनको लागि रु.३,५०,०००,- औषधी खरिद गर्न कोटेशन मागको सूचना प्रकाशित गर्ने र बाँकी रकम रु.२,२०,०००।- को कार्यक्रमलाई प्राथमिकीकरणको आधारमा कार्यक्रम तयार गरी सञ्चालन गर्ने निर्णय गरियो ।

२. कृषि सिंचाई कुलोको सःशर्त अनुदानलाई भ.न.पा. १० मा माग भएअनुसार पाइपलाइन स्थित तःध्याको कृषि सिंचाई कुलो बनाउने योजना स्वीकृति दिने निर्णय गरियो ।

## निर्माण समिति

**मिति : २०७५/११/१९ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :**

**क) ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| क्र.सं. | योजनाका बिवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई.र कम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ख्वप अस्पताल स्टोन मेसिनरी वालको बनाउने कार्यको लागि सिट पायलिङ्ग कार्य | ९ | २१४,७९६।७६ | | | | | | ख्वप अस्पताल | |
| २ | ख्वप अस्पताल सिट पायलिङ्ग कार्य | ९ | ४,९१५,०९७।७२ | | | | | | ख्वप अस्पताल | |
| ३ | नपा भवन परिसर स्वचालित सार्वजनिक शौचालयको लागि तहरा तथा पानी ट्याङ्की निर्माण कार्य | २ | ७,०४२,६५६।४७ | | | | | | | |
| ४ | तलेजू परिसरमा मधिकर्मीछें पुनःनिर्माण कार्य | ३ | ४,२२८,८०७।८२ | | | | | | | |
| ५ | तचपाल पुजारी मठ पुनः निर्माण कार्य | ९ | १८३,१६२,२३५।५८ | | | | | | | |

**ख) पेश्की फछ्र्यौंट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| क्र.सं. | योजनाका बिवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई.र कम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | थालाछें नागपोखरी पूर्व सडक मर्मत कार्य | १० | १,२७५,१५७।४५ | | ८९८,३२५।५२ | ४७६,९६०।०० | ४००,०००।०० | ७६,९६०।०० | सडक बोर्ड | थप पेश्की रू.४ लाख सिफारिस (क्रमागत योजना) |
| २ | सल्लाघारी १०८ रोपनी जग्गा संरक्षण कार्य | १ | ९,८०१,२९९।९७ | | ५,५४१,०९४।९६ | ३,१२०,०५४।०० | ३,०००,०००।०० | १२०,०५४।८८ | | थप पेश्की रू.३०लाख सिफारिस (क्रमागत योजना) |

ग) भुक्तानी सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शहिद स्मेति खेल मैदान चारैतिरको जालीमा रंगरोगन कार्य | २ | १५५,०८६।५६ | | १६९,१०५।५१ | बालाखु हार्डवेयर सेन्टर | १०८,३७९।०० | मर्मत कोष | खर्च समर्थन |

घ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

| | | | | |
|---|---|---|---|---|
| १ | हनुमानघाट मुद्धिपको उत्तरतर्फ पर्खाल निर्माण तथा वातावरण सुधार कार्य | ७ | उपभोक्ता समिति अध्यक्ष कृष्णराम बासी | अनुगमन समिति संयोजक हिरा ख्याजू |
| २ | महेश्वरी लिवाली बाटोमा पीच गर्ने कार्य | ८ | उपभोक्ता समिति अध्यक्ष बलराम प्रजापति | अनुगमन समिति संयोजक नवीन प्रजापति |
| ३ | वडा कार्यालय तथा शिशुस्याहार भवनमा तल्ला थप गर्ने कार्य | ८ | उपभोक्ता समिति अध्यक्ष भीमबहादुर प्रजापति | अनुगमन समिति संयोजक कृष्णगोपाल छुस्यावाग |
| ४ | सल्लाघारी नपली सेजनानगर सडक मर्मत कार्य | १ | उपभोक्ता समिति अध्यक्ष ललितकुमार घिमिरे | अनुगमन समिति संयोजक सुर्यप्रसाद श्रेष्ठ |
| ५ | महेश्वरी खोला सुधार कार्य | ८ | उपभोक्ता समिति अध्यक्ष श्यामसुन्दर बेकोजू | अनुगमन समिति संयोजक कृष्णगोपाल छुस्यावाग |
| ६ | स्मुति नगर बाटोमा ढुङ्गा छपाई | २ | उपभोक्ता समिति अध्यक्ष पुण्यराम स्वंगमिखा | अनुगमन समिति संयोजक स्यामसुन्दर मातां |
| ७ | कालीघाट सुधार कार्य | २ | उपभोक्ता समिति अध्यक्ष सानु बासुकला | अनुगमन समिति संयोजक बालमुकुण्ड बासुकला |

यस नगरपालिकाको लागि आवश्यक पदहरू सेवा करारमा लिन मिति २०७५।८।२१ गतेको दैनिक 'मजदुर'मा प्रकाशित सूचनाअनुसार म्याद भित्र पर्न आएका देहाएका पदहरूको विभिन्न मितिमा लिइएको अन्तर्वाता परीक्षामा सफल हुनु भएकोले योग्यता क्रमको आधारमा सेवा करारमा लिनको लागि मिति २०७५।११।२० बसेको पदपूर्ति समितिबाट सिफारिस भई आएको हुँदा योग्यता क्रमअनुसार सफल उम्मेदवारहरूलाई ३५ दिन भित्र सेवा करारमा सम्झौता गराउने निर्णय गरियो। उक्त म्याद भित्र नगरपालिकामा सम्पर्क राख्न नआएमा क्रमशः योग्यता क्रमअनुसार सूचीकृत उम्मेदवारहरूलाई सेवा करारमा सम्झौता गर्ने समेत निर्णय गरियो ।

**तपसिल**

**पद : सिभिल ईन्जिनियर**

**आवश्यक संख्या : २**

| योग्यता क्रम | सिम्बल नं. | सफल उम्मेदवारको नामथर |
|---|---|---|
| १ | ३५ | सुशील बासी |
| २ | ९ | राजन सुवाल |
| **सूचिकृत** | | |
| ३ | १२ | सागर बखुन्छे |
| ४ | १४ | नारायण काजी श्रेष्ठ |
| ५ | १३ | निकेशराज तुल्सीबाख्यो |

**पद : पर्यटन सहायक**

**आवश्यक संख्या : ६**

| योग्यता क्रम | सिम्बल नं. | सफल उम्मेदवारको नामथर |
|---|---|---|
| १ | ८४ | विवेक भूषण धौभडेल |
| २ | २० | अञ्जु बाग |
| ३ | १३३ | रोशन कोजु |
| ४ | १४३ | कमल कुम्पाख |
| ५ | ६७ | रीना प्रजापति |
| ६ | ४८ | खुश्बु ध्वजु |
| **सूचिकृत** | | |
| ७ | ६४ | रीता सुवाल |
| ८ | १३९ | लक्ष्मी प्रसाद प्रजापति |
| ९ | १२१ | पूर्णिमा माक |
| १० | ५१ | प्रविणा त्यात |
| ११ | १८ | आषिश मानन्धर |
| १२ | ४५ | मनिष छुस्याबाग |
| १३ | ५५ | बाल कृष्ण गोरा |
| १४ | ७१ | कृति दुवाल |
| १५ | ४४ | अमन कोण्डा |
| १६ | ११५ | सृजन प्रजापति |

**पद : प्रेस अपरेटर**

**आवश्यक संख्या : १**

| योग्यता क्रम | सिम्बल नं. | सफल उम्मेदवारको नामथर |
|---|---|---|
| १ | ४ | दिनेश बहादुर विक |
| सूचिकृत | | |
| २ | १ | विन्दिरा कोजु |
| ३ | २ | सानु थापा मगर (पाकुर) |

**पद : बाइन्डर**

**आवश्यक संख्या : १**

| योग्यता क्रम | सिम्बल नं. | सफल उम्मेदवारको नामथर |
|---|---|---|
| १ | ५ | सृजना कोजु |
| **सूचिकृत** | | |
| २ | १० | कृष्ण प्रसाद सुवाल |
| ३ | ९ | अन्जना सुवाल |

**पद : कार्यालय सहयोगी**

**आवश्यक संख्या : १०**

| योग्यता क्रम | सिम्बल नं. | सफल उम्मेदवारको नामथर |
|---|---|---|
| १ | १९ | लक्ष्मी श्रेष्ठ अवाल |
| २ | ३३ | लक्ष्मीनारायण त्वायना |
| ३ | ५५ | विकास ख्याजु |
| ४ | ७२ | रामेश्वरी गोरा छोसोकोसो |
| ५ | ८० | विष्णुकेशरी मारिखु |
| ६ | ६४ | महेश बखाद्यो |
| ७ | ७६ | राजन ग्वाछा |
| ८ | १११ | पुण्यराम आन्जख्या |
| ९ | १६ | लक्ष्मीकेशरी खायमली |
| १० | ८१ | मेनुका सुकुपायो द्योला |
| **सूचिकृत** | | |
| १० | ३५ | कृष्णमैया कोजु |
| ११ | १०४ | लक्ष्मी वेंजु |
| १२ | ११२ | रिता मथ्या |
| १३ | ७० | रविन स्यामाजु |
| १४ | १२ | कृष्णमुरारी गेलाल |
| १५ | १०६ | जय प्रसाद ग्वाछा |
| १६ | ७ | इश्वर के.सी. |
| १७ | १ | मनोज पहिजु |
| १८ | २ | रिजन सुवाल |
| १९ | ६० | शैलेस किलम्बु |
| २० | ९२ | राजिव देउला |
| २१ | ३४ | लक्ष्मीश्वरी दुमरु |
| २२ | २० | संगिता छुकां |
| २३ | १०३ | प्रल्हाद श्रेष्ठ |
| २४ | ६२ | विष्णुबहादुर खाती |

## मिति २०७५ चैत्र १२ गते मंगलबार

## निर्णयहरू

### सम्बन्ध बिच्छेद

**क.** यसमा वादी बिसराम कबुले प्रतिवादी लक्ष्मी कबु विरुद्ध लोग्ने स्वास्नीको **सम्वन्ध विच्छेद** गरी पाउँ भन्ने मुद्दा दर्ता भई प्रतिवादी झिकाई दुवै पक्षलाई तारेखमा राखी न्यायिक समितिको ईजलाशमा उपस्थित गराई मेलमिलाप हुन सम्झाई बुझाई गर्दा एक आपसमा मेलमिलाप हुन नसकेको हुँदा निर्णयको लागि कार्यपालिका बैठकमा पेस गर्ने न्यायिक समितिको मिति २०७५।११।२ गतेको निर्णय साथ पेश हुन आएको प्रस्तुत मुद्दामा लेखिए बमोजिम दुवै पक्षलाई मिलापत्र हुन सम्झाई बुझाई गर्दा समेत दुवै पक्ष मिलापत्र हुन सहमत भएको अवस्था नदेखिंदा लोग्ने स्वास्नीको सम्वन्ध विच्छेदका सम्बन्धमा कानून बमोजिम आवश्यक कार्यवाहीका लागि सिफारिससहित श्री भक्तपुर जिल्ला अदालतमा वादी प्रतिवादी दुवै पक्षलाई तारेख तोकि पठाउने निर्णय गरियो ।

**ख.** सार्वजनिक सरोकारको विषय भएको र न्यायिक समितिको क्षेत्राधिकारभित्रको विषय नदेखिंदा कार्यपालिका बैठकमा पेश गर्ने गरी न्यायिक समितिको मिति २०७५।११।२३ गतेको निर्णय साथ पेश हुन आएको प्रस्तुत मुद्दामा वास्वविक सत्यतथ्य के हो ? सम्भव भएसम्मको विस्तृत विवरण बुझी रायसाथ पठाउन सम्बन्धित वडा कार्यालयमा मिसिल साथ लेखी पठाई सो अनुसार खुलाई लेखिआएपछि नियमानुसार गरी पेश गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिकको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

**आर्थिक समिति**

**मिति २०७५।१२।११ गते**

१. आजको छफलफमा सूर्यकिरण बचत तथा ऋण सहकारी संस्था लि. को च.नं. १५७ मिति २०७५।१०।२८ गतेको पत्रानुसार उक्त संस्थाका सदस्य श्री सुनिल प्रजापतिको नाममा रहेको तनहुं जिल्ला दमौलिको मैवल गा.वि.स.वडा नं. ३ को क्रमशः कि.नं. ८, २५६, ३२७ क्षे.फ. १-१४-०-१, १-३-२-२ र ४-०-०-० को जगगाहरू विक्री रोक्का गर्न मालपोत कार्यालय तनहुंमा रहेकोमा हाल निजले संस्थालाई तिर्नुपर्ने सावां ब्याज चुक्ता भएकोले उक्त जगगाहरू रोक्का फुकुवाको लागि सिफारिस पाऊँ भनी निवेदन पेश भएकोमा यस नगरपालिकाको मिति २०७५।१०।२१ गते बसेको आर्थिक समितिको

निर्णयअनुसार मिति २०७५।११।२१ गते नियमित अनुगमन गर्ने क्रममा अनुगमन गर्दा रु.३,३१,९५,१२४।- अनियमित भएकोमा रु.२,६१,८४,२८९।- मात्र संस्थामा दाखिला गरेको देखिएकोले बाँकी रकम दाखिला गरेपछि मात्र रोक्का फुकुवा गर्ने निर्णय गरियो ।

२. नगर क्षेत्रभित्रका निजी विद्यालय तथा सहकारी संस्थाहरूलाई नगरपालिकामा बुझाउनु पर्ने हालसम्मको बक्यौता कर २०७५ चैत्र मसान्तसम्म बुझाउन स्थानीय पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**कृषि समिति**

**मिति २०७५।११।२३ गते**

१. पशु सेवा कार्यक्रम सञ्चालनको स:शर्त अनुमोदनबारे छलफल गरियो ।

२. यस समितिको आयोजनामा ५ महिने कृषि प्राविधिक तालिममा आवश्यक सङ्ख्या वडा वडाबाट नआएको हुनाले नगरका शैक्षिक संस्थाबाट भए पनि प्रशिक्षार्थी सहभागी गराउने निर्णय गरियो ।

**मिति २०७५।१२।२९ गते**

१. जनताको सुझाव तथा गुनासोलाई मध्यनजर राखी भक्तपुर नगरका छाडा कुकुर व्यवस्थापन, बन्ध्याकरण गर्न सम्बन्धित भेट फर योर पेट संस्थालाई अनुरोध गर्ने ।

व्यवस्थापन : १०० वटा

बन्ध्याकरण : ५० वटा

२. मिति २०७५।११।२८ गतेको च.नं. १२० को पत्रानुसार भिन्तुना बचत तथा ऋण सहकारी संस्थालाई मागअनुसार पोटास २५ बोराको लागि साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको नाममा सिफारिस गर्ने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

मिति २०७५।१२।११ गते

१. नयाँ वर्ष २०७६ को अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्न सफल वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई, अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री एवं प्रशिक्षक कोर्षमा उत्तिर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रम २०७६ वैशाख १४ गते गर्ने निर्णय गरियो । साथै उक्त बधाई तथा सम्मान कार्यक्रमको प्रचार-प्रसार गर्न पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरव्यापी विद्यालय स्तरीय मार्चपास प्रतियोगिता २०७६ साल वैशाख १४ गते शनिवार गर्ने र उक्त मार्चपास प्रतियोगिताको लागि तपसिल अनुसार सदस्य रहने गरी मार्चपास प्रतियोगिता आयोजना समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

१. संयोजक : श्री श्याम कृष्ण खत्री, संयोजक युवा तथा खेलकुद समिति
२. सदस्य : श्री उकेश कवां, सदस्य, युवा तथा खेलकुद समिति
३. सदस्य : श्री सुनिता अवाल, सदस्य युवा तथा खेलकुद समिति
४. सदस्य : श्री राम गोपाल कर्माचार्य
५. सदस्य : श्री रमेश श्रेष्ठ, प्याब्सन, भक्तपुर
६. सदस्य : श्री पुण्यराम कवां, एन ब्याब्सन, भक्तपुर
७. सदस्य : श्री पुरुषोत्तम ग्वाछा, इसान
८. सदस्य : श्री अम्बिका न्याइच्याई, संयुक्त परीक्षा समिति
९. सदस्य : श्री गंगाधर हाडा, सामुदायिक परीक्षा समिति
१०. सदस्य : श्री तुल्सीराम ग्वाछा, आधारभूत विद्यालय समिति
११. सदस्य : श्री रमेश सितिखु
१२. सदस्य : श्री रत्ना चवाल
१३. सदस्य : श्री कृष्ण सुन्दर प्रजापति

भक्तपुर नगरपालिकाको विभिन्न वडाहरूमा आत्मरक्षा प्रशिक्षण सञ्चालनको लागि प्रशिक्षक श्री पदमा खयरगोलीको प्रस्तावअनुसार भ.न.पा.वडा नं. ७ भित्रका महिलाहरू, विद्यालयका छात्राहरूलाई २०७५।१०।११ गतेदेखि २३ गतेसम्म २ समूहहरूलाई प्रशिक्षण दिए वापत प्रति समूह रु.४०,०००।- (अक्षेरूपी रु.चालिस हजार) का दरले २ समूहको रु.८०,०००।- (अक्षेरूपी रु.अस्सी हजार) पारिश्रमिक दिने निर्णय गरियो ।

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति २०७५।१२।३ गते**

भक्तपुर नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूमा शैक्षिक क्रियाकलाप एकरूपता ल्याउने उद्देश्यले नगर शिक्षा शाखा मार्फत २००० प्रति शैक्षिक क्यालेण्डर प्रकाशित गरी विद्यालयहरूमा वितरण गर्ने निर्णय गरियो ।

भक्तपुर नगरपालिकाका १० वटै वडामा स्थानीय समुदायद्वारा सञ्चालित पुस्तकालय तथा वाचनालयहरूको अध्यावधिक गर्न नगरपालिका प्रशासन शाखामा नविकरणका लागि १५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**मिति २०७५।१२।१० गते**

यस नगरपालिकाको आयोजनामा कक्षा १ देखि ५ सम्मका कक्षाहरूमा अध्यापन गर्ने शिक्षकहरूलाई विद्यार्थी क्रियाकलापमा आधारित पाठ्यक्रम केन्द्रित तालिम सञ्चालन

देहायको मितिमा देहायको विषयहरू निर्धारण गर्ने निर्णय गरियो :

| मिति | विषय | समय |
|---|---|---|
| २०७५ चैत्र १३ गते र १४ गते | गणित | दिनको २ देखि ५ बजेसम्म |
| २०७५ चैत्र १५ गते र १६ गते | अंग्रजी | दिनको २ देखि ५ बजेसम्म |
| २०७५ चैत्र १७ गते | सामाजिक | दिनको २ देखि ५ बजेसम्म |
| २०७५ चैत्र १८ गते | नेपाल | दिनको २ देखि ५ बजेसम्म |
| २०७५ चैत्र १९ गते र २० गते | विज्ञान | दिनको २ देखि ५ बजेसम्म |

तालिमका लागि भक्तपुर नगरभित्रका सबै विद्यालयहरूमा कक्षा १ देखि ५ सम्म अध्यापन गर्ने विषयअनुसार फरक फरक शिक्षक-शिक्षिकाहरूलाई निमन्त्रणा गर्ने निर्णय गरियो ।

तालिमको उद्घाटन देहाय बमोजिम तय गरियो :

मिति : २०७५ चैत्र १३ गते
समय : दिनको १:०० बजे
स्थान : बागीश्वरी मा.वि., कमलविनायक
प्रमुख वक्ता : सुनिल प्रजापति – प्रमुख भक्तपुर नगरपालिका
वक्ता : रजनी जोशी – उपप्रमुख भक्तपुर नगरपालिका
वक्ता : उकेश कवां – संयोजक
वक्ता : प्रा. सिद्धिरत्न शाक्य – प्रशिक्षक

भक्तपुर नगरपालिका र तिलगंगा आँखा अस्पतालको सहकार्यमा नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्र, च्याम्हासिंहमा हाल सञ्चालित जिल्ला सामुदायिक आँखा केन्द्रमा मोति विन्दु शल्यक्रिया शुभारम्भ कार्यक्रम देहायको मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो :

**कार्यक्रम**

मिति : २०७५।१२।१५ गते, शुक्रबार
समय : विहान ८:३० बजे
स्थान : जनस्वास्थ्य केन्द्र, च्याम्हासिंह
प्रमुख अतिथि : नारायणमान बिजुक्छें-अध्यक्ष नेपाल मजदुर किसान पार्टी
विशेष अतिथि : प्रेम सुवाल – सचिव, नेमकिपा केन्द्रीय सदस्य
अतिथि : सुहिद घिमिरे – अध्यक्ष नेपाल आँखा कार्यक्रम
अतिथि : सन्दुक रुइत – कार्यकारी निर्देशक नेपाल आँखा कार्यक्रम, तिलग्गा आँखा प्रतिष्ठान
अतिथि : रित गुरुङ, प्रमुख कार्यकारी निर्देशक नेपाल आँखा कार्यक्रम, तिलग्गा आँखा प्रतिष्ठान
सभापति : सुनिल प्रजापति- प्रमुख भक्तपुर नगरपालिका

३. भक्तपुर नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा शैक्षिक कार्य तालिकामा एकरूपता कायम गर्ने हेतुले नगर शिक्षा शाखामार्फत प्रकाशित गरिने शैक्षिक क्यालेण्डर डिजाइन र छपाइको जिम्मेवारीका लागि सिद्धि गणेश अफसेट प्रेस र इन्द्रेणी छापाखानाबाट प्राप्त गोप्य कोटेशनमा उल्लेखित मूल्य विवरण परीक्षण गर्दा सिद्धि गणेश अफसेट प्रेसबाट प्राप्त कोटेशनमा तुलनात्मक रूपमा कम मूल्य उल्लेख भएकोले उक्त प्रेसलाई क्यालेण्डर छपाइको जिम्मेवारी दिने निर्णय गरियो ।

शैक्षिक क्यालेण्डर २००० प्रति प्रकाशन गरी विद्यालयहरूमा वितरण गर्ने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकामा नेपाल सरकारको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत भई आउनु हुने यामलाल अधिकारीलाई स्वागत तथा परिचयात्मक कार्यक्रम चैत्र ११ गते आयोजना गर्ने निर्णय गरियो :

**सहकारी अनुगमन समिति**

**मिति २०७५।११।१७ गते**

**१.** भक्तपुर नगरपालिका सहकारी संस्था अनुगमनबाट मिति २०७५ साल फागुन २१ गते मंगलबारका दिन दिउँसो ११:०० बजे भ.न.पा. १ इटाछेँस्थित सूर्यकिरण बचत तथा ऋण सहकारी संस्थामा अनुगमन गर्ने निर्णय गरियो ।

**२.** सहकारी अनुगमन समितिको तर्फबाट गर्ने अनुगमनको क्रममा प्रतिदिन नगरपालिकाको नियमानुसार पाउने रु.३००I- भत्ता सम्बन्धमा छलफल गर्ने निर्णय गरियो ।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७५।११।२९ गते**

१. नियमित पाक्षिक सरसफाइ कार्यक्रम २०७५ चैत्र १ गते बिहान ७:०० बजे चुपिंघाट परिसरमा गर्ने निर्णय गरियो ।

२. पर्यटक काउन्टरहरूलाई स्तर वृद्धि गरी पर्यटक सूचना केन्द्रको रूपमा विकास गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा स्थानीय पथ पथप्रदर्शकहरूलाई पुनर्ताजगी तालिम २०७५ चैत्र ७ गतेदेखि १३ गतेसम्म सञ्चालन गर्ने निर्णय गरियो । तालिम सञ्चालन बजेट यसैसाथ संलग्न गरिएको छ ।

४. भक्तपुर पर्यटन, सांस्कृतिक सम्पदा संरक्षण र बजार व्यवस्थापनको लागि नगर प्रहरीको व्यवस्था गर्ने निर्णय गरियो ।

५. नेपाल भ्रमण वर्ष २०२० लाई टेवा पुऱ्याउन भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर महोत्सव २०१९ विषयक कार्यक्रम गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**मिति २०७५।१२।१० गते**

१. नियमित पाक्षिक सरसफाइ कार्यक्रम २०७५ चैत्र १५ गते बिहान ७:०० बजे, वडा नं. ५ योसिंख्य परिसरमा गर्ने निर्णय गरियो ।

२. दरबार स्क्वायर, टौमढी स्क्वायर र दत्तात्रय स्क्वायरका पसल व्यवसायी र स्थानीयहरूको बैठक २०७५ चैत्र १८ गते २:०० बजे भ.न.पा. सभाकक्षमा बोलाउने निर्णय गरियो ।

३. पर्यटकहरूलाई सामान बेच्ने हाते व्यापारी (पर्यटन सद्भाव संघ) को बैठक २०७५ चैत्र १९ गते बिहान ८:०० बजे भ.न.पा. सभाकक्षमा बोलाउने निर्णय गरियो ।

च. मिति : २०७५/१२/११ बसेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र.सं. | योजनाका बिवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुथुबही एक्सप्रेस बसपार्कमा पीच गर्ने कार्य | १ | २,१६९,६६४।८२ | | | | | | समपुरक बजेट | सूचना प्रकाशन गर्न निर्देशन दिने |
| २ | भार्वाचो बसपार्कमा ढलान तथा इन्टरलकङ ब्लक छाप्ने कार्य | १ | १८,१४५,२३१।०४ | | | | | | समपुरक बजेट | सूचना प्रकाशन गर्न निर्देशन दिने |
| ३ | दोका फल्चादेखि बाराही पीठसम्म इन्टरलकङ ब्लक छाप्ने कार्य | ३ | ११,५९२,२३९।०५ | | | | | | समपुरक बजेट | सूचना प्रकाशन गर्न निर्देशन दिने |
| ४ | लिवाली प्लानिङ क्षेत्रमा पीच गर्ने कार्य | | ३७,८७२,१५२।१७ | | | | | | समपुरक बजेट | सूचना प्रकाशन गर्न निर्देशन दिने |
| ५ | कमलबिनायक प्लानिङ क्षेत्रमा पीच गर्ने कार्य | १० | २५,८८०,४७७।८१ | | | | | | समपुरक बजेट | सूचना प्रकाशन गर्न निर्देशन दिने |
| ६ | पर्यटन सेवा केन्द्रमा लकर र दराज बनाउने कार्य | २ | १३३,१२८।६९ | | | | | | नपा | |
| ७ | गय:भिंद्यो खोला पुल निर्माण (तेश्रो चरण) कार्य | ७ | ९,९९७,४६०।०२ | | | | | | नपा | रू.८०लाख पेश्की दिने |
| ८ | ब्रम्हायणी बहुउद्धेश्यीय भवनमा बुट्टेदार ढोकाहरू निर्माण कार्य | ९ | १,३६९,३२४।०० | | | | | | नपा | |
| ९ | औद्योगिक क्षेत्रभित्र सांस्कृतिक केन्द्र निर्माण कार्य | २ | ८,७५१,९५९।०९ | | | | | | नपा | |

ख) पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महाकाली भजनघर पुन:निर्माण कार्य | ६ | ५,८५४,७० ९।३६ | | ३,७०२,२८ ०।२४ | ३,१५७,१५६। ३५ | २,९८७,४१५। ०० | १६९,७४ १।३५ | नपा | आंशिक पे.फ |
| २ | सूर्यमढीस्थित भजन पाटी जीर्णोद्धार | ९ | २,१५९,२०२। ०० | | ९५५,९०५। ६० | ८९३,१३१।० ० | ७००,०००।० ० | १९३,१३१। ०० | नपा | आंशिक पे.फ.गरी थप रू.६ लाख पेश्की सिफारिस |
| ३ | महेश्वरी पीठ परिसरमा सुधार कार्य | ७ | १,१८४,९०९ ।३० | | १,०७०,०५ ४।३६ | ६३८,६९०।० ० | ४००,०००।० ० | २३८,६९ ०।०० | नपा | आंशिक पे.फ |
| ४ | गय:भिंद्यो खोला पुल निर्माण (दोश्रो चरण) | ७ | ९,९९९,६७४ ।१३ | | ९,९६९,०६ ९।८० | ९,९२१,४३३ ।९३ | ९,९८१,६४४। ०० | | नपा | बाँकी पेश्की रू.६०,२१०।०७ बैङ्क दाखिला गरी पे.फ. |
| ५ | वासिक मल्लाचा बाटो मर्मत कार्य | ३ | १,०३४,१२०। ०० | | ५९९,०६१। ८७ | ३७१,४८०।३ ० | ३४५,०००।०० | २६,४८०। ३० | सडक बोर्ड | आंशिक पे.फ.गरी थप रू.५ लाख पेश्की सिफारिस |
| ६ | थालाछें नागपोखरी पूर्व सडक मर्मत कार्य | १० | १,२७५,१५७। ४५ | | १,३६४,३५ ९।५९ | ८९०,२८०। ०० | ८००,०००।० ० | १३,३२०। ०० | सडक बोर्ड | आंशिक पे.फ.गरी थप रू.२ लाख पेश्की सिफारिस |
| ७ | ब्यासीमा पर्यटन सेवा केन्द्र भवनमा शौचालय सुधार | २ | २१७,४०६।५ ० | | | | | ८९,२०१। ९२ | नपा | अमानतमा कार्य सम्पन्न भई सामान खर्च भुक्तानी |

ग) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा

| | | | | |
|---|---|---|---|---|
| १ | महेश्वरी उकालोदेखि पसिखेल बाटो पीच गर्ने | ८ | उपभोक्ता समिति अध्यक्ष कृष्ण बोहजू | अनुगमन समिति संयोजक: जितेन्द्र खायमली |
| २ | गय:भिंद्यो खोला पुल निर्माण (तेश्रो चरण) कार्य | ८ | उपभोक्ता समिति अध्यक्ष लक्ष्मीभक्त कवां | अनुगमन समिति संयोजक: बलराम गोसाईं |

**विविध**

**क.** भक्तपुर नगरपालिकाद्वारा निर्माण र सञ्चालन गरिने छाती पुनः स्थापना केन्द्र निर्माणको लागि यस नगरपालिका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी र लेखा प्रमुख रामसुन्दर सुजखूको संयुक्त हस्ताक्षरमा नेपाल बैंक लिमिटेड कमलविनायक शाखामा बैंक खाता खोल्ने निर्णय गरियो ।

**ख.** ड्रा. बुद्धिनारायण सुवाललाई ड्राइभर इन्चार्ज भत्ता स्वरूप मासिक रु.१५००।- प्रदान गर्ने ।

**ग.** छाती पुनः स्थापना केन्द्र निर्माणको लागि प्रमुख प्रशासकीय अधिकृत र लेखापाल रामसुन्दर सुजखुको संयुक्त दस्तखतमा नेपाल बैंक लि. मा खाता खोल्ने ।

**घ.** भक्तपुर नगरपालिकाका मिति २०७५।११।२३ भएको कार्यकारी अधिकृत रोहितराज पोखरेलको बिदाई कार्यक्रमको खाजा खर्च रु.१६,९५०।-, २०७५।११।२७ नगरपालिकाद्वारा आयोजित भाज्या पोखरी जीर्णोद्धारको प्रारम्भिक प्रतिवेदनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी सम्पूर्णलाई ब्रेकफास्ट र खाना खर्च रु.९४,३५५।-,२०७५।११।०५ देखि २०७५।११।०७ कराते प्रतियोगितामा सहभागीहरूलाई नगरव्यापी कराते प्रतियोगितामा सहभागी

रेफ्रीहरूलाई रुम र खानाको खर्च रु.४४,०७०।-, २०७५।११।०७ गते नगरव्यापी कराते प्रतियोगितामा पाल्नुभएका सहभागीहरूलाई ब्रेकफास्ट र खाना खर्च रु.६७,४६१।-, मिति २०७५।११।०६ गते कराते प्रतियोगितामा पाल्नुभएका सम्पूर्ण सहभागीहरू र जनप्रतिनिधिहरूलाई ब्रेकफास्ट, खाना र खाजाको खर्च रु.९६१,९६।९, मिति २०७५।११।०५ गते कराते प्रतियोगितामा पाल्नु भएका सम्पूर्ण सहभागीहरू, अतिथि तथा जनप्रतिनिधिहरूलाई खाजा खर्च रु.६२,७४८।९, मिति २०७५।११।०५ कराते प्रतियोगिताको उद्घाटन कार्यक्रममा पाल्नुभएका सम्पूर्ण अतिथि तथा जनप्रतिनिधिहरूलाई ब्रेकफास्ट खर्च रु.७२,७७२।- र मिति २०७५।११।०७ गते कराते कार्यक्रमको समापन कार्यक्रममा सहभागी हुने सम्पूर्णलाई खाजा खर्च रु.८४,७५०।- गरी कुल रु.५,३९,३०३/८ सूर्यविनायक पार्टी भेन्यूलाई भुक्तानी दिने निर्णय गरियो ।

**ङ.** आस्था सांस्कृतिक परिवारबाट प्रदर्शित भएको नाटक बहुलाकाजीको सपनाको रु.५००।- को ५० वटा टिकट खरिद गरे वापतको रु.२५,०००।- आस्था सांस्कृतिक परिवारलाई भुक्तानी दिने निर्णय गरियो ।

**च.** भक्तपुर नगरपालिकाको रेडियो कार्यक्रम ख्वप सः अर्थात् भक्तपुर आवाज प्रसारणको कार्यक्रम प्रस्तोताहरूको लागि पारिश्रमिक वापत रु.३३,०००।- रविन्द्रप्रसाद कुसीलाई भुक्तानी दिने निर्णय गरियो ।

**छ.** पर्यटन अधिकृत गौतमप्रसाद लासिवाले पर्यटन पथप्रर्दशक तालिमका लागि लिएको पेश्की रु.५०,०००।- बैठकबाट अनुमोदन गरियो ।

**ज.** भनपाद्वारा सञ्चालित पानी बोक्ने बा १ ग २२६२ को गाडीमा गेयर केबल, ब्याट्री पोल, क्लज बकेट बनाउँदाको रु. ९७५०।- एस. जी. वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

**झ.** भनपाद्वारा सञ्चालित भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ क ३५५९ नं को ट्रिपर गाडीको पछाडि पाता र पाइप फेर्दाको जम्मा रु.९८,९८८।- र फोहोरमैला संकलन गर्ने ट्राइसाइकलमा ढाला थप्ने, बुम मिलाएको र रङ्गरोगन लगाउँदाको रु.३,९५,५००।- गरी जम्मा रु.४,९४,४८८।- भक्तपुर अटो पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

**ञ.** नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका एकाई समितिले प्रकाशन गर्ने भित्ते पात्रोमा नयाँ वर्ष २०७६ सालको भित्तेपात्रोमा विज्ञापनको लागि रु.६,०००। आर्थिक सहयोग दिने निर्णय गरियो ।

## आज मिति २०७५ चैत्र १९ गते मंगलबार

## निर्णयहरू

### ख्वप अस्पतालको लागि प्राविधिक समिति गठन

भक्तपुर नगरपालिकाले निर्माण थालनी गरेको ख्वप अस्पतालको भवन व्यवस्थित निर्माणको लागि देहाय बमोजिम पदाधिकारीहरू रहने गरी एक प्राविधिक समिति गठन गर्ने निर्णय गरियो :

१. संयोजक : सुनिल दुवाल-प्रिन्सिपल, ख्वप कलेल अफ इन्जिनियरिङ्ग
२. सदस्य : सुजन माक-प्रिन्सिपल, ख्वप इन्जिनियरिङ्ग कलेज
३. सदस्य : चन्द्रकिरण कवां- संयोजक, अनुसन्धान समिति, ख्वप कलेज अफ इन्जिनियरिङ्ग
४. सदस्य : राजेन्द्र हाडा
५. सदस्य : आ.सरोज वैद्य
६. सदस्य सचिव : विजयराम कोजु, आयोजना प्रमुख

### अपांगताको समन्वय समिति गठन

भक्तपुर नगरपालिकाको अपांगता भएका व्यक्तिहरूको परिचय पत्र वितरणसम्बन्धी कार्यविधि - २०७५ को दफा ६(१) बमोजिम अस्थायी समन्वय समिति गठन गर्ने निर्णय गरियो :

१. संयोजक - रजनी जोशी, उपप्रमुख
२. सदस्य - श्यामकृष्ण खत्री, वडाअध्यक्ष भनपा १
३. सदस्य-रोशनमैया सुवाल, कार्यपालिका सदस्य भनपा ६
४. सदस्य - डा.रत्नसुन्दर लासिवा-इन्चार्ज, जनस्वास्थ्य केन्द्र
५. सदस्य - प्रहरी उपरीक्षक, महानगरीय प्रहरी परिसर, भक्तपुर
६. सदस्य - हिमालयश्वरलाल मूल
७. सदस्य सविच - समाज कल्याण अधिकृत, भनपा

### स्मारक क्षेत्रको नक्सापास समिति गठन

स्मारक क्षेत्रको नक्सापास सम्बन्धमा पछि छलफल गर्ने निर्णय गरियो ।

### बिस्केट जात्राको लागि सिसी क्यामेरा जडान

यस कार्यालयको लागि मिति २०७५।११।२० गते भएको बोर्ड बैठकबाट स्वीकृत भई २२ सेट सी.सी. क्यामेरा उपलब्ध गरी जडान गर्ने क्रममा निम्नअनुसारका स्थानका लागि थप १० सेट सी.सी. क्यामेरा, २२" LED Monitor, Hard Disk, 32 Channel Box लगायतका उपकरणहरू खरिद गर्ने निर्णय गरियो । उक्त Display Monitor 22" LED Monitor, Hard Disk, 32 Channel Box लगायतका उपकरण सञ्चालन गर्न महानगरीय प्रहरी प्रभागबाट Extend गरी भ.न.पा. कार्यालयमा पनि जडान गर्ने निर्णय गरियो ।

## तपसिल

सी सी क्यामेरा थप्नुपर्ने स्थानहरू :

| स्थान | क्यामेरा थान | स्थान | क्यामेरा थान |
|---|---|---|---|
| नासमना | १ | सुकुलढोका | २ |
| बुलुचा | १ | पलिखेल क्षेत्र | २ |
| ग:हिटी | १ | दत्तात्रय | १ |
| सुकुलढोका बुलबुल हिटी | १ | इनाचो | १ |

## विविध

**क.** नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका २०७५ को दफा ४ बमोजिम यस भक्तपुर नगरपालिकामा देहाय बमोजिम पदाधिकारी रहने गरी सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

१. सुनिल प्रजापति – संयोजक

२. यामलाल अधिकारी – प्रमुख प्रशासकीय अधिकृत, सदस्य

३. डा.रत्नसुन्दर लासिवा – इन्चार्ज, जनस्वास्थ्य केन्द्र

**ख.** यस नगरपालिकाबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारमा मिति २०७५।१२।१९ गते प्रेषित यस नगरपालिकामा मन्त्रालयको तर्फबाट समायोजनका कर्मचारीहरू नपठाउन तथा पठाइएका कर्मचारीहरू समेत यस कार्यालयमा हाजिर गराउन नसकिने व्यहोरासहितको अनुरोध पत्रबारे बैठकमा जानकारी गराइयो ।

**ग.** प्रसिद्ध बिस्केट जात्रा शान्तिपूर्ण र भव्यताका साथ सम्पन्न गर्न नागरिक सचेतना जगाउने उद्देश्यले चैत्र २७ गते सद्भावन ऱ्याली तथा जनचेतनाको सभा आयोजना गर्ने निर्णय गरियो ।

घ. समपूरक बजेटको रिभाइन्ड लागत इष्टिमेट पारित ।

ङ. विभिन्न समितिहरूको निन निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**निर्माण समिति** :

**मिति २०७५।१२।१९ गते**

| क्र.सं | योजनाका बिवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्यांकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क) ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | |
| १ | नपा भवनको जमिन तल्लामा दर्ता चलानी काउण्टर निर्माण कार्य | २ | १,०९७,५०६।३१ | | | | | | | | |
| **ख) पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | |
| | पर्यटन सेवा केन्द्रमा लकर र दराज बनाउने कार्य | २ | १३३,१२८।६९ | | १३१,३११।४० | ११७,३३३।०० | | | ११७,३३३।०० | नपा | बालाखु हार्डवेयर सेन्टर |
| | ऐतिहासिक भाज्या पुखु उत्खनन् र पुल बनाउने कार्य | १ | ६,३४१,०६३।८१ | | ५,११३,१४६।०० | ३,२३२,७४१।०० | २,०००,०००।०० | १,२३२,७४१।०० | | नपा | आंशिक पे.फ. गरी रू.१०लाख थप पेश्की सिफारिस |
| | भैरवनाथ मन्दिर जीर्णोद्धार कार्य | ५ | १४,६३६,७४५।१३ | | ६,०१३,११८।४७ | ३,०२२,०७१।०० | ३,०००,०००।०० | २२,०७१।०० | | नपा | आंशिक पे.फ.गरी रू.३५लाख थप पेश्की सिफारिस |
| | चुपिङ घाट पुलदेखि गा:हिटीसम्मको सडक मर्मत | ५ | १,०९४,१३१।६३ | | १,३४२,६०९।७७ | १,१६२,०२६।८० | ३६५,०००।०० | ७९७,०२६।८० | | सडक बोर्ड | |

| वडा नं. | योजनाको विवरण | भुक्तानी दिनुपर्ने | | |
|---|---|---|---|---|
| ९ | सुलोक ट्रेडिङ्ग कम्पनी | १७५,१५३।३९ | | |
| ९ | आर.आर. कन्स्ट्रक्सन, भक्तपुर | ८९५,६३८।०० | | |
| २ | साइन उडेन इण्डस्ट्रीज, ताथली भक्तपुर | ६०३,२६१।८० | | |

भ.न.पा. वडा नं ७ बस्ने श्रीमती रोशनी तुईतुईले लिवाली जग्गा एकीकरण आयोजना अन्तर्गत २(ङ) छ कि.नं.२४ क्षे.फ.१२०.५६ व.मी. निजको नाउँमा मालपोत कार्यालय भक्तपुरमा दर्ता भएको जग्गासँग आयोजनाको भक्तपुर नगरपालिकाको नाममा दर्ता रहेको एस.पी. २(ङ) ४ कि.नं.६९ क्षे.फ. १२६ व.मी. जग्गा आपसी सहमीतमा सट्टापट्टा गर्न माग भई आएकोले सो सम्बन्धमा आवश्यक प्रतिवेदन पेश गर्न लिवाली जग्गा एकीकरण आयोजनालाई पत्राचार गर्ने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा ३ च ७१४९ नं. को एम्बुलेन्स गाडीमा सामानहरू फेरी मर्मत गर्दाको जम्मा रु. ४०,१५६।८१ जी.वन. अटो केयर प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

छ. भनपाद्वारा सञ्चालित फोहोरमैला संकलन गर्ने गाडी नं. ३२४० मा बुम घर सारेको, पछाडिको ढाला खोलेको, दायाँबायाँ ढाला फेर्दाको रु.७५,७१०।-, गाडी नं. बा १ ग २२३८ मा बुम घर सारेको, पछाडिको ढाला खोलेको, दायाँबायाँ ढाला फेर्दाको रु.७५,७१०।-र गाडी नं. बा १ ग ३२३९ को मिनि ट्रिपर गाडीमा ढाला थप्दाको मर्मत खर्च रु.७५,७१०।- जम्मा रु.२,२७,१३०।- भक्तपुर अटो पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ज. भनपाद्वारा सञ्चालित गाडी नं. २२६४ को मोबिल फिल्टर तथा अन्य मर्मत गर्न रु. ३५,७४१।९०, गाडी नं. २९४१ को अगाडिको दाँती बनाउँदाको रु.४४,७४८।-, गाडी नं. २२६६ को ब्रेक र हबग्रीज मर्मतको रु.२७,५७२।-, गाडी नं. २२६७ को गाडीको क्लज र अन्य मर्मतको रु.२८,७९२।४, गाडी नं. २२६३ को गाडीको क्लज बडी तेलपिन बनाउँदाको रु.६७,२४६।३ र बा १ ग २२६४ को गाडीमा डाइनामा, ब्रेक तथा अन्य मर्मत गर्दाको रु.६३,७०९।४० गरी जम्मा २,६७,८१०।- सिद्धि गणेश मोटर पार्टसलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित फोहोर मैला संकलन गर्ने बा ३ च ८७३ गाडीमा पेट्रोल फिल्टर, साइलेन्सर बक्स, ब्याक लाइट बोल्ट तथा अन्य सामान फेर्दाको रु.९०,१७४।- , गाडी नं. बा ३ च ८७८ गाडीमा स्प्रिङ्ग बुस, सेन्सर बुस, आयल फिल्टर तथा अन्य सामान फेर्दाको रु.९५७६७।५, गाडी नं. ८७७ मा एयर फिल्टर, ब्रेक आयल तथा अन्य सामान फेरे वापतको रु.९८१७४।४, गाडी नं. ८७९ को पछाडिको सकेट, सक र अन्य सामान फेर्दाको रु.९८,५६५।२५, फोहोरमैला उठाउने गाडी नं. ८७४९ को क्लज प्रेसर, आयलफिट तथा अन्य मर्मतको रु.५५,००२।७५, गाडी नं. ८७६ मा ब्रेक शु, साइलेन्सर पाइप, सेल्फ बुस, आयल फिल्टर तथा अन्य सामान फेर्दाको रु.८४,६३७।- र गाडी नं. ८७४८ मा इन्डिकेटर लाइट, ह्याण्ड ब्रेक केबल तथा अन्य मर्मतको रु. ३५५३८।५ गरी जम्मा रु.५,५७,८५८।४ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

ञ. वडा नं. ५ का वडाअध्यक्ष श्री प्रेमगोपाल कर्माचार्यले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.४३,३९,२००।- लिई रु.३९,६९,६००।- वितरण गरी बाँकी रु.३,६९,६००।- बैंक दाखिला गरेको बैठकमा जानकारी गराइयो ।

ट. वडा नं. ९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.५१,५२,०००।- लिई रु.४३,३२,०००।- वितरण गरी बाँकी रु. ८,२०,०००।- बैंक दाखिला गरेको बैठकमा जानकारी गराइयो ।

ठ. वडा नं. ६ का वडाअध्यक्ष श्री हरिराम सुवालले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.३७,०३,२००।- लिई रु.३६,७०,४००।- वितरण गरी बाँकी रु.३२८,००।- बैंक दाखिला गरेको बैठकमा जानकारी गराइयो ।

ड. वडा नं. ८ का वडाअध्यक्ष श्री महेन्द्र खायमलीले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.१८,९५,२००।- लिई रु.१८,१५,२००।- वितरण गरी बाँकी रु.८०,०००।- बैंक दाखिला गरेको बैठकमा जानकारी गराइयो ।

ढ. वडा नं. २ का वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलाले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.४२,६५,६००।- लिई रु.४०,३१,२००।- वितरण गरी बाँकी रु.२,३४,४००।- बैंक दाखिला गरेको बैठकमा जानकारी गराइयो ।

ण. वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.२८,३९,२००।- लिई रु.२६,६७,२००।- वितरण गरी बाँकी रु.१,७२,०००।- बैंक दाखिला गरेको बैठकमा जानकारी गराइयो ।

त. वडा नं.७ का वडाअध्यक्ष श्री उकेश कवांले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.४३,७८,४००।- लिई रु.४२,८८,०००।- वितरण गरी बाँकी रु.९०,४००।- बैंक दाखिला गरेको बैठकमा जानकारी गराइयो ।

थ. भक्तपुर नगरपालिकाबाट विभिन्न खेल प्रशिक्षण तथा प्रतियोगिताको लागि आवश्यक म्याट खरिद गरेवापत रु. ४,७४,६००।- बी. एण्ड बी. ट्रेडर्स इन्टरनेशनललाई भुक्तानी दिने निर्णय गरियो ।

## आज मिति २०७५ चैत्र २९ गते बिहीबार

### निर्णयहरू

**जग्गा सट्टापट्टा**

पुरातात्त्विक महत्त्वका क्षेत्रहरू साफुकोठा, जगन्नाथ क्षेत्र र ताला दोम्फोमा निजी घर निर्माण गरिरहेका स्थानीय जनतालाई त्यस क्षेत्रको ऐतिहासिकता संरक्षण गर्ने हेतुले नगरपालिकाले आफ्नो स्वामित्वमा अन्य उपयुक्त स्थानमा रहेको जग्गा सट्टापट्टा वा न्यूनत्तम मूल्यमा खरिद गर्ने विषयमा वार्ता गर्न वडाअध्यक्ष उकेश कवांको संयोजकत्वमा समिति गठन भएको, समितिले सम्बन्धित घरधनी/जग्गाधनीहरूसँग पटक-पटक छलफल गरी सुझाव दिएको आधारमा हाललाई साफूकोठा क्षेत्र तथा जगन्नाथ क्षेत्रको ऐतिहासिक महत्त्वलाई संरक्षण गर्ने गरी सम्बन्धित जग्गा धनी/घरधनीहरूलाई नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको उपयुक्त जग्गा साटासाट वा न्यूनत्तम मूल्यमा खरिद गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो। साथै समितिको म्याद सकिएकोले कार्य सम्पन्न नभएसम्म म्याद थप्ने समेत निर्णय गरियो।

**विद्यालयहरूलाई जग्गा भोगाधिकार**

नेपाल सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. ३ हेटौंडाले सार्वजनिक सूचना प्रकाशन गरी नमूना विद्यालय छनौटको लागि निवेदन दिन आह्वान गरेकोमा यस नगरपालिकाभित्रको वागीश्वरी माविले निवेदन पेश गर्न यस नगरपालिकामा जग्गा भोगाधिकार प्राप्तिका लागि निवेदन परेको हुँदा उक्त विद्यालयलाई भोगाधिकार दिने गरी लिवाली आवास क्षेत्रमा नगरपालिकाको स्वामित्वमा रहेको उपयुक्त जग्गा प्रदान गर्ने निर्णय गरियो।

**बाटोमा ढुंगा छपाइ**

सडक बोर्डको योजनाअन्तर्गत भनपा २ स्थित यस नगरपालिकाको पुरानो भवन अगाडिदेखि उत्तरतिर पर्यटन शौचालय अगाडिसम्मको बाटोमा उपभोक्ता समितिमार्फत ढुंगा छाप्ने कार्य भइरहेकोमा त्यस कार्यलाई निरन्तरता दिंदै महानगरीय प्रहरी परिसरको कार्यालयको गेट अगाडिसम्मको बाटोमा ढुंगा छाप्न थप लगत इष्टिमेट तयार गर्ने निर्णय गरियो।

**रकम निकासा**

गत आ.व. २०७४/०७५ का लागि नगरपालिकाले सबै वडा कार्यालयहरूको बैंक खातामा विनियोजित रकम निकासा गरेकोमा वडा कार्यालयमार्फत विकास निर्माणको कार्य भई आर्थिक वर्षको मसान्तसम्ममा खर्च हुन बाँकी रकम नपाको खातामा दाखिला गरिएकोमा हाल योजनाहरू सम्पन्न भई हिसाब फछ्र्यौट गर्नुपर्ने भएकोले नपामा दाखिला गरिएको रकममध्ये अन्य योजनाको भुक्तानी बाँकी शीर्षकबाट रु. ५०,००,०००।- लाख र मौलिक शैलीको घर निर्माण शीर्षकबाट रु.३६,१०,१९२।- गरी जम्मा रु.८६१०१९२।- सबै वडा कार्यालयको बैंक खातामा पुनः निकासा गर्ने निर्णय गरियो।

**विविध**

क. भक्तपुर नगरपालिका वडा नं. ६ (साविक वडा नं. ९) बस्ने बद्रीदास राजभण्डारीको नाममा रहेको कि.नं. ६५ क्षे.फ. ०-३-०-२ जग्गामध्ये भूलबस उक्त जग्गाको दक्षिणतिरको महादेवको बगैंचा ०-१-१-१ समेत घुस्न गएकोले उक्त महादेवको बगैंचा संरक्षण गर्न भक्तपुर नगरपालिकालाई निज स्वयंले प्रदान गर्ने निवेदन नगरपालिकामा निवेदन दिएको सन्दर्भमा उक्त जग्गा आवश्यक कानूनी प्रक्रिया पुऱ्याई नगरपालिकाले खरिद गर्ने र खरिद गर्दा लाग्ने आवश्यक कर सबै नगरपालिले व्यहोर्ने निर्णय गरियो।

**ख.** भक्तपुर नगरपालिकाभित्र सञ्चालित सिद्धि शारदा आधारभूत विद्यालयले वि.सं. २०७२ को विनासकारी भूकम्पको कारण भ.न.पा. ७ चोर्चास्थित आफ्नै भवनमा विद्यालय सञ्चालन गर्न कठिन भई भनपा ९ ब्रम्हायणी भ्वय् छेंमा हाल विद्यालय सञ्चालन गरिरहेकोमा राष्ट्रिय पुन:निर्माण प्राधिकरण (शिक्षा) एकाई मार्फत उक्त विद्यालयको लागि चार कोठे दुई तल्ले भवन बनाई दिने व्यहोरासहित भवन निर्माणको लागि नगरपालिकासमक्ष जग्गा माग गर्ने निवेदन परेको सन्दर्भमा लिवाली आवास योजना क्षेत्रभित्र नगरपालिकाको स्वामित्वमा रहेको उपयुक्त जग्गा उक्त विद्यालयलाई भोगाधिकार प्रदान गर्ने तथा विद्यालयको स्वामित्वमा भनपा ७ चोर्चामा रहेको जग्गा र भवन नगरपालिकाले भोगचलन गर्ने निर्णय गरियो।

**ग.** यस नगरपालिका अन्तर्गत नगर शिक्षा शाखामा कार्यरत अधिकृत मेघनाथ रिमाल नेपाल सरकार प्रदेश नं. ३ अन्तर्गत हेटौंडा कार्यालयमा समायोजन भई जानु भएको हुँदा हालका लागि श्रोत व्यक्ति कृष्णप्रसाद कर्माचार्यलाई नगर शिक्षा अधिकृत भई कार्य गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

**घ.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा २ च ७१४९ को एम्बुलेन्स गाडीले धुलिखेल अस्पताल बिरामी लगेको बेला बा ३६ प ३९४१ न. को मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल बिग्री मर्मत गर्दाको रु.२१,३५०।- विकाश मोटरसाइकल वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो।

**ङ.** भनपाद्वारा सञ्चालित बा २ च ६०४९ को ल्याण्ड क्रुजर मर्मत गर्दाको रु.२६७८१।- र गाडी नं. २५२८ जिपमा आवश्यक सामानहरू खरिद गरी मर्मत गर्दाको रु.२६,८०९।२५ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

**च.** भनपाद्वारा सञ्चालित गाडी नं. बा १ क ८१५६ को एक्साभेटर डोजर मेसिनमा सामानहरू फेरी सर्भिसिङ्ग गर्दाको रु.५४,१२७।- न्यौपाने ईन्जिनियरिङ्ग प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

**छ.** वडा नं. ९ स्थित ब्रम्हायणी बहुउद्देश्य भवन निर्माण कार्य अन्तर्गत दाची ईँटाको गाह्रो लगाउने ठेक्का कार्य गरेवापत शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि. लाई रु.३,७४,९१३।- भुक्तानी दिइएको बैठकबाट अनुमोदन गरियो ।

**ज.** वडा नं. १० का वडाअध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखाले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.२८,२९,६००।- लिई रु.२७,१९,२००।- वितरण गरी बाँकी रु.१,१०,४००।- बैंक दाखिला गरेको बैंठकमा जानकारी गराइयो ।

**झ.** वडा नं. ४ का वडाअध्यक्ष श्री कुमार चवालले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.५३,२७,२००।- लिई रु.४९,३०,४००।- वितरण गरी बाँकी रु.३,९६,८००।- बैंक दाखिला गरेको बैंठकमा जानकारी गराइयो ।

## समितिको निर्णय अनुमोदन

### युवा तथा खेलकुद समिति

**मिति २०७५।१२।१७ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरव्यापी कक्षा (G–S) सम्मका विद्यार्थीहरूको बीच विद्यालयस्तरीय मार्चपास प्रतियोगिता २०७६ बैशाख १३ गते शुक्रबार गर्ने, प्रतियोगितामा सहभागी हुने २०७६ बैशाख १० गते मंगलबारभित्र भनपा प्रशासन शाखा/नगर शिक्षा आह्वानमा दर्ता गर्ने र उक्त प्रतियोगिताको प्रचार प्रसारको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बक्सिङ्ग प्रशिक्षणको लागि बक्सिङ्ग रिङ्ग बनाउन योजना शाखाबाट पेश भएको ल.ई. १३,०३,६८५।८३ (अक्षेरुपी रु. तेन्ह लाख तीन हजार ६ सय पचासी त्रियासी पैसाको इष्टमेट स्वीकृतिको लागि भनपामा बैठकमा पेश गर्ने निर्णय गरियो ।

### कृषि समिति

**मिति २०७५।१२।२८ गते**

१. मिति २०७६ सालमा भक्तपुर नगरका कृषकहरूलाई धानको बीऊ प्रति वडा १००० के.जी. गरी जम्मा १०००० के.जी. धान बीऊ प्रति परिवार ५/५ के.जी. का दरले वितरण गर्ने निर्णय गरियो ।

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०७५।१२।२१ गते**

१. यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक एवं संस्थागत विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपलहरूको भेला देहायको मिति, समय र स्थानमा आयोजना गरी नयाँ शैक्षिक सत्र शुरुवात सम्बन्धमा तथा स्थानीय पाठ्यक्रमबारे अभिमुखीकरण कार्यक्रम गर्ने निर्णय गरियो ।

मिति : २०७५ चैत्र २८ गते, बिहीबार
समय : दिनको २:०० बजे
स्थान : ख्वप इन्जिनियरिङ्ग कलेजको सभा कक्ष, लिवाली

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) लाई प्रमुख अतिथिको रूपमा निमन्त्रणा गर्ने निर्णय गरियो ।

२. बिस्केट जात्राको समयमा उपस्थित हुने जनतालाई स्वास्थ्य उपचार सेवा प्रदान गर्ने उद्देश्यले यस नगरपालिकाको तर्फबाट यही २०७५ चैत्र ३० गते र २०७६ बैशाख १ गते भनपा ५, ल्योसिंख्यमा तथा २०७६ बैशाख ४ गते नगरका विभिन्न स्थानहरूमा जनस्वास्थ्य कार्यालयमार्फत वडा नर्स र महिला स्वास्थ्य स्वयंसेविकाहरू परिचालित गरी स्वास्थ्य उपचार सेवा प्रदान गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाको शिक्षा ऐन २०७४ बमोजिम यस नगर क्षेत्रभित्रका सामुदायिक एवं संस्थागत विद्यालयहरूमा नियमानुसार गठन गरिएका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबीच अभिमुखीकरण कार्यक्रम बैशाख ३ गते गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको आयोजनामा आधारभूत तहमा (कक्षा १ देखि ५ सम्म) अध्यापन गर्ने शिक्षक-शिक्षिकाहरूलाई यही २०७५ चैत्र १३ गतेसम्म तालिम सञ्चालन गर्ने क्रममा व्यवस्थापनको जिम्मेवारी लिने शिक्षकहरू हिमालयश्वरलाल मूल, उद्धव सुजखु र राजेन्द्र श्रेष्ठलाई प्रतिदिन जनही रु.२,०००।- (अक्षेरुपी दुई हजार रूपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

### अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०७५।१२।२६ गते**

१.भक्तपुर नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता परिचयपत्र वितरण निर्देशिका २०७५ बमोजिम नयाँ दर्ता तथा नवीकरणको निमित्त स्थानीय पत्रिकामार्फत सूचना प्रकाशित गर्ने ।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७५।१२।२२ गते**

१. नियमित सरसफाइअन्तर्गत आउँदो २०७५।१२।२९ गतेका दिन टौमढी लैकोदेखि खँला हुँदै योसिंख्यसम्म सरसफाइ गर्ने निर्णय गरियो ।

२. विश्व सम्पदा दिवसको अवसरमा आउँदो २०७६।१।५ गतेका दिन बिहान ८:०० बजे भक्तपुर नगरपालिकाको सभाकक्षमा प्रवचत कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्माण समिति**

**मिति २०७५।१२।२२ गते**

| मिति : २०७५/१२/२५ निर्माण समिति निर्णय | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | |
| क्र.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| १ | द्यतात्रय स्वायरमा ढुङ्गा छपाइ कार्य | ९ | ९,२८०,६६१।०० | ९,४४६,१०३।०० | | | | | नपा | |
| ख) पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | |
| १ | सल्लाघारीमा रिजर्भवायर ट्याङ्की र फिल्टरेशन कार्य | २ | ९,६७२,३७५।०० | ४,८६७,७१३।४० | ३,८४८,२२७।७० | ३,०००,०००।०० | ८४८,२२७।७० | | नपा | आंशिक पे.फ.र थप रू.५ लाख पेश्की सिफारिस |
| २ | वडा कार्यालय देनि जि.प्र.का. हुँदै नपा भवनसम्मको बाटो मर्मत कार्य | २ | १,०४५,९९५।५० | | ६०३,४३२।०० | ३४५,०००।०० | २५८,४३२।०० | | सडक बोर्ड | आंशिक पे.फ.र थप रू.३ लाख ५० हजार पेश्की सिफारिस |
| ३ | महेश्वरीघाट सुधार कार्य | ८ | ३,४५८,५५५।५१ | **२१५,२४४।१०** | १,३३९,९०४।५८ | ८,०००।०० | ७२,९९०।१७ | | नपा | आंशिक पे.फ.र थप रू.८ लाख पेश्की सिफारिस |
| ४ | द्यतात्रय स्क्वायरमा ढुङ्गा छपाइ | ९ | १,०४५,९९५।५० | ४,४३२,२१०।०० | ४,२४३,०५८।९४ | ४,०००,०००।०० | २४३,०५८।९० | | नपा | आंशिक पे.फ.र थप रू.१० लाख पेश्की सिफारिस |
| ग) भुक्तानी सम्बन्धमा | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्धेश्यीय भवन फिनिसिङ कार्यमा वाल लगाउने श्रम ठेक्का बापतको भुक्तानी | ९ | शान्ति कन्स्ट्रक्सन ट्रेडर्स, काठमाडौं | ३७४,९१३।७६ | नपा | भुक्तानी दिने निर्णय | | | | |

च भ.न.पा.साविक वडा नं. ५ बाट हाल ६ वडा बस्ने कृष्णराम अवालको नक्सा पासको लागि पेश भएको साविक भ.न.पा. वडा नं. ४(ङ) बाट हाल १० कित्ता नं. ८ को क्षे.फ. ०-२-१-० जग्गाको उत्तरतर्फ पर्ति जग्गा कि.नं. ७ भएर आउने गरी पेश भएको नक्सा सम्बन्धमा फिल्डमा गई निरीक्षण गर्दा पेश नक्साअनुसार पर्ति जग्गाबाट छोड्नुपर्ने र बाटोबाट छोड्नु पर्ने सेटब्याक, बाटोको मापदण्डसमेत छोड्ने गरी पेश भएको हुँदा पेश नक्सा पास प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

# वः चटामरीको महत्व



ओम धौभडेल

नेवार संस्कृतिमा नभई नहुने एक परिकारमा वः चटामारी पनि हो। जहाँ वः भन्नाले दाल वा दलहनबाट बनेको बारा 'रोटी' हो भन्ने बुझिन्छ। चटामारी भन्नाले चामलको पीठोको रोटी भन्ने बुझिन्छ। वः चटामारी बीच एक आपसमा धेरै समान विशेषताले भरिएको हुन्छ। दुवैको आकार गोलो हुन्छ। वः अर्थात बारा आकारमा सानो भई मोटाई बाक्लो हुन्छ। यता चटामारी पनि गोलो भएपनि मोटाईमा पातलो तर आकारमा ठूलो हुन्छ। दुवैको काम आसन हो। विशेष गरी नेवार संस्कृतिमा चिउरा, स्याबजी, साँधेको अदुवा, लसुन, भटमास, सुकेको माछा, छोयला, आलु, बोडी जस्ता परिकार यही चटामारी माथि राख्ने चलन छ। त्यसमाथि अर्को एक जोडा चटामारीले छोपेको हुन्छ। यहाँ नेर सम्पूर्ण सम्येबजीलाई चटामारीले सुरक्षा दिएको हुन्छ। जहाँ वः अर्थात बारा पनि राख्ने गरिन्छ।

तर साँच्चिकै वः को भूमिका त स्वगं (सगुन) मा हुन्छ। नेवारहरू तन्त्र आचारमा विश्वास गर्ने जाति हो। तन्त्राचारमा वाम मार्ग अपनाउँछ। त्यही वाम मार्गमा पंचमाकारको उपयोग हुन्छ। पंचमाकारको सतही रूप रक्सी, मासु, माछा, मुद्रा र मैथुन हो। यसको सेवनले मोक्ष प्राप्त हुन्छ भनी निर्वाण तन्त्रले भनेको छ। यो पंचमाकार नै अग्नि, जल, आकाश, वायु र पृथ्वी हुन् भनी तन्त्रले ब्याख्या गरेको छ। यसैको प्रतिक जगाउन नेवार समाजमा हुने जुनसुकै पूजापर्वमा सम्येको ठूलो महत्त्व रहँदै आएको छ। तान्त्रिक विधिबाट पंचामाकारलाई स्वगं अर्थात् सगुण लिनेलाई परिमार्जित गरी नेवार समाजमा सम्येको पार्दूभाव हुन गयो। जुन आगममा जस्तो अरुबाट नदेख्ने गरी गोप्य रूपमा नभई जहाँसुकै जसको बिचमा पनि ग्रहण गर्न सकिन्छ। र सम्ये खानुबाट पंचतत्त्वले बनेको पंचभूत यो ब्रम्हाण्डमा आफ्नो मोक्षको लागि तान्त्रिक विधिको उपयोग गरेको ठहरिन्छ। यस अर्थमा सम्ये भ्वय पचंतत्त्वको प्रतिक हो। यसमा स्याबजी, माछा, छोयला, भटमास, अदुवा यो पाँचवटा अनिवार्य रूपमा समाबेश भएको हुनुपर्छ। सम्ये भोजमा नभई नहुने पाँच मुख्य बस्तु जस्तो स्याबजीले आकाश जनाउँछ। कालो भटमासले वायु भन्ने अर्थ दिन्छ। अदुवाले तेज अर्थात अग्नी भन्ने संकेत गर्छ। माछाले जल र छोयला पृथ्वीको प्रतिक मानिन्छ। यसमा यो पाँच तत्त्वको आ-आफ्नै महत्त्व छ।

सगुनमा दिइने अण्डा, भुटेको मासु तथा माछा यहि वः माथि राखिदिने चलन छ। यस अर्थमा वः ले पनि यहाँ आसनको नै भूमिका निभाएको पाइन्छ। यसरी फरक-फरक समय तथा स्थानमा वः चटामारीको फरक-फरक उपयोग भएको पाइन्छ। तर प्रत्येक वर्ष जेष्ठ शुक्ल पक्षको षष्ठीको तिथिको दिन वः चटामारी विशेष रूपले खाने चलन छ। सिथिको दिन घर-घरमा मास तथा मुगीको वः मासको बारा खाने चलन छ। यसमा पनि अझ मासको बारा तयार हुन्छ। तर सिथिको मास मुगीबाहेक अरु थुप्रै दालको बारा पनि खाने चलन थियो। यसदिन ६ थरिका विभिन्न दालका बारा खाने प्रथा हुन्थ्यो। जुन अचेल छैन। सिथि मनाउने दिन जेष्ठ शुक्ल षष्ठी हो। यस दिन देवाधिदेव महादेवका छोरा कार्तिकेय कुमारको जन्म भएको मानिन्छ। जसको ६ वटा टाउको भएको मानी षष्ठी तिथिको दिनसँग सम्बन्धित गर्ने क्रममा ६ थरिका गेडागुडीको ६ थरिका बारा खाने चलन बनेको देखिन्छ। यस दिन विशेष पूजा गर्ने कार्तिकेय कुमारको अर्मुत मुर्ति हरेक नेवार घरको मूलढोका अगाडि स्थापित एउटा गोलो ढुङ्गा हो। जसमा ६ वटा पत्रहरू हुन्छ। कुमारको उक्त प्रतिकात्मक मूर्तिमा ६ वटा विभिन्न थरिका अन्नबाट बनेको चटामरी, ६ थरीका दालबाट बनेको वः बारा र ६ थरीका सागसब्जीका तरकारी चढाई पूजा गर्ने गर्दछन्। यसरी षष्ठीको दिन ६ टाउको भएको कार्तिकेय कुमारलाई ६ थरीका चटामारी, वः र तरकारी चढाउनुको पछाडी ६ अङ्कको ठूलो महत्त्व रहिआएको छ। अचेल छ थरिको वः चटामारी तथा अन्य परिकार खानेतिर ध्यान गएको देखिदैँन। सिथिको दिन वः चटामारी विशेष गरी खाने भए तापनि यस दिन चटामारी भन्दा बढी महत्त्व वःलाई दिएको देखिन्छ। यसदिन खाने वःलाई सिथि वः भनी नाम दिएबाट पनि यसको पुष्टि हुन्छ। यसबाहेक काठमाडौंतिर सिथिको दिन चटामारी भए पनि हुन्छ, तर वः चाहिन्छ। यता बौद्धमार्गीहरू पनि सिथि आफ्नै तरिकाले मनाउँछ। बौद्धमार्गीहरूले यसदिन आफ्नो कुल देवता चक्रसम्बरलगायतको पूजा गरी सिथि

मनाउने क्रममा चारप्रकारको वः प्रसादको रूपमा चढाँउछ। सबैभन्दा ठूलो मासको वः हुन्छ। त्यसको माथि अलि सानो गरी केराउको वः हुन्छ। त्यसभन्दा माथि अलि सानो मुगीको वः हुन्छ। सबैभन्दा सानो अनि सबैभन्दा माथि मुसुरोको वः हुन्छ। यहाँ पनि चटामारीलाई खासै महत्त्व दिएको देखिँदैन। तर वः अर्थात बाराको सम्बन्धमा अरु महत्त्व दर्शाउन सकिन्छ। नेवार संस्कृतिमा थुप्रै किसिमका वः अर्थात बाराको उपयोग फरक ठाँउमा फरक ढंगले भएको पाइन्छ। नेवार समाजमा सबैभन्दा बढी माँय वः मासको बारा र मु वः मुगीको बाराको उपयोग भएको पाइन्छ। यसबाहेक कसु वः केराउको छाटाको बारा, कौकौ वः, मुसु वः आदि पनि प्रचलित छ। यसबाहेक दालको मात्र वः बन्छ भन्ने मान्यतालाई एकातिर राखी अरु विविध परिकारबाट पनि वः बन्छ भन्ने उदाहरण धौ वः, आलु वः, भान्टा वः, ला वः, खेँ वः, आम्लि वः लगायतले दिन्छ। जहाँ धौ वः भन्नाले दहीसित बारा वः भन्ने बुझिन्छ। आलु वः चाहिं आलुलाई चक्का चक्का गरी काटी पिठो वा बेसनमा डुबाएर बनाएको वः हो। भान्टा वः पनि आलु जस्तै चक्का चक्का गरी काटेर बनाएको भान्टाको परिकार हो। आम्लि वः अमिलोसित खाने बारा हो। ला वः मासुको किमामा मसला राखि पकाएको वः हो। खेँ वः अण्डाको वः हो। मास वा मुगीको वः मा मासुको भाग बिचमा राखी पकाए पछि ला वः हुन्छ। मास वा मुगीको वः को बिचमा अण्डा राखी पकाएपछि खेँ वः हुन्छ।

नेवार समाजको मौलिक वः भन्ने मास र मुगीको वः नै हो। मास तथा मुगीलाई सफासँग केलाई पानीमा भिजाउनुपर्छ। करिब तीनघण्टा भिजाई सकेपछि मास वा मुगीको बाहीरी भाग र भित्री भाग सजिलैसित छुटिन्छ। अब वः कस्तो प्रकारको बनाउने हो त्यसअनुरूप भिजाएको मास वा मुगीलाई लेदो बनाउनतिर ध्यान दिनुपर्छ। वः दुई प्रकारले तयार हुन्छ, बोक्रासहित र बोक्रा निकालेर। बोक्रासहित वः बनाउने हो भन्ने भिजाएको मास वा मुगीको बोक्रालाई सँगै पिध्ने गर्छ। यदि बोक्रारहित वः बनाउने हो भने मात्र बोक्रा छुट्टाई पिध्ने हो। यसको लागि सिलौटामा अलि अलि राखी पिध्नुपर्छ। अचेल ग्राण्डर मेसिनले सजिलै पिध्ने काम हुन्छ। जुन लेदो धेरै पातलो हुनुहुँदैन। यसमा आवश्यकताअनुसार नुन, जिराको धुलो, अदुवा, लसुनलगायतका मसला हालि चलाउनुपर्छ। यसमा लसुन र अदुवाको उपयोगले अत्यन्त मिठास आउँछ। वः पकाउन फलामको ताप्के तताउने र थोरै तेल लगाउनुपर्छ। मधुर आगोको आँचमा हातमा एक डल्लो पिँधेको मास वा मुगीको लेदो लिई ताप्केको बिचमा राखी बिस्तारै गोलो गोलो पार्दै लैजाउनुपर्छ। वः जति सानो भयो त्यति छिट्टै पाक्छ। यसकारण आकारमा धेरै ठूलो बनाउँदैन। ठिक्क आकारको हुन्छ। पकाउने क्रममा चारैतिर थोरै थोरै तेल लगाउँदै गर्नुपर्छ। ताकी वः लाई ओल्टाईपल्टाई गर्दा नतासियोस्। शुरुमा एक-एक पटक पल्टाई सकेपिछि राम्रोसँग पाके नपाकेको हेरी पुन:पकाउन सकिन्छ। यसमा मासको वः अलि नपाके पनि खाने चलन छ। तर मुगीको वः पुरै पाकेको खाने गर्छ। नेवार संस्कृतिमा मास र मुगीमध्ये पूजापर्व, संस्कार आदिमा मासको वः को उपयोगिता बढी भएको हुन्छ भन्ने चाहे सिथि होस् चाहे जन्मदिन, भाइटिका, आमाको मुख हेर्ने, बुबाको मुख हेर्ने जस्ता संस्कारमा होस् मासको वः को प्रचलन हुन्छ। यता मुगीको वः चाहिं शक्तिबर्धक परिकारको रूपमा बढी खाने गर्छ। मुगीको वःमा जरिगों, पालुगों जस्ता साग पनि मिसाएर खाने परम्परा छ।




वः को उपयोग सम्ये तथा स्वगं सगुनमा भएको आधारमा यसको सम्बन्ध तान्त्रिक मतले भएको देखिन्छ। यसै सर्न्दभमा तन्त्रमा वः को महत्त्वबारे थाहा पाउन सकिन्छ। यहाँनेर कुन प्रकारको वः कुन देवदेवीको लागि चढाउने भन्ने समेत थाहा पाउन सकिन्छ। जस्तै उदाहरणको लागि हाम्रो धर्म संस्कृतिमा सबैभन्दा बढी उपयोग हुने मासको वःलाई नै लिउँ। मासको वः खासगरि माहेश्वरी देवीलाई चढाउने वः हो। जुन देवी दशमहाविधा भित्रको एक देवी हुन्। मुगीको वः विशेषगरी श्री परमेश्वरीको लागि हो। यता कसु वः श्री वागेश्वरी देवीको लागि उपयोग हुन्छ। बाराही देवीको पूजामा धौ वः चढाउने चलन छ। आम्ली वः कुलदेवीको पुजामा उपयोग हुन्छ। कौकौ वः कुमारीको पूजामा चढाइन्छ। कुमारीका विविध रूपमध्ये सातौं रूपकी शाम्भवीदेवीलाई यो कौकौ वः चढाइन्छ। यस अर्थमा वः एक खाने परिकार मात्र हैन भन्ने बुझिन्छ।

यति हुँदाहुँदै वः चटामरीको उपयोगिता धार्मिक, सांस्कृतिक रूपका साथसाथै ब्यावसायिक रूपले पनि सोच्नुपर्ने

अवस्था आएको छ। वः चटामरी खान सिथि नै कुर्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ। ब्यावसायिक रूपले वः चटामरी पकाउनेदेखि बजारीकरण गरी नेवारइतर सबैको लागि सर्वसुलभ बनाउन आवश्यक भईसकेको छ। यो परिकार अरुबेला पनि खान सकिन्छ भन्ने भावना सबैमा जगाउन नेवार समुदाय बाहेक अरुलाई पनि वः चटामरीको महत्त्वबारे जानकारी दिई अरुबेला पनि वः चटामरी खाने चलन बसाल्न सकिन्छ।

**शब्दावली**

| | |
|---|---|
| वः | – बारा |
| चटामरी | – चामलको पिठोको रोटी |
| स्याबजी/सियाबजी | – भुटेको चिउरा |
| छोयला | – पोलेको मासु |
| स्वगं | – सगुन |
| सम्ये | – नेवार भोजको प्रकार |
| माँय वः | – मासको बारा |
| मुँ वः | – मुगीको बारा |
| कसु वः | – केराउ छाटाको बारा |
| आम्लि वः | – लप्सीको माडामा तयार हुने बारा |
| कौँकौँ वः | – कडा खालको बारा |
| मुसु वः | – मुसुरोको बारा |
| धौ वः | – दही र बाराको परिकार |
| आलु वः | – आलुको परिकार |
| खेँ वः | – अण्डाको परिकार |
| ला वः | – मासुको परिकार |
| भाण्टा वः | – भण्टाको परिकार |

**स्रोत सन्दभ**

१. धौभडेल ओम –सिथि नखा ,भक्तपुर, मासिक अंक २६९

२ शर्मा रमापतिराज –सिथि नखा ,खोपृङ्ग अंक २२

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**टौमढी क्षेत्रमा चारपाङ्ग्रे सवारी साधान प्रवेश निषेधसम्बन्धी सूचना**

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित विश्व प्रसिद्ध ङातापोल परिसरको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर स्थानीय जनता, बुद्धिजीवी र सरोकारवालाहरुको सुझावअनुसार त्यस क्षेत्रमा पूर्वमा क्वाछेँ, पश्चिममा स्वपुंग भैरव, उत्तरमा चतुर्ब्रम्ह महाविहारको पूर्वी बाटो र दक्षिणमा तीलमाधव नारायण मन्दिरको पूर्वी ढोका चलाखु यता चार किलाभित्रको क्षेत्रमा हाललाई २०७५ माघ १ गतेदेखि बिहान ७:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म हरेक दिन चारपाङ्ग्रे सवारी साधन प्रवेश निषेध गर्ने निर्णय भएको हुँदा सम्पूर्ण सवारी साधन धनीहरु तथा सर्वसाधारणहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## भक्तपुर नगरपालिकाबाट सिफारिस लिन आवश्यक कागजातहरू

**नाता प्रमाणित**

१. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि – १/१ प्रति
२. मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति (२०३६ सालपछि मृत्यु हुनेको मात्र)
३. जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि – १/१ प्रति
४. पासपोर्ट साइजको फोटो – ३/३ प्रति
५. अन्य कागजात

**नाम, थर र वतन संशोधन**

१. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि – १ प्रति (नभए पिताको नागरिकताको वा विवाहित भए पतिको)
२. जग्गाधनी प्रमाणपुर्जाको फोटोकपी – १ प्रति
३. फिल्डबुक उतारको फोटोकपी – १ प्रति
४. नाता प्रमाणितको प्रतिलिपि – १ प्रति
५. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि – १ प्रति

**जोत नामसारी**

१. मोहीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति
२. फिल्डबुक उतारको प्रतिलिपि – १ प्रति
३. भर्पाई वा कबुलियतको नक्कल – १ प्रति
४. मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति

**जग्गा नामसारी**

१. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति
२. मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति
३. एकभन्दा बढी भएमा मञ्जुरीनामा – १ प्रति
४. जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि – १ प्रति
५. नाता प्रमाणितको प्रतिलिपि – १ प्रति
६. मालपोत तिरेको रसिदको प्रतिलिपि – १ प्रति
७. पासपोर्ट साइजको फोटो – २ प्रति

**चारकिल्ला र घर प्रमाणित**

१. नागरिकताको प्रमाणित प्रतिलिपि – १ प्रति
२. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि – १ प्रति
३. चालुवर्षको मालपोत बुझाएको रसिदको प्रमाणित प्रतिलिपि – १ प्रति
४. सगोलको नाममा दर्ता भएको भए मञ्जुरीनामा – १ प्रति
५. घर भए नक्सापास पुर्जीको प्रतिलिपि – १ प्रति

**तीनपुस्ते प्रमाणित**

१. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी – १ प्रति
२. जग्गाघनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि – १ प्रति
३. पासपोर्ट साइजको फोटो – २ प्रति
४. अन्य कागजातहरु भए ............

**धारा/बत्ती/टेलिफोन राख्न सिफारिस**

१. नागरिकताको प्रमाणित प्रतिलिपि – १ प्रति
२. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि – १ प्रति
३. सगोलको नाममा दर्ता भएको भए मञ्जुरीनामा – १ प्रति
४. घरनक्सा पास पुर्जीको प्रतिलिपि – १ प्रति
५. मालपोत तिरेको रसिदको प्रतिलिपि – १ प्रति
६. धारा राख्नको लागि बाटो खन्ने स्वीकृति – १ प्रति

# नेपाल सम्वत् र युग प्रमाण



डा. वीरेन्द्रप्रसाद कायस्थ

पञ्चाङ्ग तिथि निर्धारण चन्द्रमा एवं सूर्यको गतिका आधारमा गरिन्छ। सूर्य र चन्द्रमा बीचको १२ को अन्तर भए पछि एक तिथि हुन्छ। वर्ष एवं मासको गणनाको आधार यही भएकोले यसलाई चन्द्र वर्ष पनि भनिन्छ। एक वर्षमा ३५४ दिन ८ घण्टा ४८ मिनेट ३४,६७५२ सेकेन्ड हुन्छ। यसलाई सौर वर्षमा सामञ्जस्य स्थापित गर्न अधिक मास र क्षयमासको व्यवस्था गरेको छ।

अधिक एवं क्षयमास निर्धारणबारे ज्योतिष सिद्धान्तमा उल्लेख छ। यस निर्णयको मुख्य आधार जुन चन्द्रमासमा निरयण संक्रान्ति हुँदैन, त्यसलाई अधिक मास भनिन्छ। जुन चन्द्रमामा दुई संक्रान्ति हुन्छ त्यसलाई क्षयमास भनिन्छ। क्षयमास केवल कार्तिक, मंसिर र पुस महिनामा मात्रै हुन्छ।

**युग प्रमाण**

ज्योतिष विज्ञानमा चार युगको वर्णन गरिएको छ। १. सत्ययुग २. त्रेता युग ३. द्वापर युग ४. वर्तमान कलियुग। कलियुग ४,३२,००० वर्षको हुन्छ। कलियुगको दोब्बर द्वापर, तेब्बर त्रेता युग र चौबर सत्ययुग हुन्छ। यो चार युगको १ महायुग हुन्छ। ७१ महायुगको १ मन्वंतर र १०० महायुगको १ कल्प वा ब्रम्हाको एक दिन हुन्छ। ३६० कल्प बराबर ब्रम्हाको १ वर्ष हुन्छ। प्रत्येक मन्वंतरको आदि र अन्तमा सत्ययुग प्रमाणको १ सन्धि हुन्छ। सन्धिलाई प्रलयकाल पनि भनिन्छ। १५ सन्धि समेत एक मन्वंतरको १ कल्प हुन्छ। ब्रम्हाको आयु ३६० कल्प = १०० वर्ष हुन्छ।

सत्ययुग = १७,२८,००० वर्ष
त्रेतायुग = १२,९६,००० वर्ष
द्वापरयुग = ८,६४,००० वर्ष
कलियुग = ४,३२,००० वर्ष
१ महायुग = ४३,२०,००० वर्ष
७१ महायुग = १ मन्वंतर = ३०,६७२०,००० वर्ष
१००० महायुग=१ कल्प ४,३२,००,००,००० वर्ष=ब्रम्हाको १ दिन
३६० कल्प = १ वर्ष
ब्रम्हाको आयु = १०० वर्ष

प्रत्येक मन्वंतरमा आदि र अन्त १ सन्धि सत्ययुग प्रमाण = १७,२८,०००

**मनु १४ छन्**

१. स्वायम्भुव २. स्वारोचित ३. उत्तमज (औत्तमी) ४. तामस ५. रैवत ६. चक्षुष ७. वैवस्त ८. सावर्णि ९. दक्ष सावार्णे १०. ब्रम्हा सावार्णे ११. धर्म सावार्णे १२. रुद्र सावार्णे १३. देव सावार्णे १४. इन्द सावार्णे

वर्तमान कल्पमा ७ सन्धिसमेत व्यतित भई वैवस्तत मनु वर्तमान हो। आरम्भदेखि आजसम्म २७ महायुग भुक्त भई २८ महायुगमा पनि ३ युग भुक्त भई चौथो युग कलियुग वर्तमान हो।

प्रत्येक मन्वतरमा आदि अन्तमा प्रलयकालको सन्धि हुन्छ। यसै प्रकार ६ मन्वतरमा आदि सन्धि मिलेर ७ सन्धि भुक्त भई सातौं मन्वतरको २७ महायुग बितिसकेको छ। कलियुगको आरम्भसम्म कति वर्ष व्यतित भयो।

१ महायुग = ४३,२०,००० वर्ष    १ सन्धि = १२२८०००
X २७    X ७
२७ महायुग=११,६६,४०,०००वर्ष    ७ सन्धि=१,२०,९६,०००

१) सत्ययुग = १७,२८,०००
२) त्रेतायुग = १२,९६,०००
३) द्वापरयुग = ८,६४,०००
३ युग = ३८,८८,०००

१) सत्ययुग = ४३२००० X ४ = १७२२८०००
२) त्रेतायुग = ४३२००० X ३ = १२९६०००
३) द्वापरयुग = ४३२००० X २ = ८६४०००
४) कलियुग = ४३२००० X १ = ४३२०००
एक महायुग = = ४३२०००
X ७१
७१ महायुग = १ मन्वन्तर = ३०,६७,२०,०००
X ६
६ मन्वन्तर .......... = १८,४०,३२,०००
७ सन्धि = +१,२०,९६,०००
७ सन्धि समेत गत मन्वन्तर- योग १,८५,२४,१६,०००
गत २७ महायुग + ११,६६,४०,०००
योग = + १,९६,९०,५६,०००
गत ३ युग = १९,७२,९४,४४,०००
१,९७,२९,४४,०००
कलि आरम्भ समयबाट
सन इवां आरम्भसम्म +३१०२
योग = १९७२९४७१०२

सृष्टि आरम्भदेखि वर्तमान कलियुग आरम्भसम्म १,९७,२५,४४,०००

सन् ईस्वी आरम्भ सम्म = १९७२४७०००२ वर्ष

वर्तमान सन् ईस्वी जोडेमा वर्तमान सन् ईस्वीसम्म सृष्टि आरम्भ हुने वर्ष वा द्वापरको वर्ष १,९७,२९,४४,०००+३०४५ जोड गरेमा सम्वत् आरम्भसम्म सृष्टि आरम्भको समय निश्चित हुन्छ। सन् ईस्वी ३१०२ वर्ष पहिले कलियुग आरम्भ सन् ईस्वी आरम्भ भन्दा ५७ वर्ष पहिले विक्रम सम्वत् प्रचलित। यस प्रकार (३१०३-५७) = ३०४० वर्ष। यो सम्वत्को आरम्भ हुने बेलासम्म कलियुगको गत वर्ष।

कलियुगः- सन् ईस्वी ३१०२ इ.पू वर्ष पहिले आरम्भ।

सम्वत् २००० मा ५०४५ कलि भुक्त र ४२,६९,५९ वर्ष भोग्य। १८ फेब्रुअरी ३१०२ अर्ध रात्रिमा कलियुग आरम्भ।

भाद्र कृष्ण १३ रविवार अश्लेषा नक्षेत्रमा व्यतीपात योग अईरात्रिको समय कति प्रारम्भ। कलियुग आरम्भ भएको बेला सूर्य, चन्द्र आदि नौ ग्रह सबै एकै राशीमा विराजमान भएको।

**वर्ष प्रमाण**

शाक + ७८ = सन् ईस्वी

सम्वत्- ५७ = सन् ईस्वी

सन् ईस्वी + ५७ = सम्वत्

सन् ईस्वी - ७८ = शाक

सम्वत् - १३५ शाक

शाक सम्वत् चैत्र प्रतिपदाबाट आरम्भ हुन्छ।

जस्तैः शाक + ७८

१९४० + ७८

२०१८ सन् ईस्वी

इस्वी-२०१८ + ५७

= २०७५ साल

**वर्ष मान**

वर्षमान ४ प्रकारका छन्-

१) सौर वर्ष - ३६५ दिन १५ घ ३० पला

२) चन्द्र वर्ष - ३५४ दिन ३० घ ० पला

३) सावन वर्ष - ३६० सावन दिन = १२ मास

४) नक्षत्र वर्ष ३२४ दिन

शुक्लपक्ष प्रतिपदादेखि अमावस्यसम्म चन्द्रमास हुन्छ। संक्रान्तिदेखि मसान्तसम्म सौरमास हुन्छ। ३० दिनको सावनमास हुन्छ। विवाह आदि काममा साइत सौर मासबाट लिइन्छ। यज्ञ आदि काममा सावन मास र वार्षिक कर्म तथा पितृकार्यमा चन्द्रमासबाट लिइन्छ। आयु तथा दशाको विचार सावन मासबाट गरिन्छ।

सामान्यतया ३२ महिना १६ दिन ४ घडी बितेपछि अधिकमास हुन्छ। सूर्य सिद्धान्त अनुसार ३३,५३५ चन्द्रमास मा ३२,५३४३ सौरमास हुन्छ। यसकारण सौरमासलाई चन्द्रमाससँग मिलाउन २ वर्ष ८ महिना उप्रान्त अधिकमास आउँछ। सिद्धान्त शिरोमणी वर्ष प्रवोध, अधिकमास निर्णय, ज्योतिषसार आदि ग्रन्थमा यी कुराको पुष्टि गरिएको छ।

इतिहासमा प्रख्यात नेपाल सम्वत् चन्द्रगति अनुसार चल्ने भएको हुनाले तिथि नै मुख्य यसको आधार हो। ज्योतिष शास्त्रअनुसार सूर्य र चन्द्रको दुरी १२ अंश भएपछि एक तिथि हुन्छ। हाम्रो सम्पूर्ण चाडपर्व, विवाह, व्रतवन्ध, जन्मकुण्डली र मृत्युपश्चात्का क्रिया आदि सम्पूर्ण कार्य तिथिअनुसार चलेका छन्। चन्द्र गति अर्थात् तिथिको मूल आधार गणित हो। गणित भन्नु नै विज्ञान हो। विज्ञानको आधारशिला भन्नु गणित हो। गणितको आधारमा ऋतु परिवर्तन भइरहन्छ। ऋतृ परिवर्तनको कारणबाट नै यहाँ जाडो महिना, वर्षायामले पालो फेरिरहन्छ। कसैले आशिष दिंदा 'चन्द्रमा दाहिने परोस्' भनिन्छ। कसैलाई सगुन दिंदा चन्द्रको प्रतिक दही दाहिने निधारण टिका लगाई दिने चलन अझै जीवित छ।

नेपालको मौलिक सम्वत् भनेको नेपाल सम्वत् नै हो। यसको वैज्ञानिक आधार र व्यवहारिक धरातल अनन्त छ।

नेपाल सम्वत्लाई नेपाल राज्य र नेपालीले मात्र चलन चल्तीमा ल्याएको अवश्य पनि होइन्। यो सम्वत्लाई मित्र राष्ट्रहरूबाट पनि मान्यता प्राप्त भएको छ, चौधौं शताब्दीमा नेपाल सम्वत् ५३५ आषाढ शुक्ल दशमीमा चीनका मिङवंशीय राजा तायिमिङले काभ्रेका राजा शक्ति सिंह राम वर्द्धनलाई पठाएको पत्रमा रञ्जना लिपि, संस्कृत भाषा र नेपाल सम्वत् नै स्पष्ट उल्लेख थिए। सो पत्र इतिहासकार धनबज्रका अनुसार नेपाल सरकारको परराष्ट्र मन्त्रालयमा सुरक्षित छ। भारतको कुच विहारका राजा प्राण नारायणले आफ्नो दुई बहिनी रूपमती र अनन्त प्रियालाई काठमाडौंका राजा प्रताप मल्लसँग विवाह गरिदिएका थिए र नेपाल सम्वत् ७५३ प्रयोग गरी सुवर्ण मुद्रा पनि निकालेका थिए।

नेपालमा प्राप्त ऐतिहासिक प्रमाणहरूमा शक सम्वत्, मानदेव सम्वत्, नेपाल सम्वत् विक्रम सम्वत्, कलियुग सम्वत्, लक्ष्मण सम्वत्, ईस्वी सम्वत् उल्लेख भएको पाइन्छ। नेपालका मानदेव सम्वत् पनि निकै प्रचलित र ऐतिहासिक सम्वत् हो। ऐतिहासिक रूपमा चागुँनारायणलगायत धेरै ठाउँमा मानदेव सम्वत् उल्लेख गरेको पाइन्छ। यो सम्वत् ३०१ सम्म मात्र चलेको थियो। नेपाल सम्वत् सुरु गरेका बेला विक्रम सम्वत् ९३६, ईश्वी सम्वत् ८७९, शक सम्वत् ८०२ थियो। नेपाल सम्वत् ५२४ मा ललितपुर सुनधारामा धर्म मल्लको शिला लेखमा श्री कलिगत सम्वत् ४५०५, श्री विक्रम

राज सम्वत् १४६७, श्री शंकराज सम्वत् १३२६, श्री मन्त नेपालिक सम्वत् ५२४ उल्लेख भएको पाइन्छ ।


नेपाल सम्वत् कुन परिस्थितिमा कसले चलाएको भन्ने बारेमा निर्क्योल गर्न सकिएको छैन । विभिन्न विद्वानहरूले यसबारे बेग्लाबेग्लै तर्क व्यक्त गरेका छन् ।

नेपाल सम्वत् प्रार्दुभाव भएको बेलामा पाटन र काठमाडौंका राजा राघवदेव थिए भने नाला, पनौती, बनेपा, धुलिखेल, सिन्धुपाल्चोक, चरिकोट र भक्तपुरका राजा आनन्द देव प्रथम थिए । नेपाल सम्वत्को प्रादुर्भावमा राजा आनन्ददेव र राजा ज्योतिष सिद्धिवन्तको अहम् भूमिका थियो । राज ज्योतिष सिद्धिवन्तले निकालेको शुभ मुहुर्तअनुसार काठमाडौंको भद्रमती र विष्णुमतीको दोभानमा परेको सपनातीर्थ लखुतीर्थबाट झिकेको बालुवा सुन हुने विश्वासका साथ राजा आनन्ददेवले भरियालाई खर्पन दिई बालुवा लिन पठाएका थिए । कान्तिपुरमा शंखधर साख्वाल, चखुंतीर्थबाट बालुवा बोकेर ल्याएको भरियालाई देखेपछि भक्तपुरबाट किन यहाँसम्म बालुवा लिन पठाएको होला भनी शंका गरे । शंखधरले ती भरियाहरूलाई फकाई, लोभ देखाई केही पैसा दिई त्यो बालुवा आफ्नो घरमा खन्याउन लगाए । ती भरियाले अर्को बालुवा लिई राजा कहाँ बुझाए । तर त्यो बालुवा सुन नभएको पछि राजाले राजज्योतिषलाई झूट ज्योतिष भनी गाली गरे ।

ज्योतिषले शास्त्र त झूटो हुनुनपर्ने भनी खर्पन जाँच गर्न लगाए । खर्पनमा सुन टाँसीरहेको जाहेर गर्दा राजाबाट भरियाहरूसँग सोधपुछ गर्दा भरियाले आफू लोभमा परेको सबै कुरा वृत्तान्त राजालाई बिन्ति चढाए । यो कुरा कान्तिपुरका व्यापारी शंखधर साख्वाले थाहा पाए । त्यो अपराधको दण्डको डरले साख्वाले कान्तिपुरका राजा राघवदेव कहाँ बिन्ति चढाए । कान्तिपुरका राजाले कुटनीतिक प्रयासद्वारा भक्तपुरका राजा आनन्ददेवसँग वार्ता गरे । त्यसपछि भक्तपुरका राजा आनन्ददेवको स्वीकृति लिएर उपत्यकाका सम्पूर्ण ऋणी जनताको ऋणमुक्त गरी नेपाल सम्वत् प्रादुर्भाव गरे । यो कार्तिक शुक्ल प्रतिपदादेखि नयाँ वर्ष हुन्छ । नेपाल सम्वत्लाई कहीं कहींका शिलापत्रहरूमा शङ्खधरकृत नेपाल सम्वत् भनेर पनि लेखेको पाइन्छ ।

भगवान विष्णुको अर्को नाम शङ्खधर हो । विष्णु जलमा शयन गर्छन् । नेपाल अनुराधा नक्षेत्र चतुर्थ पाठमा पर्छ । अनुराधा नक्षेत्र वृश्चिक राशि हो । वृश्चिक राशि जल तत्व प्रधान राशि हो । नेपालजल तत्त्वको धनी राष्ट्र हो । त्यसैले हाम्रो देशको नाम नेपाल र सम्वत्को नाम "नेपाल सम्वत्" राखेको हुनुपर्छ । नेपाल सम्वत् पनि चन्द्रमामा आधारित छ । चन्द्र पनि जल तत्व प्रधान ग्रह हो ।

## बासिबियाँलो




गोलाकार भित्रका अङ्कहरूलाई तीनवटा धर्सोले यसरी छुट्याउनुहोस् कि हरेक भागमा अङ्कको योग बराबर होस् । धर्सो तान्दा गोलो घेराको छेउ छुनुपर्छ, धर्सो एकआपसमा काटिए पनि हुन्छ तर अङ्क काटिनु हुँदैन र कुनै भाग अङ्करहित हुनुहुँदैन । (उत्तर ८० पृष्ठमा छ)

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

# वाकुपति चाँगुनारायण मन्दिरको भजन फल्चा (फले/पाटी) को शिलालेख



डा.पुरुषोत्तमलोचन श्रेष्ठ

## स्थान परिचय

भक्तपुर शहरको पूर्वमा सुजमाही (सूर्यमढी) टोल छ। यो टोल तचपालटोलस्थित विश्वप्रसिद्ध दत्तात्रय मन्दिरदेखि केही पाइला पूर्वतिर लागेपछि पुगिन्छ। यसै सुजमाही टोलमा पनि विश्वप्रसिद्ध चाँगुनारायण मन्दिर सदृश्य उस्तै नाम र उस्तै वास्तुतन्त्रविधिअनुरूप बनेको देखिने 'वाकुपति चाँगुनारायण' नामले बिख्यात नारायण मन्दिर हो। जसरी चाँगुनारायण मन्दिरको बायाँपट्टि पूर्वमा अष्टमातृकाका प्राचीन मूर्तिहरू प्रतिष्ठापित उत्तराभिमुख छिन्नमस्ता मन्दिर रहेको छ[1] उसैगरी अष्टमातृका स्थापित मन्दिर यस वाकुपति-चाँगुनारायण मन्दिरको बायाँपट्टि रहेको छ। पश्चिमाभिमुख यस नारायण मन्दिरको सामुन्ने पूर्वमध्यकालका प्रसिद्ध राजा स्थितिमल्ल (वि.सं. १४३९-१४५२) का दुई पुत्रहरू धर्ममल्ल+ज्योर्तिमल्लको ने.सं. ५२८ (वि.सं.१४६५) को गरुडस्तम्भ-अभिलेख छ।[2] र त्यसैगरी नारायण मन्दिरको छिँडीमा ज्योर्तिमल्लको शिलाभिलेख छ।[3] यस मन्दिरमा हालसम्म प्रकाशमा आएका ऐतिहासिक-पुरातात्त्विक स्रोतसामग्रीहरूमध्ये यी अभिलेखहरू सबभन्दा पुराना देखिन आएका छन्। यस आधारमा यो मन्दिर ती अभिलेखभन्दा पनि पूर्वकालतिरै वा भनौं तेह्रौं-चौधौं शताब्दीतिर निर्माण भइसकेको दृष्टिगोचर हुन्छ। नेपाल तथा भारतमा वैष्णव मतको प्रचार-प्रसार एवं लोकप्रियताका दृष्टिले तेह्रौं-चौधौं शताब्दीको युग उल्लेख्य रह्यो। यसै युगदेखि नेपाली धार्मिक-सांस्कृतिक जीवन र विशेषगरी तत्कालीन नेपालमण्डल (नेपाल-उपत्यका) को धार्मिक-सांस्कृतिक जीवन वैष्णववाद एवं वैष्णववादको कृष्णभक्ति धारामा चुर्लुम्म डुब्न पुगेको थियो। भक्तपुरको प्रसङ्गमा तमाही (टौमढी) टोलस्थित तीलमाधव-नारायण मन्दिर (तेह्रौं शताब्दी), र सोही परिसरको विष्णुको बराह अवतार मूर्तिसहित चौबिस अवतारका चौबिस सूक्ष्म सुन्दर मूर्तिहरूले सजिएको छत्राकार भूगोल मन्दिर (पन्ध्रौं शताब्दी), हनुमानघाट (तेह्रौ शताब्दी), शहरका विभिन्न स्थानमा रहेका तेह्रौ शताब्दीदेखिका प्रस्तर, धातु, मृत्तिका एवं काष्ठनिर्मित वैष्णव मूर्तिहरू, पौभाचित्र, भित्तेचित्र, ग्रन्थचित्रलगायत आजसम्म पनि जीवन्त रहिआएका वैष्णवजात्रा, पर्व एवं संस्कारहरू र त्यसैगरी हाम्रो अभिष्ट रहेको यही वाकुपति चाँगुनारायण मन्दिर र यस परिसरमा अनेक कालका भक्त-भक्तिनीहरू वा भनौं हाम्रा पुर्खाले राखेर गएका कृतिहरू पनि उक्त कुराका उत्कृष्ट नमूनाहरू हुन्। यस नारायणमन्दिर परिसरमा रहेका यस्ता कृतिहरूमध्ये **फले** (पाटी) र **इति**/हिटी (ढुङ्गेधारा) पनि हुन्। यी कृति पनि हाम्रा राष्ट्रिय निधि हुन्। यस्ता निधिहरू र तिनले सिर्जेका संस्कृति अनन्तकालसम्म पनि रहिरहोस्, चलिरहोस् एवं सबैको भलो होस् भन्नाका लागि प्रशस्त खेत/जग्गालगायत अन्य आयस्ता समेत राखी, पछिका पुस्ताहरूले समेत संरक्षण, संवर्द्धन गर्दै लैजाओस्, यस्ता सम्पदा जोगाउनेलाई पुण्य प्राप्त होस् र भत्काउने बिगार्ने, म्हास्नेलाई भने महापाप लागोस्, साठी हजार वर्षसम्म नरकमा परी गुहुको कीरा भएर रहनु परोस् भनी धार्मिक नियम र अनुशासनको बोध गराउँदै अभिलेख प्रमाणहरू पनि राखेर गएका छन्। संस्मरणात्मक यस्ता अभिलेख पनि

वाकुपति चाँगुनारायण मन्दिरको 'भजन फल्चा' को शिलालेख



भजन फल्चाको ने.सं.९८५ वि.सं.१९२२) को शिलालेख। ४२X२९ से.मि., लिपि:नेवारी, भाषा:नेपालभाषा।

हाम्रो इतिहास संस्कृतिका अकाट्य प्रमाण हुन्। वाकुपति चाँगुनारायण मन्दिर-परिसरको उत्तरपट्टिको वा भनौं मूलबाटोको दक्षिणपट्टिको उत्तराभिमुख पाटी र सो पाटीको भित्ताको खोपामा स्थापित अभिलेखयुक्त, शक्तिसहितको भैरवको ने.सं.७९९ (वि.सं.१७३६)को प्रस्तरमूर्ति, बौद्धधर्म विषयको शिलापत्र र त्यसैगरी वाकुपति चाँगुनारायण मन्दिरको दायाँपट्टिको दक्षिणाभिमुख पाटी, सो पाटीको भित्ताको ने.सं.८६५ को शिलालेख र सो पाटीको दायाँपट्टिको दक्षिणाभिमुख ढुङ्गेधारालगायत नारायण मन्दिरको अगाडि पश्चिमतर्फको पूर्वाभिमुख पाटीको भित्ताको ने.सं.९८५ को शिलालेख माथिका कुराको पुष्टिका लागि उदाहरणस्वरूप छन्। यस लेखको मूल अभिष्ट भने तल प्रस्तुत भजन फल्चाको शिलालेख रहेको छ।[४]

वाकुपति चाँगुनारायण मन्दिरको अगाडि, पश्चिमपट्टि पनि एउटा भजन फल्चा/पाटी छ। यो पाटीको पश्चिम भित्तामा एउटा पूर्वाभिमुख शिलालेख छ। कैयनकालदेखि सो भित्ता छोपिइ राखिएकोले त्यताबाट उत्पन्न हुने ओस र वर्षातमा चुहिएर आउने पानीले समेत सो भित्ता रसाइरहने हुनाले पानी र ओसले सो शिलालेखको अक्षर कुँदिएको पाप्रो उप्किएर नष्टप्रायः स्थितिमा पुगिसकेको छ। सो शिलालेखको अध्ययनका क्रममा निकै सावधानी अपनाएर त्यसको उतार लिने काम भएको छ। लाग्छ यस उतारले सो शिलालेखका कुरालाई नष्ट हुनबाट जोगाउने काम भएको छ। यस दृष्टिले सो शिलालेखमा बाँचेको इतिहास संस्कृतिलाई पछिका पुस्तासम्म पनि सप्रमाण सुरक्षित तुल्याइराख्ने महत्त्वपूर्ण काम भएको छ। यस शिलालेखको शीर्षमा, मध्यभागमा आभरणसहितको गर्दा र त्यसको दायाँ र बायाँ चन्द्र र सूर्य आकृति अंकित छन्। सो शिलालेखको तल एकजोडी स्त्री पुरुषको सूक्ष्म मूर्ति समेत कुँदिएको छ। सो मूर्तिमा दुबै स्त्री-पुरुषले घुँडाले टेकी वाकुपति चाँगुनाराणलाई बिन्तिभाव प्रकट गरिरहेका छन्। शिलालेखको मूलपाठ यस प्रकार छ-

**मूलपाठ**

वान फान

१. पुजा श्री ३ नारायन जाकी २

२. थ्व अजुग विधानश, अतेवालाहाकल्पत्यादि ॥ वेशाषमास्य

३. पूर्णमास्यातिथौ यातिनक्षेत्रे व्यतिपातजोग जथाकर्णमुहुतके बुधवासरे

४. मेषरासीगते सवितरे तुलारासिगते चन्द्रमसि ॥ एवं विशखेन विसितराया पुण्य-

५. तिथौ ॥ कास्यगोत्र रवंधाक प्रजापति मीगरि, थद्व परामनामस्या इहत्र आयुरा

६. (रोग्य)युत वेकुथंवास निमित्यार्थ श्री३ नारायन वाक धम्मसारा जीर्णउधार क

७. थ चपिध्वकाक्षेत्र दरातिचकर प्रमति ॥ पन नेपालभाखा कास्यपगोत्र

८. विकु प्रजापति भीमंति थकु नेम्ह स्त्रीपुरुषन श्रीनारायनया हवने फले दयका

९. लीसं जिर्णउधार यायनिमितिन चुंपीधाका वु रो २ नस्य दुता जुरो ॥ थ्व वुया व

१०. चका याव वर्षवन्धन दाल्हाल्होडाव वैशाष शुक्रया पूर्णमासि खुनुं वसाधर

११. न यात फ १ पुजा याय जु १ पुजा पिगदव याक याग्यमाल कति पुनि सकि म

१२. नि थ्व नेगु (पू)र्णमास महातले ॥ कचा...पा १ मात च्यायमाल थ्व नह दाप

१३. लक्ष भजन याय माल थ्वतेया गुथीजन थव कायया तवधीक प्रजापति

१४. रत्नमनि प्रजापति दाजु धनविर प्रजापती चक्रवेरसी थ्व याम्ह वाने माल थ्व

१५. म्ह(?)जीत द धाषासका पतालस मवननास दलपमदु जि संतान मदतसा प्यद

१६. ति ज्यालपाल यायमाल ॥ थ्वते अछिद्रन यातसा स्वर्गप्राप्ति मयातसा पंचमाहा

१७. पाप थ्वतेया साक्षी भाजु ...वनिराम तपद्यो भूमि राप्र हपं वय मच इ-

१८. हंच रात्री इहं यावसुध्म स्वदत्त परदत्त वाजो हरति स्व वसुधरा षस्ती वर्ष स-

१९. हस्रानि विष्टाया जायन कृमी दृष्टसाक्षि कायचा तवधीक प्रजापति ल-

२०. त्नमनि प्रजापति छ्य कुवरसि प्रजापति स्वदालया जगनारा प्र-

२१. जापति देवी प्रजापति भेरसि नाम जस..क-

२२. जाल जमनारात्रि पकाल लिषीत दैवज्ञ गया-

२३. (नारा?)न सम्वत ९८५ वैशाष शुदि १५ रो (७?)शुभं ॥

**भावानुवाद एवं विश्लेषण**

ने.सं.९८५ वैशाख शुदि १५ (वैशाख पूर्णिमा) रोज ७ का दिनमा रवधाक प्रजापति र मीगरि दुबै स्त्री पुरुषको बैकुण्ठवास कामनार्थ श्री ३ वाकुपति नारायण मन्दिरको सामुन्नेमा धर्मशाला जीर्णोद्धार गरियो। विकु प्रजापति भीमंति थकु दुईजना स्त्री पुरुषले श्री नारायणको अगाडि पाटी बनाएसँगै त्यसको जीर्णोद्धार गर्नका निमित्त चुपिंध्वाकाको २ रोपनी खेत चढाउनुभयो। सो खेतको बालीबाट वर्षबन्धन

पूजा, मर्मत सम्भार आदि गरी वैशाख पूर्णिमाका दिनमा वर्षबन्धन पूजा गर्नका लागि चामल पाथी १, 'वान फान' अर्थात् भैपरी आउने कामका निमित्त चामल २ पाथी खर्च गरी कति पुन्ही (आश्विन पूर्णिमा) र सकिमना पुन्ही (कार्त्तिक पूर्णिमा) का दिनमा बत्ती बाल्ने काम गर्नुपर्ने भयो, एक महिनासम्म भजन गर्नुपर्ने भयो। यसका गुठियारहरू तवधीक प्रजापति लत्नमनि प्रजापति दाजु धनविर प्रजापती चक्रवेरसी आदिले नटुट्ने गरी काम गरेमा स्वर्गप्राप्ति र नगरेमा पञ्च महापाप लाग्नेछ।

वाकुपति चाँगुनारायण स्थानमा पहिले नै धर्मशाला थियो। ने.सं.९८५ (वि.सं.१९२२) मा विकु प्रजापति भीमंति थकु दुई स्त्री पुरुषले त्यसको जीर्णोद्धार गर्नुका साथै नारायण मन्दिर अगाडि एउटा नयाँ पाटीसमेत बनाइदिएको कुरा यस शिलालेखबाट थाहा पाइन्छ। र, सो पाटीको जीर्णोद्धारका लागि गुठीजग्गा राखी गुठियारहरूलाई काम गर्ने थिति बाँधिदिएको कुरा पनि यस अभिलेखबाट स्पष्ट हुन्छ।

यस शिलालेखमा चुपिंध्वाकाको उल्लेख आएको छ। चुपिंघाटमा पनि एउटा मध्यकालिन ध्वाका (प्रवेशद्वार) थियो भन्ने कुरा यस शिलालेखले देखाएको छ। त्यसैगरी 'स्वदाल'ले आजको सुडाललाई सम्झाएको छ। प्रजापतिहरूको बासस्थान तौलाछेँ र सुजमाही टोलमा बढ्ता छ। यसरी यो शिलालेख प्रजापतिहरूका पूर्वजले वाकुपति मन्दिरमा धर्मशाला जीर्णोद्धार गरी एउटा नयाँ पाटीसमेत बनाएर राखिदिएको बारेको अकाट्य प्रमाण यो शिलालेख हो।

**निष्कर्ष**

इतिहासको अकाट्य स्रोत अभिलेख हो। इतिहास जनमुखी हुन्छ। तत्कालीन जन-इतिहासको एक सानो झलक एवं सुन्दर नमुना सुजमाही, वाकुपति चाँगुनारायण मन्दिरका पाटी/भजन फल्चाहरूका अभिलेखबाट पनि मिल्छ। भजन फल्चाको ने.सं.९८५ को शिलालेख पनि यस कुराको अपवाद होइन। यो शिलालेख विकु प्रजापति भीमंति थकु दुईजना स्त्री पुरुषहरूले राख्न लगाएका हुन्। शिलालेख रहेको सो भजन फल्चा उनीहरूले बनाउन लगाएका थिए। त्यसैगरी त्यहाँ रहेको धर्मशालासमेत उनीहरूले जीर्णोद्धार गर्न लगाएका थिए।

सम्पत्ति थुपार्नु धर्म होइन। आर्जेको सम्पत्तिको केही भाग जनहित वा लोक कल्याणका लागि अर्पित गर्नु, परम-धर्म हो। देश र जनताभन्दा माथि कोही छैन। र, देश र जनहितका लागि राखेर गएको कीर्ति वा कामले अमर भइन्छ। यही धर्म हो। नेपाली संस्कृतिको मूल वैशिष्ट्य एवं चिनारी पनि यही रहिआएको छ। पूर्वजहरूले राखिदिएका पाटीहरू, धाराहरू एवं मूर्तिहरू र संस्मरणात्मक अभिलेखहरू उक्त कुराका सुन्दर नमुना एवं अकाट्य साक्ष्य हुन्। यस कुराको एउटा उत्कृष्ट उदाहरण भजन फल्चाको यो शिलालेख पनि हो।

१. पुरुषोत्तमलोचन श्रेष्ठ, गुहा, गुहालेख, गुहाचित्र र अन्य सम्पदा, भक्तपुर : विनोदराज शर्मा, २०७३, पृष्ठ ५६।
२. D.R. Regmi, Medieval Nepal, Calcutta : Firma K.L. Mukhopadhyay,1966, pp.44.
३. क. शक्तरमान राजवंशी, (सं), भक्तपुर-शिलालेख-सूची, काठमाडौं : वीर पुस्तकालय, पृष्ठ ६।
ख. लक्ष्मीप्रसाद श्रेष्ठ (सं.), पासुका ,५/१ आश्विन ०५७, भक्तपुर : सुथां, पृष्ठ ७।
४. यो शिलापत्रको अभिलेख बाहेक वाकुपति चाँगुनारायणका माथि उल्लेखित अभिलेखहरूबारेको मेरो 'भक्तपुर सुजमाही टोलको फले (पाटी) को अभिलेख' शीर्षकको लेख भक्तपुर ३४/९/२०७४ पृष्ठ २८-३३ मा प्रकाशित भइसकेको छ।


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरू लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरूलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ।

**जनज्योति पुस्तकालय, न:पुखु-१**



**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**6f}d9L lf}qdf rf/kf^\u] ;jf/L ;fwg k|jl]z lgif]w ;DaGwL ;'rgf**

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित विश्व प्रसिद्ध ङातापोल परिसरको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर स्थानीय जनता, बुद्धिजीवी र सरोकारवालाहरूको सुझावअनुसार त्यस क्षेत्रमा पूर्वमा क्वाछें, पश्चिममा स्वपुंग भैरव, उत्तरमा चतुब्रम्ह महाविहारको पूर्वी बाटो र दक्षिणमा तीलमाधव नारायण मन्दिरको पूर्वी ढोका चलाखु यता चार किलाभित्रको क्षेत्रमा हाललाई २०७५ माघ १ गतेदेखि बिहान ७:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म हरेक दिन चारपाङ्ग्रे सवारी साधन प्रवेश निषेध गर्ने निर्णय भएको हुँदा सम्पूर्ण सवारी साधन धनीहरू तथा सर्वसाधारणहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# मल कारखाना स्थापना आवश्यक



सबिन ख्याजू


### पृष्ठभूमि

कृषिको लागि मल (पौष्टक तत्व) एक महत्त्वपूर्ण वस्तु हो । प्रत्येक बालीलाई मलको आवश्यकता हुन्छ । मलको प्रयोगले कृषि उत्पादन वृद्धि गर्छ । तर विडम्वना, खेती गर्ने समयमा नेपालका किसानले आवश्यक मात्रामा मल बजारमा पाउँदैनन् । बिरुवाको लागि आवश्यक खाद्यतत्त्व १६ प्रकारका छन्ः कार्बन, हाइड्रोजन, अक्सिजन, नाइट्रोजन, फोस्फरस, पोटासियम, क्याल्सियम, म्याग्नेसियम, सल्फर, जिंक, मोलिब्डेनम, बारोन, क्लोरिन, कपर, आइरन र म्यानगानिज । यिनीहरू कुनै पनि नेपालमा उत्पादन हुँदैनन् अर्थात विदेशबाट आयात गरिन्छ ।

विकसित देशहरूको दाँजोमा नेपालको उत्पादन र उत्पादकत्वको निकै तल छ । परम्परागत खेतीलाई आधुनिक र व्यवसायिक बनाउन सकेको छैन । सिंचाई, बीउ, औजारलगायतको अभाव जस्तै रासायनिक मलको अभावले यो समस्या निम्तिएको हो । अहिले पनि रोपाइँको मौसम छ तर देशैभरी मलको अभावले किसान आक्रान्त छन् । साना किसानहरूले खेती नै गर्न छाडेका कैयौं उदाहरणहरू हामीमाझ छ । बाँझो खेतको क्षेत्र बढ्न थालेको छ । अनि कसरी उत्पादन बढाउने सपना पूरा हुन्छ ?

### मल उपलब्धता

इतिहास अध्ययन गर्ने हो भने सन् १९५० दशकको शुरुको वर्षमा केही निजी व्यापारीले एमोनियम सल्फेट भारतबाट आयात गरेका थिए । त्यसपछि सन् १९६५ तिर नेपाल ट्रेडिङ लिमिटेडले रुसबाट आयात गर्न थाल्यो । व्यवस्थित रूपमा आयात भने कृषि मन्त्रालय अन्तर्गत कृषि सामग्री लिमिटेडले सन् १९६६ बाट हुन थालेको हो ।




सन् १९७३/७४ मा सरकारले अनुदान दिने प्रावधान ल्यायो । अनुदान दिएर किसानलाई रासायनिक मलको प्रयोगमा उत्साहित गर्ने र भारतमा भन्दा नेपालको मल सस्तो भएमा भारततर्फ निकासी हुने सम्भावना देखेर भारतीय बजारको मूल्यभन्दा १५-२० प्रतिशतले बढी राख्नु अनुदानको दुई उद्देश्य थिए । नेपालले जर्मनी, क्यानडा, जापान र फिनल्याण्डलगायतका देशहरूबाट सहयोगको रूपमा मल पाउन थालेको थियो । पछि एसियाली विकास बैंकबाट नेपालले लिएको ऋणको शर्तअनुसार मलमा अनुदान हटाएको थियो । सन् १९९९ बाट अनुदान पूर्ण रूपमा हटायो । सरकारले कृषि साम्रग्री कम्पनी लिमिटेडलाई मल व्यापारको जिम्मा लगायो ।

सरकारले मल नियमन निर्देशन १९९९ र राष्ट्रिय मल नीति २००२ लाई लागू गरेको छ । भारतको बजारभन्दा नेपाली बजारको मलको मूल्य २०-२५ प्रतिशत बढी राखेको छ । हाल नेपाल सरकारले मलमा दिइराखेको अनुदान अपर्याप्त छ ।

कृषि योजनाले सन् १९९५ लाई आधार वर्ष बनाएर ३१ किलो मल प्रति हेक्टरबाट सन् २०१७ सम्ममा १३१ किलो मल प्रति हेक्टर पुऱ्याउने लक्ष्य राखेको थियो । तर मल अभावका कारण पूरा हुन सकेन । विगतको निरन्तरता मात्र भएको छ ।

सरकारले धान, गहुँ र मकै खेतीका लागि रासायनिक मल अनुदानमा उपलब्ध गराएकोमा ७० प्रतिशत कृषि सामग्री र ३० प्रतिशत साल्ट ट्रेडिङलाई वितरण गरिन्छ । कृषि सामग्री कम्पनीकाअनुसार अन्तर्राष्ट्रिय टेन्डर आह्वान गर्दा रासायनिक मलको लागि ६ महिना लाग्ने गरेको छ । मूल्य वा अन्य कुनै कारणले रासायनिक मल खरिद प्रकिया रद्द हुन सक्छ र स्वभाविक रूपमै मलको हाहाकार हुन थाल्छ ।

विशेषज्ञहरूको परामर्शमा कम्तिमा एक वर्षको लागि पुग्ने विविध रासायनिक मलको मात्राको स्टक राख्न सके किसानका तत्कालिन समस्याहरूलाई टार्न सकिन्छ । जिल्ला र स्थानीय क्षेत्रसम्म मलको वितरण पनि समय तालिका बनाएर ढुवानी गरेमा किसानलाई आफ्नो कार्यतालिका बनाउन मद्दत पुग्छ । ठाउँ-ठाउँमा भण्डारण केन्द्रको बन्दोबस्त मिलाउनुपर्दछ ।

नेपाल सरकारको लगानी बोर्डले ५,००,००० टन प्रतिवर्ष युरिया उत्पादन गर्ने रासायनिक मल प्लान्ट निर्माण गर्ने परिकल्पना गरेको देखिन्छ । यसको निर्माणको लागि लगभग १ खर्ब ४० अर्ब लागत पर्ने अनुमान गरेको छ ।



तर काम भने केही भएको देखिन्न ।

भारतस्थित क्याबल फर्टिलाइजर प्लान्ट आधुनिक प्रविधियुक्त छ । यसबाट २० लाख टन रासायनिक मल प्रतिवर्ष उत्पादन गर्न २०० मेगावाट विजुली आवश्यक भएको देखाउँछ । यसमा १८२ मेगावाट शक्ति खेर गएकोबाट पुनः प्रयोग गरिन्छ ।

नेपालमा आयात हुने रासायनिक मलको गुणस्तर परीक्षण गर्दा लेखिएको गुणस्तर कायम भए/नभएकोमा ध्यान दिनुपर्दछ । गुणस्तर कायम नभए रासायपनक मलको कारबाहीको दायरामा ल्याइनु आवश्यक छ । गुणस्तर परीक्षणमा आधुनिक मेसिनहरूको प्रयोग गर्न सके गल्ति न्यून रहन्छ । यसबाट अप्रत्यक्ष रूपमा किसानलाई नै फाइदा हुने हुँदा किसानहरू अत्यन्त सचेत हुनु जरुरी छ ।

## किसानलाई समस्या

नेपालमा रासायनिक मलको प्रयोग पहाडमा भन्दा तराईमा चार गुणाले बढी छ । बजारको सहज पहुँच, भारतसँगको नजिक र खुला सिमाना र मलको कम मूल्य यसका कारक तत्त्व हुन् । भारतसँगको खुला सिमानाका कारण सरकारसँग स्पष्ट कारोबार तथ्याङ्क छैन । आफूले वितरण गर्न नसकेपछि भन्सार छलेर ल्याएका मललाई नियमन गर्ने सरकारसँग हिम्मत छैन । किसानलाई पनि आफ्नो आर्थिक अवस्था कमजोर भएका कारण भारतबाट सस्तोमा मल ल्याउनु पर्ने बाध्यता छ ।

परम्परागत जातका बाली लगाउँदाभन्दा हाइब्रिड जातका बालीले धेरै मलको खपत गर्छ, आवश्यक हुन्छ । उत्पादन क्षमता बढी हुँदा पनि खाद्यतत्त्व दिन नसकेकै कारण उत्पादन आशातित रूपमा वृद्धि हुन सकेको छैन । किसानले आफ्नो लागतभन्दा धेरै उत्पादन गर्न चाहन्छ । नाफा बढाउन सके किसानको आम्दानीमा वृद्धि हुन्छ र जीवनस्तर उकासिन्छ । आजसम्मको सरकारले रासायनिक मल उत्पादन गरेन, गर्न चाहेन जसकारण अरबौं रकम विदेशी रहेका छन् । यसले देशलाई परनिर्भर बनाइरहेको छ । अध्ययनमा मात्र सीमित छ । प्राङ्गारिक खेती प्रविधि पनि उत्साहका साथ प्रचार प्रसार हुन सकेको छैन । ६७ प्रतिशत नेपालीहरू कृषि कर्म गरी जीविकोपार्जन गर्छन् । कृषि प्रधान देश नेपाल भनेर भाषण फलाक्नेहरू मल कारखाना खोल्न अडान लिन सक्दैनन् । पूँजीवादी र नक्कली कम्युनिष्टको सरकारले किसानको समस्या बुझ्न चाहेन, बुझ्दैनन् पनि । विदेशबाट आयात गर्ने र कमिशन खानेमा मात्र ध्यानमग्न छन् । किसान वर्गले सरकारलाई नेपालमा मल कारखाना स्थापना गराउन दबाब दिनु आवश्यक छ । सरकारले नेपालको लागि आवश्यक मात्रामा मल उत्पादन गरी किसानहरूलाई उपलब्ध गराउन जरुरी छ ।

## केही उपायहरू

नेपाललाई कृषि प्रधान देश भन्ने तर कृषिको लागि अत्यावश्यक वस्तु रासायनिक मलको उत्पादन गर्नेतिर ध्यान नदिनु वा केही कदम अगाडि नबढाउनु सरासर गलत र भ्रामक कार्य हो । नेपाल सरकार आफैले मल कारखाना स्थापना गर्न अपरिहार्य छ । नभए, तत्काललाई देशभित्रका राष्ट्रिय पूँजीपति वर्गलाई मल कारखाना स्थापनामा लगानी गराउन उत्साहित गर्नुपर्दछ । अध्ययन अनुसन्धानमा बजेट आवश्यक मात्रामा उपलब्ध गराउनु उचित हुनेछ ।

आवश्यक मलको भण्डारणको व्यवस्था गर्नुपर्दछ । समय बितिसकेपछिको उपलब्धताले राम्रो कदापि गर्दैन ।

विदेशी सहयोग, अनुदान र ऋणको भरमा सरकारले आफ्नो आवश्यकता पूर्ति गरेसम्म देशको अर्थतन्त्र धरासायी हुँदै जानेछ । नेपालको पूँजी विदेशी बैंकहरूमा राख्नाले नेपालमा निर्माणका कार्य हुने सम्भावना छैन । विदेशमा सम्पत्ति राख्न नपाउने प्रावधान भए नेपालकै विभिन्न क्षेत्रमा लगानी हुने

हुँदा विकासले गति लिनेमा दुई मत नहोला।

नेपालका कृषि वैज्ञानिक र प्राविधिकहरूका लागि रोजगारको सिर्जना गर्न आवश्यक पूर्वाधारहरू अनुसन्धान केन्द्र प्रयोगशाला, कारखाना, विश्वविद्यालय, कलेज आदिको स्थापना र विकास गर्नु अपरिहार्य छ। विदेशिएकालाई नेपाल फर्कने वातावरण सिर्जना गर्न आवश्यक छ।

प्राङ्गारिक खेती गर्न ल्याटिन अमेरिकी समाजवादी देश क्युवा सफल मानिन्छ। मानिसको स्वास्थ्यको सुधारको लागि स्वस्थ खानेकुराको आवश्यक हुन्छ। यस खेती नेपालको ग्रामीण क्षेत्रमा पहिलेदेखि चल्दै आएको थियो। तर प्रविधिको अभावका कारण उत्पादन र उत्पादकत्वमा कमी आएको हो। यसको समाधान आधुनिक प्रविधि, शीप र सामग्रीको उपलब्धता हो। कम्पोष्ट मल, गड्यौला मल, गिट्टी मल (झोल मल), गोठेमललगायतका प्राङ्गारिक मलहरूको उत्पादन, प्रशोधन र बजारीकरणले केहि राहत प्रदान गर्न सक्दछ। नेपाल सरकारले यस पाटोमा पनि विशेष ध्यान दिनु आवश्यक छ। सामान्य तालिमबाट पनि किसानले यो विधि अँगाल्न सक्दछन्।

परम्परागत ज्ञान र शीपहरूको अनुसन्धान गरी प्रविधिमा विकास वा परिष्कृत गर्न सकिन्छ। यो किसान मैत्री हुनुका साथ कम लागतमा बढी उत्पादन गर्न सकिन्छ। कृषि विशेषज्ञहरूलाई अध्ययन अनुसन्धानमा लगाउन सके किसानका समस्याहरू पहिचान गर्ने साथै समाधानका उपायहरू सुल्झाउन सकिन्छ।

भ्रष्टाचार र कमिशन पाउने लोभका कारण मन्त्री र उच्च पदस्थ अधिकारीहरू मल कारखाना स्थापनामा सक्रिय नभएको अनुमान लगाउन सकिन्छ। नेपाल सरकारको कर्मचारीमा १८ हजारले भारतबाट पनि तलब बुझ्ने गरेको समाचार छ। यसले पनि केहि असर गरेको छ कि, अध्ययनको विषय छ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**Audio Notice सम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा आज मिति २०७५ पौष ११ गते बुधबार देखि *Audio Notice* सेवा शुभारम्भ गरिसकेको हुँदा नगरपालिकाका सूचना तथा गतिविधिहरु तपसिल बमोजिमको नम्बरमा डायल गरी सुन्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Audio Notice नम्बर : १६१८०१६६१००९६

*भक्तपुर नगरपालिका*



## 'भक्तपुर' मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

रचना पठाउने ठेगाना :
- भक्तपुर नगरपालिका कार्यालय भवन
- email - bhaktapurmasik@gmail.com




## के गर्दै छ भक्तपुर नगरपालिका ?

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६


### बसिबियाँलो (पृष्ठ ७४) को उत्तर



# Vjk ;M -eQmk'/ cfjfh_ sfo{qmdsf]%) c+s ;Ddsf]ofqf

• रविन्द्रप्रसाद कुसी

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति', ज्वजलपा, नमस्कार, तपाई सुन्दै हुनुहुन्छ, भक्तपुर नगरपालिकाको रेडियो कायक्रम ख्वपःसः, अर्थात भक्तपुर आवाज ...।

यसरी बोल्न सुरु गरेको रेडियो कार्यक्रमको ५० औं अंक गत बैशाख ४ गते बुधबार बिहान प्रसारण भयो। २०७५ श्रावण ९ गते बुधबारदेखि ख्वप सःपरिवार (समूह) को तर्फबाट निर्माण गरी प्रसारण सुरु गरेको ख्वपःस कार्यक्रम हरेक हप्ताको बुधबार बिहान ७:३० बजे देखि ८:३० बजेसम्म र शुक्रबार साँझ ६:३० बजेदेखि ७:३० बजेसम्म भक्तपुर एफ.एम.मा प्रसारण भइरहेको छ। सो भन्दा अगाडि भक्तपुर नगरपालिकाले २०७४ चैत्र २० देखि २०७५ असार सम्म प्रत्येक मंगलबार भक्तपुर एफ.एम.कै निर्माणमा प्रसारण ल्याएको थियो। नगरपालिकाले २०७४ सालको स्थानीय चुनावको घोषणापत्र बमोजिम ख्वप एफ.एम. संलग्न गर्ने प्रतिबद्धताका साथ २०७५ जेठ २१ देखि २९ गतेसम्म ९ दिने रेडियो प्रस्तोता तथा प्राविधिक तालिम सम्पन्न गरेको थियो। सोहि गरी ख्वप सःकार्यक्रम थप प्रभावकारी रूपमा श्रावण ९ गतेबाट प्रसारण आएको थियो।

बुधबारको अंकलाई हालसम्म पनि रेडियो पत्रिकाको रूपमा चारवटा खण्ड (segment) बनाएर प्रसारण गरिरहेका छौं। एउटा निश्चित बिषयवस्तुको वरिपरि रहेर सम्बन्धित व्यक्तित्वसँगको अन्तरसंवाद, एक विशेष रिर्पोट, जनताको आवाज र अन्त्यमा साता भरिका नगरपालिकाको विविध, गतिविधि गरी चारवटा शुक्रबारको अंकलाई पुनःप्रसारणका रूपमा चलाइए पनि पछि आएर त्यसलाई समसायिक, सान्दर्भिक, विशेष, अंकका रूपमा तयार गरी प्रसरण गर्दै आएका छौं। भक्तपुर नगरपालिकाले दिएको ९ दिने छोटो अवधिको तालिमका प्रशिक्षार्थीहरूबाट सो कार्यक्रम उत्पादन गरिएता पनि सम्बन्धित सबैको उचित सल्लाह, सुझाब र मार्गनिर्देशनले हामीलाई अझ प्रभावकारी र सशक्त रूपमा कार्यक्रम अगाडि बढाउन हौसला मिलिरहेको छ। ख्वप सः को ५० अंक सम्मको यात्रामा भक्तपुर नगरपालिकाको विविध विषयवस्तु समेट्ने प्रयास गऱ्यौं। प्रमुख त : सम्पदा, संस्कृति, शिक्षा, स्वास्थ्य र सरसफाइ, खेलकुद, वडागत रिर्पोटिङ र सान्दरर्भिक विषयमा कार्यक्रमहरू तयार गऱ्यौं।

हालसम्म प्रसारित कार्यक्रमको विषय वस्तुलाई तलको तालिका मार्फत् अझ स्पष्ट पार्न सकिन्छ।

**कार्यक्रम क्षेत्र कार्यक्रम विषय वस्तुहरू**

- सम्पदा- न्ह्यकं झ्य दरबार, भाजु पुखु, भैरव मन्दिर रानी पोखरी।
- संस्कृति- गठ्ठामुग चन्हे, गाइजात्रा, दशैं, तिहार, न्हु दँ, धाँ बाजा, बिस्का जात्रा।
- शिक्षा-नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू, जनज्योति पुस्तकालय, आधारभूत तह परीक्षा, स्थानीय पाठ्यक्रम, शैक्षिक ऋण, ख्वप विद्यालयको तयारी।
- स्वास्थ्य र सरसफाइ
- घरदैलो नर्सिङ, जनस्वास्थ्य केन्द्र, ख्वप अस्पतालको तयारी, स्वास्थ्य शिविर, सरसफाइ तथा फोहर व्यवस्थापन।
- खेलकूद-विद्यालयस्तरीय खेलकूद प्रतियोगिता, कराते प्रतियोगिता, भक्तपुरको खेलकूद अवस्था र योजना, वडा वडामा व्यायाम केन्द्रको स्थापना।
- तालिम
- नगरपालिका र वडा कार्यालयबाट दिएका र दिइने विभिन्न तालिमको जानकारी।
- अन्य
- भक्तपुर काण्ड विशेष, पर्यटन दिवस, सामाजिक सुरक्षा भत्ता वितरण तःमुंज्या, नगरपालिका स्थापना दिवस, घर निर्माण र नक्सा, नगरसभा, टौमढी क्षेत्रमा चारपाङ्ग्रे निषेध, आवास योजना, सहिद दिवस, ।
- कर प्रणाली, पूर्व मेयर स्व.ज्ञानबहादुर न्याइच्याई र विशेषज्ञहरू।

कार्यक्रम तयार गर्ने क्रममा नगरपालिकाका प्रमुख, उप-प्रमुखदेखि धेरै जनप्रतिनिधिहरूसँग अन्तरसंवाद गर्ने मौका प्राप्त गऱ्यौं। साथै आवश्यक जानकारी संकलन र रिर्पोटिङको दौरानमा नगरपालिकाका विभिन्न शाखाका कर्मचारीहरू, विभिन्न क्षेत्रमा विशेषज्ञ, संस्कृतिविद् तथा प्राविधिकहरूसँग साक्षात्कार हुने अवसर प्राप्त भयो। प्रत्येक अंकमा निश्चित बिषयवस्तु प्रति स्थानीय जनताको आवाज जस्ताको तस्तै प्रसारणले जनताको विचार नहुने र जनतासँग नजिक हुने मौका पनि मिलेको छ।

२०७६ वैशाख २७ गते शुक्रबारसम्मको अंकमा भनपाका १० वटै वडाको वडागत विशेषाङ्क पनि सकायौं। वडा विशेषाङ्क सांस्कृतिक वस्तुस्थितिका साथै वडामा भएका र भइरहेका विकास, योजना, शिक्षा, स्वास्थ्य, सम्पदा, पुनःनिर्माण, फोहोर व्यवस्थापन र अन्य विषय बारे जानकारी हुन पाए। त्यस्तै सोही कार्यक्रममार्फत प्रसाारित वडावासीहरूको सल्लाह सुझावले जनप्रतिनिधिहरूलाई जनताको सेवा सुविधामा थप सहजता प्रदान महसुस गरेका छौं।

नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, विशेषज्ञ तथा प्राविधिक र स्थानीय जनताहरूसँगको निकटताले हामी प्रस्तोताहरूलाई आफूमा भएको सीप, क्षमतालाई थप सुधारका साथै जोश,जाँगर निरन्तर प्रदान गरिदिएकोमा भक्तपुर नगरपालिकाप्रति आभार प्रकट गर्दछौं साथै सम्पूर्ण स्रोत तथा शुभचिन्तकहरूबाट आलोचनात्मक सुझावको अपेक्षा पनि गरेका छौं।

# स्थानीय सरकारको मोडल भक्तपुर

**• रामेश्वर बोहरा**

ऐतिहासिक सम्पदाको संरक्षण, स्तरीय शिक्षा र सीप विकाससँगै छरितो सेवाप्रवाहमार्फत नमूना नगर बन्दै गएको भक्तपुर अरू स्थानीय तहका लागि उदाहरण बन्न सक्छ ।

ऐतिहासिक र पुरातात्विक महत्त्वको सम्पदा रानीपोखरीको पुनर्निर्माणका क्रममा जथाभावी कंक्रिट हालिएपछि गएको वर्ष काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य निकै आलोचित भए । तर, यो घटनाबाट शाक्यलगायत महानगरका जनप्रतिनिधिलाई छोएको देखिएन ।

उता काठमाडौंको छिमेकी शहर भक्तपुरका मेयर सुनिल प्रजापतिलाई भने रानीपोखरी प्रकरणले उकुसमुकुस बनाएछ । २०७५ साउनको दोस्रो साता रानीपोखरी पुनर्निर्माणको जिम्मा सेनालाई दिने चर्चा चलेपछि प्रजापतिलाई असह्य नै भयो र, उनले १३ साउनमा उपत्यकाका पाँचवटा नगरपालिकाका प्रमुखको भेला डाके– भक्तपुरमा । भेलामा काठमाडौंका प्रमुख शाक्य, ललितपुरका चिरीबाबु महर्जन, कीर्तिपुरका रमेश महर्जन र मध्यपुर थिमिका मदनसुन्दर श्रेष्ठ सहभागी थिए ।

भेलाले उपत्यकाभित्रका ऐतिहासिक–पुरातात्विक महत्त्वका सम्पदा जनसहभागिता मार्फत जीर्णोद्धार–पुनर्निर्माण गर्ने प्रजापतिको प्रस्ताव पारित गऱ्यो । उपत्यकाभित्रका सम्पदालाई ऐतिहासिक प्रमाणको आधारमा परम्परागत शैलीमा पुनर्निर्माण गर्ने, यहाँका प्राचीन शहरहरू समेटेर सांस्कृतिक संरक्षित केन्द्र घोषणा गर्न सबै नगरपालिकाले पहल गर्ने, उपत्यकाका नगरपालिकाबीच अन्तर नगर सांस्कृतिक आदानप्रदानमा जोड दिने निर्णय पनि गरियो । मेयर प्रजापति भन्छन्, 'काष्ठमण्डप र रानीपोखरी ठेक्कामा दिने चर्चा चल्दै गर्दा सबैतिरका सम्पदा ठेक्कामा जान सक्ने खतरा देखेपछि मैले मेयरसाबहरूलाई झक्झक्याएको हुँ ।'

त्यही भेलाको प्रभावले हुनसक्छ ठेक्कामा दिन खोजिएको काष्ठमण्डपको पुनर्निर्माण उपभोक्ता समिति मार्फत अघि बढाउने निर्णय भयो । रानीपोखरी पुनर्निर्माण पनि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमार्फत अघि बढाउने निधो गरियो । अहिले भक्तपुर नगरपालिकाले पठाएका ५० जना कालिगड, डकर्मी र ज्यामी रानीपोखरी पुनर्निर्माणमा खटिएका छन् ।

प्रमुख प्रजापतिको अग्रसरताले गर्दा नै हो, काष्ठमण्डप र रानीपोखरी पुनर्निर्माण हुँदा परम्परागत स्वरूप कायम रहने सुनिश्चित जस्तै भएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञवाली भन्छन्, 'सम्पदा संरक्षणमा भक्तपुरको उदाहरणीय अभ्यास हेरेरै हामीले रानीपोखरी पुनर्निर्माणमा उहाँहरूको सहयोग मागेका हौं ।'

अहिले भक्तपुर पुग्ने जो–कोहीले अनुभूति गर्छन्, यो अहिले परम्परागत ज्ञान, सीप र कलाको प्रवर्द्धन मार्फत ऐतिहासिक तथा सांस्कृतिक सम्पदा संरक्षण गर्ने बाटोमा अघि बढेको छ । २०७२ साल को भूकम्पमा क्षतिग्रस्त यहाँका ऐतिहासिक सम्पदा नगरपालिका आफैले परम्परागत स्वरूपमा पुनर्निर्माण गरिरहेको छ ।

नेपाल र जर्मन सरकारबीच भएको सम्झौता अनुसार भक्तपुरका १० वटा सम्पदा पुनर्निर्माणका लागि नगरपालिकाले १ करोड यूरो (करीब रु.१ अर्ब २० करोड) वैदेशिक अनुदान पाएको थियो । तर, त्यो अनुदानको शर्त मान्दा यहाँका सम्पदाहरू परम्परागत शैली र स्वरूपमा नबन्ने भएपछि नगरपालिकाले यति ठूलो रकम फिर्ता गरिदियो । अहिले भक्तपुरमा विभिन्न अतिक्रमणबाट खेलमैदान बनेका पोखरी र व्यक्तिको स्वामित्वमा पुगेका अन्य सार्वजनिक सम्पदा पुरानै स्वरूपमा निर्माण हुँदैछन्, आफ्नै खर्चमा ।

परम्परागत स्वरूप जोगाउन निजी घरको पुनर्निर्माण र नयाँ घर निर्माणमा नगरको मापदण्ड कडाइसाथ लागू गरिएको छ । नगरक्षेत्रका भित्री सडकमा पिच गर्न पहिलेदेखि नै रोक लगाइएको थियो । इँटा बिछ्याएका सडक फोहोर हुन थालेपछि अहिले ढुंगा बिछ्याउन थालिएको छ ।

कुनै बेला अन्न र तरकारी बाली उत्पादनमा चर्चित



भक्तपुर दरबार स्क्वायर घुम्न पुगेका पर्यटक । तस्बिरहरू: मोनिका देउपाला



बनाउन यहींको जनशक्तिलाई बोलाउने गरिएको छ। पोखराका होटलहरूले पनि मौलिक काष्ठकलाका सामग्री बनाउन हामीलाई नै बोलाउन थालेका छन्', ढुकुछु भन्छन्।

**संरक्षणबाट समृद्धि**

भक्तपुर नगरपालिकाले वैदेशिक रोजगारलाई पूर्णतः निरुत्साहित गर्ने र सीप सिकाएर यहीं रोजगार दिने नीति लिएको छ। यो किन पनि अर्थपूर्ण छ भने यहाँका सिकर्मी र डकर्मीले दैनिक रु.१५०० कमाउँछन्, अर्थात् मासिक रु.४५ हजार। ज्यामीको ज्याला नगरपालिकाले नै दैनिक रु.१ हजार तोकिदिएको छ। जिल्ला बाहिर जानेको कमाइ योभन्दा बढी हुन्छ।

सम्पदा संरक्षणमा नगरपालिकालाई उत्साहित गर्ने अर्को कुरा हो– पर्यटनबाट भइरहेको उत्साहजनक आम्दानी।

थियो, भक्तपुर। बढ्दो शहरीकरणसँगै खेती गर्ने जमिन म्हासिन थालेपछि यहाँका किसानलाई गुजाराकै संकट पर्न थाल्यो। वैकल्पिक रोजगारीका लागि सीप सिक्नैपर्ने बाध्यताले भक्तपुरमा कालिगढदेखि सिकर्मी, डकर्मी, ज्यामीसम्मका जनशक्ति उत्पादन भए।

तिनै जनशक्ति अहिले भक्तपुरको परम्परागत पहिचान जगाउने शक्ति बनेका छन्। 'मुख्य कुरा सिपालु नयाँ पुस्ता तयार हुँदै गयो' प्रमुख प्रजापति भन्छन्, 'विगतमा बसेको जगका आधारमा हामी त्यसलाई फैलाउने काम गरिरहेका छौं। अब नयाँ पुस्तालाई अझ् व्यापक ढंगले परम्परागत ज्ञान र सीप हस्तान्तरण गर्नुपर्छ भनेर नयाँ खालका तालिम पनि सञ्चालन गरिएका छौं।'

अहिले नगरपालिकाले नियमितजसो डकर्मी र सिकर्मी तालिम सञ्चालन गरिरहेको छ। मौलिक शैली र सम्पदाको महत्त्व बुझेका इन्जिनियर र प्राविधिक उत्पादन गर्न नगरपालिकाका आफ्नै इन्जिनियरिङ क्याम्पस र प्राविधिक शिक्षालय छन्। त्यहाँबाट उत्पादित जनशक्ति बुटवल, पाल्पा, दोलखादेखि पोखरासम्म पुगेका छन्। तिनले मन्दिरलगायतका पुनर्निर्माणमा सहयोग पुऱ्याउँछन्।

भक्तपुर नगरपालिका क्षेत्रमा मात्रै १७०० भन्दा बढी दक्ष डकर्मी र करिब १००० भन्दा बढी इन्जिनियर छन्। यसमा परम्परागत ज्ञान र सम्पदाको महत्त्व बुझेकाहरूको सङ्ख्या ठूलो छ। त्यसैगरी करिब २ हजार दक्ष सिकर्मी छन्।

भक्तपुर सिकर्मी संघका अध्यक्ष विक्रम ढुकुछुका अनुसार काष्ठकलामा आबद्ध मजदूर समेत जोड्ने हो भने नगर क्षेत्रका करिब ८ हजार व्यक्ति काष्ठकलामा सक्रिय छन्। 'भक्तपुर बाहिरबाट पनि पाटीपौवा, मन्दिर आदि

यसको श्रेय २०४९ सालमा भक्तपुर नगरपालिकाको प्रमुखमा निर्वाचित ज्ञानबहादुर न्याइँच्याइँलाई जान्छ। जसले भक्तपुर घुम्न आउने विदेशी पर्यटकबाट १ डलर (अमेरिकी) प्रवेश शुल्क लिने निर्णय लागू गरे, जुन भक्तपुरको कायाकल्पको आधार बन्यो।

गत वर्ष नगरपालिकाले पर्यटक शुल्कबाट रु.२४ करोड आम्दानी गऱ्यो। नगरपालिकाको आन्तरिक स्रोतमा मुख्य हिस्सा बनेको पर्यटक शुल्कबाट नगरपालिकाले चालु आर्थिक वर्षमा रु.२८ करोड आम्दानी गर्ने लक्ष्य राखेको छ, जसमध्ये २०७६ वैशाख मसान्तसम्मको १० महिनामा रु.२४ करोड ५० लाख उठिसकेको छ।

पर्यटकबाट भएको आम्दानीले भक्तपुरलाई आत्मनिर्भर बनाएको छ। बजेटका लागि संघ र प्रदेश सरकार अनि दाता गुहार्ने बाध्यताबाट भक्तपुर करिब करिब मुक्त छ। 'पर्यटक आउने भनेकै हाम्रा परम्परागत कलाकौशल र सम्पदा हेर्नका लागि हो' प्रमुख प्रजापति भन्छन्, 'अनि



त्यसलाई नजोगाए कसरी समृद्ध भइन्छ ?'

परम्परागत ज्ञान, मौलिक शैली र सम्पदाबारे कलम चलाउँदै आएका आर्किटेक्ट मिलन बगालेका भनाइमा सम्पदा संरक्षणमा भक्तपुरले नमूना अभ्यास गरेको छ। 'भक्तपुरले सम्पदा बुझेका मिस्त्रीदेखि इन्जिनियरसम्म उत्पादन गर्छ', बगाले भन्छन्, 'सबभन्दा महत्त्वपूर्ण कुरा, अरूले सम्पदा संरक्षण मात्र भनिरहेका छन्, भक्तपुरले योसँगै राम्रो शहरी योजनाको दीर्घकालीन अवधारणा पनि लागू गरेको छ।'

यिनै कारणले काठमाडौं उपत्यकाभित्रका अन्य महानगर र नगरपालिकाले भक्तपुरबाटै सिकेर सम्पदा संरक्षणको काम शुरू गरेका छन्। तिनलाई सघाउन भक्तपुर आफै पनि अघि सरेको छ। जस्तो: ललितपुर उपमहानगरपालिकाले पोखरी संरक्षणका लागि जेठको दोस्रो साता भक्तपुरसँग औपचारिक सहयोग मागेको छ। 'उहाँहरू हामीसँग अनुभव छैन, हामीलाई सघाउनुस् भनिरहनुभएको छ' प्रमुख प्रजापति भन्छन्, 'हामी सघाउँछौं भनेका छौं।'

**नयाँ प्रयोग**

भक्तपुर नगरपालिकाले आफ्नो अधिकांश अधिकार वडा कार्यालयहरूमा प्रत्यायोजन गरेको छ। सेवाग्राहीले घर नजिकको वडा कार्यालयबाटै अधिकांश सेवा पाइरहेका छन्।

घरघरमै स्वास्थ्य सेवा पुऱ्याउने नीति अनुसार नगरपालिकाले १० वटै वडामा नर्स र स्वास्थ्य स्वयंसेविकाको टोली पठाउने गरेको छ। यो टोलीले घरमै पुगेर रक्तचाप परीक्षण गर्नेदेखि मधुमेह, स्त्रीरोग, बालरोग, दम र खोकीका बिरामीको निगरानी गर्छ। बिरामी भएर उपचार नगराई घरमै बसेकालाई नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रहरूमा सल्लाह दिने गरिएको छ। घरघरमा पुग्ने नर्स र स्वयंसेविकाहरूले नगरवासीको स्वास्थ्य अवस्थासँगै कुन रोगका बिरामी कति छन् भन्ने तथ्याङ्क पनि संकलन गर्छन्।

नगरपालिकाले च्याम्हासिंह, पाँचतले मन्दिर (भगवतीस्थान) र ब्यासीमा विशेषज्ञ चिकित्सक सहितका आफ्नै जनस्वास्थ्य सेवाकेन्द्र सञ्चालन गरेको छ। ती केन्द्रहरूमा बिरामीले स्वास्थ्य परीक्षण बापत तिर्नुपर्ने शुल्क सस्तो छ।

१ साउन २०७४ देखि आयुर्वेद स्वास्थ्य उपचार सेवा समेत चलाइरहेको नगरपालिकाले चालु आर्थिक वर्षदेखि क्यान्सर, मृगौंला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मस्तिष्कघातको उपचारमा नगरवासीलाई जनही रु.१० हजार उपलब्ध गराउन थालेको छ।

नगरपालिकाले यस वर्ष आफ्नै लगानीमा २५ शय्याको ख्वप अस्पताल बनाउने प्रक्रिया समेत अघि बढाएको छ, जसलाई १०० शय्या पुऱ्याउने लक्ष्य छ। त्यसैगरी, नगरका विभिन्न ६ स्थानमा शिशु स्याहार केन्द्र चलाइएको छ।

नगरपालिकाकै लगानीमा ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, शारदा मावि र शारदा कलेज सञ्चालित छन्, जहाँ कुल ५६०० विद्यार्थी अध्ययन गर्छन्। २०५६ सालमा ख्वप माविमा ११ र १२ कक्षा सञ्चालन गर्ने अनुमति लिएर भक्तपुर नगरपालिकाले शिक्षामा लगानी शुरू गरेको हो।

२०५८ सालमा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर स्थापना भएको ख्वप इन्जिनियरिङ कलेजमा स्नातक तहमा सिभिल, बीई कम्प्युटर, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तालिमबाट सीप सिकेका कालिगढद्वय विजया मारिखु र राजमाया त्वाती।

र आर्किटेक्चर, स्नातकोत्तर तहमा अर्थक्वेक इन्जिनियरिङ र अर्बान डिजाइन एण्ड कन्जर्भेशन विषयको पढाइ हुन्छ। २०६५ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर खोलिएको ख्वप कलेज अफ इन्जिनियरिङमा स्नातक तहको सिभिल, इलेक्ट्रिकल र कम्प्युटर इन्जिनियरिङको पढाइ हुन्छ।

२०५६ सालमै स्थापित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) को नर्सिङ र सिभिल इन्जिनियरिङ पढाइ हुन्छ। नगरपालिकाको आँकडाअनुसार यी शिक्षण संस्थामा मनाङ बाहेक देशका सबै जिल्लाका विद्यार्थी पढिरहेका छन्।

भक्तपुर नगरपालिकामा एकल पकड रहेको नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को कार्यशैलीका प्रखर आलोचकहरू पनि शिक्षा र स्वास्थ्यमा नगरपालिकाले हासिल गरेको यो उपलब्धिको प्रशंसा नै गर्छन्। अब त्यसमै थपिएको छ, सम्पदा जोगाएर समृद्धि भित्र्याउने भक्तपुर नगरको अभ्यास।

*(साभारः हिमाल खबर, जेठ २६-३२)*

# ‘सम्पदा जोगाए हामी जोगिन्छौं’



सुनिल प्रजापति प्रमुख, भक्तपुर नगरपालिका

**भक्तपुरलाई स्थानीय सरकारको नमूना मान्न थालिएको छ, त्यस्तो के गर्नुभो ?**

यहाँ आउने थुप्रै नगरपालिकाका मेयरसाबहरूको प्रमुख चासो पर्यटनमा हुन्छ । पर्यटन सम्पदासँगै जोडिन्छ । उहाँहरूले सम्पदा कसरी जोगाउनुभो भनेर सोध्नुहुन्छ, हामी आफ्नो अनुभव बताइदिन्छौं ।

हाम्रा इन्जिनियरिङ कलेजहरूमा घुमिसकेपछि कतिपय नगरपालिकाका मेयरहरू, हामी पनि यस्तै भवन बनाउँछौं भनेर जानुभएको छ । नेपालगञ्जका मेयर धवलशमशेर राणाले हामी पनि तपाईंहरूको इन्जिनियरिङ कलेज जस्तै प्राविधिक शिक्षालय खोल्छौं भन्नुभएको छ । मुख्य कुरा जनप्रतिनिधिले नीति बनाउने र त्यसअनुसार काम गर्ने जनशक्ति तयार पार्ने हो । हामीले गरेको त्यही हो ।

**भक्तपुरसँग परम्परागत ज्ञान र मौलिक शैलीको अनुभव अरूलाई बाँड्ने सामर्थ्य कसरी पैदा भयो ?**

कुनैबेला किसान बाहुल्य भक्तपुरमा खेती कम हुँदै गएपछि वैकल्पिक पेशाका रूपमा कुनै सीप सिक्नैपर्ने भयो । डकर्मी, सिकर्मीलगायतका तालिम दिने काम त्यसबेलाको नगरपालिकाले शुरू गरेको हो । त्यसपछि क्रमशः सीप सिकेको पुस्ता तयार हुँदै गयो । हामीले त्यसैलाई निरन्तरता दियौं । अब विद्यालय तहका पाठ्यक्रममा पनि परम्परागत सीप, ज्ञान र सम्पदालाई प्राथमिकता दिन थालिएको छ ।

**मौलिक शैली र सम्पदा संरक्षणका लागि कस्तो नीति बनाउनुभएको छ ?**

हाम्रो नीति प्रष्ट छ– सकेसम्म विदेशीलाई संलग्न नगराउने । पुर्खाले यत्रो सम्पदा बनाउन सक्छन् भने हामीले त्यसको मर्मतसम्भार र संरक्षणका लागि विदेशीलाई किन गुहार्ने ? एक त उनीहरूलाई यहाँको मौलिक शैलीबारे जानकारी हुँदैन । उनीहरूका शर्त मान्दा हामीले आफ्ना सम्पदाको मूल्यमा समेत सम्झौता गर्नुपर्ने हुन्छ । त्यही भएर हामीले सकेसम्म विदेशी पैसा नलिने र आफैं काम गर्ने प्रयास गरिरहेका छौं । हामी एनजीओ, आईएनजीओ र ठेक्कापट्टाका कामबाट टाढै छौं ।

अर्को कुरा, भूकम्पपछि धेरैजसो निजी घरको पुनर्निर्माण २०७२ देखि २०७४ को बीचमा भयो, जतिबेला स्थानीय सरकार थिएनन् । हामी आएपछि पुरानै स्वरूपको घर बनाउनेलाई मोहडामा लाग्ने काठ, ईंटा र झिंगटीको लागि ३५ प्रतिशत अनुदान दिने निर्णय गर्‍यौं ।

अहिले परम्परागत स्वरूपमा घर बनाउनेले नगरपालिकाबाट रु.४ लाख ५७ हजारसम्म अनुदान पाइरहेका छन् । मौलिक स्वरूपका घर निर्माणलाई प्रोत्साहित गर्न यो नीति लिइएको हो । घर निर्माणको हाम्रो मापदण्ड उल्लंघन गर्नेले निर्माण सम्पन्न प्रमाणपत्र पाउँदैनन् । नगरपालिकाबाट पाउने सेवासुविधा पनि रोकिदिन्छौं ।

नगरपालिकामा कार्यरत इन्जिनियरहरू पनि परम्परागत ज्ञान, मौलिक शैली र सम्पदाबारे सचेत छन् । नगरपालिकाद्वारा सञ्चालित दुई वटा इन्जिनियरिङ क्याम्पसबाट वर्षेनि विभिन्न विषयका ४३२ जना इन्जिनियर उत्पादन हुन्छन् । उनीहरूलाई आधुनिक शिक्षासँगै परम्परागत ज्ञान पनि सिकाइन्छ । प्रयोगात्मक अभ्यासमा पनि उत्तिकै महत्त्व दिइन्छ । त्यसकारण यहाँका इन्जिनियर र प्राविधिकहरू अन्यत्रका भन्दा फरक छन् ।

**अहिले र पहिलेको भक्तपुरमा के अन्तर छ ?**

पहिले असाध्यै फोहोर थियो । झाडाबान्ता फैलिएर थुप्रै बालबालिका मर्थे । २०३९ सालमा हाम्रो पार्टी (नेमकिपा) नगर पञ्चायतमा पुगेपछि सरसफाइको अभियान नै चलाउनु पर्‍यो । निकै मिहिनेतपछि विस्तारै सबैले सरसफाइको महत्त्व बुझ्न थाले । सफाइमा भक्तपुरमा क्रान्ति नै आएको मान्नुपर्छ ।

पहिला नगरपालिकामा जम्मा एक जना डकर्मी थिए । अहिले प्रत्येक वडामा दुई जना इन्जिनियर र प्राविधिक खटिएका छन् । परम्परागत निर्माणमा सबैको रुचि बढेको छ ।

**कालिगढ, सिकर्मी, डकर्मी आदि पेशामा नयाँ पुस्ता कतिको आइरहेको छ ?**

२०–२२ वर्षअघिसम्म आफूसँग भएको ज्ञान र सीप आफ्नो जातिबाहेक अरूलाई नसिकाउने चलन थियो । शुरूमा यसबारे मनाउन निकै गाह्रो भयो । विस्तारै एक–दुई जना राजी भएपछि बीउ तयार भयो । अहिले दक्ष जनशक्तिमा नयाँ पुस्ताकै सङ्ख्या ठूलो छ । पछिल्लो समय सीप सिकाउन महिलालाई प्राथमिकता दिएका छौं ।

**आगामी योजना के छन् ?**

पहिले यहाँ पोखरी पुरेर ठाउँठाउँमा स्कूल, बाटोघाटो बनाइयो । अहिले हामी त्यस्ता सम्पदा उत्खननमा जुटेका छौं । हराएका पोखरी आफ्नो स्वरूपमा फर्कंदैछन् । सम्पदा संरक्षणलाई दिगो बनाउन १ हजार ६५३ रोपनीको आवास योजना अघि बढाएका छौं ।

राजनीतिशास्त्र, इतिहास, भूगोल, नेपालभाषा र संस्कृति जस्ता विषय पढ्ने नगरवासीलाई जहाँ गएर पढे पनि पढाइ शुल्क नगरपालिकाले व्यहोर्ने निर्णय गरेका छौं । यो सबै गर्ने बेग्लै स्रोत केही छैन ।

अरूलाई जस्तै हामीलाई पनि संघीय सरकारले नै दिने हो । ठेक्का नदिने हुँदा हाम्रो खर्च यसै पनि कम हुन्छ । तर, हाम्रो एउटा मान्यता प्रष्ट छ । जे–जति स्रोत जुट्छ, त्यहीअनुसार काम गर्छौं ।

*(साभार : हिमालखबर, जेठ २६–३२, २०७६)*

# विद्यार्थीलाई शैक्षिक ऋणः पढाइ सक्नुस् अनि तिर्नुस्



**हेमराज ढकाल**

भक्तपुर– रकि गारुको सानैदेखिको सोच रेडियोग्राफी अध्ययन गर्ने थियो । त्यसैले उनी भक्तपुरको सल्लाघारीमा रहेको इवामुरा कलेज अफ हेल्थ साइन्समा भर्ना भए । भक्तपुर नगरपालिका वडा नम्बर १ घर भएका उनलाई पढाई पुरा गर्न आर्थिक समस्या हुने भयो । तर केही दिन अगाडिमात्र नगरपालिकाले शैक्षिक ऋण दिन्छ भन्ने थाहा पाएपछि उनी बुझ्न गए ।

छोराको पढाइ पूरा गर्न नगरपालिकाले ऋण दिने भएपछि पुण्यराम र रामप्यारीमा खुसी देखिएको छ । त्यसपछि आवश्यक प्रक्रिया पूरा गरेका उनी भक्तपुर नगरपालिकाले



प्रदान गर्ने शैक्षिक ऋण पाउनेहरूको पहिलो नम्बरमा छन् ।

सोमबार बिहान रातोपाटी प्रतिनिधि नगरपालिकाको कार्यालयमा पुग्दा रकि बुवा पुण्यराम र आमा रामप्यारीसँग ऋण सम्झौता पत्रमा हस्ताक्षर गर्दै थिए । संघीय सरकारले यो वर्षको बजेटमा खासै चासो नदेखाएको शैक्षिक ऋण वितरण गर्ने कार्य भक्तपुर नगरपालिकाले भने सुरु गरेको छ ।

भक्तपुर नगरपालिकाले सोमबारदेखि शैक्षिक ऋण दिने प्रक्रियाको थालनी गरेको हो । नगर प्रमुख सुनिल प्रजापतिका अनुसार चौथो नगरसभाबाट पारित भएर आएकाले शैक्षिक कर्जा दिने तयारी थालिएको छ । पहिलो चरणमा ३७ जना विद्यार्थी ऋण पाउने सूचिमा समावेश भएको भन्दै नगरपालिकाले नाम सार्वजनिक गरेको समेत उनले बताए ।

### यसरी दिइन्छ ऋण

भक्तपुर नगरपालिकाले नगर क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थीहरूलाई शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखेर दिइन्छ । ५ लाखसम्म दिइने ऋण लिन एसइईभन्दा माथिल्लो जुनसुकै तहको लागि आवदेन दिन सकिने व्यवस्था गरिएको, नगरप्रमुख प्रजापतिले रातोपाटीलाई भने । जसका लागि ब्याजदर ६ प्रतिशत राखिएको छ ।

प्रजापतिले आर्थिक अभावका कारण कुनै पनि विद्यार्थी पढाइबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले सहुलियत ब्याज दरमा ऋण प्रदान गर्ने व्यवस्था गरेको बताए । नगरपालिकाले एकाघरका दुईजना साक्षी राखेर विद्यार्थीसँग ऋण सम्झौता गर्छ । तर, नगरपालिकाले दिने ऋणबापतको रकम एकमुष्ट भुक्तानी हुँदैन ।

ऋण लिने विद्यार्थीले पढाइ पूरा गरेपछि क्रमशः चार वर्षभित्र ब्याजसहित भुक्तानी गर्नुपर्छ । पढाइ सकिएको पहिलो, दोस्रो, तेस्रो र चौथो वर्ष बर्षेनी २५–२५ प्रतिशतका दरले भुक्तानी गर्नुपर्ने प्रावधान नगर राजपत्रमै प्रकाशित गरिएको छ ।

हरेक आर्थिक वर्षमा १ सय जनालाई सहुलियत शैक्षिक ऋण दिने तयारी गरिएको नगरपालिकाले जानकारी दिएको छ । जसमा प्रत्येक वडाबाट १० जनालाई मात्र समावेश गरिने व्यवस्था छ ।

### कसरी हुन्छ भुक्तानी ?

प्रक्रियामा परेका विद्यार्थी आफूले पढ्न चाहेको कलेज र संकाय खुलाएपछि उक्त कलेजबाट अध्ययन अवधिभर लाग्ने खर्च विवरणसहितको पत्र नगरपालिकाको आर्थिक शाखामा पेश गर्नुपर्दछ । त्यसपछि कलेजको नियमअनुसार नगरपालिकाले किस्ताबन्दी वा एकमुष्ट रकम कलेजको खातामा




पठाइदिने व्यवस्था गरेको नगरपालिकाले जनाएको छ ।

पैसाको दुरूपयोग हुने र ब्याज खाने वातावरण नहोस् भनेर नै सिधै कलेजमा भुक्तानी दिने व्यस्था गरिएको नगरप्रमुख प्रजापतिको भनाइ छ । हालसम्म १५ प्रकारका विषय अध्ययनका लागि ऋण माग गर्दै विद्यार्थीहरूले नगरपालिकामा आवेदन दिएका छन् ।

*(साभार : रातोपाटी, जेठ २८, २०७६)*

# c88f xf];\t o:tf]



• सुरेन्द्र काफ्ले/खगेन्द्र भडारी

सरकारी कार्यालय भन्नेबित्तिकै कर्मचारीको रूखो व्यवहार र झन्झटिलो सेवा प्रवाह सम्झिन्छन् धेरैले। समयमै कर्मचारी कार्यालय नआउनु, विभिन्न बहानामा सेवाग्राहीलाई दुःख दिनु, समयमै काम नहुनु, कार्यकक्ष फोहर हुनु अधिकांश सरकारी कार्यालयका विशेषता हुन्।

अन्नपूर्ण पोस्टले २९ सातासम्म गरेका सार्वजनिक कार्यालय अनुगमनमा यी सबै विशेषता पाइएका थिए। धन्य, भक्तपुर नगरपालिका, ३० औं शृंखलामा हामी स्वयं अचम्मित भयौं। यो कार्यालयमा यस्ता कुनै दुर्गुण पाइएनन्।

आइतबार बिहान १० बजे नगरपालिकाका कर्मचारी कार्यालय पुगिसकेका थिए। प्रमुख सुनिल प्रजापति पनि समयमै आइपुगे। केही सेवाग्राही प्रमुखलाई कुरेर बसेका थिए। प्रजापतिको सचिवालय व्यवस्थित देखिन्थ्यो। सेवाग्राहीले प्रमुखलाई भेट्ने व्यवस्था मिलाइएको थियो। प्रमुख कार्यालय समय सकिने बेलासम्म पनि काममै थिए।

मध्याह्न १२ बजेतिर हामी प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीको कार्यकक्षमा पस्यौं। उनीसँग नगरपालिकाको सेवाबारे कुरा गरिरहँदा फाइल लिएर एकजना कर्मचारी आए। अधिकारीले २४ घन्टाभित्र स्पष्टीकरण माग्न निर्देशन दिए। नदिए कारबाही हुने चेतावनी पनि दिए।

सरसफाइमा खटिने कर्मचारी समयमै काममा नगएपछि नगरपालिकाले स्पष्टीकरण सोधेको रहेछ। 'आज बिहान अनुगमनमा जाँदा सफाइ कर्मचारी केही ढिलो गरी मात्र आएको पाइयो। त्यसैले किन ढिलो भयो भनेर नगरपालिकाले स्पष्टीकरण सोधेको हो,' अधिकारीले भने, 'यहाँ कसैलाई छुट हुँदैन, गल्ती गर्नेले कारबाही भोग्नैपर्छ।'

भक्तपुर नगरपालिका-७ का एक व्यक्ति घरको नक्सा पास गराउन प्रमुखलाई भेट्न गए। नगरपालिकाले मापदण्डविपरीत घर बनाउन नदिन कडिकडाउ गरेकाले सेवाग्राहीलाई केही कठिन भएको बुझाइ छ।

'नक्सापास गराउन एकदमै कडिकडाउ छ, यहाँ भनसुन चल्दैन,' ती सेवाग्राहीले भने, 'मापदण्डअनुसार भएन भने कामै हुँदैन।' नगरपालिकामा भेटिएका अधिकांश सेवाग्राहीको साझा बुझाइ छ, 'प्रक्रिया पूरा भएर आयो भने काम फटाफट हुन्छ। पैसा तिरेर काम गराउनुपरेको छैन।'

दिउँसो ३ बजे एक जोडी नगरपालिकामा आयो। उनीहरू जरिबाना बुझाउन आएका रहेछन्। तीन आना जग्गामा बनाएको घरको सेफ्टीट्याङ्की मापदण्डविपरीत भएको अनुगमन टोलीले पाएपछि जरिबाना गरेको रहेछ। 'केही दिनअघि नगरपालिकाबाट अनुगमनमा जानुभएको थियो, हाम्रो घरको सेफ्टीट्याङ्की मापदण्डविपरीत छ भन्नुभयो,' भक्तपुर-१० की सबिनाले अन्नपूर्णसँग भनिन्, 'उहाँहरूले जरिबाना तिर्नुपर्छ भन्नुभएकाले हामी आएको। २०२० रुपैयाँ तिर्‍यौं।'

उनले ढल र बाटोसमेत नभएको ठाउँमा आफूलाई जरिबाना गरेको गुनासो पोखिन्। 'तीन फिट बाटो छ, न ढल नै छ, जरिबाना तिर्नुपर्छ भनेपछि तिर्नैपर्‍यो,' उनले भनिन्। नगरपालिकाले कुन शीर्षकमा कति कर लाग्छ भनेर स्पष्टसँग ठूलो होर्डिङबोर्डमा राखिदिएको छ। सेवाग्राहीले जुन शीर्षकमा

कर तिर्नुपर्ने हो, त्यो हेरेर दिने गरेका छन्।

'यहाँ कर अनिवार्य गरिएको छ। करमा सहुलियत छ तर छुट छैन,' प्रशासकीय अधिकृत अधिकारी भन्छन्, 'यहाँ भनसुनका आधारमा करमा छुट पाइँदैन, तिर्नैपर्छ।'

भक्तपुर मुलुकको सानो र व्यवस्थित नगरपालिका हो। परम्परागत शैलीको आकर्षक भवन छ, नगरपालिकाको। स्वदेशी मात्र होइन, विदेशी पर्यटक पनि यहाँ आइपुग्छन्। कार्यालय परिसरभित्र प्रवेश गरिसकेपछि चिटिक्क देखिन्छ नगरपालिका। सरसफाइमा विशेष ध्यान दिइएको छ। दिनमा पटकपटक सरसफाइ गरिन्छ।

सेवाग्राहीको चाप निकै कम देखिन्छ। सेवाग्राहीलाई विभिन्न बहानामा झुलाउने र काम रोक्ने प्रवृत्ति छैन। 'कुनै झन्झट छैन। सेवा प्रवाह राम्रो छ, कर्मचारीको व्यवहार पनि राम्रो छ,' छोराको छात्रवृत्तिका लागि नगरपालिकामा भेटिएका भक्तपुर-७ का रामगोपाल रन्जितले भने, 'पैसा खुवाएर काम गराउने बाध्यता यहाँ छैन। काम छिटै हुन्छ।' नगरपालिकाले दुईजनालाई एम.डी.मा छात्रवृत्ति दिने गरेको छ।

नगरपालिकाले 'क्विक रेस्पोन्स' प्रणाली लागू गरेको छ। सेवाप्रवाहमा ढिलासुस्ती गर्ने, काम नगर्ने, भ्रष्टाचार गर्ने कर्मचारीलाई तत्काल कारबाही हुने गरेको नगरपालिकाले जनाएको छ। प्रमुख आफैं अनुगमनमा खटिन्छन्। नगरपालिकाका कामकारबाहीबारे नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंले विशेष चासो दिने गरेको कर्मचारी बताउँछन्।

## स्वास्थ्य र शिक्षामा लगानी

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेको छ। स्वास्थ्य र शिक्षालाई सहज बनाउन आफैंले शैक्षिक संस्था र स्वास्थ्य संस्था चलाइरहेको छ। ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप पोलिटेक्निक इन्स्टिच्युट, ख्वप कलेज, शारदा मावि, शारदा कलेज नगरपालिका आफैंले सञ्चालन गरिरहेको छ। नगरपालिकाद्वारा सञ्चालित सबै शैक्षिक संस्था मुलुककै अब्बल मानिन्छन्। विद्यार्थीको चाप अत्यधिक छ।

भक्तपुर सम्भवतः मुलुककै एउटा मात्र नगरपालिका हो, जसले आफंले शिक्षा र स्वास्थ्यमा लगानी गरेर नागरिकलाई सर्वसुलभ रूपमा गुणस्तरीय सेवा प्रवाह गरिरहेको छ। नगरपालिकालाई कुनै आर्थिक भार छैन। नगरपालिकाले अहिले ठूलो अस्पताल निर्माण गरिरहेको छ।

नगरपालिकाले चिकित्साशास्त्र, इन्जिनियरिङलगायत प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्नुका साथै सस्तो ब्याजमा विद्यार्थीलाई शैक्षिक ऋणसमेत उपलब्ध गराउँदै आएको छ। यसले पनि न्यून आय भएका नगरवासीलाई सहज भएको छ।

## काम उपभोक्ता समितिबाट

भक्तपुर नगरपालिकाका अधिकांश विकास निर्माणका काम उपभोक्ता समितिमार्फत हुने गरेका छन्। ठेक्का दिँदा काम अधुरै रहने र न्यून कबोल गर्नेलाई दिनुपर्ने भएकाले गुणस्तर पनि नहुने नगरपालिकाको निष्कर्ष छ। त्यसैले नगरपालिकाले उपभोक्ता समिति सक्रिय बनाएको हो।

भक्तपुर नगरपालिकाको भव्य र आकर्षक भवन उपभोक्ता समितिमार्फत नै निर्माण भएको हो। पुरातात्विक महत्त्वका नगरपालिकाको भवनले भक्तपुरको ऐतिहासिक र सांस्कृतिक विशेषतालाई प्रतिबिम्बित गरेको छ।

## सम्पदा संक्षणलाई प्राथमिकता

भक्तपुर नगरपालिकाभित्र सम्पदा निर्माण गर्दा पुरातात्विक, धार्मिक, संस्कृतिक पक्षलाई विशेष जोड दिएको छ। नगरभित्रका प्रमुख स्थानमा इँटा र ढुंगा बिछ्याइएको छ। नगरको सुन्दरताका साथै गुणस्तरलाई ध्यान दिएर अब इँटाको विकल्पका रूपमा ढुंगा बिछ्याउने कामलाई नगरपालिकाले प्राथमिकता दिएको छ। पूर्वाधार निर्माणमा भक्तपुर पछाडि छ। अहिले पूर्वाधार निर्माणमा जोड दिइएको छ।

## निःशुल्क खानेपानी वितरण

भक्तपुर नगरपालिकाका सबै वडामा खानेपानीको समस्या छ। खानेपानीको अभाव बढ्दै गएपछि नगरपालिकाले ट्यांकरमार्फत सबै वडामा निःशुल्क खानेपानीको वितरणको व्यवस्था गरेको छ। यसले गर्दा खानेपानीको समस्या धेरै हदसम्म कम भएको नगरपालिकाको भनाइ छ। नगरपालिकाले खानेपानीको दीर्घकालीन समस्या हल गर्न आवश्यक गृहकार्य गरिरहेको छ।

## पारदर्शिता

नगरपालिकाले गर्ने सबै काम बोर्ड बैठकमा सार्वजनिक हुन्छ। मासिक रूपमा 'भक्तपुर' पत्रिका प्रकाशन गर्दै आएको छ नगरपालिकाले। उक्त पत्रिकामार्फत नगरपालिकाका काम, योजनाका साथै खर्च सार्वजनिक गरिन्छ भने नगरपालिकाले रेडियो पनि सञ्चालन गरेको छ। पारदर्शिता र मितव्ययितालाई नगरपालिकाले जोड दिएको छ। नगरसभामा ४२ सदस्य छन्। ती सबै सदस्य नेपाल मजदुर किसान पार्टीबाट प्रतिनिधित्व गर्छन्।

## वडालाई अधिकार

भक्तपुर नगरपालिकाले भने वडालाई धेरै अधिकार प्रत्यायोजन गरेको छ। नगद कारोबार वडा कार्यालयमार्फत नै हुने गरेको छ। जसले गर्दा नगरपालिकामा भीडभाड कम हुने गरेको कार्मचारी बताउँछन्।

'धेरै काम त वडाबाटै हुन्छ, यहाँ आइराख्नुपर्दैन,' एक कर्मचारीले भने, 'वडा तहमै अधिकार दिइएपछि सेवाग्राहीलाई सहज भएको छ।' आर्थिक वर्षको अन्तिम समय भएकाले नगरपालिकामा दिनहुँ २५/३० वटा योजना आउने गरेका छन्। जसमा ६/७ वटा त सम्झौता हुन्छन्।

*(अन्नपूर्ण दैनिक, २१ जेठ २०७६ बाट साभार)*

# RofDxfl;*df Vjk c:ktfn aGb}

• प्रकाश धौलाकोटी, भक्तपुर



## स्वीकृत २५ शय्याको, तर पूर्वाधार सय शय्याको, लागत ६५ करोड

भक्तपुर नगरपालिकाले आफ्नै लगानीमा अत्याधुनिक सुविधायुक्त अस्पताल निर्माण थालेको छ। च्याम्हासिंहमा रहेको जनस्वास्थ्य केन्द्रनजिकै नगरपालिकाले १०० शय्या क्षमताको अस्पताल बनाउन सुरु गरेको हो। १२ रोपनी क्षेत्रफलमा बन्न लागेको अस्पतालका लागि नगरपालिकाले छुट्टै कार्यालय नै स्थापना गरेको छ। अस्पतालका लागि कुल एक हजार तीन सय ३९ वर्गमिटर क्षेत्रफलमा तीनवटा ब्लक निर्माण हुँदै छन्।

### चालू आ.व. मा १३ करोड खर्च

अनुमानित लागत ६५ करोड रुपैयाँ रहेको भवनका लागि चालू आ.व.मा १३ करोड रुपैयाँ खर्च गर्ने लक्ष्य छ। अस्पताल निर्माणको काम धमाधम अघि बढिरहेको भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले बताए। अस्पतालले २५ शय्याका लागि स्वीकृति प्राप्त गरिसकेको छ। तर, पूर्वाधार भने १०० शय्या क्षमताको बनाउन लागिएको उनको भनाइ छ। 'अस्पतालको भवन निर्माणका लागि करिब अढाई वर्ष लाग्ने अनुमान गरेका छौँ, तीन वर्षभित्र सेवा सुचारु गर्ने लक्ष्य छ,' ज्याख्वले भने अस्पताल निर्माणका लागि डिजाइन इस्टिमेटसहित विभिन्न मन्त्रालयसमक्ष माग गरिए पनि कुनै बजेट प्राप्त नभएको नगरपालिकाले जनाएको छ। आफ्नो कार्यकालमा ख्वप अस्पताल सञ्चालनमा ल्याउने प्रमुख सुनिल प्रजापतिले बताउँदै आएका छन्। नगरपालिकाले २५ शय्याको अस्पताल निर्माणका लागि ०७३ सालमै अनुमति पाएको थियो।

### यस्ता हुनेछन् अस्पतालका सुविधा

अस्पतालमा आकस्मिक सेवासहित आइसियू, शल्यक्रिया सेवा, प्रसूति सेवा, प्याथोलोजी, अन्तरंग सेवा, एक्स-रे, अल्ट्रासाउन्ड, एमआरआईलगायत आधुनिक सेवा उपलब्ध गराइने नगरपालिकाले जनाएको छ। अस्पताल भवनसँगै १५० जना क्षमताको सभाकक्ष, २२ जना क्षमताको बैठक कक्ष र शवगृहसमेत निर्माण गरिने छ। अस्पताल परिसरमै व्यवस्थित पार्किङ सुविधासमेत रहने वडाध्यक्ष ज्याख्वले बताए। अस्पताल निर्माण भएपछि च्याम्हासिंह क्षेत्र अस्पताल क्षेत्र बन्ने उनको भनाइ छ। 'यहाँ जनस्वास्थ्य केन्द्र सञ्चालित छ, नजिकै सामुदायिक आँखा उपचार केन्द्र र छाती पुनःस्थापना केन्द्रसमेत सञ्चालित छन्,' उनले भने, नगरपालिकाले बनाउने अस्पतालको गत ९ फागुनमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें र प्रमुख सुनिल प्रजापतिले शिलान्यास गरेका थिए।

हाल नगरपालिकाले तीनवटा जनस्वास्थ्य केन्द्र सञ्चालन गरेको छ। च्याम्हासिंहस्थित जनस्वास्थ्य केन्द्रमा ८ शय्या छन्। केन्द्रमा १६ जना विशेषज्ञसहितको २४ घण्टे उपचार सेवा उपलब्ध रहेको उनले बताए। केन्द्रमा नाक, कान, घाँटी, बालरोग, स्त्रीरोगलगायत रोगको विशेषज्ञ सेवा उपलब्ध रहेको ज्याख्वले बताए। केन्द्रबाट दैनिक ५०० भन्दा बढी नगरबासीले लाभ लिने गरेको तथ्यांक छ।

*(स्रोत - नयाँ पत्रिका, २०७६ जेठ २६ गतेको पत्रिकाबाट)*

# b]v g]e0g\eQmk'/ sL '/fgL' Û

**•उपेन्द्र लामिछाने**

स्थानीय सरकारको सक्रियता र जनचासोले कसरी संस्कृतिको जगेर्ना हुनसक्छ भन्ने उदाहरण भक्तपुर नगरपालिकामा देखिएको छ । दशकौंदेखि भक्तपुरस्थित सैनिक शिक्षालयको कम्पाउण्डभित्र लुकेकी 'रानी' (रानीपोखरी) अब फेरि देखिने भएकी छन् ।

काठमाडौंको रानीपोखरीभन्दा ४० वर्षअघि निर्मित पोखरी सर्वसाधरणको लागि खुल्ने भएपछि स्थानीय हर्षित छन् । भक्तपुरका राजा जगज्ज्योति मल्लले ने.सं. ७५० अर्थात् वि.सं. १६८७ मा निर्माण गरेको यो पोखरीको जीर्णोद्वारसँगै सर्वसाधारणका लागि खुल्ने भएको छ ।

सिद्धपोखरीको पश्चिमपट्टि फराकिलो टुँडिखेल अतिक्रमण नगरी मल्ल राजाले बनाएको रानीपोखरीको वरपर सैनिक महाविद्यालयले स्विमिङ पुल, बास्केटबल तथा भलिबल मैदान र भवन निर्माण गरेसँगै रानीपोखरीको अस्तित्व संकटमा परेको थियो । पुरातात्विक महत्त्वको रानीपोखरी काँडेतारको घेरा र सैनिक पहराभित्र बन्दीझैं देखिन्थ्यो ।

नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापा र भक्तपुर नगरपालिकामा प्रमुख सुनिल प्रजापतिबीच भएको सहमतिपछि छोपिएको सांस्कृतिक धरोहर देखिन लागेको हो । भक्तपुर नगरपालिका र नेपाली सेनाबीच विभिन्न चरणमा भएको छलफलपश्चात् पोखरी सर्वसाधारणको लागि पनि खुला गरिने भएको हो । सिद्धपोखरीको उत्तरतर्फको खेलमैदान पनि स्थानीयको लागि खेलकुद प्रयोजनको निम्ति खुला गर्ने सहमति भइसकेको प्रमुख प्रजापतिले बताए ।

'अब हामी मौलिकतालाई मध्यनजर गर्दै रानीपोखरीको पुनःनिर्माणमा जुट्नेछौं,' प्रमुख प्रजापतीले भने, 'हामीले नगरका अन्य लुकेका र ओझेलमा परेका सम्पदालाई रक्षा गर्दै अघि बढ्ने छौ ।'

यो ठाउँको नाप नक्सा गरी पुराना भेटिएका तस्बिरका आधारमा पुरानै शैली र परम्परागत निर्माण सामग्री प्रयोग गरी पुनःनिर्माण गर्न सम्बन्धित निकायसँग छलफल भइसकेको उनले बताए ।

*'सांस्कृतिक जीवनसँग तारबार लगाएर होइन, कुममा कुम जोडेर हिँड्दा बढी सुरक्षित हुन्छ, भक्तपुरको रानीपोखरी खुला गर्ने विषयमा नेपाली सेना र नगरपालिकाबीच भएको पछिल्लो सहमतिले सेनाप्रति जनसम्मान बढेको छ ।'*

*– पुरुषोत्तमलोचन श्रेष्ठ, इतिहासविद्*

भक्तपुरका किसानको देवाली गर्ने स्थानसमेत रहेको रानीपोखरी क्षेत्र २०१२ सालमा कालीबक्स गणको स्थापनासँगै ओझेलमा परेको थियो । पछिल्लो दशकमा नेपाली सेनाले तारबार समेत गरेको यस पोखरी क्षेत्रमा वर्षको दुई दिन पूजाको लागि भने स्थानीयलाई प्रवेश गर्ने



छुट थियो ।

नेपाली सेनाले सहज रूपमा सांस्कृतिक सम्पदा जनताको हातमा दिएकोमा सर्वसाधारण पनि खुसी छन् ।

इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठ सहरी सभ्यताको शानको रूपमा रहेको रानीपोखरीले पुनर्जीवन पाउनु खुसीको कुरा भएको बताउँछन् । 'सांस्कृतिक जीवनसँग तारबार लगाएर होइन, कुममा कुम जोडेर हिँड्दा बढी सुरक्षित हुन्छ,' उनले भने, 'नेपाली सेनाले गरेको पछिल्लो निर्णयले सेनाप्रति जनसम्मान बढ्नेछ ।'

कुल पूजा, लुगा धुने अनि नगरको सिँचाइमा समेत प्रयोग हुँदै आएको यो पोखरीको बहुआयामिक महत्त्व रहेको उनले बताए । मल्लकालमा २४ टोलमा विभाजित प्राचीन भक्तपुर नगरीमा विभिन्न मल्ल राजाहरूले प्रत्येक टोलमा साना–ठूला धेरै पोखरी खनाएका इतिहासविद् गौरीबहादुर कार्की बताउँछन् । भक्तपुर नगरपालिकाको दस्तावेजअनुसार सिद्धपोखरी, गुह्यपोखरी, भाजुपोखरी, कमलपोखरी, रानीपोखरी (न्हु पुखुः) जस्ता ३३ पोखरी अझै अस्तित्वमा रहेको उनले सुनाए ।

यसैमध्येको एक रानीपोखरीको जेठ १५ गते सरसफाइमा जुटेका सर्वसाधारणको उत्साहबाट यसको महत्त्व झल्कन्थ्यो । नगरका महिला, वृद्धदेखि बालबालिका र सुरक्षाकर्मी समेत यसको सरसफाइमा संयुक्त रूपमा जुटेका थिए । 'यो पोखरी हामीलाई निकै प्यारो लाग्छ,' भक्तपुर सुकुलढोकाकी धनेश्वरी प्रजापतिले भनिन्, 'त्यसैले यसको सरसफाइमा हामी आएका हौं ।' उक्त स्थानमा भक्तपुरका स्थानीय प्रजापति समुदायलगायतका दुगु द्योः पनि भएको हुँदा पोखरी परिसरको सरसफाइमा भक्तपुर नगरपालिका–१ स्थित विभिन्न गुठीका गुठियारहरूको सहभागिता थियो ।

स्कुले बालबालिका पनि सम्पदाप्रति निकै चनाखो हुन थालेका छन् । भक्तपुरका पाठ्यक्रममा स्थानीय कला, संस्कृति र सम्पदाबारे पढाइ हुन थालेपछि उनीहरूले महत्त्व बुझ्न थालेको दामोदर सुवालले सुनाए । 'यस अघिसम्म धेरैलाई यहाँ यति राम्रो पोखरी थियो भन्ने जानकारी नै थिएन,' उनले भने, 'जब उनीहरूले थाहा पाए तब यसको संरक्षणमा स्वतःस्फूर्त जुट्न थालेका छन् ।


नगरको यो शानले अब चाडै पुनर्जीवन पाउने प्रमुख प्रजापति थप्छन् । 'हामी हतार गर्दैनौं, नगरका पुरातत्वविद्, इतिहासविद् सबैको सल्लाहअनुसार यसको जीर्णोद्धारमा जुट्नेछौं,' उनले भने, 'घाँसपातले पुरिएको पोखरी बन्नेपछि नगरको शान फेरि ठडिने छ ।'

*(नागरिक दैनिक, १८ जेठ २०७६)*

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ सेवाको प्रतिवेदन (२०७६ जेठ महिना)**

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | ३४३ | १४६ | ५८ | २३ | ९ | १९ | ५ | १४ | ९ | ४ | १ | ० | ० | ० | १ | ० | २ | ० | १८ | १ |
| २ | रजनी सुवाल जरेजू | ४८३ | १४४ | ५६ | १६ | २ | १६ | ८ | १२ | १ | ४ | ० | ० | ० | ० | ० | ० | २ | ० | ८ | ४ |
| ३ | अनु गोसाई | ५६४ | ११० | ३२ | १६ | २८ | ८ | ६ | ९ | ० | ६ | १ | १ | ० | ० | ३ | ० | ४ | ४ | १८ | ० |
| ४ | विमला कुम्पाख | ५१२ | १३५ | ६१ | २४ | १७ | १५ | ८ | १६ | ६ | ९ | ० | ० | ० | ० | ३ | १ | ० | ० | १३ | ४ |
| ५ | मञ्जु छुकां | ४८९ | १०८ | २३ | ५ | ० | ३ | ३ | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ६ | सृजना बोहजू | ३७५ | १२० | ४५ | २२ | ४५ | ३९ | ९ | ५ | ३६ | ७ | ३ | १ | ० | ० | २ | ५ | ० | ७ | २८ | ५ |
| ७ | सुमित्रा राजचल | ३१८ | ५५ | ० | १६ | ० | १७ | ७ | ४ | १० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | २८ | २ |
| ८ | सरिता गोसाई | २१० | ५५ | १५ | १२ | १६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | ० |
| ९ | सविना दुवाल | १८५ | २६ | १२ | ३ | २ | ० | ३ | २ | २ | ३ | ० | ० | ० | ० | ० | २ | ० | ० | ७ | ७ |
| १० | मोनिका पही | ३१५ | ४० | ३० | ७ | १६ | ५ | ५ | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |

संकलन - कमल केशरी राजचल



## Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 38

**CHAPTER XXII**

THE GORKHAS IN N1PAL

Previous to their invasion of Nipal, very little is known of the Gorkhas as a nation, or of the dynasty which ruled over them. Their royal family claims to be lineally descended from the Rajput princes of Udaipur. It is stated that on the Mohammadan invasion of Rajputana in the twelfth century, when several branches of the reigning family of that country, pre- ferring exile to slavery, dispersed themselves over Hindustan, one branch, from which the present dynasty of Nipal is descended, migrated towards the Hima- layas, and settled themselves and their followers in the lower range of hills, constituting the country of Palpa. From Palpa they advanced into the adjacent hills, and ultimately gained possession of the kingdom of Gorkha, over the whole of which country they firmly established their authority, and from its capital city they derived their national name of Gorkhali. Not contented with the original limits of the hill state of Gorkha, they gradually encroached upon the lands of the neighbouring Rajahs, until, in the course of some generations, they had rendered subject to their sway the greater part of the country watered by the seven mountain streams which unite, near the plains, to form the river Gandak. This region is known, in their own language as the " Sapt Gandaki," or country of the seven Gandaks. The most eastern of these seven rivers is the Trisulganga, and it formed the boundary between the kingdoms of Gorkha and Nipal. For some six generations the Gorkhas appear to have occupied themselves chiefly in consolidating their power and arranging the internal government of their newly acquired territories. When, however, Prithi Na- rayan, son and successor of, Ner Bhopal Sail, ascended the throne, the national feeling was again directed towards foreign conquest. This ambitious prince invaded, subdued, and annexed to the Gorkha crown the whole of the dominions of the three kings of Nipal. The two countries of Gorkha and Nipal were united into one kingdom, under one name, and ruled over by one prince; and from that date (1769) to the present time no attempt has ever been made by the Niwars, or any other party, to dispute the authority, or to disturb the uninterrupted succes- sion, of the Gorkhali dynasty to the throne of Nipal.

Having established his power in Nipal, Prithi Narayan crossed the Dudh Kosi river, the eastern boundary of bis new dominions, over- ran with his army the countries of the Kirantis and of the Lim- bus, annexed them to his own, and extended the frontier of Nipal to the Michi river, which separated it from Sikkim.

Prithi Narayan did not long enjoy his newly acquired honours. This active and energetic prince died in 1771, leaving two sons, the elder of whom, Singh Par tab, ascended the throne on his father's death. Soon becoming jealous of his younger brother, Baha- dur Sah, he imprisoned him, and it was not without considerable difficulty that Gujraj Misr (the Royal Guru) obtained his release on condition of his going into exile. Singh Partab added to the conquests of his father some districts lying to the south-west of Nipal (Tanahung, Someshwar, TJpadrong,» and others). He died in 1775, leaving one legitimate son Ran Bahadur Sah, who succeeded to the throne, being at the time an infant in arms. He left also an illegitimate son, by a Niwar woman, named Sher Bahadur. On Singh Partab's death, his brother Sah Bahadur 'returned at once to Kathmandu from his exile at Bettiah, placed his infant nephew on the throne, and himself assumed the government of the country as Regent. Constant quarrels, however, took place between him and the child's mother. He was after a time imprisoned, and then driven into exile for the second time. The infant king's mother, Rani Rajendra Lakshmi, a woman of remarkable energy and talent, then assumed the reins of government. During her regency she introduced many improve- ments into the army, and subdued and annexed several petty states, among them Palpa and Kashki, all lying to the westward of Gorkha.

**(To be continued)**

# नेपालको संविधान २०७२ (४५)

## भाग – ३३

## संक्रमणकालीन व्यवस्था

**२९८. मन्त्रिपरिषदको गठन सम्बन्धी व्यवस्था :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको मन्त्रिपरिषद उपधारा (२) बमोजिमको मन्त्रिपरिषद गठन नभए सम्म कायम रहनेछ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत व्यवस्थापिका-संसदको अधिवेशन चलिरहेको रहेछ भने यो संविधान प्रारम्भ भएको मितिले र अधिवेशन चलिरहेको रहेनछ भने धारा २९६ को उपधारा (६) बमोजिम आह्वान गरिएको व्यवस्थापिका-संसदको अधिवेशन प्रारम्भ भएको मितिले सात दिनभित्र राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गरी निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुनेछ।

(३) उपधारा (२) बमोजिम सहमति कायम हुन नसकेमा व्यवस्थापिका-संसदको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा प्रधानमन्त्री निर्वाचित हुनेछ।

(४) यस धारा बमोजिम गठन हुने मन्त्रिपरिषदको संरचना र कार्य विभाजन आपसी सहमतिबाट तय गरिनेछ।

(५) यस धारा बमोजिम गठन हुने मन्त्रिपरिषदमा आवश्यकता अनुसार उप-प्रधानमन्त्री र अन्य मन्त्रीहरू रहनेछन्।

(६) यस धारा बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (५) बमोजिम मन्त्री नियुक्ति गर्दा सम्बन्धित दलको सिफारिसमा व्यवस्थापिका-संसदका सदस्यहरू मध्येबाट नियुक्ति गर्नु पर्नेछ।

(७) यस धारा बमोजिम नियुक्त प्रधानमन्त्री र अन्य मन्त्रीहरू व्यवस्थापिका-संसदप्रति सामूहिक रूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र व्यवस्थापिका-संसदप्रति उत्तरदायी हुनेछन्।

(८) देहायको कुनै अवस्थामा यस धारा बमोजिम नियुक्त प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (१४) बमोजिम निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा वा विश्वासको प्रस्ताव पारित हुन नसकेमा,

(ग) निज व्यवस्थापिका-संसदको सदस्य नरहेमा,

(घ) निजको मृत्यु भएमा।

(९) यस धारा बमोजिम नियुक्त उप-प्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री तथा सहायक मन्त्री देहायको कुनै अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-

(क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (८) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा,

(ग) सम्बन्धित दलको सिफारिसमा वा सम्बन्धित दलसँगको सल्लाहमा प्रधानमन्त्रीले निजलाई पदमुक्त गरेमा,

(घ) निजको मृत्यु भएमा।

(१०) उपधारा (८) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भए पनि अर्को मन्त्रिपरिषद गठन नभएसम्म सोही मन्त्रिपरिषदले कार्य सञ्चालन गरी रहनेछ।

(११) यस धारा बमोजिम नियुक्त प्रधानमन्त्रीको मृत्यु भएमा अर्को प्रधानमन्त्रीको चयन नभएसम्मका लागि उप-प्रधानमन्त्री वा वरिष्ठतम मन्त्रीले प्रधानमन्त्रीको रूपमा कार्य सञ्चालन गर्नेछ।

(१२) यस धारा बमोजिम नियुक्त प्रधानमन्त्रीले कुनै पनि बखत आफूमाथि व्यवस्थापिका-संसदको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि व्यवस्थापिका-संसद समक्ष प्रस्ताव राख्न सक्नेछ।

(१३) व्यवस्थापिका-संसदका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाइ सदस्यले यस धारा बमोजिम नियुक्त प्रधानमन्त्री उपर व्यवस्थापिका- संसदको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्।

तर यस धारा बमोजिम नियुक्त एउटै प्रधानमन्त्री उपर छ महीनामा एक पटकभन्दा बढी अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन।

(१४) उपधारा (१२) वा (१३) बमोजिमको प्रस्तावको निर्णय व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट हुनेछ।

(१५) यो संविधान प्रारम्भ भएपछि यस संविधान बमोजिमको प्रदेश मन्त्रिपरिषदको गठन नभएसम्म प्रदेशको कार्यकारिणी अधिकार नेपाल सरकारले प्रयोग गर्नेछ।

(क्रमशः)

तपाईंको भान्छा

# पायल्समा के खाने, के नखाने ?

दिसा गर्दा रगत आउँछ, मासु पलाएको छ, दुख्छ, फाटेको, फुलेको या सुन्निएको छ, मलद्वार चिलाउँछलगायतका समस्या आम मानिसमा सुनिन्छ। कसैको त पीप बग्छ, अंगुरका झुप्पाजस्तो पलाएको छ, रातो डल्लो छ भन्ने सुनिन्छ। यही रोग नै पायल्स हो। कसैलाई यो रोग लाग्दा रगत आउँछ भने कसैलाई आउँदैन।

**पायल्स हुनुको कारण**

पायल्स हुनुको मुख्य कारण खानपान र जीवनशैली नै हो। पानी कम खाने, हरियो सागपात नखाने, शारीरिक व्यायाम कम गर्ने, धेरै ब्रत बस्ने, चिया बढी पिउने, माछामासु तथा सुख्खा चीज जस्तै चाउचाउ, बिस्कुट, चाउमिन बढी खाने, अनियमित खानपान, अनिद्रा, धेरै तनाव लिने, रक्सी, चुरोट, सूर्तिको अत्यधिक प्रयोग, कलेजोको खराबी, तथा भुटे-तारेका कुरा बढी खाने गर्नाले पायल्स तथा दिसाबाट रगत आउने, मासु पलाउनेजस्ता समस्या बढी हुन्छ।

दिसा कब्जियत, वा दिसा थोरै आउनु, गोटा पर्नु, नियमित दिसा नहुनु, दिसा तथा पाद रोक्नु, दिसा पिसाब लागेको बेलामा नगर्नु, अत्यधिक गर्मी वातावरणमा बस्नु, चिल्लो तथा तेलको प्रयोग बढी हुनु, पायल्स रोगको कारण हो। शरीरलाई आवश्यकभन्दा बढी खानु, तनाव लिनु तथा जीवनशैली एकनासको नभएका कारण पायल्स हुन्छ।

**पायल्सका लागि खानुपर्ने**

पानी प्रशस्त पिउने, हरियो सागपात काँचै खाने, फलफुल खाने, चोकरसहितको गहुँको पिठो, रोटी, जौ, ब्राउन राइस, रहर तथा मुगको दाल खाने।

खानासँग मुला, काँक्रो, गाजर खाने, नरिवल, अनार, स्याउ, बेलजस्ता फलफुल, करेला, धनिया, लौका खानु राम्रो हुन्छ। कब्जियत हुन नदिने, हरेक दिन शारीरिक व्यायाम गर्ने, आफ्नो पिसाबले गुद्वार धुने, एक गिलास गाइको दूधमा आधा कागती निचोरेर तुरुन्त खाँदा कसै कसैलाई रगत तथा पीप आउने जस्ता समस्या ठीक भएका छन्। नरिवलको बाहिरको जटा डढाएर एक चिम्टी खरानी र दुबोको २ चम्चा रस घोलेर बिहान बेलुका एक गिलास मनतातो पानीसंग खाँदा सन्चो भएको पाइएको छ।

कसैलाई मुलाको बिउ कुटेर तोरीको तेलमा फिटेर दिसा गरिसकेपछि लगाउँदा निको हुन्छ। कसैलाई फिटकिरी एक टुक्रा राखेर दश लिटर जति पानीमा दिनको दश मिनेट बस्दा धेरै आराम मिल्छ। नियमित रूपमा योग गर्दा पनि सन्चो हुन्छ। यो समस्याको नआत्तिइकन उपचार गर्नुपर्छ। औषधि उपचारबाट निको हुन केही समय लाग्न सक्छ। शल्यक्रिया पनि अन्तिम उपचार भने होइन। कहिलकाँही शल्यक्रियापछि पनि समस्या बल्झिएको र निको नभएको पाइन्छ।

**पायल्सका बिरामीले के नगर्ने के नखाने ?**

पिरो, चिल्लो तथा मसला बढी भएको, माछामासु, बासी खानेकुरा, कालो दाल, अदुवा, अमिलो, चना, भन्टा, आलु, बोतलबन्द कुराहरू, पुरानो अचार, रेडिमेड खानेकुरा, चियाकफी, चुरोट रक्सी जस्ता चिज उपभोग नगर्ने, स्त्री सम्भोग कम गर्ने, खाली पेट नबस्ने, बिहान अबेरसम्म नसुत्नेलगायतका कुरामा ध्यान दिए पायल्स हुनबाट बचिन्छ। भइसकेपछि पनि छिटो निको हुन्छ।

**विशेष गर्नुपर्ने कुराहरू**


पायल्सका बिरामीले हप्तामा एकपटक वा आवश्यकताअनुसार पेट सफा गराउने, पेट हल्का राखी उपचार गर्नु एकदम रामो विधि हो। एकदम कम र हल्का खाने, शरीरले पचाउन सक्ने गरी खानुपर्छ।

हप्तामा दुई तीनदिन शुरुमा रोग बढेको अवस्थामा एकदिन बिराएर फलफूलको रस वा पानीमात्र खाएर बस्नुपर्छ। डाक्टरको सल्लाहअनुसार केही राम्रो भएपछि बिस्तारै काँचै खानेकुरा खाएर बस्ने, पेटलाई हलुंगो बनाएर औषधि गर्दै जाने। यस्तै, पिपलको बोक्रा मसिनो बनाएर सुकाएर पिस्ने, शुद्ध तोरीको तेलमा मिसाएर नियमित बिहानबेलुकी मासु बढेको ठाउमा एकदेखि तीन महिनासम लगाएमा बिस्तारै सुक्दै जान्छ।

*(स्रोत : डा. विष्णु चापागाईंको 'भान्छाको डाक्टर' बाट)*

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

# आ.व. २०७५/७६ जेष्ठ महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | ३५३ | २२० | २८० | २८० | १९९ | २६४ | १८१ | २२५ | १९४ | १७६ | २४८ | २९३ | १६१ | १२९ | २०२ | २०६ |
| सार्क तथा चिनियाँ | ४२७ | २४२ | ३९२ | ५४१ | ३६९ | २१५ | ४२२ | ५१२ | ३१४ | ५३० | ५१४ | २९२ | ४५५ | ३६६ | ५४७ | २९६ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | २१५ | २५३ | २७८ | २२८ | २५९ | २४१ | २२३ | २८० | २९६ | २२१ | २२८ | १३९ | १०८ | १२२ | ६४ | २१७ |
| सार्क तथा चिनियाँ | ४२५ | ४२४ | ६३२ | ३८५ | ४४४ | ५०२ | ४४५ | ४४६ | ५७५ | ४९६ | ३२९ | ३४२ | ३४४ | २०५ | २५३ | ३९६ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ जेष्ठ | ६,९८३ | १३,०७७ | २०,०६० |
| २०७५ जेष्ठ | ६,२८३ | ११,६६५ | १७,९४८ |
| प्रगति | ७०० (११.१४%) | १,४१२ (१२.१०%) | २,११२ (११.७७%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# कृषि प्रधान देशमा वार्षिक डेढ खर्ब बढीको कृषिजन्य वस्तु आयात

असारको तेस्रो हप्ता पुग्दा पनि यो वर्ष मनसुन सुरु भएन। किसानहरूले रोपाइँको लागि भनी राखेका विऊ ब्याडमै सुक्न थाल्यो, जमिनमा धाँजा फाट्न थाल्यो। माना रोपेर मुरी फलाउन व्यस्त हुने समयमा किसानहरू रोपाइँ गर्न नपाएकोमा निराश छन्। अहिलेसम्म किसानले रसायनिक मल पाएका छैनन्। भएको केही जग्गा पनि मल बिना रोप्न किसानहरू बाध्य छन्। यस्तै समयमा हाम्रा कृषि मन्त्रालय संघ-संस्था र गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको आयोजनामा असार १५ गते धान दिवस मनाइए। विगत वर्षहरूमा झैं हिलो विनाको जमिनमा जुत्ता, चप्पल लगाएर रोपाइँको नाटकहरू मञ्चन भए त्यो दिन।

१० वर्ष अघिसम्म विभिन्न देशमा चामल निर्यात गर्ने नेपाल अहिले वर्षको डेढ खर्ब भन्दा बढीको कृषि र वनसँग सम्बन्धित वस्तु आयात गर्नुपर्ने स्थितिमा पुग्यो। चालू आर्थिक वर्षको ११ महिनामा १ खर्ब ६० अर्ब २८ करोडको कृषि र वनसँग सम्बन्धित वस्तुहरू आयात भएको भन्सार विभागले जनाएको छ। खाद्यान्न ४७ अर्ब ९७ करोड, तरकारी २६ अर्ब ४६ करोड र फलफूल १७ अर्ब ४ करोडको आयात भएको तथ्याङ्कले देखाउँछ। डेढ खर्ब भन्दा बढीको आयातमा निर्यात भने २० अर्बको मात्रै हुनु कृषि प्रधान देशको लागि लज्जास्पद विषय हो।

संघ सरकारका मन्त्रीहरू लाजै नमानी 'समृद्ध नेपाल र सुखी नेपाली' को नारा लगाइरहेका छन्। गाँउ गाउँमा युवाविहीन हुँदा जग्गा जमिन बाँझो भए। हलो जोत्ने र मलामी जाने युवा गाउँमा भेट्न छाडी सके। यस्तो अवस्थामा पनि सरकारले रोजगारीको योजनाबद्ध काम अगाडि बढाउन सकेन। जुम्ला, कालिकोटको स्याउले भाउ नपाएर बारीमै कुहिन्छन्। काठमाडौंका जनता महँगो मूल्यमा काश्मिर र चीनको स्याउ किन्न बाध्य छन्। दैलेख, कालिकोट, जुम्ला, बाजुरा जस्ता पहाडी जिल्लाहरूमा फलफुल खेती, पशुपालन, जडीबुटी र दुग्ध विकासमा अपार सम्भावना छ। तर सरकारले यसतर्फ कुनै ध्यान दिएको छैन।

प्रधानमन्त्री रोजगार कार्यक्रम भन्दै केही युवाहरूलाई बाँदर धपाउने, मकै गोड्ने, नाली सफा गर्ने र सडक सफाइमा लगाएको समाचार सार्वजनिक भएको छ। ती युवा शक्तिलाई कृषिमा आधारित उद्योग सञ्चालन गर्न प्रोत्साहित गरेको भए खाद्यान्न, फलफुल र तरकारी आयात घटाउन सकिन्छ। परिवार, देश छोडेर युवाहरू विदेशी भूमिमा गएर पसिना बगाउनु पर्नेछैन। सरकार र कृषि मन्त्रालयका जिम्मेवार पदाधिकारीहरूले यसबारे सोच्न ढिला गर्नु हुन्न।

# ख्वप कलेजद्वारा आयोजित दुईदिने राष्ट्रिय सम्मेलनको उद्घाटन समारोह






# भक्तपुर नपाको पाँचौं नगरसभाको उद्घाटन समारोह

